**खण्ड (क)**

# फौजदारी न्यायसम्बन्धी संवैधानिक व्यवस्था

## १. नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेका मौलिक अधिकारहरूको प्रत्याभूति गरेको छ ।

**(क) फौजदारी न्याय सम्बन्धी हक**

(१) कानुनले अपराध भनी नकिटेको कुरामा सजाय गर्नुहुँदैन ।

(२) कसुर गर्दाका अवस्थामा प्रचलित कानुनमा तोकिएको सजायभन्दा बढी सजाय गर्न मिल्दैन ।

तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुनेछैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

*नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१)*

*संविधानमा भएका यी व्यवस्थाहरु मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेखित व्यवस्थाहरु अनुरूप भएबाट नेपाल अधिराज्यको संविधानले फौजदारी न्यायप्रणालीको स्तरलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल निर्धारण गरेको स्पष्ट छ ।*

**प्रतिपादित सिद्धान्त :-**

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन भन्ने व्यवस्था भएको पाइन्छ। ऐन कानुनको आधार नखुलाई दफा आदि उल्लेख नगरी जरिवाना सजाय गर्नु संविधानको धारा १४(१) विपरीत हुन्छ ।

*शम्भुलाल अमात्य विरुद्ध भोटेकान्छा महर्जन ने.का.प. २०५२, नि.नं. ५०५२, पृष्ठ १४१*

२. संविधानको धारा १४(१) मा कुनै पनि व्यक्तिले कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने प्रावधान रहेको छ। सो को विपरीत पछि बनेको कानुनको हद लगाई थुनामा राख्न मिल्दैन ।

*किरण श्रेष्ठ विरुद्ध काठमाडौं जिल्ला अदालत स.अ. बुलेटिन, वर्ष ४, अंक १८, पृष्ठ ११*

३. तत्कालीन नेपालको संविधान, २०१९ को धारा ११(३) र हाल नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) मा तत्काल प्रचलित कानुनभन्दा बढी सजाय गर्न नहुने संवैधानिक व्यवस्था भएबाट पहिले भएको काम कारवाहीका सम्बन्धमा पछि बनेको कानुनले पश्चात्‌दर्शी असर (retrospective effect) पर्नसक्ने अवस्था नदेखिने ।

*मित्रबहादुर गुरुङ विरुद्ध रक्षा मन्त्रालय समेत स.अ. बुलेटिन, वर्ष ६, अंक ९, पृष्ठ ९*

(३) कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुर उपर एक पटक भन्दा बढी मुद्दा चलाउन र सजाय गर्नु हुँदैन ।

कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।

*नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(२)*

४. एउटै कसुरमा दुईपटक सजाय गर्न नहुने संवैधानिक प्रावधान र न्यायिक सिद्धान्तले त्यस्तो स्थितिलाई बर्जना गरेको सम्झनु पर्ने हुन्छ ।

*फणीराम सिलवाल विरूद्ध फणिन्द्र दत्त शर्मा स.अ. बुलेटिन, वर्ष ५, अंक १६, पृष्ठ २७*

४) पक्राउ गरिएको व्यक्तिलाई उसका विरूद्ध बयान दिन कर लगाउनु हुँदैन ।

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर लगाइने छैन ।

*नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(३)*

५. आफ्नो विरूद्ध आफैं साक्षी हुनु नपर्ने (right against self-incrimination) संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नो विरूद्ध बोल्न बाध्य हुँदैन । अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थनमा वा विरूद्धमा प्रमाण लाग्न सक्छ । कुनै व्यक्ति केही पनि नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन । उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइंदैन ।

*चन्द्रबहादुर नेपाली विरूद्ध म.प.स. समेत स.अ. बुलेटिन, वर्ष ३, अंक १५, पृष्ठ १*

(५) थुनामा रहेको व्यक्तिलाई कुनै किसिमको शारीरिक वा मानसिक यातना दिनु हुँदैन र अमानवीय व्यवहार गर्नु हुँदैन ।

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ ।

*नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(४)*

(६) कुनै व्यक्तिलाई पक्राउ गर्नु पूर्व कुन अभियोग वा कसुरमा पक्राउ गर्न लागिएको हो भन्ने कुराको यथार्थ जानकारी दिनुपर्दछ ।

(७) पक्राउ परेका व्यक्तिलाई निजले रोजेको कानुन व्यवसायीसँग भेट्न र सरसल्लाह गर्न दिनुपर्दछ ।

पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन । *नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५)*

(८) पक्राउ गरिएको व्यक्तिलाई बाटाका म्यादबाहेक २४ घण्टाभित्र मुद्दा सुन्ने अधिकारी समक्ष प्रस्तुत गर्नुपर्दछ ।

(९) पक्राउ गरिएका व्यक्तिलाई २४ घण्टाभन्दा बढी थुनामा राख्नु पर्ने भएमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नुपर्दछ ।

पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन । *नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(६)*

६. वस्तुतः अभियुक्त पक्राउ भएपछि अनुसन्धानको लागि प्रहरी हिरासतमा रहने हुन्छ । अनुसन्धानबाट कसुर गरेको नदेखिएमा हिरासतमा रहेको अभियुक्त उपर मुद्दा नचल्ने भई प्रहरी हिरासतमा रहेको अभियुक्त अनुसन्धानको तहबाट हिरासतबाट छुट्न सक्ने हुन्छ भने अनुसन्धान पछि सबुद प्रमाणको आधारमा प्रहरी हिरासतमा रहेको अभियुक्त उपर मुद्दा नचल्न पनि सक्छ । बन्दीलाई सुरुमा पक्राउ गरी प्रहरी हिरासतमा राख्दा अनुसन्धानको लागि हिरासतमा राखिएको र पक्राउ भएको २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको नदेखेकोले सो थुना गैरकानुनी हुन्छ । *रघुनाथ अग्रवाल विरुद्ध जि.प्र.का. काठमाडौं समेत ने.का.प. २०५२, निर्णय नं. ६०३८, पृष्ठ ५९७*

७. प्रहरीद्वारा गिरफ्तार गरी २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई थुनामा राख्ने कार्यलाई संविधान तथा कानुन संगत मान्न नमिल्ने । *अम्बर गुरुङ विरुद्ध त्रि.वि. सुरक्षा प्रहरी गार्ड कार्यालय गौचरण समेत ने.का.प. २०४९, नि.नं. ४४५०, पृष्ठ ३१*

८. कुनै पनि व्यक्तिलाई यस अभियोगमा यस कानुनको आधारमा पुर्पक्षको लागि थुनामा राख्नु भन्ने अधिकार प्राप्त निकायबाट स्पष्ट र किटानी आदेश बेगर थुनामा राख्नु कानुन संगत नहुने । *पुण्यप्रसाद काफ्ले विरुद्ध म्याग्दी जिल्ला अदालत स.अ. बुलेटिन, वर्ष ४, अंक ४, पृष्ठ ५*

उपधारा (५) र (६) मा लेखिएका कुराहरू शत्रुराज्यको नागरिकको हकमा र उपधारा (६) मा लेखिएका कुराहरू निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानुन अन्तर्गत पक्राउ भएको वा नजरबन्द रहेको व्यक्तिको हकमा लागू हुनेछैन ।

*नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(७)*

संविधानमा उल्लेखित मौलिक हकहरू स्वच्छ न्यायिक कार्वाही (Fair Judicial Trial) का आधारभूत सिद्धान्तबाट निसृत भएका छन् । उपर्युक्त मौलिक हकहरू मध्ये कुनै पनि हक कुण्ठित गरिएमा न्यायिक कार्वाहीको स्वच्छता (Fairness) स्वतः समाप्त हुन जान्छ । अतः यी मापदण्डहरूको पालना फौजदारी न्याय सम्पादन गर्ने जुनसुकै निकायलाई बाध्यात्मक हुन्छ ।

कानुनी राज्यको सिद्धान्त अनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउनु राज्यको दायित्व हो । अतः असक्षम पक्षको प्रतिनिधित्वको लागि निःशुल्क कानुनी सेवा उपलब्ध गराउने राज्यको नीतितर्फ पनि फौजदारी न्याय प्रशासनसँग संलग्न अधिकारीहरू उत्तिकै सचेत रहनुपर्दछ । अनुसन्धानका लागि थुनामा राखिएको व्यक्तिलाई सुनवाइको पर्याप्त मौका नदिइँदा न्यायिक कार्वाहीको स्वच्छता कायम रहन सक्दैन । कानुन व्यवसायीद्वारा प्रतिनिधित्व गराउन पाउने कुरा मौलिक हकका रूपमा रहेको हुँदा कानुन व्यवसायीको प्रतिनिधित्व हुने अवसर प्रदान गर्नु स्वच्छ सुनवाइको लागि आवश्यक हुन्छ ।

**(ख) स्वतन्त्रताको हक**

कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुनेछैन र मृत्युदण्डको सजाय हुनेगरी कुनै कानुन बनाइने छैन ।

*संविधानको धारा १२(१)*

९. संविधानको धारा १३१ को प्रतिबन्धात्मक वाक्यांशले संविधानसँग बाझिने पुराना कानुन स्वतः निष्क्रिय हुने व्यवस्था गरेको हुँदा बदर र अमान्य घोषित नभएमा क्रियाशील रहिरहने अवस्था पर्दैन । उक्त धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश अन्तर्गत संविधानसँग बाझिएको कारणले स्वतः निष्क्रिय भैसकेको कानुनलाई कायम रहेको सम्झी त्यस्तो कानुनको प्रयोग, कार्यान्वयनबाट संवैधानिक वा कानुनी हक हितमा असर पर्न गएको विषयलाई लिई उपयुक्त उपचार खोज्नुपर्ने हुन्छ ।

*कृष्ण प्रसाद सिवाकोटी विरुद्ध मन्त्री परिषद् सचिवालय समेत ने.का.प. २०५४, नि.नं. ६३८७, पृष्ठ २९५*

# २. नेपाल पक्ष भएका फौजदारी न्यायसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रका सम्बन्धित प्रावधानहरू

संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत् सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुनेछ ।

*नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१)*

(क) **मानव अधिकारको विश्वव्यापी घोषणापत्र – १९४८**

**धारा ५**

कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन, क्रूर, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन ।

**धारा ८**

सबैलाई संविधान वा कानुनद्वारा दिइएका मौलिक अधिकारहरूको उल्लंघन विरूद्ध योग्य राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार हुनेछ ।

**धारा ९**

कसैलाई पनि मनमानी ढंगले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन ।

*सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघको साधारण सभाले अनुमोदन गरी जारी गरेको*

**धारा १०**

कुनै व्यक्ति उपर लगाइएको फौजदारी अभियोग विरूद्ध निजको अधिकार र दायित्व निरोपण गर्दै स्वतन्त्र र न्याययुक्त अदालतबाट निष्पक्ष सुनुवाइको हक प्रत्येक व्यक्तिलाई प्राप्त हुनेछ ।

**धारा ११**

१. दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई बचाउको सबै आवश्यक प्रत्याभूति भएको खुला अदालतले कानुन अनुसार अपराधी नठहराउन्जेल निरपराध मानिने अधिकार हुनेछ ।

२. कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत अपराध मानिदैन भने त्यस्तो कामको लागि कुनै पनि व्यक्ति दोषी ठहराइने छैन र कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजाय भन्दा बढी सजाय दिइने छैन ।

## (ख) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र – १९६६

**धारा ९**

१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन। कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन।

२. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सूचना दिइनेछ तथा निज विरूद्ध लगाइएको आरोपको तुरुन्त जानकारी दिइनेछ।

३. कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरुन्त ल्याइनेछ तथा त्यस्तो व्यक्तिलाई न्यायोचित समयावधिभित्र सुनुवाइ गरिपाउने वा छुट्कारा पाउने अधिकार हुनेछ। सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन, तर निजको रिहाई भने न्यायिक कारवाहीको अन्य कुनै पनि चरणको सुनुवाइमा समुपस्थित हुने अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गर्नको लागि जमानत धरौटीको अधीनमा रहनसक्नेछ।

४. पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारवाही थालनी गर्न पाउनेछ ताकि सो अदालतले विलम्ब नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न तथा थुना कानुनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सक्नेछ।

*नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र - १९६६*

५. गैरकानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई क्षतिपूर्तिको माग गर्नसक्ने अधिकार हुनेछ।

**धारा १०**

१. स्वतन्त्रताको अपहरण गरिएका सबै व्यक्तिहरूलाई मानवता सहित तथा मानिसको अन्तर्निहित मर्यादा प्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ।

२. (क) अपवादजनक अवस्थाहरूमा बाहेक अभियुक्तलाई अपराधीहरू (सजाय पाएका व्यक्तिहरू) बाट अलग राखिने र सजाय नपाएका व्यक्तिहरूको हैसियतले तिनीहरूको अवस्था सुहाउँदो पृथक् रूपमा राखिनेछ।

   (ख) बाल अभियुक्तलाई वयस्कहरूबाट अलग राखिनेछ र जति सक्दो चाँडो तिनीहरूको मुद्दा छिन्न लगाइनेछ।

३. बन्दी सुधार प्रणालीमा कैदीहरूको अत्यावश्यक सुधार तथा सामाजिक पुनर्स्थापना जस्ता कार्यमा उनीहरू प्रतिको व्यवहार समावेश हुनेछ। बाल अपराधीहरूलाई वयस्कहरूबाट अलग राखिनेछ र उनीहरूको उमेर तथा कानुनी अवस्था सुहाउँदो व्यवहार गरिनेछ।

**धारा ११**

कुनै करारीय दायित्व पूरा गर्न नसकेको आधारमा मात्र कसैलाई पनि थुनामा राखिने छैन।

**धारा १४**

१. सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणहरूको अगाडि समान हुनेछन् । आफू विरूद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै कानुनी मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नुपर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्नसक्छ भन्ने कुरा अदालतलाई लागेको अवस्थामा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाइ वा त्यसको कुनै अंशबाट पत्रकार (प्रेस) तथा जनतालाई पृथक् राख्न सकिनेछ । तर तरूणहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारवाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू सार्वजनिक गरिनेछ ।

२. फौजदारी कसुरका आरोप लागेका प्रत्येक व्यक्तिलाई कानुन बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गर्न पाउने अधिकार हुनेछ ।

३. प्रत्येक व्यक्ति विरूद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहायबमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछ :-

(क) आफू विरूद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त एवं विस्तारपूर्वक जानकारी पाउने,

(ख) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको वकिलसँग कुराकानी गर्न पाउने,

(ग) अनुचित विलम्ब बिना सुनुवाइ गरी पाउने,

(घ) आफ्नो उपस्थितिमा सुनुवाइ हुने, तथा आफू स्वयंले रोजेको कानुनी सहायता मार्फत् प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सो को लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानुनी सहायता पाउने,

(ङ) आफू विरूद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरिपाउने र आफू विरूद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नोतर्फका साक्षीहरूको हाजिरी तथा परीक्षण प्राप्त गर्ने,

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने,

(छ) आफ्नो विरूद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने ।

४. तरूणहरूको हकमा निजहरूको उमेर तथा पुनर्स्थापना प्रवर्द्धन गर्ने वाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरू हुनेछन् ।

५. अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानुनबमोजिम कुनै उच्च न्यायाधिकरणबाट आफ्नो सजाय तथा दण्ड पुनरावलोकन गर्न पाउने अधिकार हुनेछ ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसुरमा सजाय पाएको र पछि गएर नयाँ तथा नयाँ किसिमले पत्ता लागेको तथ्यबाट बेइन्साफ भएको कुरा निर्विवाद रूपमा पुष्टि भएको भन्ने आधारमा निजको सजाय उल्टाइएको वा निजलाई माफी दिइएको अवस्थामा पूर्ण वा आंशिक रूपमा निजको कारणबाट अज्ञात तथ्यहरू समयमा पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक, त्यस्तो सजायको परिणाम स्वरूप दण्ड सजाय भोगेको त्यस्तो व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ ।

*नेपालले सम्मिलन गरेको मिति वैशाख ३१, २०४८ तदनुसार १४ मे, १९९१*

७. कुनै पनि व्यक्तिलाई कुनै कसुरमा प्रत्येक देशको कानुन र दण्ड कार्यविधि अनुसार सजाय दिइसकेपछि वा सो बाट निजले छुटकारा पाइसकेपछि सोही कसुरमा निज विरूद्ध पुनः मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाइने छैन ।

**धारा १५**

१. कुनै कार्य वा त्रुटि गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत त्यस्तो कार्य वा त्रुटि कुनै फौजदारी कसुर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटिका लागि कुनै फौजदारी कसुरको दोषी बनाइने छैन। न त फौजदारी कसुर गर्दाका बखत प्रचलित सजायभन्दा बढी सजाय नै दिइनेछ। कसुर गरेको समयपछि कानुनद्वारा कम सजाय गरिने व्यवस्था भएमा कसुरदारलाई सो को फाइदा प्राप्त हुनेछ ।

*संयुक्त राष्ट्र संघीय महासभाले १६ डिसेम्बर, १९६७, प्रस्ताव नं. २२०० (XXI) बाट ग्रहण गरी २३ मार्च, १९७६ देखि लागू भएको*

२. राष्ट्रका समुदायबाट स्वीकृत कानुनका सामान्य सिद्धान्त अनुसार कुनै कार्य वा त्रुटि गर्दाको समयमा अपराध मानिने त्रुटि वा कार्यका लागि कुनै व्यक्तिको सुनुवाइ वा सजायलाई यस धारामा उल्लेखित कुनै पनि कुराले प्रतिकूल प्रभाव पार्ने छैन ।

**(ग) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि – १९८४**

**धारा १**

१. यस महासन्धिको प्रयोजनका लागि “यातना” भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक अधिकारिक क्षमताको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साबिती लिने वा तेस्रो व्यक्तिले गरेको भनी शंका गरिएको कार्यको लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरूको लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानी जानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ। कानुनी बन्देजहरूबाट मात्र उत्पन्न हुने वा त्यस्ता बन्देजहरूमा अन्तर्निहित वा सोसँग अनुसांगिक कुनै कष्ट वा पीडा यसमा समावेश हुँदैन ।

२. व्यापक रूपमा लागू हुने व्यवस्था भएको वा हुन सक्ने अन्तर्राष्ट्रिय लिखत वा राष्ट्रिय कानुन प्रति यो धारा पूर्वाग्रहरहित छ ।

**धारा २**

१. प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कुनै इलाकामा यातनाका कार्यहरूको रोकथाम गर्नको लागि प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अपनाउनेछ ।

२. युद्धको स्थिति वा धम्की वा युद्ध होस् वा जस्तो सुकै अपवादजनक परिस्थितिहरू, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकट होस्, यातनालाई औचित्यताको रूपमा स्वीकार गर्न सकिने छैन ।

३. माथिल्लो तहको अधिकृत वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्यताको रूपमा स्वीकार गर्न सकिने छैन ।

*संयुक्त राष्ट्रसंघीय महासभाले १० डिसेम्बर, १९८४ मा ग्रहण गरी २६ जुन, १९८७ देखि लागू भएको*

**धारा ३**

१. कुनै पनि पक्षराष्ट्रले कुनै व्यक्तिलाई अर्को राष्ट्र जहाँ सो व्यक्ति यातना दिइने खतरामा पर्न सक्छ भन्ने कुरा विश्वास गर्ने ठोस आधारहरू छन्, त्यस राष्ट्रमा निकाला गर्ने, फर्काउने वा सुपुर्दगी गर्ने छैन ।

२. त्यस्ता आधारहरू भए नभएको कुरा यकिन गर्ने प्रयोजनका लागि सक्षम निकायहरूले लागू हुने अवस्थामा, सम्बन्धित राष्ट्रमा मानव अधिकारहरूको व्यापक वा आम उल्लंघनका स्थिति स्वरूप समेत सबै सान्दर्भिक कुराहरूको विचार गर्नेछन् ।

*नेपालले सम्मिलन गरेको मिति (वैशाख ३१, २०४८ तदनुसार १४ मे, १९९१*

**धारा ४**

१. प्रत्येक पक्षराष्ट्रले यातनाका सबै कार्यहरू आफ्नो फौजदारी कानुन अन्तर्गत कसुर हुने कुरा सुनिश्चित गर्नेछन् । यो व्यवस्था यातना गर्ने उद्योग तथा कुनै व्यक्तिबाट गरिएको यातनामा जटिलता वा सहभागिता सिर्जना गर्ने सबै कार्यका हकमा लागू हुनेछ ।

२. प्रत्येक पक्षराष्ट्रले यी कसुरहरूलाई तिनीहरूको गम्भीर प्रकृतिको समेत विचार गरी उपयुक्त दण्ड सजायबाट दण्डनीय बनाउने छन् ।

(घ) **मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक प्रोटोकल – १९८९**

*संयुक्त राष्ट्रसंघीय महासभाले १५ डिसेम्बर, १९८९ मा पारित एवं घोषणा गरेको*

**धारा १**

१. यस प्रोटोकलको पक्षराष्ट्रको क्षेत्राधिकारभित्र कसैलाई पनि मृत्युदण्ड दिइने छैन ।

२. प्रत्येक पक्षराष्ट्रहरू आफ्नो क्षेत्राधिकारभित्र मृत्युदण्ड उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अपनाउने छन् ।

*(नेपालले सम्मिलन गरेको मिति जेष्ठ २१, २०५५ तदनुसार ४ जुन, १९९८)*

## ३. सरकारवादी हुने फौजदारी मुद्दा र अदालतको क्षेत्राधिकार

कुनै मुद्दा हेर्न कानुनले कुनै निकाय वा अधिकारी तोकिएको रहेछ भने त्यस्तो मुद्दा सोही निकाय वा अधिकारीले हेर्नु पर्छ । यसरी मुद्दा हेर्ने कुनै खास निकाय वा अधिकारी तोकिएको रहेनछ भने सम्बन्धित जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नु पर्छ । यसै गरी मुद्दामा अनुसन्धान तहकिकात गर्ने प्रयोजनका लागि अधिकारी तोकिएको भए सोही अधिकारीले अनुसन्धान तहकिकात गर्नुपर्छ, यसरी अनुसन्धान तहकिकात गर्ने अधिकारी नतोकिएको भए सम्बन्धित कार्यालय प्रमुखले अनुसन्धान तहकिकात गर्नु पर्छ ।

(क) **जिल्ला अदालतको अधिकार क्षेत्र** : प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा सुरु कारवाइ र किनारा गर्ने अधिकार हुनेछ ।

*न्याय प्रशासन ऐन, २०४८ दफा ७*

(ख) अनुसूची - १ वा २ मा लेखिएका मुद्दा बाहेक श्री ५ को सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्बन्धमा सम्बन्धित कानुनमा वा श्री ५ को सरकारले मुद्दा चलाउने वा सबुद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले सबुद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिल समक्ष मिसिल एवं सबुद प्रमाण पेस गर्नु पर्नेछ ।

*स.मु.स. ऐन २०४९ को दफा ३१(१)*

(ग) फौजदारी मुद्दामा देहायमा लेखिए बमोजिम गर्नु पर्छ :-

*मुलुकी ऐन, अदालती बन्दोबस्तको महल २९ (२) नं.*

राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी वा राजकाज सम्बन्धी मुद्दा श्री ५ को सरकारले तोकिदिएको अड्डाबाट हेर्नुपर्छ -- १

देहायका मुद्दा अपराध भएको इलाकाको अड्डाबाट हेर्नुपर्छ २

ज्यान सम्बन्धीको महलले सजाय हुने मुद्दा ------------------- १

जबर्जस्ती करणी मुद्दा -------------------------------------------- १

चोरीको महलले सजाय हुने मुद्दा ------------------------------ १

आगो लगाएको मुद्दा --------------------------------------------- १

गोबध सम्बन्धी मुद्दा --------------------------------------------- १

सरकारी वा अरू सार्वजनिक धनमाल नोक्सान वा हिनामिना गरेको मुद्दा ------------------------------------------------------- १

हतियार खजाना सम्बन्धी मुद्दा --------------------------------- १

खोटा टक मारेको वा खोटा चलन गरेको मुद्दा --------------- १

सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको कागज वा सरकारी काममा कुनै सरकारी कर्मचारीको छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा ---------------------------------------- १

अदलको महलको १ नम्बरले सजाय हुने मुद्दा -------------- १

जुवा सम्बन्धी मुद्दा ----------------------------------------------- १

माथि उल्लेखित मुद्दा बाहेक अरू फौजदारी मुद्दा अपराध भएका इलाका वा प्रतिवादी रहेको इलाकाको अड्डामध्ये जहाँ फिरादपत्र दिनेछ सोही अड्डाबाट हेर्नुपर्छ -------------------------------- ३

# ४. श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा अनुसन्धान तहकिकात गर्ने र मुद्दा हेर्ने अधिकारीहरू

**(क) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएका मुद्दाहरू**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा समावेश भएका देहायका मुद्दाहरूको अनुसन्धान तहकिकात गर्ने र सुरु कारवाही र किनारा गर्ने क्षेत्राधिकार देहाय बमोजिम रहेको छ :-

| सि.नं. | सम्बन्धित मुद्दा | अनुसन्धान गर्ने अधिकारी | मुद्दा हेर्ने निकाय र अधिकारी |
|---|---|---|---|
| १ | राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा | प्रहरी | सर्वोच्च अदालत पूर्ण इजलास (राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ को दफा १४(२) अनुसार) |
| २ | राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा | ,, | विशेष अदालत, (नेपाल राजपत्र, भाग ३, खण्ड ५०, संख्या ३६, २०५७/९/१०) |
| ३ | मु.ऐ. ज्यान सम्बन्धीको महलले सजाय हुने मुद्दा | ,, | सम्बन्धित जिल्ला अदालत |
| ४ | मु.ऐ. जबर्जस्ती करणीको महलले सजाय हुने मुद्दा | ,, | ,, |
| ५ | मु.ऐ. चोरीको महलले सजाय हुने मुद्दा ( जारी चोरी बाहेक) | ,, | ,, |
| ६ | मु.ऐ. आगो लगाउनेको महलले सजाय हुने मुद्दा | ,, | ,, |
| ७ | गोबध सम्बन्धी वा मुलुकी ऐन चौपायाको महलको ८ नं. अन्तर्गत सजाय हुने मुद्दा | ,, | ,, |
| ८ | सरकारी वा अरू सार्वजनिक धनमाल नोक्सान वा हिनामिना गरेको मुद्दा | ,, | ,, |
| ९ | हातहतियार खरखजाना सम्बन्धी मुद्दा | ,, | सम्बन्धित प्रमुख जिल्ला अधिकारी - हातहतियार खरखजाना सम्बन्धी ऐन २०१९ को दफा २४(१) अनुसार) |
| १० | मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा | ,, | सम्बन्धित जिल्ला अदालत |
| ११ | जोसुकैसँग रहने भए पनि सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको वा सरकारी काममा कुनै कर्मचारीको छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा | ,, | ,, |
| १२ | अरूका धर्ममा खलल पर्ने गरी कुनै धर्म प्रचार गर्ने, कसैको धर्म परिवर्तन गर्ने गराउने वा सो कुराको उद्योग गरेको मुद्दा | ,, | ,, |
| १३ | जुवा सम्बन्धी मुद्दा | ,, | ,, |
| १४ | मुलुकी ऐन जिउ मास्ने बेच्नेको महलले सजाय हुने मुद्दा | ,, | ,, |

| | | | |
|---|---|---|---|
| १५ | हुलाक ऐन, २०१९ अन्तर्गत सजाय हुने मुद्दा | हुलाक ऐन, २०१९ मा जिल्ला हुलाक कार्यालय प्रमुख भनिएकोमा हाल स.मु.स. ऐनको अनुसूची १ को क्र.सं. १५ मा रहेकोले प्रहरीबाट अनुसन्धान तहकिकात हुने | १. ऐनको दफा ४३, ४४, ४५, ४७(क), ५१, ५२, ५३, ५५, ५६, ५७, ५९, ६०(क) र ६२ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको हकमा क्षेत्रीय निर्देशक ।<br>२. सो बाहेक अन्य कसुर सम्बन्धी मुद्दाको हकमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिए को हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा जिल्ला अदालत |
| १६ | जासुसी ऐन, २०१८ अन्तर्गत सजाय हुने मुद्दा | प्रहरी | श्री ५ को सरकारले तोकिदिएको अदालत (ऐ. ऐनको दफा १०) |
| १७ | नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा | ,, | १. ऐनको दफा १०(२)(३) को हकमा श्री ५ को सरकार<br>२. अन्य कसुरको हकमा ऐनले सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐनको दफा ७ को आधारमा सम्बन्धित जिल्ला अदालत |
| १८ | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गत सजाय हुने मुद्दा | ,, | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| १९ | सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ अन्तर्गतका मुद्दाको जरियाबाट उठेको किर्ते जालसाजी मुद्दा | ,, | सम्बन्धित जिल्ला अदालत |
| २० | केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत सजाय हुने मुद्दा | ,, | सम्बन्धित प्रमुख जिल्ला अधिकार (ऐ. ऐनको दफा ५(१) अनुसार) |
| २१ | लागू औषध -नियन्त्रण) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा | औषध नियन्त्रण अधिकारी/प्रहरी | विशेष अदालत (नेपाल राजपत्र, भाग ३, खण्ड ५०, संख्या ३६, २०५७/९/१०) |
| २२ | आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत सजाय हुने मुद्दा | प्रहरी | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ को आधारमा सम्बन्धित जिल्ला अदालत) |
| २३ | कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गत सजाय हुने मुद्दा | ,, | श्री ५ को सरकार वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अदालत वा अधिकारी, त्यसरी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारी (ऐ. ऐनको दफा १५(१) अनुसार) |

| | | | |
|---|---|---|---|
| २४ | अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा | ,, | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| २५ | लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा | ,, | ,, |
| २६ | राहदानी ऐन, २०२४ अन्तर्गत सजाय हुने मुद्दा | ,, | सम्बन्धित जिल्ला अदालत |
| २७ | मुलुकी ऐन ठगीको महलले सजाय हुने मुद्दा | ,, | ,, |
| २८ | मुलुकी ऐन बिहाबारीको महलको २ नं. अन्तर्गत सजाय हुने मुद्दा र जुनसुकै तरिकाबाट लोग्नेस्वास्नी कायम हुने गरी अर्को स्वास्नी ल्याएमा वा विवाह गरेमा वा राखेमा सोही महलको १० नं. अन्तर्गत सजाय हुने मुद्दा । | ,, | ,, |
| २९ | जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत सजाय हुने मुद्दा | ,, | विशेष अदालत (नेपाल राजपत्र, भाग ३, खण्ड ५०, संख्या ३६, २०५७/९/१०) |
| ३० | बैंक वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नगदी वा जिन्सी सम्बन्धित बैंक वा संस्थाको कर्मचारीसँग मिलोमतो गरी वा नगरी अन्य कुनै व्यक्तिले मसोट वा हिनामिना गरेको मुद्दा | ,, | सम्बन्धित जिल्ला अदालत |
| ३१ | बैंक वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थामा किर्ते कागजात पेस गरी ठगी गरेको किर्ते तथा ठगी मुद्दा | ,, | ,, |
| ३२ | बगलीमारा चोरी मुद्दा | ,, | सम्बन्धित प्रमुख जिल्ला अधिकारी (स्थानीय प्रशासन ऐन, २०२८ को दफा ८ अनुसार) |
| ३३ | आवश्यक वस्तु संरक्षण ऐन, २०१२ अन्तर्गत सजाय हुने मुद्दा | ,, | सम्बन्धित प्रमुख जिल्ला अधिकारी (ऐ. ऐनको दफा ९ अनुसार) |
| ३४ | विस्फोटक पदार्थ ऐन, २०१८ अन्तर्गतको मुद्दा | ,, | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| ३५ | गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा ९(क) अन्तर्गतको मुद्दा | ,, | स्थानीय जिल्ला अदालत (ऐ. ऐनको दफा १२(१) अनुसार) |
| ३६ | चन्दा ऐन, २०३० अन्तर्गतको मुद्दा | ,, | सम्बन्धित जिल्ला अदालत (ऐ.ऐनको दफा १४ अनुसार) |
| ३७ | मुलुकी ऐन कुटपिटको महल अन्तर्गतको अंगभंग सम्बन्धी मुद्दा | ,, | सम्बन्धित जिल्ला अदालत |

| | | | |
|---|---|---|---|
| ३८ | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ र १६२ अन्तर्गतको मुद्दा | ,, | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| ३९ | छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ७ बमोजिम प्रमाणपत्र नलिई प्रकाशन गरेको कसुर तथा दफा १४ र १५ को कसुर सम्बन्धी मुद्दा | ,, | १. ऐनको दफा २१, २२, २३, २४, २६(१), २८, २९ र ३० कसुरको हकमा स्थानीय अधिकारी<br>२. अन्य कसुरको हकमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| ४० | चिट्ठ ऐन, २०२५ अन्तर्गत सजाय हुने मुद्दा | प्रहरी | न्या.प्र.ऐ. २०४८ को दफा ७ अनुसार जि.अ. |

**(ख) स.मु.स. ऐन, २०४९ को अनुसूची १ मा समावेश नभएका अन्य सरकारवादी फौजदारी मुद्दाहरू**

| सि.नं. | सम्बन्धित मुद्दा | अनुसन्धान गर्ने अधिकारी | मुद्दा हेर्ने निकाय र अधिकारी |
|---|---|---|---|
| १ | भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत सजाय हुने मुद्दा | अख्तियार दुरुपयोग अनुसन्धान अधिकृत/विशेष प्रहरी अधिकृत | पुनरावेदन अदालत / विशेष प्रहरीद्वारा अनुसन्धान तहकिकात भई वि.प्र.वि. का नामबाट दायर हुने मुद्दा सम्बन्धित जिल्ला अदालतमा |
| २ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गर्ने मुद्दा | ,, | पुनरावेदन अदालत (ऐ. ऐनको दफा ३४(१) अनुसार) |
| ३ | अध्यागमन ऐन, २०४९ अन्तर्गत सजाय हुने मुद्दा | महानिर्देशकले तोकेको अध्यागमन अधिकृत | १. ऐनको दफा १०(४) को हकमा -अध्यागमन विभागका महानिर्देशक)<br>२. अन्य कसुरका हकमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| ४ | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत सजाय हुने मुद्दा | महानिर्देशक आफैं वा निजले तोकेको अधिकृत वा श्री ५को सरकारले तोकेको अधिकृत | महानिर्देशक/जिल्ला अदालत |

| | | | |
|---|---|---|---|
| ५ | विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत सजाय हुने मुद्दा | राजस्व अनुसन्धान विभागको महानिर्देशक/प्रहरी नायब निरीक्षक | विशेष अदालत (नेपाल राजपत्र, भाग ३, खण्ड ५०, संख्या ३६, २०५७/९/१०) |
| ६ | विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गत सजाय हुने मुद्दा | स.मु.स. ऐन, २०४९ को दफा ३१(१) अनुसार सम्बन्धित कार्यालय प्रमुख | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| ७ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत सजाय हुने मुद्दा | सुबेदार दर्जाको कर्मचारी वा रा.प्र. अनंकित प्रथम श्रेणीको कर्मचारी वा प्रहरी नायब निरीक्षक | तोकिएको अदालत वा अधिकारी (ऐ. ऐनको दफा ३१(१) अनुसार) |
| ८ | भू तथा जलाधार संरक्षण ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा | जलाधार संरक्षण अधिकृत | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| ९ | वन ऐन, २०४९ अन्तर्गत सजाय हुने मुद्दा | रा.प्र. अनंकित द्वितीय श्रेणीको वन सहायक भन्दा माथिल्लो दर्जाको कर्मचारी | १. दश हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुने मुद्दाको हकमा जिल्ला वन अधिकृत (ऐ. ऐनको दफा ६५(१) अनुसार)<br>२. अन्य मुद्दाको हकमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| १० | आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ अन्तर्गत सजाय हुने मुद्दा | उल्लेख नभएको | सम्बन्धित प्रमुख जिल्ला अधिकारी (ऐ. ऐनको दफा ७(१) अनुसार) |
| ११ | भिक्षा माग्न (निषेध) ऐन, २०१८ अन्तर्गत सजाय हुने मुद्दा | उल्लेख नभएको | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| १२ | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ अन्तर्गत सजाय हुने मुद्दा | निरीक्षक | १. ऐनको दफा ३०(३) बमोजिम सजाय हुने कसुरको हकमा (सम्बन्धित जिल्ला अदालत (ऐ. ऐनको दफा ३३(क)(१) अनुसार)<br>२. अन्य कसुरको हकमा (निरीक्षक (ऐ. ऐनको दफा २८ अनुसार) |

| | | | |
|---|---|---|---|
| १३ | सामाजिक व्यवहार सुधार ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा | प्रहरी | सम्बन्धित प्रमुख जिल्ला अधिकारी (ऐ. ऐनको दफा १९(१) अनुसार) |
| १४ | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा | | सम्बन्धित प्रमुख जिल्ला अधिकारी (ऐ. ऐनको दफा १५(१) अनुसार) |
| १५ | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा | निरीक्षक | सम्बन्धित जिल्ला अदालत (ऐ. ऐनको दफा १९(१) अनुसार) |
| १६ | उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गत सजाय हुने मुद्दा | घरेलु उद्योग अधिकृत | सम्बन्धित जिल्ला अदालत (ऐ. ऐनको दफा २० अनुसार) |
| १७ | औषधी ऐन, २०३५ अन्तर्गत सजाय हुने मुद्दा | निरीक्षक | ऐनमा सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| १८ | वैदेशिक रोजगार ऐन, २०४२ अन्तर्गत सजाय हुने मुद्दा | श्री ५ को सरकारले तोकेको अधिकृत | १. नियम आदेश निर्देशन पालन नगर्ने इजाजतपत्रवालालाई सजाय गर्ने हकमा श्री ५ को सरकार (ऐ. ऐनको दफा २४(१) अनुसार)<br>२. अन्य कसुरको हकमा ऐनले सुरु कारवाही किनारा गर्ने अधिकारी नतोकेको हुँदा न्या.प्र. ऐन, २०४८ को दफा ७ का आधारमा सम्बन्धित जिल्ला अदालत |
| १९ | निर्वाचन अपराध र सजाय ऐन, २०४७ | सम्बन्धित निर्वाचन अधिकृत वा निजले अधिकृत गरेको व्यक्ति | निर्वाचन विशेष अदालत |
| २० | कारागार ऐन, २०१९ | जेलर | जिल्ला अदालत |
| २१ | दैवी प्रकोप उद्धार ऐन, २०३९ | उल्लेख नभएको | न्या.प्र.ऐ. २०४८ को दफा ७ ले जिल्ला अदालत |
| २२ | नेपाल विशेष सेवा ऐन, २०४२ | ,, | श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालत |
| २३ | सार्वजनिक सुरक्षा ऐन, २०४६ | उल्लेख नभएको | स्थानीय अधिकारी |
| २४ | खाद्य ऐन, २०२३ | निरीक्षक | जिल्ला अदालत |
| २५ | झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ | वन अधिकृत | तोकिएको अधिकारी |
| २६ | आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन, २०५५ | निरीक्षक | जिल्ला अदालत |
| २७ | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ | क्वारेन्टाइन चेक पोष्टको कम्तिमा रा.प. अ. प्र. श्रेणीको अधिकारी | प्र.जि.अ. |
| २८ | मानव शरीरको अङ्ग प्रत्यारोपण नियमित तथा निषेध ऐन, २०५५ | प्रहरी | जिल्ला अदालत |

(ग) **अन्य केही ऐनहरू र मुद्दा हेर्ने निकाय वा अधिकारी**

| सि.नं. | सम्बन्धित मुद्दा | अनुसन्धान गर्ने अधिकारी | मुद्दा हेर्ने निकाय र अधिकारी |
|---|---|---|---|
| १ | न्याय परिषद ऐन, २०४७ | उल्लेख नभएको | |
| २ | न्याय प्रशासन ऐन, २०४८ | ,, | जिल्ला अदालत/ पुनरावेदन अदालत अदालत |
| ३ | विशेष अदालत ऐन, २०३१ | ,, | विशेष अदालत |
| ४ | सर्वोच्च अदालत ऐन, २०४८ | ,, | सर्वोच्च अदालत |
| ५ | राष्ट्रिय निर्देशन ऐन, २०१८ | ,, | श्री ५ को सरकार |
| ६ | काठमाडौं उपत्यका प्राधिकरण ऐन, २०४६ | उल्लेख नभएको | काठमाडौं उपत्यका विकास प्राधिकरण |
| ७ | स्थानीय निकाय निर्वाचन कार्यविधि ऐन, २०४८ | मतदान अधिकृत | मतदान अधिकृत |
| ८ | सभा वा संघ सम्बन्धी ऐन, २००५ | उल्लेख नभएको | न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले जिल्ला अदालत |
| ९ | संस्था दर्ता ऐन, २०३४ | उल्लेख नभएको | स्थानीय अधिकारी |
| १० | यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ | ,, | जि.अ. |
| ११ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ | ,, | न्या.प्र.ऐ. २०४८ को दफा ७ ले जि.अ. |
| १२ | प्रहरी ऐन, २०१२ | ,, | तोकिएको प्रहरी विशेष अदालत |
| १३ | जाँचबुझ आयोग ऐन, २०३२ | आयोग आफैं | आयोग आफैं |
| १४ | अन्तशुल्क ऐन, २०१५ | उल्लेख नभएको | अन्तशुल्क अधिकृत |
| १५ | भन्सार ऐन, २०१९ | ,, | भन्सार अधिकृत |
| १६ | पानीकर ऐन, २०२३ | ,, | कर अधिकृत |
| १७ | आयकर ऐन, २०३१ | ,, | कर अधिकृत/महानिर्देशक |
| १८ | राजस्व न्यायाधिकरण ऐन, २०३१ | ,, | राजस्व न्यायाधिकरण |
| १९ | मदिरा ऐन, २०३१ | ,, | अन्तशुल्क अधिकारी / श्री ५ को सरकारले तोकिदिएको अधिकारी |
| २० | नागरिक लगानी कोष ऐन, २०४७ | ,, | जि.अ.(न्या.प्र.ऐ., २०४८ को दफा ७ अनुसार) |
| २१ | बिमा ऐन, २०४९ | ,, | ,, |
| २२ | नेपाल राष्ट्र बैंक ऐन, २०१२ | ,, | न्या.प्र.ऐ. २०४८ को दफा ७ अनुसार जि.अ. |
| २३ | कृषि विकास बैंक ऐन, २०१९ | ,, | ,, |
| २४ | वाणिज्य बैंक ऐन, २०३१ | ,, | ,, |
| २५ | विनिमय अधिकार पत्र ऐन, २०३४ | ,, | ,, |
| २६ | निकासी पैठारी नियन्त्रण ऐन, २०१३ | ,, | भन्सार अधिकृत |
| २७ | खानी तथा खनिज पदार्थ ऐन, २०४२ | ,, | जि.अ. |
| २८ | पर्यटन ऐन, २०३५ | ,, | सम्बन्धित विभाग |
| २९ | धितोपत्र कारोबार ऐन, २०४० | ,, | धितोपत्र बोर्ड |

| | | | |
|---|---|---|---|
| ३० | नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ | ,, | जिल्ला अदालत |
| ३१ | नेपाल पेट्रोलियम ऐन, २०४० | ,, | श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकेको अधिकारी |
| ३२ | श्रम ऐन, २०४८ | ,, | श्रम अदालत |
| ३३ | ट्रेड यूनियन ऐन, २०४९ | ,, | श्रम अदालत |
| ३४ | तथ्यांक ऐन, २०१५ | ,, | प्रमुख जिल्ला अधिकारी |
| ३५ | नगर विकास ऐन, २०४५ | ,, | नगर विकास समिति |
| ३६ | टेलिकम्युनिकेसन ऐन, २०१९ | ,, | जिल्ला अदालत |
| ३७ | राष्ट्रिय समाचार समिति ऐन, २०१९ | ,, | जिल्ला अदालत |
| ३८ | गोरखापत्र संस्थान ऐन, २०१९ | ,, | जिल्ला अदालत |
| ३९ | सञ्चार संस्थान ऐन, २०२८ | ,, | जिल्ला अदालत |
| ४० | राष्ट्रिय प्रसारण ऐन, २०४९ | ,, | तोकिएको अधिकारी |
| ४१ | शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ | ,, | जिल्ला अदालत |
| ४२ | रेलवे ऐन, २०२० | ,, | प्र.जि.अ. / जिल्ला अदालत |
| ४३ | नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७ | ,, | कार्यालय रजिष्ट्रार |
| ४४ | पानी जहाज दर्ता ऐन, २०२७ | ,, | कार्यालय रजिष्ट्रार |
| ४५ | बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५ | ,, | प्र.जि.अ. |
| ४६ | जग्गा (नापजाँच) ऐन, २०१९ | ,, | तोकिएको अधिकारी |
| ४७ | उखडा सम्बन्धी ऐन, २०२१ | ,, | तोकिएको अदालत |
| ४८ | भूमि सम्बन्धी ऐन, २०२१ | ,, | तोकिएको अधिकारी वा अदालत |
| ४९ | दाना पदार्थ ऐन, २०३३ | दाना जाँचकी | प्र.जि.अ. |
| ५० | जग्गा प्राप्ति ऐन, २०३४ | उल्लेख नभएको | जिल्ला अदालत |
| ५१ | जलस्रोत ऐन, २०४९ | ,, | तोकिएको अधिकारी/जिल्ला अदालत |
| ५२ | विद्युत ऐन, २०४९ | ,, | तोकिएको अधिकारी |
| ५३ | विदेशी लगानी कर ऐन, २०१९ | ,, | कर अधिकृत |
| ५४ | छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ | ,, | जिल्ला अदालत |
| ५५ | बिफर नियन्त्रण ऐन, २०२० | ,, | स्थानीय अधिकारी |
| ५६ | संक्रामक रोग ऐन, २०२० | ,, | प्रमुख जिल्ला अधिकारी |
| ५७ | नेपाल मेडिकल काउन्सिल ऐन, २०२० | श्री ५ को सरकारले तोकेको अधिकृत | जिल्ला अदालत |
| ५८ | आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ | श्री ५ को सरकारले तोकेको अधिकृत | जिल्ला अदालत |
| ५९ | नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ | श्री ५ को सरकारले तोकेको अधिकारी | जिल्ला अदालत |

| | | | |
|---|---|---|---|
| ६० | अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ | उल्लेख नभएको | श्री ५ को सरकारले तोकेको अधिकृत |
| ६१ | गाली बेइज्जती ऐन, २०१६ | सम्बन्धित व्यक्ति | जिल्ला अदालत |
| ६२ | राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ | उल्लेख नभएको | जिल्ला अदालत |
| ६३ | विवाह दर्ता ऐन, २०२८ | ,, | जिल्ला अदालत |
| ६४ | जग्गा प्राप्ति ऐन, २०३४ | ,, | ,, |
| ६५ | नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३६ | ,, | ,, |
| ६६ | मतदाता नामावली सम्बन्धी ऐन, २०५२ | ,, | तोकिएको अदालत |
| ६७ | विकास बैंक ऐन, २०५२ | ,, | जिल्ला अदालत |
| ६८ | दूर सञ्चार ऐन, २०५३ | ,, | जिल्ला अदालत |
| ६९ | नेपाल चार्टर एकाउन्टेन्ट्स ऐन, २०५३ | ,, | ,, |
| ७० | राष्ट्र ऋण ऐन, २०१७ | उल्लेख नभएको | जिल्ला अदालत |
| ७१ | चलचित्र निर्माण तथा प्रदर्शन ऐन, २०२६ | ,, | प्रमुख जिल्ला अधिकारी |
| ७२ | राष्ट्रिय सेवा दल ऐन, २०२७ | ,, | तोकिएको अधिकारी |
| ७३ | स्थानीय प्रशासन ऐन, २०२८ | ,, | प्र.जि.अ. |

***नोट*** *:- कुनै ऐनमा अनुसन्धान गर्ने अधिकारीको उल्लेख नभएको हकमा स.मु.स. ऐन, २०४९ को दफा ३१(१) अनुसार तहकिकात गर्ने अधिकारी नतोकिएको वा उल्लेख नभएकोमा सम्बन्धित कार्यालयको प्रमुखले सबुद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्नुपर्ने हुन्छ ।*

## ५. हदम्याद सम्बन्धी व्यवस्था

**(क) हदम्याद नलाग्ने, जहिलेसुकै नालेस दिए हुने मुद्दाहरू**

देहायका मुद्दामा हदम्याद हुँदैन, जहिलेसुकै नालिस दिए पनि लाग्छ :-

१. ऐनमा हदम्याद नलेखिएको कुरा — *अ.बं. ३६ नं.*

ऐनमा हदम्याद उल्लेख नभएकोमा जहिलेसुकै नालेस लाग्न सक्ने व्यवस्था अ.बं. ३६ नं. ले गरेकोले ऐनको उक्त व्यवस्थालाई प्रचलनले काट्छ भन्न मिल्दैन । — *ने.का.प. २०४४, पृ. ६९३, खड्गबहादुर बि. डिलबहादुर*

२. राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी वा राजकाज सम्बन्धी मुद्दा, — *अ.बं. ३७ नं.*

३. सरकारी धनमाल चोरी मुद्दा, — *अ.बं. ३७ नं.*

४. सरकारी छाप लागेका कागजहरू वा सरकारी अड्डामा रहेको कागजपत्रहरू किर्ते जालसाजी गर्‍यो भने मुद्दा — *किर्ते कागजको १८ नं.*

५. प्रमाण पुग्ने दसी देखाई नालिस गरेको कुनै प्रकारको चोरी मुद्दा, — *चोरीको महलको २९ नं.*

६. कर्तव्य गरी ज्यान मारेकोमा कसुरदार आफैं साबित भई पोलेको ज्यान मुद्दा, — *ज्यान सम्बन्धीको २० नं.*

| | |
|---|---|
| ७. अरूको धर्ममा खलल गर्ने गरी कुनै धर्म प्रचार गरेको वा धर्म परिवर्तन गराएको मुद्दा, | *अदलको १२ नं.* |
| ८. कुनै धार्मिक स्थल वा धार्मिक कार्यमा खलल पार्ने काम गरेको मुद्दा, | *अदलको १२ नं.* |
| ९. मुलुकी ऐन, जिउ मास्ने बेच्नेको महल अन्तर्गतको मुद्दा, | |
| १०. सरकारी वा सार्वजनिक कुनै सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टचार गरेको मुद्दा, | *भ्र.नि.ऐन, २०१७ दफा २४(क)* |
| ११. लागू औषध (नियन्त्रण) ऐन, २०३३ र जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ मा हदम्याद सम्बन्धी व्यवस्था गरिएको नदेखिंदा अ.बं. ३६ नं. को प्रावधान बमोजिम जहिलेसुकै पनि नालेस (अभियोगपत्र) लाग्न सक्ने अवस्था देखिन्छ । | |

**(ख) अन्य सरकारवादी हुने फौजदारी मुद्दाहरूमा हदम्याद**

| | |
|---|---|
| १. ठगी मुद्दामा श्री ५ को सरकार वादी हुनेमा श्री ५ को सरकारलाई सो कुरा थाहा भएको मितिले १ वर्षभित्र | *ठगीको ८ नं.* |
| २. प्रमाण पुग्ने दसी देखाई नालेस गरेको बाहेक अरू अवस्थाको चोरी मुद्दामा भए गरेको मितिले १ वर्षभित्र | *चोरीको २९ नं.* |
| ३. आगलागी मुद्दामा भए गरेको मितिले १ वर्षभित्र | *आगो लगाउने महलको १२ नं.* |
| ४. खोटा टक मारे बनाएको भन्ने कसुरमा प्रतिवादीको जिउसम्म र खोटा चलन सम्बन्धी अरू अपराधमा काम भए गरेको मितिले ३ महिनाभित्र | *खोटा चलनको २३ नं.* |
| ५. गोबधमा ६ महिनाभित्र र ऐनले मार्न मनाही गरेका र आफ्नो हक नपुग्ने अरूको जनावर, पशुपन्छी मारी नोक्सान गरेकोमा भए गरेका मितिले ३५ दिनभित्र | *चौपायाको १९ नं.* |
| ६. अंगभंग कुटपीटमा कुटपीट भएको मितिले ३ महिनाभित्र | *कुटपीटको २७ नं.* |
| ७. ज्यान मुद्दामा आफै सरिक भई पोलेकोमा बाहेक कर्तव्यको उजुर परेकोमा तहकिकातबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेकोमा २० वर्षभित्र र कर्तव्यको उजुर नपरेकोमा वारदात भएको २ वर्षभित्र | *ज्यान सम्बन्धीको २० नं.* |
| ८. गर्भ तुहाएकोमा ३ महिनाभित्र | *ज्यान सम्बन्धीको ३३ नं.* |
| ९. जबरजस्ती करणी मुद्दामा सो भए गरेका मितिले पैतीस दिनभित्र | *ज.क.को ११ नं.* |
| १०. बिहावारीको महल अन्तर्गतको मुद्दामध्ये लोग्ने मानिसतर्फबाट रूपैयाँ पैसा लिनुदिनु गरी विवाह गरेको र लोग्ने मानिस र स्वास्नीमानिस दुवैको मंजुरी बिना विवाह गराएकोमा भए गरेका मितिले र अन्य कुरामा थाहा पाएका मितिले ३ महिनाभित्र | *बिहावारीको ११ नं.* |

११. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गतको मुद्दामा वारदात भएको मितिले ७ दिन, तर मुद्दा हेर्ने अधिकारीले मनासिब माफिकको कारण देखेमा वारदात भएको पैतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद दिएकोमा सोही ३५ दिनभित्र । *केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४*

१२. सरकारी, सार्वजनिक वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरेको बाहेक अरू भ्रष्टाचारको कसुरमा विभागीय कारवाइ समाप्त भएको मितिले ६ महिना र विभागीय कारवाइ नभएकोमा अनुसन्धान कारवाइ सुरु भएको मितिले २ वर्ष, तर एउटै अपराधमा विभागीय कारवाही भएको र नभएको व्यक्ति संलग्न रहेकोमा ६ महिना वा दुई वर्षमध्ये जुन पछि हुन्छ सोही हदम्याद कायम हुन्छ । *भ्र.नि.ऐन, २०१७ को दफा २४(क)*

१३. निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ अन्तर्गतको मुद्दामा उजुर गर्नुपर्ने कारण परेका मितिले ३५ दिनभित्र । *दफा २६*

**(ग) हदम्याद सम्बन्धी अन्य व्यवस्था**

१. अदालतमा अभियोगपत्र दायर हुनका लागि हदम्यादभित्र हुन अनिवार्य छ । हदम्याद नाघेपछि दायर गर्न ल्याएको मुद्दा दर्ता गर्न हुँदैन । दरपिठ गरी फिर्ता गरिदिनुपर्छ । दर्ता भैसकेको रहेछ भने पनि हदम्याद नाघेपछि परेको मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ गर्न हुँदैन । त्यस्तो मुद्दा खारेज हुन्छ ।

२. विशेष अदालत ऐन, २०३१ को दफा ९(२)(ङ) ले "प्रचलित नेपाल कानुनमा जेसुकै लेखिए पनि नालेस उजुर गर्ने हदम्याद गुज्रेको मनासिब कारण देखाई सो गुज्रेको ६ महिनासम्म थामी माग्न आए थामी दिन" सक्ने विशेषाधिकार प्रदान गरेको छ । सो बाहेक गुज्रेको हदम्याद थाम्न थमाउन पाउने कानुनी व्यवस्था रहेको छैन । तसर्थ, गुज्रेको हदम्याद थामिन सक्तैन ।

## ६. फौजदारी कसुरको अनुसन्धान, अभियोजन र कारवाहीमा लागू हुने कानुनहरू

फौजदारी कसुरको अनुसन्धान, अभियोजन र पुर्पक्षका सम्बन्धमा विशेष कानुनहरूमा विशेष कार्यविधि उल्लेख भएको रहेछ भने सोही बमोजिम हुन्छ । कुनै कसुरको सम्बन्धमा विशेष कार्यविधि उल्लेख नभएकोमा सामान्यतः निम्न कानुनद्वारा व्यवस्थित कार्यविधिको अवलम्बन गरिनु पर्दछ ।

(क) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९

(ख) सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५

(ग) मुलुकी ऐन अदालती बन्दोबस्तको महल,

(घ) मुलुकी ऐन दण्ड सजायको महल,

(ङ) न्याय प्रशासन ऐन, २०४८,

(च) प्रमाण ऐन, २०३१,

(छ) संक्षिप्त कार्यविधि ऐन, २०२८,

(ज) यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३,

(झ) प्रहरी ऐन, २०१२

(ञ) प्रहरी नियमावली, २०४९

(ट) सरकारी वकिल सम्बन्धी नियमावली, २०५५

(ठ) विशेष अदालत ऐन, २०३१

(ड) लागू औषध -नियन्त्रण) ऐन, २०३३

(ढ) जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३

(ण) केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७

(त) जासुसी ऐन २०१८

## ७. अभियुक्तलाई पक्राउ गर्दा र हिरासतमा लिंदाको कार्यविधि

(१) पक्राउ परेको व्यक्तिलाई बाटाका म्यादबाहेक २४ घण्टाभित्र मुद्दा सुन्ने अधिकारी समक्ष प्रस्तुत गर्नु पर्दछ। पक्राउ परेपछि मुद्दा सुन्ने अधिकारी समक्ष पेस गर्नु सम्बन्धित अधिकारीको संवैधानिक दायित्व हो । अतः निजको कुनै किसिमको स्वविवेक लागू हुन सक्दैन ।

(१) यो दफाबमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नुहुँदैन ।

(२) अनुसूची-१ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्नेछ। सो बमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

*स.मु.स. ऐन २०४९ को दफा १५ को उपदफा १ र २*

कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु हुँदैन । तर चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात गर्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्छ ।

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छाड्दा निजको शारीरिक तथा मानसिक परीक्षण गरी सो को अभिलेख राखी त्यसको जानकारी जिल्ला अदालतमा पेश गर्नुपर्दछ ।

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी गराई सो को अभिलेख खडा गरी राख्नुपर्नेछ ।

*यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ३ को उपदफा २ र ३*

(३) उपदफा (२) मा उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको एकप्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

(३) अपराधको सम्बन्धमा अनुसन्धानको प्रारम्भिक प्रतिवेदन सरकारी वकिल समक्ष पेस गर्नुपर्दछ ।

कुनै अपराधको तहकिकात सुरु गर्नु भन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ ।

*स.मु.स. ऐन दफा ६(१)*

(४) २४ घण्टा भित्र अनुसन्धान तहकिकात पूरा नहुने भएमा मुद्दा हेर्ने अधिकारी समक्ष २५ दिन (लागू औषध तथा भ्रष्टाचार मुद्दामा ९० दिन) नबढाई म्याद थप माग गर्न सकिनेछ। तर यस्तो म्याद थपलाई अनुसन्धानकर्ताले आफ्नो सुविधाको रूपमा प्रयोग गर्नु हुँदैन । सकेसम्म चाँडो मुद्दा पेस हुनु थुनुवाको अधिकार हो भने अनुसन्धान अधिकारीको कर्तव्य पनि हो ।

अदालतले सम्बन्धित कागजात हेरी तहकिकात सन्तोषजनक रूपमा भए नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटक-पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

*सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा १५ को उपदफा ४*

(५) मुद्दाको अनुसन्धान तोकिएको प्रहरी अधिकृतद्वारा हुनुपर्दछ । अनुसन्धानको कार्य विशेषज्ञताको कार्य भएको हुँदा त्यस्तो कार्य अरूलाई प्रत्यायोजन गर्नुहुँदैन ।

स.मु.स. ऐनको अनुसूची १ मा उल्लेखित अपराधको सम्बन्धमा दरखास्त वा सूचना दर्ता वा प्राप्त हुनासाथ सो अपराधका सम्बन्धमा अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयले तहकिकात गर्ने प्रहरी कर्मचारी तोकी सोको जानकारी तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनुपर्नेछ ।

*सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को नियम ४(१)*

# ८. अपराधको अनुसन्धान सम्बन्धी कार्यविधि

**(क) जाहेरी सम्बन्धी व्यवस्था**

१. **अपराध सम्बन्धी सूचना वा जाहेरी दर्ता गर्दा अपनाउनु पर्ने विधि :**

*स्वयं जाहेरवाला वा घटना देख्नेजान्ने व्यक्तिकै मुखबाट जाहेर भएका कुराहरू बढी विश्वसनीय हुन्छन् । अर्को महत्वपूर्ण कुरा यस्तो व्यक्ति अभियोजन पक्षको महत्वपूर्ण प्रमाण पनि हो । अतः उसका बारेमा विस्तृत जानकारी प्राप्त गर्ने प्रयोजनका लागि पनि जाहेरवालासँग अनुसन्धानकर्ता स्वयम्को साक्षात्कार हुनु आवश्यक हुन्छ । कुनै पनि अपराधका सम्बन्धमा जाहेरी लिंदा भरसक जाहेरवाला स्वयंलाई उपस्थित गराई लिनु पर्दछ ।*

*(स.मु.स. ऐनको अनूसुची १ जाहेरीको ठाचां यस दिग्दर्शनको अनुसुची .१. मा दिइएको छ ।)*

सरकारी मूद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ अन्तर्गतको कुनै अपराध सम्बन्धी घटनाबारे सूचना पाउने बित्तिकै प्रहरी अधिकृतले निम्न कार्य गर्नुपर्दछ ।

(क) जाहेरी वा सूचना मौखिक रूपमा दिएमा, जाहेरी वा सूचना दिने व्यक्तिले दिएको निम्न विवरण खुलाई लिपिबद्ध गर्नुपर्दछ ।

१) अपराध भएको वा भइरहेको वा हुनसक्ने सम्भावना भएको मिति, समय र ठाउँ ।

२) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया ।

३) अपराधसँग सम्बन्धित सबुतप्रमाण ।

४) अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण ।

(ख) जाहेरी वा सूचना दिने व्यक्तिले दिएका विवरण लिपिबद्ध गर्ने कार्य समाप्त भएपछि लेखिएको कुरा पढेर जाहेरी वा सूचना दिने व्यक्तिलाई सुनाई निजको सहीछाप गराउनु पर्दछ ।

(ग) जाहेरी दरखास्त स.मु.स. नियमावली २०५५ को अनुसूची ३ बमोजिमको अपराध दर्ता किताबमा दर्ता गर्नु पर्दछ ।

(घ) दर्ता गरेपछि स.मु.स. नियमावली २०५५ को अनुसूची २ को ढाँचामा भर्पाइ र दर्ता नम्बर जाहेरवालालाई दिनु पर्दछ ।

अनुसूची १ मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्नेछ । *स.मु.स. ऐन ०४९ को दफा ३ (१)*

(२) अनुसूची १ बमोजिम लिखित दरखास्त दिने व्यक्तिले दरखास्तमा सकेसम्म देहायका कुराहरू खुलाउनु पर्नेछ :-

(क) अपराध भएको वा भइरहेको वा हुने सम्भावना भएको मिति, समय र ठाउँ ।

(ख) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया ।

(ग) अपराधसँग सम्बन्धित सबुद प्रमाण ।

(घ) अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण ।

*स.मु.स. ऐन ०४९ को दफा ३(२), र(३)*

(३) अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रूपमा दिएकोमा सम्बन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरू र उपदफा (२) बमोजिमका कुरा समेत खुलाई लेखी निजलाई पढी बाँची सुनाई निजको सहीछाप समेत गराई राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम वा प्रहरी कर्मचारीले अन्यत्र कतैबाट प्राप्त गरेको अपराधको सूचनालाई तोकिएको ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ । *स.मु.स. ऐन ०४९ को दफा ३को उपदफा (४)*

(५) तर हुलाकद्वारा वा व्यक्तिमार्फत पठाएका जाहेरी दरखास्त वा सूचनाको व्यहोरा सम्बन्धित व्यक्तिले स्वीकार गरी सनाखत नगरेसम्म त्यस्तो दरखास्त वा सूचना उपरको कारवाही स्थगित गर्न सकिनेछ । *स.मु.स. नियमावली २०५५ को नियम (४) को प्रतिबन्धात्मक वाक्यांश*

(६) कुनै दर्खास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयमा आफैं आएर नदिई कुनै व्यक्तिमार्फत पठाएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो दर्खास्त वा सूचना बुझी त्यसको भरपाई अनुसूची २ बमोजिमको ढाँचामा त्यस्तो दर्खास्त वा सूचना लिई आउने व्यक्तिलाई दिनु पर्नेछ । *स.मु.स. नियमावली २०५५ को नियम ३(३)*

(७) उपनियम ३(३) बमोजिम पर्न आएको दर्खास्त अनुसूची १ बमोजिमको ढाँचामा नभए पनि बुझिलिनुपर्छ र त्यस्तो दर्खास्तको सम्बन्धमा अन्य कुनै आवश्यक कुरा खुलाउनु पर्ने देखिएमा सम्बन्धित प्रहरी कार्यालयले दर्खास्त वा सूचना पठाउने व्यक्तिकहाँ कर्मचारी पठाई वा निजलाई कार्यालयमै झिकाई आवश्यक कुराहरू खुलाई लिन सक्नेछ । *स.मु.स. नियमावली २०५५ को नियम ३(४)*

जाहेरी वा सूचना दर्ता गर्न प्रहरीले इन्कार गर्नु हुँदैन । इन्कार गरेको अवस्थामा जाहेरवालाले माथिल्लो प्रहरी कार्यालय वा प्रमुख जिल्ला अधिकारी समक्ष जाहेरी वा सूचना दर्ता गराउन सक्दछ ।

अपराधको सूचना दिन पाउने कुरा व्यक्तिको अधिकारको कुरा हो, र त्यो नागरिकको कर्तव्य पनि हो । प्रहरीले नागरिकलाई जाहेरी वा सूचना दर्ता गर्दा कदापि हतोत्साही गर्नु हुँदैन । त्यसो गर्नु कानुनको उल्लंघन मात्रै होइन, प्रहरीको आचरण बार्खिलाप समेत हुनजान्छ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित प्रहरी कर्मचारीले अपराधको सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा त्यसरी अपराधको सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ । त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयका प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशन सहित लिखित रूपमा त्यस्तो अपराधको सूचना आवश्यक कारवाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ । *स.मु.स. ऐन २०४९ को दफा ३ (५) र (६)*

(६) उपदफा (५) बमोजिम प्राप्त हुन आएको अपराधको सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले उपदफा (४) बमोजिम दर्ता गर्नुपर्नेछ ।

जाहेरी वा सूचना दर्ता गर्दा कुनै शुल्क लिनु हुँदैन ।

जाहेरी दरखास्तको ढाँचा सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को अनुसूची १ ले तोकेको छ । अतः सो ढाँचा बमोजिम विवरण लिपिबद्ध गर्नुपर्दछ । *जाहेरी दर्खास्तको ढाँचा यस दिग्दर्शनको अनुसूची १ मा दिइएको छ ।*

तर कसैले ढाँचा नमिलाई जाहेरी दरखास्त दिएमा बुझिलिनु पर्दछ । ढाँचा नमिलाएकै कारणले जाहेरी दरखास्त बुझिलिन अस्वीकार गर्नु हुँदैन ।

अनुसन्धान अधिकृतले अपराधको अनुसन्धान गर्दा कानुनद्वारा व्यवस्थित कार्यविधिको पालना गर्नुपर्दछ। खासगरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, स.मु.स. नियमावली, २०५५, प्रहरी ऐन, २०१२ एवं नियमावली, २०४९ लगायत संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको code of conduct for law enforcement officials, 1979 र नेपाल राज्य पक्ष भएको अन्तर्राष्ट्रिय अनुबन्धहरूको पालना गर्नुपर्दछ।

**(ख) अनुसन्धानकर्ताले जाहेरी दरखास्तका सम्बन्धमा ध्यान दिनु पर्ने कुराहरू**

(क) जाहेरवालाले भनेको कुरा राम्ररी बुझ्नुपर्दछ। अस्पष्टता रहेको भए स्पष्ट भई लिपिबद्ध गर्नुपर्दछ र अन्य आवश्यक कुरा खुलाउन पर्ने भए तत्काल सोधेर आवश्यक कुरा खुलाउनु पर्दछ।

(ख) जाहेरवालाले दिएको विवरण लेख्न छुटाउनु हुँदैन, विवरणलाई तलमाथि पनि पार्नु हुँदैन। जाहेरवालाले प्रयोग गरेका शब्दहरूलाई लिपिबद्ध गर्नुपर्दछ। उसका शब्दलाई अर्थ लगाई आफ्ना शब्दहरू राख्नु हुँदैन।

(ग) सबुद प्रमाणहरू उल्लेख गर्न छुटाउनु हुँदैन। साक्षीहरू उल्लेख नगरेको भए उनीहरूको नाम, थर, ठेगाना स्पष्टसँग उल्लेख गर्नुपर्दछ।

(घ) जाहेरीमा मिति उल्लेख गर्न भुल्नु हुँदैन र विवरण लिंदा मितिसमेत किटानी गर्ने प्रयत्न गर्नुपर्दछ।

(ङ) कुनै कुरा उल्लेख गर्न छुट भएको भए यथाशीघ्र जाहेरवालासँग सम्पर्क राखी कागज गराई लेखी राख्नु पर्दछ।

जाहेरी दरखास्त अनुसन्धान तहकिकातको लागि अपराधको बारेमा सूचना प्रदान गर्ने महत्वपूर्ण स्रोत मात्रै होइन, यो आफैंमा एउटा प्रमाण पनि हो। तसर्थ, जाहेरी वा सूचना लिंदा विवरणहरू लिपिबद्ध गर्दा अनुसन्धान अधिकृत स्वयमले विशिष्ट व्यावसायिक क्षमताको प्रयोग गर्नुपर्दछ।

**(ग) अनुसन्धान अधिकृतले अनुसन्धानको क्रममा पालना गर्नुपर्ने कार्यविधि**

घटनास्थलमा प्राप्त हुने प्रमाणहरू अत्यन्त महत्वपूर्ण हुन्छन्। अतः त्यस्ता प्रमाणहरूको संकलन गर्न र संरक्षण गर्न अनुसन्धानकर्ताले तत्काल कार्वाही सुरु गर्नुपर्दछ।

सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा उल्लिखित अपराधका सम्बन्धमा जाहेरी वा सूचना प्राप्त हुनासाथ सम्बन्धित प्रहरी कार्यालयले अनुसन्धान गर्ने प्रहरी कर्मचारी तोक्नु पर्दछ।

अपराधको प्रकृति र गम्भीरतालाई हेरी तहकिकात गर्ने प्रहरीको सहयोगको लागि छुट्टै अनुसन्धान टोली समेत गठन गर्न सकिन्छ। अपराधको प्रकृतिअनुसार एकभन्दा बढी विशेषज्ञहरूले अपराधको अनुसन्धान गर्नुपर्ने हुन्छ। अतः त्यसरी समूह निर्माण गर्दा अनुसन्धानमा सहजता मात्र होइन, प्रमाणको आधिकारिकता समेत प्रबल रहन्छ।

*स.मु.स. नियमावली २०५५ को नियम ४ (१)र (२)*

अनुसन्धान अधिकारी तोकिएको जानकारी आफ्नो तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनुपर्दछ। अभियोजन कार्य सरकारी वकिलबाट हुने हुँदा अनुसन्धानको बारेमा उसले मौकामा जानकारी पाउनु सकेमा प्रहरीलाई निर्देशन गर्न सकी अनुसन्धानमा प्रभावकारिता आउन सक्छ।

सम्वेदनशील मुद्दाको अनुसन्धान तहककिकात सम्बन्धमा माथिल्लो प्रहरी

कार्यालयको कुनै माथिल्लो दर्जाको प्रहरी अधिकारीले अनुगमन, सुपरिवेक्षण र मिसिल अध्ययन गरी आवश्यक निर्देशन लिखित रूपमा दिनुपर्दछ। सम्बन्धित प्रहरी कार्यालयको प्रमुखले पनि अनुसन्धान गर्न तोकिएको अधिकारीले प्रभावकारी रूपमा अनुसन्धान गरे नगरेको बारेमा जानकारी लिई आवश्यक निर्देशन दिनु पर्दछ।

*अपराधको अनुसन्धानमा अनुसन्धान अधिकृतको सक्रियता महत्वपूर्ण हुन्छ। जति सक्यो चाँडो अनुसन्धान गर्न सकियो, प्रमाणको संकलन र संरक्षण त्यतिनै भरपर्दो हुनजान्छ। यसतर्फ अनुसन्धान अधिकृतले विशेष ध्यान दिनुपर्दछ।*

*सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को नियम ४ (१) र (२), दिग्दर्शनको अनुसूची १६*

(१) अनुसूची १ (स.मु.स. ऐनको) मा उल्लेखित अपराधको सम्बन्धमा दरखास्त वा सूचना दर्ता वा प्राप्त हुनासाथ सो अपराधको सम्बन्धमा अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयले तहकिकात गर्ने प्रहरी कर्मचारी तोकी सो को जानकारी तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनुपर्नेछ। यसरी अनुसन्धान अधिकृत तोक्ने ढाँचा यस दिग्दर्शनको अनुसूचीमा दिइएको छ।

अपराधको सूचना जाहेरी प्राप्त भएपछि अपराधको प्रकृतिलाई समेत ध्यानमा राखी सम्बन्धित कार्यालय प्रमुख वा तोकिएको अधिकारीद्वारा देहायबमोजिम गर्नुपर्दछ।

अनुसन्धान तहकिकातको लागि लिखित रूपमा अनुसन्धान अधिकारी तोकी सो को जानकारी तालुक कार्यालय तथा सम्बन्धित सरकारी वकिल कार्यालयलाई समेत दिनु पर्दछ।

*स.मु.स. नियमावली २०५५ को नियम ४(१)*

अनुसूची १(स.मु.स. ऐनको) मा उल्लिखित अपराधको सम्बन्धमा दरखास्त वा सूचना दर्ता वा प्राप्त हुनासाथ सो अपराधको सम्बन्धमा अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयले तहकिकात गर्ने प्रहरी कर्मचारी तोकी सो को जानकारी तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनु पर्नेछ।

- घटनाको प्रकृति अनुसार के कस्ता वैज्ञानिक साधनहरू (फोटोग्राफ, फिंगर प्रिन्ट संकलन गर्ने व्यक्ति वा भौतिक सबुद संकलनकर्ता वा प्रहरी कुकुरहरू) को आवश्यकता पर्न सक्दछ, सो अनुसारको टोली घटनास्थलमा पठाउने।
- घटनासँग सम्बन्धित पीडित पक्ष, साक्षी, गवाह तथा कानुन बमोजिम रोहबरमा राख्नु पर्ने व्यक्तिहरूसँग सम्पर्क र समन्वय राख्ने।
- अपराधको तहकिकातको सन्दर्भमा कुनै विशेषज्ञको राय लिनुपर्ने देखिएमा सो समेत लिने।
- घटनाको प्रकृति हेरी कुन मुद्दामा के कस्ता साधन, सामग्री आदिको आवश्यकता पर्दछ सो को विषयगत फेहरिस्त तयार गरी साथमा लैजाने।
- घटनासँग सम्बन्धित वा प्रकृति अनुसारको कानुन र तत्सम्बन्धी नजिरहरूको अध्ययन गर्ने।
- आवश्यकता अनुसार सरकारी वकिलसँग कानुनी परामर्श लिने र बराबर सम्पर्क कायम गरी अनुसन्धान कार्यमा थप मद्दत लिने तर्फ अग्रसर हुने।

(घ) **केही विशेष मुद्दामा उजुर गर्ने कार्यविधि**

१) **जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३**

(१) जिउ मास्नेबेच्ने कार्य गरेको वा गर्न लागेको थाहा पाउने कुनै व्यक्तिले कुनै पनि प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ र त्यसरी उजुर गर्दा उजुरवालाले प्राप्त भएसम्मको सबुद समेत पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीलाई प्रहरीले नजिकको जिल्ला अदालतमा पेस गरी अदालतबाट तत्सम्बन्धमा कारवाही गर्न मुनासिव माफिकको कारण देखी अदलतबाट आदेश भएमा प्रहरीले त्यस्तो उजुरीको सम्बन्धमा आवश्यक अनुसन्धान र तहकिकात गर्नेछ।

*जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐनको दफा ५ को उपदफा १ र २*

२) **केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७**

(१) यस ऐन बमोजिम कारवाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसुरको मात्राअनुसार दश हजार रूपैयाँसम्म जरिवाना गर्न र पीडित पक्षलाई कसुरदारबाट बिगोबमोजिम क्षतिपूति भराइदिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नुपर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिनसक्नेछ। यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नु पर्नेछ।

तर जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजाय समेत गर्नु पर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नका लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नेछ। त्यस्तो मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोकेबमोजिम हुनेछ।

*केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६*

(२) मुद्दा हेर्ने अधिकारीले पहिलो पटकको कसुर भए कसुर हेरी उपदफा (१) बमोजिम सजाय नगरी कसुरदारलाई अब उप्रान्त यस्तो कसुर गर्ने छैन भन्ने कागज गराई छाड्न सक्नेछ।

३) **लागू औषध (नियन्त्रण) ऐन, २०३३**

यस ऐन अन्तर्गतको मुद्दामा औषध नियन्त्रण अधिकारीलाई अनुसन्धान अधिकारीको काम, कर्तव्य र अधिकार हुने गरी तोकिदिएको छ, जसले मुद्दाको अनुसन्धान तहकिकात गरी अभियोजनको लागि सरकारी वकिल समक्ष मिसिल प्रस्तुत गर्नुपर्ने हुन्छ।

*लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१ (ख)*

४) **भ्रष्टाचार निवारण ऐन, २०१७**

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ तथा अ.दु.अ.आ. ऐन २०४८ ले अख्तियारको दुरुपयोग एवम् भ्रष्टाचार गरेको मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान तहकिकात मै भ्र.नि. ऐन २०१७ बमोजिम कारवाही चल्दछन्।

यस्तो मुद्दाको अपराधको बारेको सूचना अ.दु.अ.आ. तथा निजद्वारा अधिकार प्रत्यायोजन गरेका विशेष प्रहरी अधिकृत र प्र.जि.अ. समक्ष दिन सकिन्छ। यस्तो मुद्दामा जोसुकैले उजुरी गर्न सक्दछ।

*भ्र. नि. ऐन २०१७ को दफा १७*

यसरी कुनै अपराधका सम्बन्धमा जाहेरी दर्खास्त परेपछि त्यस्तो जाहेरवालालाई सोको भर्पाइ दिनुपर्दछ।

*जाहेरवालालाई दिने भर्पाईको ढाँचा यस दिग्दर्शनको अनुसूची २ मा छ।*

(ङ) **प्रारम्भिक प्रतिवेदन**

कुनै पनि अपराधको तहकिकात गर्नु अगाडि तहकिकात गर्ने प्रहरी कर्मचारीले आफूले के-के कुराको अनुसन्धान तहकिकात गर्ने हो, त्यसको विवरण उल्लेख गरी सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्दछ। प्रतिवेदनका आधारमा सो अपराधका सम्बन्धमा कसरी अनुसन्धान गर्नु पर्दछ भन्ने सम्बन्धमा सरकारी वकिलले सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्दछ। उक्त निर्देशनको पालना गर्नु अनुसन्धान अधिकारीको कानुनी कर्तव्य हुन्छ।

यस व्यवस्थाका पछाडि व्यक्तिको हक कुण्ठित नहोस् र कुनै पनि निर्दोष व्यक्तिले पीडित हुन नपरोस् भन्ने राज्यको चाहना रहेको छ। प्रारम्भिक प्रतिवेदनले सम्बन्धित अपराधको अनुसन्धान त्यसमा प्रयुक्त हुने कानुनका बीचमा कडी कायम गर्न मद्दत गर्दछ। अपराध प्रति सरकारी वकिलको ध्यान आकर्षित गर्दछ। यसर्थ, प्रारम्भिक प्रतिवेदनलाई अनुसन्धानकर्ता एवं अभियोजनकर्ता दुबैले गम्भीर सरोकारको विषयका रूपमा लिनुपर्दछ।

**प्रारम्भिक प्रतिवेदन पठाउने :**

(१) दफा ७ बमोजिम कुनै अपराधको तहकिकात सुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ। *स.मु.स. ऐन २०४९ को दफा ६*

(२) उपदफा (१) बमोजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**(च) प्रमाणको संरक्षण गर्ने वा प्रमाण लोप वा नाश हुन नदिने र अपराधी उम्कन नपाउने सम्बन्धमा पूरा गर्नुपर्ने कार्यविधि**

(१) **प्रमाणको संरक्षण :**

कुनै प्रहरी कर्मचारीले सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा उल्लिखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको थाहा पाएमा निजले यथाशीघ्र निम्न कार्यहरू गर्नुपर्दछ :-

कुनै प्रहरी कर्मचारीले अनुसूची १ मा उल्लिखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा निजले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिने र अपराधी भाग्न, उम्कन नपाउने व्यवस्था गर्नु पर्नेछ। तत् सम्बन्धमा तत्कालै कारवाही नगरेमा अपराध हुने वा अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुने वा अपराधी भाग्ने, उम्कने सम्भावना भएमा सो प्रहरी कर्मचारीले आवश्यकतानुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई त्यस सम्बन्धमा आवश्यक कारवाही गर्नसक्नेछ। *स.मु.स. ऐन, २०४९ को दफा ४(१)*

(क) अपराध हुनबाट रोक्ने वा अपराध हुन नदिने व्यवस्था गर्ने,

(ख) अपराध भइसकेको भए अपराधसँग सम्बन्धित कुनै प्रमाण जस्तै फिंगर प्रिन्ट, रगत, वीर्य, रौं आदि लोप वा नाश हुन नदिने र तिनको संकलन गर्ने व्यवस्था मिलाउने, प्रमाण संकलन गर्दा संकलित प्रमाणको सनाखत हुनेगरी रितपूर्वकको मुचुल्का तयार गर्नुपर्दछ।

(ग) यसरी फिंगर प्रिन्ट आदि प्रमाण उठाउन नसक्ने भएमा त्यसको कारण सहित मुचुल्का बनाउनु पर्दछ।

(घ) अपराधको प्रकृतिको आधारमा घटनासँग सम्बन्धित प्रमाणको रूपमा आवश्यक पर्ने चीज वस्तु, रगत, वीर्य, रौं, हातहतियार, औजार आदि संकलन गर्ने रितपूर्वक प्याकिंग तथा सो को मुचुल्का समेत गरी सम्बन्धित वैज्ञानिक प्रयोगशालामा ठीक हालतमा पुग्ने गरी पठाउने।

(ङ) त्यस्ता चीजवस्तुहरू प्रयोगशालामा पुऱ्याउँदासम्म साबिक स्थितिमा फरक पर्न समेत सक्ने भएका हुँदा घटनास्थलमा गरिएका प्रकृति मुचुल्का र फरक पर्न गएका कारण समेत सम्बन्धित विशेषज्ञलाई स्पष्ट हुने गरी जानकारी दिने र आवश्यक सहयोग गर्ने ।

(च) वैज्ञानिक परीक्षणको लागि पठाइएका भौतिक चीजवस्तुहरूको परीक्षण प्रतिवेदन समयमा सम्बन्धित विशेषज्ञसँग सम्पर्क र समन्वय राखी उपलब्ध गराउने ।

(छ) अपराध गर्ने व्यक्ति भाग्न वा उम्कन नपाउने व्यवस्था गर्ने, र

(ज) अपराध गर्ने व्यक्तिलाई पक्राउ गरी हिरासतमा लिने ।

माथि उल्लिखित कार्यहरू गर्न आवश्यक भएमा अर्को प्रहरी कार्यालयको क्षेत्रमा प्रवेश गर्न समेत सकिन्छ । तर त्यसरी अर्को प्रहरी कार्यालयको क्षेत्रमा प्रवेश गरिएमा त्यसको जानकारी त्यस इलाकाको प्रहरी कार्यालयमा दिनुपर्दछ ।

**(छ) भौतिक सबुद प्रमाणको संकलन र खोजीमा अनुसन्धान अधिकृतको भूमिका र कार्यविधि**

अपराधसँग सम्बन्धित घटनास्थलमा पाइन सक्ने र अपराधीले अन्यत्र फाली लुकाएका वा पाइन सक्ने भौतिक सबुदहरूको खोजी एवम् संकलन देहाय बमोजिम गर्नुपर्दछ;

- घटनास्थलमा असम्बन्धित व्यक्ति प्रवेश गर्न नदिई सुरक्षित राखिनु पर्दछ ।
- सम्बन्धित खटिएका अनुसन्धान अधिकृतले भौतिक सबुद संकलन गर्दा फोटोग्राफर, फिंगर प्रिन्ट उठाउने विशेषज्ञ वा SOCO (सिन अफ क्राइम अफिसर) द्वारा संकलन गर्न लगाउनु पर्दछ ।
- घटनास्थलबाट वा अन्यत्रबाट अपराधसँग सम्बन्धित भौतिक सबुद संकलन गरिएका चीजवस्तुहरूको कानुन बमोजिम मुचुल्का गर्ने गर्नुपर्दछ ।
- परीक्षणको लागि चाहिने मात्राको परिमाणमा संकलन गरिएका भौतिक चीजवस्तु वा अन्य सबुद प्रमाणहरू सम्बन्धित विशेषज्ञ कहाँ नबिग्रने गरी प्याकिङ्ग र सुरक्षित साथ संकलन गरी पठाउनु पर्दछ ।

**(ज) बयान प्रमाणित गराउँदाको कार्यविधि**

जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ अनुसार चलेको मुद्दामा पीडित महिलाले जाहेरी दिएकोमा निजको तत्काल बयान लिई त्यस्तो बयान सम्बन्धित जिल्ला अदालतका जिल्ला न्यायाधीश समक्ष पीडितको बयान प्रमाणित गराउनु पर्ने व्यवस्था गरेको छ। यस व्यवस्था अन्तर्गत पीडित पक्षको बयान प्रमाणित गर्दा निम्न कार्यविधि अपनाउनु पर्दछ ।

**बयान प्रमाणित गराउने :**

(१) उजुर गर्ने व्यक्ति बेचबिखन गर्न वा वेश्यावृत्तिमा लगाउन लगिएको वा बेचबिखन गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति भएमा र त्यस्तो व्यक्ति उपस्थित भएमा सरकारी वकिलको रोहबरमा त्यस्ता व्यक्तिको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनको लागि सो व्यक्तिलाई चौबीस घण्टाभित्र नजिकको जिल्ला अदालतमा लैजानु पर्नेछ । *जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ६(१)*

(२) उपदफा (१) बमोजिम उजुरवालाको बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित न्यायाधीशले त्यस्तो बयान पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भएमा सोही व्यहोरा र भने बमोजिम नभएमा के कति कुरा फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरी दिनु पर्नेछ । *ऐ. ६(२)*

### (झ) अपराध अनुसन्धान एवं तहकिकातको सन्दर्भमा सरकारी वकिलको कर्तव्य

सफल अभियोजनको आधार सफल अनुसन्धान हो। अतः अभियोजनकर्ताको रूपमा सरकारी वकिलले अनुसन्धानका सिलसिलामा तयार गरेका सबुद प्रमाणमै बढी भर पर्नु पर्ने हुन्छ। यसर्थ अपराध अनुसन्धानको सन्दर्भमा प्रहरी कर्मचारीबाट अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन सरकारी वकिल समक्ष प्राप्त भएपछि अपराध, आपराधिक गिरोह, अपराधको प्रकृति, अपराधको समय जस्ता कुरालाई मध्यनजर राखी अपराध अनुसन्धानका सन्दर्भमा अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनु पर्ने लागेमा निर्देशन दिनु पर्दछ। यसबाट अपराध अनुसन्धान कार्यमा थप मद्दत पुग्न जान्छ।

**अनुसन्धानको लागि निर्देशन :**

कुनै अपराधको तहकिकात सुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ। *स.मु. स.ऐन २०४९ को दफा ६ (१)*

उपदफा (१) बमोजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ। *स.मु. स.ऐन २०४९ दफा ६(२)*

अपराध अनुसन्धानमा खटिएको अनुसन्धान अधिकारीसँग आवश्यक सम्पर्क र समन्वय कायम राखी त्यस्तो निर्देशन दिंदा अनुसन्धान अधिकारीले के कस्तो काम कारवाही गर्नु पर्ने हो स्पष्ट र बुँदागत रूपमा दिनुपर्दछ।

## अनुसन्धानमा कानुनी सल्लाह

अनुसन्धान तहकिकातका सन्दर्भमा अनुसन्धान अधिकृतबाट सोधिएका कानुनी सल्लाहलाई सरकारी वकिलले प्राथमिकता साथ आवश्यक कानुनी राय सल्लाह दिनु पर्नेछ।

तहकिकात गर्दा सम्बन्धित प्रहरी कर्मचारीले कुनै विषयमा सरकारी वकिलको राय सल्लाह मागेमा त्यस्तो राय सल्लाह दिनु सरकारी वकिलको कर्तव्य हुनेछ। *स.मु. स.ऐन २०४९ दफा ७(५)*

प्रहरी कर्मचारीले फौजदारी मुद्दाका अभियुक्तको बयान सरकारी वकिलका समक्ष लिनुपर्ने व्यवस्था रहेको छ।

*यस किसिमको कानुनी व्यवस्थाका पछाडि व्यक्तिको आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने लगायतका संवैधानिक हक संरक्षण हुनमा मद्दत पुगोस् भन्ने राज्यको चाहना रहेको देखिन्छ।*

कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकिल समक्ष सम्बन्धित अभियुक्तको बयान लिनेछ। *स.मु. स.ऐन २०४९ दफा ९(१)*

**बयान लिंदा अभियुक्तलाई मानवोचित व्यवहार गर्नु पर्ने :**

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारित गरेबमोजिम क्षतिपूर्ति दिइनेछ। *संविधानको धारा १४(४)*

अभियुक्तको बयान लिंदा अपराधको यथार्थ विवरण खुल्ने गरी कुरा फोरी अनुसन्धानका पछिल्ला चरणहरूलाई मद्दत पुग्ने गरी बयान गराउनु पर्दछ ।

**महिला, बालबालिका तथा अपाङ्गसँग बयान लिंदा :**

स्वास्नी मानिसलाई केही कुराको अभियोग लागि आउँदा बेमनासिब ठट्टा मस्करीका हिसाबसँग सोधपुछ गर्नुहुँदैन ।

*अनुसन्धान तहकिकात गर्दा अभियुक्तको साबिती बयानमा मात्र भर नपरी भौतिक सबुदको संकलन गर्नेतर्फ अनुसन्धान अधिकृतले हरसम्भव प्रयास गर्नु पर्दछ । यस व्यवस्थालाई प्रभावकारी ढंगबाट लागू गर्नु स्वच्छ न्यायको प्रवर्द्धनका लागि आवश्यक हुन्छ ।*

जुनसुकै कुरामा भए पनि सोह्र वर्ष नपुगेका नाबालकको र उमेर पुगेका भएपनि कुनै किसिमको रोगले होश ठेगानामा नभएका वा बौलाएका मानिस समेतको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज लिनु गराउनु हुँदैन, सोह्र वर्ष नपुगेको भए पनि ज्यानमारा, चोरी वा करणी गर्ने गर्न लाउने मानिसको अड्डाबाट कागज गराउनु पर्दा भने संरक्षक वा हकवाला भए निजलाई राखी र नभए उसैको मात्र कागज गराउन पनि हुन्छ। संरक्षक वा हकवाला राखी *अ.बं. २४* कागज गराएकोमा यो मेरो यस किसिमको मानिसले मेरो सामुन्नेमा भने बमोजिम लेखी सहिछाप गरेको साँचो हो भनी सो कागजको किनारामा सो संरक्षक वा हकवालाको पनि सहिछाप गराउनु पर्छ। कागज गराउँदा कसैलाई पनि जोरजुलुम करकाप गरी कागज गराउनु हुँदैन। गरे बदर हुन्छ। लेखिए बमोजिम बाहेक आफ्ना खुशीराजीले जानी बुझी सहिछाप हालेपछि सो कागज सदर हुन्छ ।

अन्धा अन्धी र वक्क लाटा लाटीको कागज गराउनु पर्दा उनीहरूको संरक्षक वा हकवाला भए निजलाई र नभए निजै अन्धा अन्धी लाटा लाटीले रोजेका सरजमिनका मानिस राखी अन्धा अन्धीले भने बमोजिम र *अ.बं. २५* लाटा लाटीले इसारा गरे बमोजिम राम्रो तवरबाट इसारा बुझी कागज गराई लेखिए बमोजिम कागज भएको हो भन्ने सरजमिन वा संरक्षक वा हकवालाको पनि सोही कागजमा सहिछाप गराई राख्नु पर्छ ।

अभियुक्तको बयान गराउँदा कुनै घर ठाउँ वा चिज वस्तुको खानतलासी बरामदी गर्नु पर्ने वा केही कुरा बुझ्नु पर्ने देखिएमा सो बमोजिम गर्न प्रहरीलाई निर्देशन दिनुपर्दछ। अभियुक्तको बयान गर्दा गराउँदा शारीरिक वा मानसिक यातना दिन नहुने तर्फ विशेष ध्यान दिनुपर्दछ।

अनुसन्धान पश्चात् कोही कसै प्रति मुद्दा चलाउन पर्याप्त सबुत प्रमाण नपुग्ने भई अभियुक्तका हकमा हिरासतबाट छोड्ने सम्बन्धमा प्रहरीबाट राय माग भई आएमा निज उपर संकलित सबुद प्रमाण हेरी अभियुक्तलाई हिरासतबाट छाड्न सहमति प्रदान गर्नु पर्नेछ।

(ञ) **हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले छाड्न सक्ने**

यस ऐन बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिए बमोजिम सरकारी वकिलको सहमति लिई वा अवस्थानुसार नलिई मनासिव कारण सहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ ।

**सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को व्यवस्था  तथा स.मु.स. नियमावलीको व्यवस्था**

(१) ऐनको दफा २१ बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखी रहन आवश्यक नदेखिएमा सो कुराको कारण खोली पर्चा खडा गरी त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छोड्नको निमित्त सरकारी वकिलको सहमतिको लागि पत्र लेखी मिसिल समेत सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सहमतिको लागि लेखी आएमा सरकारी वकिलले मिसिल संलग्न कागजहरूको अध्ययनबाट त्यस्तो व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखेमा हाजिर जमानीमा छोड्ने सहमति दिन सक्नेछ ।

*स.मु.स. नियमावली ११*

(३) उपनियम (१) बमोजिम सरकारी वकिलसँग तत्काल सहमति लिन नसकिने मनासिव अवस्था परेमा त्यसको कारण जनाई प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले हाजिर जमानीमा छोड्नु पर्नाको कारण समेत खोली पर्चा खडा गरी छोड्न सक्नेछ र यसरी छोडिएकोमा त्यसको जानकारी सरकारी वकिल कार्यालयलाई अबिलम्ब दिनुपर्नेछ ।

**(ट) हिरासतमा नराखी अनुसन्धान गर्न सकिने**

अपराधको गंभीरता र प्रकृति, अभियुक्तहरूको स्थिति समेतलाई मध्यनजर राखी भरसक अभियुक्तलाई हिरासतमै नराखी अनुसन्धान र तहकिकात गर्ने र अनुसन्धान तहकिकात पश्चात् निजका विरूद्ध यथेष्ट प्रमाण प्राप्त भएपछि मात्र हिरासतमा लिने प्रक्रियालाई प्रोत्साहित गर्ने गराउने सन्दर्भमा अनुसन्धान र अभियोजनकर्ताले विशेष ध्यान दिनुपर्ने आवश्यक हुन्छ ।

(१) ऐनको अनुसूची -१ मा उल्लिखित अपराधका अभियुक्तलाई प्रहरीले तहकिकातको सिलसिलामा खोजतलास गरी पक्रन भरमग्दुर प्रयास गर्नु पर्दछ र पक्राउमा परेको अभियुक्तलाई अनुसूची ११ बमोजिम पक्राउ पूर्जी दिनु पर्दछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्राउ गर्नु पर्ने मनासिब आधार नदेखिएको अवस्थामा पक्राउ नगरी अनुसन्धान गर्नुपर्नेछ ।

*स.मु.स. नियमावली २०५५ को नियम ९(१) र ९(२)*

सोही प्रकारको व्यवस्था स.रा. संघको Tokyo Rules 1990 मा समेत दिइएको पाइन्छ ।

In order to provide greater flexibility consistent with the nature and gravity of the offence, with the personality and background of the offender and with the protection of society and to avoid unnecessary use of imprisonment, the criminal justice system should provide a wide range of non-custodial measures, from pre-trial to post-sentencing dispositions. The number and types of non-custodial measures available should be determined in such a way so that consistent sentencing remains possible.

*United Nations Standard Minimum Rules for Non-custodial Measures (Tokyo Rules), 1990 (2.3)*

## ९. रोहबर सम्बन्धी कार्यविधि

(क) कुनै घर वा ठाउँको वस्तुस्थिति सम्बन्धी मुचुल्का तयार गर्दा,
(ख) कुनै व्यक्ति, वस्तु वा ठाउँको खानतलासी लिंदा,
(ग) लासजाँच मुचुल्का खडा गर्दा ।
(घ) अपराधमा प्रयोग भएको कुनै बस्तु वा सो प्रमाणित गर्न मद्दत गर्ने कुनै दसी प्रमाण बरामद गर्दा ।

*अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई रोहबरमा नराख्दैमा त्यस्तो काम बदर हुँदैन तर स्थानीय निकायको सदस्य वा सरकारी कर्मचारीलाई भने अनिवार्य रुपमा रोहबरमा राख्नुपर्दछ । रोहबरमा नराखे उक्त कामले कानुनी मान्यता पाउन सक्दैन ।*

**रोहबरमा निम्नलिखित व्यक्तिहरूलाई राख्नुपर्दछ :-**
(क) कम्तीमा दुईजना स्थानीय व्यक्तिहरू र
(ख) सम्बन्धित गा.वि.स. वा नगरपालिकाको एकजना सदस्य अथवा त्यस्तो सदस्य फेला नपरे कुनै सरकारी कार्यालयको एकजना कर्मचारी तथा
(ग) फेला परेसम्म अभियुक्त र अपराधको सूचना दिने व्यक्तिहरू

कुनै अपराधको तहकिकातको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थिति सम्बन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिंदा वा लासजाँच गर्दा त्यस्तो ठाउँमा भएका कम्तिमा दुईजना स्थानीय व्यक्तिहरू र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका एकजना सदस्य वा त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एकजना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहबरमा राख्नुपर्दछ ।

*सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ८*

तर अभियुक्त वा अपराधको सूचना दिने व्यक्ति रोहबरमा नराखेको कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन ।

## १०. लागू औषध मुद्दाको अनुसन्धान सम्बन्धी थप व्यवस्था

*प्रतिरक्षाको कार्यमा संलग्न कानुन व्यवसायी तथा सरकारी वकिलले मिसिल संलग्न प्रमाण कागजातहरु तयार पार्दा रितपूर्वक गरिएको छ-छैन हेर्नु पर्दछ । किनभने तोकिएको कार्यविधि सम्पादन नगरी तयार पारिएका कागजातहरु प्रमाणयोग्य हुँदैनन् । त्यस्ता कानुनी कार्यविधि पूरा नगरिएका कागजातहरुका आधारमा अभियोजन हुन गएमा अभियोजन असफल हुने मात्रै होइन, फौजदारी न्यायको उद्देश्य समेत पुरा हुन सक्दैन ।*

लागू औषध सम्बन्धमा अनुसन्धान गर्दा तत्काल केही नगर्दा अभियुक्त भाग्ने वा अपराधको प्रमाण गायब हुने सम्भावना देखिएमा लागू औषध नियन्त्रण अधिकारी वा प्र.स.नि. दर्जासम्मको प्रहरी कर्मचारीले पर्चा खडा गरी कुनै ठाउँमा प्रवेश गर्न, लागू औषध वा अन्य सामान कागजपत्र कब्जा गर्न, खानतलासी र पक्राउ गर्न सक्दछ ।

**बिना वारेन्ट प्रवेश, खानतलासी, कब्जा र गिरफ्तार गर्ने अधिकार :**

(१) यस ऐन अन्तर्गतको कुनै अपराध कुनै घर, जग्गा, सवारी वा ठाउँमा भइराखेको छ र तुरुन्तै केही कारवाही नगरेमा अपराधी भागी जाने वा अपराधको प्रमाण गायब हुने सम्भावना देखेमा औषध नियन्त्रण अधिकारी वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको प्रहरी कर्मचारीले सो कुराको पर्चा खडा गरी जुनसुकै बखत देहायका कामहरू गर्न सक्नेछ;

(क) त्यस्तो घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्ने,

(ख) त्यसरी प्रवेश गर्दा कुनै बाधा विरोध भएमा ढोका फोरी प्रवेश गर्न वा त्यस्तो बाधा विरोध हटाउन आवश्यक कारवाही गर्ने,

(ग) अपराधसित सम्बन्धित लागू औषध र अन्य सामानहरू तथा प्रमाणको लागि काम लाग्ने जुनसुकै कागजपत्र कब्जा गर्ने, र

(घ) अपराध गरेको भनी शंका लागेको जुनसुकै व्यक्तिलाई रोक्न, खानतलासी लिन र आवश्यक देखेमा निजलाई गिरफ्तार समेत गर्ने ।

*लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ८*

(२) उपदफा (१) बमोजिम कुनै घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित नगर पालिका वा गाउँ विकास समिति वा वडा समितिका एकजना सदस्य वा त्यस ठाउँको एकजना भलादमी वा कुनै अर्को सरकारी कार्यालयका एकजना कर्मचारीलाई साक्षी राखी गर्नु पर्नेछ ।

यसरी लागू औषध मुद्दामा गा.वि.स. वा न.पा. को सदस्य वा सरकारी कर्मचारी र स्थानीय व्यक्तिको रोहबरमा मुचुल्का तयारी गर्ने प्रयास गर्दा पनि त्यस्ता व्यक्तिहरू उपलब्ध हुन नसकेको उचित आधार भएमा निम्न व्यक्तिको रोहवरमा मुचुल्का तयार गर्न सकिन्छ;

(क) कम्तीमा दुईजना औषध अनुसन्धान अधिकारी, वा

(ख) कम्तीमा दुईजना प्रहरी सहायक निरीक्षक दर्जासम्मको कर्मचारी ।

## ११. लासजाँच तथा वैज्ञानिक परीक्षण सम्बन्धी कार्यविधि

कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या वा कुनै अपराधको कारणबाट शंकास्पद अवस्थामा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथासीघ्र निम्न लिखित कुराहरू समेत खुलाई मुचुल्का तयार गरी यथासम्भव लास र घटनास्थलको फोटो समेत लिनुपर्दछ;

(१) लासको सनाखत हुने विवरण,

(२) लास रहेको ठाउँ र लासको अवस्था,

(३) लासमा कुनै घाउ, चोट, निल वा डाम देखिएमा त्यस्तो ठाउँ, चोट निल, डामदेखिएको ठाउँ, संख्या लम्बाइ, चौडाइ, गहिरया समेत प्रत्येक चोटको विवरण,

(४) मृत्यु गराउने सम्भावित साधन र लासमा देखिएका त्यस सम्बन्धी लक्षण,

(५) मृत्युको कारण थाहा पाउन सहायता हुने लासमा देखिएको अन्य कुनै लक्षण,

(६) अन्य उल्लेखनीय कुराहरू ।

(१) कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या गरी वा कुनै अपराधको परिणाम स्वरूप शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको प्रहरी कार्यालयको कम्तीमा प्रहरी नायव निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लास रहेको ठाउँमा गई लासजाँच गरी यथासम्भव निम्नलिखित कुराहरू समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सम्भव भएसम्म लासको र सम्बन्धित ठाउँको फोटो समेत खिच्नु पर्नेछ:

*स.मु.स. ऐनको दफा ११ को उपदफा (१) र (२)*

(क) लासको सनाखत हुने विवरण,

(ख) लास रहेको ठाउँ र लासको अवस्था,

(ग) लासमा कुनै घाउ, चोट, निल वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, संख्या, लम्बाइ, चौडाइ, गहिराई समेतको प्रत्येक घाउ, चोट, निल डामको विवरण,

(घ) मृत्यु गराउने सम्भावित साधन र लासमा देखा परेका तत्सम्बन्धी लक्षण,

(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लासमा देखिएको अन्य कुनै लक्षण, र

(च) अन्य उल्लेखनीय कुरा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकी ऐन ज्यान सम्बन्धी महलको २ नं. बमोजिम अधिकृत व्यक्तिले लासजाँच गर्ने कुरालाई बाधा पुऱ्याएको मानिदैन ।

**क) लाशजाँच सम्बन्धमा मु.ऐ. ज्यान सम्बन्धी महलको ३ नं. मा भएको कानुनी व्यवस्था**

लासजाँच प्रतिवेदन तयार गर्दा मुलुकी ऐन ज्यान सम्बन्धी महलको ३ नं. बमोजिमको प्रकृति छ, छैन सो समेत लासजाँच मुचुल्कामा खुलाउनु पर्दछ ।

*लासजाँच एवं पोस्टमार्टम हत्याको कारण लगायत विभिन्न प्रमाणहरुको बारेमा स्पष्ट ढंगबाट उल्लेख गर्ने वस्तुगत प्रमाण संकलनको प्रक्रिया हो । जतिसक्दो चाँडो लासजाँच एवं पोस्टमार्टम गर्न सकिएमा मृत्युको कारण लगायत अन्य विवरणहरु स्पष्ट र वस्तुनिष्ठ ढंगबाट प्राप्त गर्न सकिन्छ ।*

*मुलुकी ऐन ज्यान सम्बन्धी महलको ३ नं.*

अपहत्या वा कर्तव्य परी मरेको उजुर वा शंका देखिएकोमा मर्नेको लासजाँच र मौका तहकिकात गर्दा गर्न जाँदा मौकामा पुग्ना साथ पहिले सो लास भए रहेका ठाउँभन्दा केही वरै खडा भै वा बसी लास रहेको ठाउँ वरपर भए परेको हात खुट्टा वा अरू केही किसिमको चिन्ह वा जमीन घस्टिए माडिएको वा कहींबाट घिसारी ल्याएको चिन्ह निशाना इत्यादि केही भए परेको र अरू दसी प्रमाण हुने केही माल छुटे रहेको देखियो भेटियो भने सो ब्यहोरा समेत खोली टिपी लेखी सो देखिए भेटिएको दसी चिन्ह निसाना समेत भरसक नमासिने गरी जस्ताको तस्तो रहने हिसाबसँग आखिरी जाँच गरी लास सदगत गर्ने पूर्जी नहुन्ज्यालसम्म सो सबै कुरा हिफाजतसाथ सबुद राखी अरू तल देहायमा लेखिए बमोजिम के के भए परेको छ खुब ध्यान दिई हेरी लासको हालत, सो लास रहेका ठाउँ जग्गाको अवस्था र चार किल्ला समेत देखाई गर्न सक्ने भए नक्सा समेत खडा गरी रितपूर्वक लास जाँचको कागज खडा गर्नुपर्छ ---------------------

- घाउ, चोटपटक, निल डाम परी मरेकोमा मर्नेको लासमा यस ठाउँमा यति यति लम्बाइ चौडाइ गहिराई भएको यति गोटा यस्तो यस्तो घाउ चोटपटक अंगभंग निल डाम, सुम्ला परेको, भाँचिएको, फुटेको भन्ने र छाला खुइलिएको, घस्रिएको, फाटेफुटेको, घोचेको भन्ने समेत सबै कुरा स्पष्ट खुलाई जाँच गर्नुपर्छ ------------------- १
- झुण्डी मरेको मानिसको लासको अवस्था देहायमा लेखिए बमोजिम छ-छैन जाँची पासो लगाएको डोरी अड्डामा ल्याउनु पठाउनु पर्छ २
- ओठ फुस्रो र आँखाको नानी ठूलो छ छैन --------------------------- १
- आँखा केही बाहिर निस्केको वा निक्लेको छ छैन ------------------- २
- जिब्रो बाहिर निस्केको वा ओठले च्यापेको छ छैन ------------------ ३
- मुख, नाक, गुदद्वार वा इन्द्रियको प्वालबाट रगत वा राल इत्यादि समेत लस्सादार पानी र मल वीर्य निस्केको छ छैन ------------- ४
- घाँटीमा डोरीको डाम झुण्डिएतिर छ छैन सो डाम गोल वा नागबेली कस्तो छ कैलो डाम परेको र सो ठाउँको छाला साह्रो छ छैन ------------------------------------------------------------------- ५
- हात मुठी पारेको छ छैन, हात खुट्टाले जमीन छोए समातेको छ छैन ------------------------------------------------------------------------ ६
- कुवा, पोखरी, खोला, नालामा परेका लासको अवस्था देहायमा लेखिए बमोजिम छ छैन जाँच गर्नुपर्छ --------------------------------------- ३
- पानीबाट उठाउने बित्तिकै हातको छाला चाउरिएको र पेट ढाडिएको छ छैन ------------------------------------------------------------- १
- लास रहेको ठाउँको वरपर कुवा पोखरीका किनारा छेउछाउमा र लासको मुखमा रगतको छिटा छ छैन ------------------------------- २
- लासको टाउको, गर्धन वा आङमा समेत कहाँ कहाँ चोटपटक वा

रगत लागेको छ -------------------------------------------------------- ३

- मुट्ठी खुला छ छैन, हातमा केही चिज लिई राखेको भए यो यो चिज लिई राखेको थियो भनी र मुख आङको छाला नरम वा खस्रो जस्तो छ उस्तो दुरुस्त गरी लेख्नुपर्छ --------------------------------------- ४
- पेटमा पानी रहे नरहेको जाँच्नलाई वारेस भएकोमा वारेस र वारेस नभएकोमा अरू मानिस समेत लगाई लासलाई घोप्टो पारी पिठ्युँ थिच्न लगाउँदा पानी निस्कन्छ निस्कदैन ----------------------------- ५
- लिङ्ग खुम्चिएर सानो भएको छ छैन ---------------------------------- ६
- हातको औंलामा छाला खुइलिएको छ छैन --------------------------- ७
- भगभित्र माटो पसेको छ छैन ------------------------------------------ ८
- सर्पले टोकेकोमा देहायमा लेखिए बमोजिम भएको छ छैन जाँच गर्नुपर्छ ---------------------------------------------------------------- ४
- टोकेको ठाउँमा सुनिएको र कपालको रौं लुछ्दा सजिलैसँग उखेलिने भएको छ छैन ---------------------------------------------------------- १
- मर्नु अगाडि सो टोकेको ठाउँमा ठूलो पीर पर्ने गरी दुख्ने र मुखबाट फिंज आउने औंला पनि खुम्ची आँखीभौं सानु सानु खोल्न पनि नसक्ने भई मुख पहेंलो, निलो र रगत पनि निलो पातलो चाँडै नजम्ने भएको थियो थिएन ------------------------------------------- २
- कुरा गर्न नसक्ने लठ्ठ भएर हिंड्न पनि नसक्ने भएको थियो थिएन -३
- विष खाए खुवाएमा देहायमा लेखिए बमोजिम भएको छ छैन जाँच गर्नुपर्छ ----------------------------------------------------------------- ५
- मर्नु अगाडि आँखा खुम्ची आँखाको नानी सानु र मरिसकेपछि ठूलो हुने, मर्नु अगाडि बेहोस र निन्द्रा लाग्ने, पसिना धेरै आउने, मुख सुक्ने भएको थियो, थिएन -------------------------------------------- १
- मर्नु अगाडि उन्मत्त, घाँटी मुख सुक्ने र चेहरा रातो हुने, निन्द्रा लाग्ने, आँखा टोलाउने भई आँखाको नानी ठूलो ठूलो देखिने र बराबर बेहोस् भई लरबराई बोल्ने भएको थियो थिएन ------------ २
- मर्नु अगाडि झाडा बान्ता हुने र पेटमा डाहा हुने, ज्यादा प्यास लाग्ने, मुख सुनिए जस्तो, नाडी चाँडो चाँडो चल्ने, नाताकती हुने र बेहोस भएको थियो थिएन -------------------------------------------- ३
- मर्ने बेलामा शीताङ्ग हुने, खाँदाखेरि मुख, घाँटी, पेट पोल्ने, पिंडौला फर्कने भएको थियो थिएन ------------------------------------------ ४

**ख) लास जाँच तथा शवपरीक्षण सम्बन्धी थप व्यवस्था**

**लास जाँच तथा शवपरीक्षण :**

(१) ऐनको दफा ११ बमोजिम लाश जाँच गर्दा तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यकतानुसार अनुसूची-७ वा अनुसूची-८ बमोजिमको मुचुल्का खडा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लास जाँच मुचुल्का भैसकेपछि त्यस्तो लास जाँचबाट कुनै अपराधको परिणाम स्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन नआएमा र तहकिकात गर्ने प्रहरी कर्मचारीले सो लासको शवपरीक्षण गराउन आवश्यक नपर्ने ठहऱ्याएमा त्यसको कारण सहित स्थानीय भद्र भलादमीको रोहबरमा पर्चा खडा गरी मिसिल संलग्न राखी शवपरीक्षण नगराउन सक्नेछ।

*स.मु.स. नियमावली, २०५५ को नियम ६ (१),(२)*

**परीक्षणको प्रतिवेदन पठाउनु पर्ने :**

(१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम शवको परीक्षणको लागि पठाइएको कार्य सम्पन्न भैसकेपछि बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र सम्बन्धित सरकारी चिकित्सकले अनुसूची-९ बमोजिमको शवपरीक्षणको प्रतिवेदन सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रहरीद्वारा घाउजाँचको लागि पठाइएको अनुसूची-१० बमोजिमको घाउजाँच केस फाराम सम्बन्धी प्रतिवेदन तथा अनुसन्धानको सिलसिलामा बुझ्नु पर्ने कुनै व्यक्तिको अवस्थाको सम्बन्धमा माग भएको जानकारी बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र उपलब्ध गराउनु सम्बन्धित अस्पताल वा हेल्थ पोस्टको कर्तव्य हुनेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ७(१),(२)*

### (ग) शवपरीक्षण गर्दा लाग्ने खर्च सम्बन्धी व्यवस्था

लासजाँच गर्दा अपराधको परिणाम स्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिएमा सम्बन्धित प्रहरीले सो लासलाई पोस्टमार्टमको लागि सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्दछ ।

शवपरीक्षणको लागि सरकारी चिकित्सक समक्ष शव पठाउँदा प्रहरी कर्मचारीले लासको शारीरिक अवस्था, घटनास्थलदेखि शवपरीक्षण गरिने स्थानको दूरी आदिको विचार गरी लास बोक्न लाग्ने मनासिव माफिकको रकम निर्धारण गरी सम्बन्धित व्यक्तिलाई त्यस्तो रकम र शवपरीक्षण बापत कुनै दस्तुर लाग्ने रहेछ भने सो रकम समेत त्यस्तो लास लिई जाने प्रहरी कर्मचारीलाई दिई पठाउनु पर्नेछ ।

*स.मु.स. नियमावलीको नियम ८*

### (घ) लास सढेगलेको अवस्थामा सम्पादन गर्नुपर्ने कार्यविधि

लास सढिगली जाँच गर्न नसकिने अवथा भएमा वा देखिएमा सो कुरा खुलाई मुचुल्का खडा गरी पोस्टमार्टम गर्न पठाउन नपर्ने कानुनी व्यवस्था छ । तथापि मृतकका रौं, हाड आदिको परीक्षणबाट कतिपय महत्वपूर्ण प्रमाणहरू संकलन गर्न सकिने भएकोले संकलन गर्न सकिने सम्मका वस्तुहरू संकलन गरी परीक्षण गर्नुपर्दछ ।

### (ङ) बेवारेसी लासका सम्बन्धमा

बेवारेसी लास फेला परेमा प्रहरीले कब्जामा लिई लासको सनाखत र कालगतिले मरेको मुचुल्का गराई हकवाला फेला परे सदगत गर्न बुझाई दिनुपर्छ । हकवाला फेला नपरे वा बुझी नलिए त्यस्तो लास चिकित्साशास्त्र अध्ययन संस्थान स्थापना भएको ठाउँमा अध्ययनको प्रयोजनको निमित्त त्यस्तो संस्थानलाई आवश्यक भएमा प्रहरीले सो संस्थानलाई बुझाईदिनु पर्छ । त्यस्तो संस्थान नभएको ठाउँमा वा त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रहरीले स्थानीय गाउँ विकास समिति वा नगरपालिका वा सामाजिक संस्थानमार्फत् दाहसंस्कार गराउनु पर्छ ।

*प्रहरी ऐन २०१२ को दफा २२(क)*

तर दुर्घटनामा परी, आत्महत्या गरी वा शंकास्पद स्थितिमा मरेकोमा भने प्रचलित कानुन बमोजिम लासजाँच, शवपरीक्षण समेत गर्नुपर्ने तहकिकातको काम कारवाही पूरा गरेपछि मात्र त्यस्तो लास अध्ययन संस्थानलाई बुझाइदिन वा दाहसंस्कार गराउन सकिनेछ ।

लास सढी गली जाँच गर्न नसकिने अवस्था भएमा वा देखिएमा सम्बन्धित प्रहरी कर्मचारीले सो कुरा खुलाई मुचुल्का खडा गरी राख्नु पर्नेछ र उपदफा (३) बमोजिम कारवाही गर्न आवश्यक पर्नेछैन ।

*स.मु.स. ऐनको दफा ११(४)*

**(च) पक्राउ परेका व्यक्तिका अंग वा अन्य भौतिक सबुदको वैज्ञानिक परीक्षण सम्बन्धी कार्यविधि**

अपराधको प्रकृतिबाट पक्राउमा परेको व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाँच गरेमा प्रमाण उपलब्ध हुनसक्छ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा अनुसन्धान गर्ने प्रहरीले सरकारी चिकित्सालय वा प्रयोगशालामा त्यस कुराको परीक्षण गराउन र अपराधसँग सम्बन्धित कुनै कुराको सन्दर्भमा विशेषज्ञको राय लिन सक्दछ ।

अपराधको प्रकृतिबाट पक्राउमा परेको व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराध सम्बन्धी प्रमाण उपलब्ध हुन सक्दछ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, अंग वा कुनै कुराको जाँच गराउन सक्नेछ ।

*स.मु.स. ऐनको दफा १२*

तर कुनै महिलाको शारीरिक अंग जाँच गर्नुपरेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरूष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गर्नु गराउनु पर्दछ ।

अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्झेमा अपराधसँग सम्बन्धित कुनै कुराका सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

*स.मु.स. ऐनको दफा १३*

**(छ) केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालामा उपलब्ध सेवाहरू :**

नेपाल प्रहरीको केन्द्रीय वैज्ञानिक प्रयोगशालाबाट हाल निम्न लिखित कुराहरूको परीक्षण हुने गरेको छ । विधिविज्ञानसम्बन्धी परीक्षण कार्य राष्ट्रिय विधिविज्ञान प्रयोगशाला खुमलटारबाट समेत हुने गरेको छ ।

*केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालामा उपलब्ध सेवाहरू :*

- विषविज्ञान (Toxicology)
- जीवविज्ञान (Bi-ology/Serology)
- रसायन तथा लागू औषध (Chemistry & Narcotics)
- औठाछाप (Finger Print)
- विवादास्पद प्रलेख (Questioned Document)
- शस्त्रविज्ञान (Ballistic Science)
- विस्फोटक पदार्थ (Explosive)
- विधि छायाचित्र (Forensic Photography)
- भौतिक विज्ञान (Physical Science)

(ज) **सबुद संकलन र प्याकिङ विधि**

*संकलन गरिएका प्रमाणहरुको उचित प्याकिङ्ग भएन वा संकलन प्रक्रियालाई तोकिएका ढंगबाट गर्न सकिएन भने त्यस्तो वस्तुको परीक्षणबाट कुनै प्रमाण योग्य नतिजा प्राप्त गर्न सकिन्न । अतः त्यस्ता परीक्षण गरिनु पर्ने वस्तुहरुको प्रामाणिक मूल्यलाई नष्ट हुन नदिन अनुसन्धान अधिकृत चनाखो रहनुपर्दछ ।*

- **विषको प्रयोगबाट मृत्यु भएको सन्दर्भमा :-** शंकित पदार्थ, बचेको खाना, विषको बाँकी भाग, भाँडा, बट्टा, बान्ता, फिंज, पेट पखालेको पानी, पिसाब, रगत, सिरिन्ज, पाउडर अन्य शंकित वस्तुहरू रौं ( आर्सिनिक विष प्रयोग भएको अवस्थामा) लाई संकलन गरी तोकिएको प्रक्रिया र ढंगबाट प्याकिङ्ग गर्नुपर्दछ । त्यस अवस्थामा भएको कुनै गल्ती कमजोरीले कुनै कसुरदार उम्किन वा निर्दोष व्यक्ति सजायको भागी हुन सक्दछ, वा स्वच्छ न्याय सम्पादनमा गम्भीर असर पर्दछ भन्ने कुरालाई विशेष ध्यान दिनुपर्दछ ।

(झ) **भिसेरा परीक्षणका लागि संकलन गर्नु पर्ने वस्तु र परिणाम**

मृतकको पेट तथा पेटभित्रको पदार्थ आन्द्रा तथा आन्द्राभित्रको पदार्थ, मृगौला (प्रत्येकको आधा), कलेजो, मस्तिष्क (१०० ग्राम), पित्त, रगत (२५/२५ मिलि), मुटु तथा साप्राका मासुहरू छुट्टाछुट्टै सिसीमा, पिसाब उपलब्ध भए जति सम्पूर्ण, हड्डी, आँखाको नानीको पानी (रक्सीको केसमा), इन्जेक्सन लगाएको ठाउँको छाला (लागू औषधमा) अन्य बचेको खाना, विषका अवशेष, बान्ता र अन्य पदार्थहरू संकलन गरी प्याकिङ्ग गर्नुपर्दछ ।

(ञ) **नमूनाको प्याकिङ र संरक्षण विधि**

सिसाको सफा भाँडामा नफुट्ने गरी अलग अलग पदार्थ छुट्टाछुट्टै भाँडामा जस्तैः रगत, पिसाब, सानो सिसीमा हावा नछिर्ने गरी प्याक गर्ने, कसको के पदार्थ हो लेख्ने, लेबल टाँस्ने, रगत पठाउँदा सोडियम क्लोराइड (नुन) वा EDTA मा मिसाएर हल्लाएर राख्ने, २५% सिसी खाली राख्ने, लेबल टाँस्ने, वाष्पीय (Volatile) विषयहरू बाहेक फर्मलीनमा संरक्षण गर्न सकिने, थाहा हुन नसकेको केसमा साधारण नुनको संतृप्त (Saturated Solution) मा संरक्षित गर्न उपर्युक्त हुन्छ । एसिड र क्लोरोफर्मको घोल प्लास्टिकको जारमा प्रयोग नगर्ने, पिसाबको नमुना सोडियम एजाईडले संरक्षित गर्ने वा पिसाब मात्र पठाउने, भिसेरा राखिएका भाँडामा राम्ररी बन्द गरी स्पष्ट देखिने गरी लेबल टाँसिनु पर्ने, छिटो साधनद्वारा विशेषज्ञकहाँ पठाउनुपर्ने व्यवस्था अनुसन्धान अधिकृतले गर्नु पर्दछ ।

(ट) **विवादास्पद प्रलेख सम्बन्धमा अपनाउनु पर्ने परीक्षण विधि**

थपघट केरमेट गरिएका केसहरू विवादित हस्ताक्षर, दस्तखतको पहिचान, विवादास्पद राहदानी, ट्राभल डकुमेन्ट, लाइसेन्स नक्कली रूपैयाँ, सिक्का नोट, टाइपराइटर र सरकारी छापको परीक्षण, कागज तथा मसीको विश्लेषणात्मक अध्ययन गर्न सकिने भएबाट त्यस्ता प्रमाणहरू संकलन गरी अनुसन्धान अधिकृतले परीक्षणको लागि व्यवस्था मिलाउनु पर्दछ ।

(ठ) **हस्ताक्षर नमूना उपलब्ध गराउँदा ध्यान दिनुपर्ने कुराहरू**

- हस्ताक्षर नमूनाहरूले लेखकको विभिन्न लेखन तथा गुणलाई दर्शाएको हुनुपर्दछ। व्यक्तिले विभिन्न समय र अवस्थामा लेखेका अक्षरहरूमा केही न केही भिन्नता आउँछ। त्यसतर्फ अनुसन्धान अधिकृतले विशेष ध्यान दिनुपर्छ।
- नमूनाहरू विवादित लिखतमा भएका अक्षर र शब्दहरू हुनुपर्दछ।
- हस्ताक्षर नमूनाहरू समान अवस्थामा लिएको हुनुपर्दछ जस्तै समान खालको कलम, कागज, बसेको अवस्था, उठेको ठाउँ आदि।
- हस्ताक्षर, दस्तखतमा उमेर अनुसार फरक हुन जाने हुँदा सकभर तुलना गर्नुपर्ने समकालीन लिखत हुनुपर्ने।
- हस्ताक्षर नमुनाहरू पर्याप्त मात्रामा हुनु पर्ने जस्तै १० देखि २० सम्म तुलनाका नमुना र विभिन्न मितिमा लिन खोज्ने हरेक नमुना लिइसकेपछि १० मिनेटपछि अर्को नमुना लिने।
- नमुना लिंदा सम्बन्धित व्यक्तिलाई ब्यहोरा हेरेर सार्न लगाउनु हुँदैन, नमुना उपलब्ध गर्ने व्यक्तिलाई बिस्तारै बिस्तारै अलि चाँडो तथा बढी गतिमा ब्यहोरा पढी सम्बन्धित व्यक्तिबाट ८/१० थान नमुनाहरू लेखाई लिनु पर्ने।
- घटना घट्नुभन्दा अगाडि निजले लेखेको पुरानो प्रलेखको तलासी गरी यथासम्भव सो समेत पठाउने।
- दस्तखतको नमुना एक पानामा १० वटा गरी ८/१० पानामा लिनुपर्दछ।
- कार्यालयको छाप लिंदा स्पष्ट अक्षर देखिने गरी ४/५ पानामा लिनुपर्ने।
- नमुनाहरू सम्बन्धित व्यक्तिबाट लिएको हो भन्ने आधिकारिक रूपमा प्रमाणित हुनुपर्दछ। सम्बन्धित व्यक्तिबाट मैले लेखेको हुँ भनी दस्तखत गराइनु पर्दछ, लिखित नमुना संकलन गर्ने अधिकारीको दस्तखत, मिति, कार्यालयको छाप समेत लगाएको हुनुपर्दछ।
- टाइपराइटर सम्बन्धमा विवादित प्रलेखको हु-बहु टाइप गरी कम्तिमा ३ वटा नमुनाहरू पठाउनु पर्ने, कुन टाइपबाट टाइप गरेको हो सो कम्पनीको नाम, सिरियल नम्बर, मोडेल नम्बर समेत खुलाउनु पर्ने, हस्ताक्षर नमुना, टाइपका नमुना वा कार्यालयको छापको नमुना संकलन गरेपछि सुरक्षित साथ परीक्षणकर्ताकहाँ पठाउनु पर्दछ।

(ड) **शस्त्र तथा विस्फोटक पदार्थ परीक्षण विधि**

- बन्दुक (Firearms), भरुवा बन्दुक, कट्टा, पेस्तोल, रिबोल्भर, राइफल, सटगन, एयरगनबाट समेत अपराध हुने हुँदा अपराध घटाएको हतियार समेत सुरक्षितसाथ पठाउनुपर्ने।
- खोका (Cartridge Case) बन्दुकबाट फायर भएको गोलीका खोका धातु, प्लास्टिक वा कागजका जे छन् सो र घटनास्थलमा पाइएको बुलेट जस्तै सीसा, कपर, स्टीलका र छर्राहरू (Pellets), नपड्किएका कारतुसहरू (Cartridges), गोली छर्रा, बारुद लागी प्वाल परेका पीडितका कपडाहरू, घटनास्थलमा पाइने अर्ध जलेका, नजलेका पाउडरहरू, सटगनमा प्रयोग हुने पाउडरहरू जस्तै, Over Powder Wad, Under Short Wad, and Air Cushion Wad, Over Short Wad र शंकित Shooter को हातबाट Hand Swab लिई र पोस्टमार्टममा डाक्टरले दिएको प्रतिवेदन र बुलेट वा छर्राले प्रभाव पारेको शंका लागेको पदार्थ या चिजवस्तु समेत परीक्षणको लागि पठाउने गर्नु पर्छ।

**(ढ) बायोलोजी तथा सेरोलोजी परीक्षण गर्नु पर्ने केसहरू**

हत्या, आत्महत्या, ज्यानमार्ने उद्योग, जबर्जस्ती करणी, पानीमा डुबी मृत्यु, गर्भपतन, झुण्डी आत्महत्या, डाँका, चोरी, कुटपिट, ठगी, समलिङ्गी मैथुन, पशुकरणी, हाडखोर, सवारी दुर्घटना आदि केसहरूमा प्रयोगशालाबाट जीव विज्ञानसम्बन्धी परीक्षण गराउनु पर्दछ ।

**(ण) घटनास्थलमा पाइएका भौतिक सबुदहरू उठाउने र प्रयोगशालामा पठाउने विधि**

घटनास्थलमा पाइएका रगत, वीर्य, र्‍याल, पसिना, दिसा, पिसाब, बान्ता, दूध (स्तनको), योनीश्राव, सिंगान, तन्तु, हाडखोर, नङ्ग्रा, रौं, रेसा, धागो, लुगा कपडा, काठ, कागज, वनस्पति, अन्न -खाद्य पदार्थ), डोरी, हातहतियार, गोली, बन्दुक, माटो, फर्निचर, बिंडी सिगरेट, मादक पदार्थ, औषधी, भिसेरा, डुबी मरेकोमा फोक्सो, गिदी, मृगौला आदि समेत तोकिएको मात्रामा र Whole Blood (Fresh Blood) पठाउँदा EDTA (Ethylene Diamine Tetra Aciticacid) Preservative मा राखेर वा Ice Box मा राखी सम्बन्धित अनुसन्धान अधिकृतका साथ गएका विशेषज्ञले संकलन गरी गर्न लगाई छुट्टाछुट्टै भाँडोमा चीजवस्तु नियम बमोजिम प्याक गरी सो को मुचुल्का समेत उठाई साथै पीडित, अभियुक्त, शंकित व्यक्तिको Blood समेत लिई Blood Group सम्भव भएसम्म खुलाई विशेषज्ञकहाँ पठाउने गर्नु पर्दछ ।

**(त) लागू औषध तथा रसायन परीक्षण गर्नु पर्ने केसहरू :**

एसिडथ्रोइङ्ग, लागू पदार्थ, नशालु पदार्थ, पेट्रोलियम पदार्थ, तेल सिमेन्टमा मिसावट जानाजानी ठगी, क्लिनिकल विष, विस्फोटक प्रयोग तथा रसायन प्रयोग सम्बन्धी केसहरूमा लागू औषण तथा रसायन परीक्षण गर्नु पर्दछ ।

**(थ) परीक्षणका लागि नमुना पठाउनु पर्ने अन्य चिजवस्तुहरू :**

- शंकित ज्वलनशील तरल पदार्थ, ठोस रसायनहरू, नशालु तथा विषालु पदार्थ, लागू औषध, दुर्व्यसनमा प्रयोग हुने सिरिन्ज, निडल, सिल्वर पेपर, शंकित औषधी, प्रतिबन्धित औषधी, अफिम, कोडिन, चरेस, हिरोइन, गाँजा, विस्फोटक अवशेषहरू, लागू पदार्थ मिसावट गरिएका पदार्थ, पेट्रोलियम पदार्थ, आगजनीका अवशेष, अर्ध जलेका कपडा, अन्य वस्तु रंग माटो, धुलो, शंकित मसी आदि विशेषज्ञबाट उठाई प्याकिंग गर्न लगाई अनुसन्धान अधिकृतले संकलन गरी कानुनबमोजिमको मुचुल्का समेत गराई घटनाको छोटकरीमा विवरण र बुझिएका कुराहरूको विवरण समेत खुलाई विशेषज्ञकहाँ पठाउने गर्नुपर्छ ।

## १२. अनुसन्धान कार्यमा प्रहरी कुकुरको प्रयोग

नेपाल प्रहरीले अपराध अनुसन्धान कार्यमा २०२६ सालबाट प्रहरी कुकुरको व्यवस्था गरी देहाय बमोजिमका अपराधहरूको अनुसन्धानमा Sniffing कार्यमा प्रयोगमा ल्याएको छ ।

(क) खुनडाँका, चोरी, कर्तव्य ज्यान, अपराधसँग सम्बन्धित अपराधीको खोजी गर्ने ।

(ख) लागू औषधको खोजी ।

(ग) विस्फोटक पदार्थ तथा हातहतियारको खोजी ।

(घ) २०४७ सालदेखि क्षेत्रीय स्तरसम्म प्रहरी कुकुर राखिने व्यवस्था भएको, हाल पूर्व क्षेत्रको धरानमा, पश्चिम क्षेत्र पोखरा र केन्द्र (काठमाडौं) मा समेत राखिएको प्रहरी कुकुरको सहयोगबाट अपराधी पक्राउ गर्ने कार्यमा फलदायी परिणाम रहेको पाइएको छ ।

तसर्थ, अनुसन्धान अधिकृतले अनुसन्धानका क्रममा यस विधिको प्रयोग गर्ने र सो बाट अभियुक्तको खोजी र प्रमाणको संकलन गर्ने कुरातर्फ पनि विशेष ध्यान दिनुपर्दछ ।

## १३. अभियुक्त तथा शंकित व्यक्तिको खोजी एवम् पक्राउ सम्बन्धी कार्यविधि

घटनासँग सम्बन्धित शंकित व्यक्तिको खोजी तथा पक्राउ सम्बन्धित कारवाही गरिंदा प्रहरी कार्यालय तथा प्रहरी कर्मचारीले देहाय बमोजिम गर्नुपर्दछ ।

*शंकास्पद व्यक्तिको खोजतलास र पक्राउ गर्दा पनि अनुसन्धानकर्ताले कानुनले तोकेको कार्यविधि प्रति सम्वेदनशील रही कार्य सम्पादन गर्नुपर्दछ ।*

- शंकित व्यक्तिहरूको पहिचान गर्ने, खोजतलास तथा पक्राउको लागि हुलिया जारी गर्ने ।
- तत्काल भाग्ने, उम्कने, लुकीछिपी बस्न सक्ने स्थानहरूमा नाकाबन्दी चेक जाँच गर्ने, गराउने व्यवस्था मिलाउने ।
- शंकित व्यक्तिलाई पक्राउ गर्नु पूर्व निज विरूद्ध लाग्न सक्ने सबुद प्रमाणहरू संकलन गर्ने, गराउने ।
- शंकित व्यक्तिकै ठेगाना रहने स्थानमा निजकै नाम भएको वा नाम मिल्ने सोही स्थानमा अन्य व्यक्तिहरू हुनसक्ने सम्भावना भएकोले घटनासँग संलग्न व्यक्ति कुन हो एकिन गरी पक्राउ कार्य गर्ने ।

*बिना पक्राउ पुर्जी कसैलाई पनि पक्राउ गर्नु हुँदैन ।*

अपराधका सम्बन्धमा अनुसन्धान गर्ने प्रहरीले त्यस्तो अपराधमा संलग्न छ भन्ने शंका गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ पूर्जी दिएर पक्राउ गर्न सक्दछ। पक्राउ गरिएको कारण सहितको सूचना नदिई कसैलाई थुनामा राखिनु हुँदैन ।

कुनै अपराधका सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

*स.मु.स. ऐनको दफा १४ (१)*

**अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्दछ ।**

कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।

*स.मु.स. ऐनको दफा १४ (२)*

*कुनै पनि व्यक्तिलाई पक्राउ गर्नुपूर्व आत्मसमर्पण गर्न मौका नदिई बल प्रयोग गर्नु हुँदैन ।*

उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ। कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्नसक्नेछ ।

*स.मु.स. ऐनको दफा १४(३)*

*कुनै महिलालाई पक्राउ गर्दा महिला प्रहरी भएसम्म पुरुषले पक्रनु हुँदैन।*

कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्दछ। महिला प्रहरी नभएमा बोलाई ल्याउनु पर्दछ। लोग्ने मानिसले हात हाली पक्रन हुँदैन, नआई अडिई भने मात्र दुईजना सिपाही पठाई नाडीमा समाइ ल्याउनु पर्दछ।

कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।

*स.मु.स. ऐनको दफा १४ (४)*

स्वास्नीमानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नीमानिस सिपाही भएका अड्डाले स्वास्नीमानिस सिपाही र नभएका अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउनु पर्छ। लोग्ने मानिसले हात हाली पक्रन हुँदैन। नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ।

*मुलुकी ऐन अ.बं. ११७ नं.*

पक्राउ परेका महिला अभियुक्तलाई शिष्ट र नम्रतापूर्वक व्यवहार गरिनुपर्दछ ।

(ञ) खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने ।

(ट) सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नीमानिस र केटाकेटीहरूसँग व्यवहार गर्दा पूरा इज्जत र मनासिव नम्रतासाथ व्यवहार गर्ने ।

*प्रहरी ऐन २०१२ को दफा १५ (१)(ञ) र (ट)*

पक्राउ परेकी महिलाको शरीरको तलासी लिनुपर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्नेछ ।

*स.मु.स. ऐन, २०४८, दफा १०(१) को प्रतिबन्धात्मक वाक्यांश*

कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा घरको चोक आगनसम्म गई पक्रन हुन्छ सो ठाउँसम्म जाँदा पक्राउ हुन सकेन भने सूर्योदयदेखि सूर्यास्तसम्म सूचना दिएर घरभित्र पसेर पनि पक्राउ गर्न हुन्छ ।

तर निम्नलिखित वारेन्ट जारी हुने मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रनु पर्दा जुनसुकै समय भए पनि पक्रनु पर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी सूचना दिई घरभित्र पसेर पक्रन हुन्छ ।

(१) राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा,

(२) कैदको सजाय हुने राजकाज सम्बन्धी मुद्दा,

(३) कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग,

(४) डाँका,

(५) गोबध,

(६) स्वदेशी वा विदेशी मुद्रा खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा चलन गर्न उद्योग गरेको मुद्दा,

(७) जबर्जस्ती करणी सम्बन्धी मुद्दा,

(८) जिउ मास्नेबेच्ने वा सो सम्बन्धी मुद्दा,

(९) लागू औषध सम्बन्धी मुद्दा,

(१०) राष्ट्र सेवकले नगदी वा जिन्सी मसौट गरेको मुद्दा,

(११) सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दा,

(१२) हातहतियार खरखजाना सम्बन्धी मुद्दा ।

- पक्राउ परेको व्यक्तिको तलासी लिंदा फेला परेका सबुद प्रमाण लिखित वा अन्य कुनै चिज वस्तुहरू हातहतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ ।
- तलासी लिंदा फेला परेका प्रमाणमा लाग्ने, चिजवस्तु कब्जामा लिई सो को तत्काल कानुन बमोजिमको रित पुऱ्याई मुचुल्का गर्नुपर्दछ ।

कानुनमा तोकिएका कार्यविधिले नै कानुनी कारवाहीलाई कानुनी वैधानिकता प्रदान गरेका हुन्छन् । अतः त्यस्ता कार्यविधिको पालना अक्षरशः गर्नुपर्दछ । अनुसन्धानकर्ताले आफ्नो स्वविवेकको प्रयोग गरी कार्यविधिको उल्लंघन गर्नु हुँदैन । यस्ता कार्यविधिहरू एकातर्फ स्वच्छ न्याय सम्पादनका आधार हुन् भने अर्कोतर्फ व्यक्तिको मौलिक हक उल्लंघन विरूद्धका प्रत्याभूति पनि हुन् ।

अपराध रोक्न वा प्रमाणको संरक्षण गर्न वा अपराध गर्ने व्यक्तिलाई पक्राउ गर्न आवश्यकता अनुसार अरू निकायसँग मद्दत माग्नु पर्दछ । सो बमोजिम अभियुक्तलाई पक्राउ गर्दा, साक्षी सरजमिन, बरामदी खानतलासी आदि अनुसन्धानका कार्य गर्दा अनुसन्धान गर्ने कर्मचारीलाई सहयोग गर्नु सम्बन्धित स्थानीय निकायहरूको कर्तव्य समेत हो । यसरी म्याद तामेल लगायतका अन्य काममा अड्डा अदालतका कर्मचारीलाई सहयोग नगर्ने स्थानीय निकायका प्रतिनिधिहरूलाई अवस्थाअनुसार सजाय समेत हुन सक्दछ ।

कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्न, अपराधसँग कुनै प्रमाण लोप वा नाश हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कुनै व्यक्ति वा निकायसँग मद्दत माग्न सक्नेछ ।

*सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ४(२)*

## १४. बाल दुराचारसम्बन्धी अनुसन्धान, अभियोजन तथा न्यायिक निर्णय सम्बन्धी विशेष कानुनी व्यवस्था

बालबालिका सम्बन्धी ऐन, २०४८ तथा बालबालिका नियमावली, २०५१ बमोजिम प्रहरी कर्मचारीले बालबालिकालाई पक्राउ गर्दा, बयान गराउँदा वा छाड्दा निम्न लिखित कानुनी प्रक्रियाहरूको पालना गर्नु पर्दछ ।

**(क) बालकको तर्फबाट मुद्दा गर्न पाउने**

१) बालकको हक पुग्ने जुनसुकै कुरामा नालिस उजुर र प्रतिरक्षा गर्नु पर्दा निजको बाबु, आमा वा संरक्षकले नालिस, उजुर गर्न वा प्रतिरक्षा गर्न सक्नेछन् । बाबु, आमा वा संरक्षक नभएको बालकको सम्बन्धमा निजको हकवालालाई सो अधिकार प्राप्त हुनेछ ।

२) यस ऐनबमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा श्री ५ को सरकारको उजुरीबाट चल्न सक्नेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ५१*

**(ख) बालक सम्बन्धी तथ्यांक र त्यसको प्रयोगमा बन्देज**

१) प्रहरी कार्यालयले कुनै कसुरको अभियोगमा पक्राउ परेको बालकको नाम, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसुर तथा त्यस सम्बन्धमा कुनै कारवाही चलाइएको भए सो सम्बन्धी विवरण खुलाई गोप्य रूपमा तथ्यांक राख्नु पर्छ र त्यस्तो तथ्यांकको उतार ६/६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्छ ।

२) उपदफा (१) बमोजिम राखिएको तथ्यांक कुनै अध्ययन वा शोध कार्यको निमित्त प्रकाशित गर्नु परेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमासम्म प्रकाशित गर्न सकिनेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ५२*

### (ग) कठोर सजाय दिन तथा हतकडी लगाउन नहुने

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे बापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा १५*

### (घ) बालक र आपराधिक दायित्व

१) कानुनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।

२) बालकको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानुन बमोजिम जरिवाना हुने कुनै अपराध गरकोमा हप्काई, सम्झाई-बुझाई र कैद हुने अपराध गरकोमा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ ।

३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानुन बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।

४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानुन बमोजिम पूरा सजाय हुन्छ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ११*

### (ङ) अयोग्यता वा पटक कायम नहुने

१) कुनै अपराध गरेको कारणबाट कानुन बमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यावस्थामा गरेको त्यस्तो अपराधबाट त्यस किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको मानिने छैन ।

२) सजाय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना गरिने छैन ।

३) बालकले एउटै अपराध एक पटक भन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई थप सजाय गरिने छैन ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ५१*

### (च) क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुने

बालक प्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्न हुँदैन । तर बाबु, आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाइ गरकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ७*

### (छ) भेटघाटको सुबिधा दिनु पर्ने

१) वैवाहिक सम्बन्ध विच्छेद भई वा अरू कुनै कारणबाट बाबु र आमा भिन्न बसेको अवस्थामा बाबुसँग बसेको बालकलाई आमासँग र आमासँग बसेको बालकलाई बाबुसँग समय-समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनु पर्नेछ ।

तर त्यसरी बाबु अमासँग भेटघाट गर्न वा बस्न दिंदा बालकको हितको प्रतिकूल हुने कुनै मनासिब कारण भएमा त्यस्तो भेटघाटको वा साथ बस्ने सुबिधा दिनबाट अदालतले रोक लगाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम बाबुआमासँग भेटघाट गर्ने पटक वा साथ बस्ने अवधिको सम्बन्धमा बाबु र आमाको बीच मतैक्य हुन नसकेकोमा अदालतले तोकेको पटक वा अवधिको निमित्त भेट गर्न वा साथ बस्न दिनु पर्नेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ८*

### (ज) हदम्याद

बालबालिका सम्बन्धी ऐन, २०४८ अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा सो भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गर्नुपर्छ। तर बदनियतपूर्वक बालकको सम्पत्ति बेचबिखन गरेकोमा जहिलेसुकै पनि र बालकलाई अनैतिक काममा लगाएकोमा सो काम भए-गरेको मितिले तीन वर्षसम्म नालिस लाग्न सक्नेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ५४*

## १५. अभियुक्तसँग बयान लिंदा अपनाउनु पर्ने कार्यविधि

पक्राउ परेको व्यक्तिलाई सोधपुछ गर्ने र बयान लिने अधिकार अनुसन्धानकर्तालाई रहेको छ। तर त्यस्तो बयानलाई नेपाल अधिराज्यको संविधानले व्यक्तिको स्वेच्छामा राखेको छ। अतः जबर्जस्ती वा करकापले निजको बयान लिन हुँदैन। अनुसन्धानकर्ताले पक्राउ परेका व्यक्तिहरूलाई सोधपुछ गर्दा वा बयान लिंदा नेपाल अधिराज्यको संविधान २०४७ र नेपाल अधिराज्य पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजहरूतर्फ ध्यान दिनु आवश्यक छ;

*प्रहरी कर्मचारीले सरकारी वकिलका समक्ष मात्र बयान गराउनु पर्दछ।*

अनुसूची १ मा उल्लिखित कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकिल समक्ष सम्बन्धित अभियुक्तको बयान लिनेछ। बयान गराउँदा सरकारी वकिल समक्ष मात्र गराउनु पर्दछ।

*स.मु.स. ऐन २०४९ को दफा ९(१)*

प्रचलित फौजदारी न्यायका मान्यताअनुसार अनुसन्धान कर्ताले बयानका लागि सोधपुछ गर्नु अगाडि निम्न कुराहरू स्पष्ट रूपमा बुझिने गरी बयान गर्ने व्यक्तिलाई जानकारी गराउनुपर्दछ;

*अभियुक्तले स्वेच्छाले दिएको बयान मात्र प्रमाणमा लाग्दछ।*

(१) तपाईंले आफ्नो कानुन व्यवसायीसँग सल्लाह गर्न पाउनुहुन्छ।

(२) तपाईंले आफ्नो खर्चमा कानुन व्यवसायी राख्न सक्नु हुन्न भने निःशुल्क कानुनी सहायताका लागि अनुरोध गर्न सक्नुहुन्छ।

माथिका कुरा अभियुक्तलाई राम्ररी बुझाई उसले सबै कुरा बुझी सकेपछि बयान दिन तयार हुन्छ भने मात्र बयान लिनुपर्दछ। बयान लिंदा शारीरिक वा मानसिक यातना, डर, धाक, धम्की प्रलोभन केही दिनु हुँदैन। अनुसन्धान अधिकारीले अनुसन्धानको सिलसिलामा गराएको बयानको प्रमाणिक मूल्यका बारेमा प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख गरिएको छ।

दफा ९(१) मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ।

दफा ९(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि :-

(क) फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगका सम्बन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहराएमा प्रमाणमा लिन हुन्छ;

१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो।

२) निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन।

*प्रमाण ऐन २०३१ को दफा ९(१) र ९(२)*

३) सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाहीका सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसंगत रूपमा विश्वास गरेको थियो।

*अनुसन्धान तहकिकात गर्दा वा बयान लिंदा प्रहरीले कसैलाई यातना दिनु गैरकानुनी कार्य हो ।*

अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै व्यक्तिलाई यातना दिनु हुँदैन। यातना दिने कार्यले स्वच्छ न्यायको अवधारणा प्रतिकुल हुन्छ। कसुर प्रमाणित गर्ने दायित्व अभियोजन पक्षमा रहन्छ। यस सम्बन्धमा अनुसन्धानकर्ताले नेपाल अधिराज्यको संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजहरूको पूर्ण पालना गर्नुपर्दछ। अन्यथा, अनुसन्धान गैरकानुनी हुन जान्छ।

*यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा २(क)*

दफा २(क) "यातना" भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनुपर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ।

यस सम्बन्धमा International Covenant on Civil and Political Rights, 1966 र Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984 मा निम्न प्रावधानहरू रहेका छन्।

*International Covenant on Civil and Political Rights, 16 Dec. 1966*

Article 7 No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment. In particular, no one shall be subjected without his free consent to medical or scientific experimentation.

**धारा ७** कसैलाई पनि यातना अथवा क्रुर, अमानवीय अथवा निर्दयी अथवा अपमानजनक व्यवहार अथवा सजायँ भोग्न लगाइने छैन। विशेष गरी आफ्नो स्वतन्त्र मञ्जुरी विना कसैलाई पनि चिकित्सकीय अथवा वैज्ञानिक प्रयोग भोग्न लगाईने छैन।

*Convention against torture and other cruel, inhuman or degrading Treatment or Punishment, 10 Dec. 1984*

Article 2(2) No exceptional circumstances whatsoever, whether a state of war or a threat of war, internal political in stability or any other public emergency, may be invoked as a justification of torture.

**धारा** २(२) युद्ध वा युद्धको हाँकको स्थिति होस् वा आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै पनि सार्वजनिक संकट जे सुकै भए तापनि कुनै पनि असाधारण परिस्थितिहरूलाई यातनाको पुष्टि गर्न उपयोग गर्न सकिने छैन।

Article 2(3) An order from a superior officer or a public authority may not be invoked as a justification of torture.

**धारा** २ (३) यातनाको पुष्टि गर्न कुनै वरिष्ठ अधिकारी वा सार्वजनिक अधिकारीको आदेश प्रयोग गर्न सकिने छैन।

Article 4(1) Each State Party shall ensure that all acts of torture are offences under its criminal law. The same shall apply to an attempt to commit torture and to an act by any person which constitutes complicity or participation in torture.

**धारा** ४(१) यातना गर्ने प्रयास र यातनामा सहभागीता वा मतियारी ठहरिने कुनै पनि व्यक्तिले गरेको कार्यको हकमा उही कुरा लागू हुनेछ।

Article 4(2) Each State Party shall make these offences punishable by appropriate penalties which take into accout their grave nature.

**धारा** ४(२) तिनका गम्भीर प्रकृतिलाई ध्यान दिने उचित दण्डहरूबाट यी अपराधहरूलाई प्रत्येक राज्यपक्षले दण्डनीय बनाउनेछन्।

अभियुक्तसँग बयान लिंदा उसले नेपाली भाषा नबुझेमा उसको भाषा समेत बुझ्ने दोभासेको समेत प्रबन्ध गरी उसले भनेका कुरा उसले भनेको अर्थमा लेख्नुपर्दछ। नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १४(३) ले समेत फौजदारी मुद्दामा अभियुक्तलाई पूर्ण समानताको आधारमा मुद्दामा प्रयोग गरिने भाषा बुझ्न र बोल्न नसक्ने भएमा दोभासेको निःशुल्क सेवा पाउने अधिकार हुन्छ भनी उल्लेख गरेको छ।

***Article 14(3)*** In the determination of any criminal charge against him, everyone shall be entitled to the following minimum guarantees, in full equality:

(a) To be informed promptly and in detail in a language which he understands of the nature and cause of the charge against him;

(b) To have adequate time and facilities for the preparation of his defence and to communicate with counsel of his own choosing;

(f) To have the free assistance of understand or speak the language used in court;

(g) Not to be compelled to testify against himself or to confess guilt.

*International Covenant on Civil and Political Rights, 16 Dec. 1966, Article 14(3)*

**धारा** १४(३) आफ्ना विरुद्ध फौजदारी आरोप निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई समानताका आधारमा निम्न न्यूनतम् ग्यारेन्टी दिइनेछ ।

(क) आफ्ना विरुद्धका आरोपको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त एवं विस्तारपूर्वक जानकारी पाउने :

(ख) आफ्नो प्रतिरक्षा गर्न पर्याप्त समय एवं सुविधा पाउने तथा आफूले छानेको वकिलसँग कुराकानी गर्न पाउने :

(च) न्यायालयमा उपयोग गरिने भाषा नबुझ्ने अथवा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने;

(छ) आफ्ना विरुद्ध प्रमाण दिन अथवा अपराध स्वीकार गर्न वाध्य गराउन नपाइने ।

## १६. घटना विवरण सम्बन्धमा कागज गराउने सम्बन्धी कार्यविधि

कसुर प्रमाणित गर्ने दायित्व अभियोजन पक्षमा रहन्छ । त्यो दायित्व तब मात्र पूरा हुन सक्दछ, जब अनुसन्धान प्रभावकारी हुन सक्दछ । अतः अनुसन्धानकर्ताले पर्याप्त प्रमाणको संकलन गर्न सक्नु पर्दछ । यस क्रममा अनुसन्धान अधिकारीले अपराधको विवरणका सन्दर्भमा निम्न व्यक्तिहरूसँग सोधपुछ गरी आवश्यक भएमा सरकारी मुद्धा सम्बन्धी नियमावली २०५५ को अनुसूची ४ बमोजिमको ढाँचामा कागज गराउनु पर्दछ ।

*यस दिग्दर्शनको अनुसूची ४ मा घटना विवरण कागजको ढाँचा उल्लेख छ ।*

तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो मुद्दा सम्बन्धी घटना देख्नेजान्ने वा थाहा पाउने व्यक्तिहरूसँग निजहरूले देखे, जाने, बुझेसम्मको यथार्थ व्यहोरा यशाशीघ्र खुलाई अनुसूची-४ बमोजिमको ढाँचामा कागज गराई राख्नु पर्नेछ ।

*स.मु.स. नियमावलीको नियम ४(६)*

अनुसूची-१ मा उल्लिखित कुनै अपराधका सम्बन्धमा शंकास्पद देखिएको तथा तत् सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिब कारण भएको व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नेछ ।

*स.मु.स. ऐनको दफा ९(२)*

## १७. खानतलासी सम्बन्धी कार्यविधि

कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दसी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिए बमोजिम खानतलासी लिन सक्नेछ ।

तर कुनै महिलाको जिउको तलासी लिनुपर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्दछ ।

*स.मु.स. ऐनको दफा १०(१)*

खान तलासी लिनु पर्ने ठाउँ वा व्यक्ति अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र पर्ने भए अनुसन्धान गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई खानतलासीको लागि लिखित अनुरोध गर्न सकिन्छ, यसरी अनुरोध भएमा कम्तीमा प्र.स.नि. दर्जाको प्रहरी कर्मचारीले त्यस्तो ठाउँ वा व्यक्तिको खानतलासी लिई मुचुल्का, अनुरोध गर्ने प्रहरी कर्मचारीकहाँ पठाउनु पर्दछ ।

खानतलासी लिनुपर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालयको क्षेत्रमा पर्ने भए तहकिकात गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सो प्रहरी कार्यालयको कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (३) बमोजिम तयार भएको मुचुल्का त्यसरी अनुरोध गर्ने प्रहरी कर्मचारीकहाँ पठाउनु पर्नेछ ।

*स.मु.स. ऐनको दफा १०(२)*

तर सो बमोजिम अन्य प्रहरी कार्यालयमा लेखी पठाउँदा कुनै प्रमाण लोप वा नाश हुने सम्भावना छ भन्ने लागेमा तहकिकात गर्ने प्रहरी कर्मचारी आफैंले खानतलासी लिनुपर्ने व्यक्ति कहाँ वा ठाउँमा गई यस दफा बमोजिम खानतलासी लिन सक्नेछ र सो को सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ ।

**खानतलासी लिंदा ध्यान दिनुपर्ने केही कुराहरू :**

(क) कुनै घर वा ठाउँको तलासी लिनुपर्दा तलासी लिन खोजेको कारण सहितको सूचना सो घर वा ठाउँमा बस्ने व्यक्ति वा घर वा ठाउँको धनी वा जिम्मा लिएको मानिसलाई दिनुपर्दछ ।

कुनै घर वा ठाउँको तलासी लिनुपर्ने भएमा सो घर वा ठाउँमा बसोबास गरी आएका वा सो घर वा ठाउँका धनी वा जिम्मा लिएको मानिसलाई तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्छ र सो बमोजिम सूचना पाएमा यस्ता मानिसले पनि तलासी लिन आएको प्रहरी अधिकृतलाई बाधा रोकावट नगरी सरासर प्रवेश गर्न दिनुपर्छ ।

*अ.बं. १७२ को देहाय १*

(ख) घर ठाउँको तलासी लिन घर धनी वा जिम्मा लिएको व्यक्तिले बाधा विरोध गरेमा मुलुकी ऐन अ.बं. ११६ नं. बमोजिम मानिस पक्राउ गर्दा घरभित्र पस्ने कुराका सम्बन्धमा गरिएको व्यवस्थालाई पालना गर्दै सो ठाउँ वा घरमा बसेको स्वास्नी मानिसलाई हट्ने सूचना र मौका दिइ आवश्यकताअनुसार झ्याल ढोका तोडफोड गरी तलासी लिनु हुन्छ ।

वारेन्ट जारी गरी पक्रनु पर्ने मानिसलाई र हतियार खजाना सम्बन्धी मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रन पर्दा जुनसुकै बखत भएपनि पक्रनु पर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी जनाउ दिई घरभित्र पसेर पक्रन हुन्छ । लेखिएदेखि बाहेक अरू मानिसलाई पक्रनु पर्दा घरको चोक आँगनमा सम्म गई पक्रन हुन्छ । सो ठाउँसम्म जाँदा पक्राउ हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्म घरभित्र पसेर पनि पक्राउ गर्न हुन्छ ।

*अ.बं. ११६ नं.*

*महिलाको जिउको खानतलासी महिलाले नै गर्नुपर्दछ ।*

(ग) महिलाको जिउको खान तलासी लिनु पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्दछ । पुरुष प्रहरीले कुनैपनि महिलाको शरीरको खानतलासी लिनुहुँदैन ।

माथिका दफाहरू बमोजिम तलासी गर्दा तलासी गरिएको वस्तु वा धनमालका सम्बन्धमा कुनै मानिसको आङको तलासी लिनु परेमा सो समेत लिन हुन्छ र सो बमोजिम स्वास्नीमानिसको आङको तलासी लिनु परेमा सो स्वास्नीमानिसको बेइज्जत नहुने गरी पत्यारकी अर्की स्वास्नीमानिसबाट लिन लाउनु पर्छ।

*मुलुकी ऐन अ.बं. १७२ नं. को देहाय ५ नं.*

(घ) खानतलासी गर्दा कुनै चिजबस्तु फेला परेमा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को अनुसूची ५ वा ६ बमोजिमको भर्पाइ दिएर मात्र लिनुपर्छ।

खानतलासी लिंदा पाइएको अपराधसँग सम्बन्धित वस्तुको विवरण र त्यस्तो वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्बन्धित व्यक्तिलाई दिई एक प्रति मिसिल सामेल राख्नु पर्नेछ। खानतलासी लिने कर्मचारीले त्यस्तो कुनै वस्तु आफ्नो साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भर्पाइ दिएर मात्र लैजानु पर्नेछ।

*स.मु.स. ऐन दफा १०(३)*

(ङ) खानतलासी लिंदा त्यस ठाउँको स्थानीय निकायको सदस्य वा प्रतिनिधि, कम्तीमा दुईजना भलाद्मी, घरधनी वा उसको एकजना प्रतिनिधि र पाएसम्मका तालुकदार समेतका मानिस साक्षी राखी साक्षी बस्ने र तलासी लिने व्यक्तिहरूको शरीर खोली केही वस्तु नलिई सो घर वा ठाउँभित्र पसी तलासी लिनुपर्दछ।

यस नम्बर बमोजिम कुनै घर वा ठाउँको तलासी लिंदा त्यस ठाउँको गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि, दुईजनामा नघटाई भलाद्मीहरू, घर धनी वा उसको एकजना प्रतिनिधि र पाएसम्म जिमिदार, तालुकदार, पटुवारी समेत साक्षी राखी तलासी लिने र साक्षी बस्ने सबैको आङ खोली केही वस्तु नलिई सो घर वा ठाउँभित्र पसी तलासी लिनुपर्छ।

*अ.बं. १७२ को देहाय ४*

(च) खानतलासी लिंदा अपराधसँग सम्बन्धित वस्तु पाइएमा वस्तुको र वस्तु पाइएको ठाउँको विवरण खुलाई दुई प्रति मुचुल्का तयार गरी सहिछाप गरी गराई एक प्रति सम्बन्धित व्यक्तिलाई दिई अर्को प्रति मिसिल सामेल राख्नुपर्छ।

(छ) खानतलासी गर्ने व्यक्तिले अपराधसँग सम्बन्धित प्रमाणमा लिनहुने कुनै चीजवस्तु आफ्नो साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भर्पाइ दिएर मात्र लैजानु पर्दछ।

(ज) खानतलासी मुचुल्कामा साक्षी बस्नु पर्ने व्यक्तिले साक्षी नबसेमा वा सहिछाप नगरिदिएमा रू. १००।- रूपैयाँसम्म जरिवाना हुन्छ।

माथि दफा ४ बमोजिम साक्षी बस्नुपर्ने मानिसहरूले साक्षी बस्न इन्कार गरेमा वा साक्षी बसी सहीछाप गरी नदिएमा निजलाई एक सय रूपैयाँसम्म जरिवाना हुन्छ।

*अ.बं. १६२ को देहाय ७ नं.*

## १८. सनाखत सम्बन्धी व्यवस्था

फौजदारी मुद्दाका सन्दर्भमा निम्न व्यक्ति तथा वस्तुको सनाखत गराउनु पर्दछ ;

(१) कुनै मुद्दाको कुनै अभियुक्त,

(२) कुनै मुद्दासँग सम्बन्धित दसी वा चिज

दफा १६(१) कुनै मुद्दामा कुनै अभियुक्तको सनाखत गराउनुपर्ने भएमा प्रहरी सहायक निरीक्षक सम्मको प्रहरी कर्मचारीले प्रचलित कानुनको रित पुऱ्याई सनाखत गराउन सक्नेछ।

*स.मु.स. ऐनको दफा १६*

दफा १६(२) कुनै मुद्दासँग सम्बन्धित दसी वा चिजवस्तुलाई प्रहरी सहायक निरीक्षक सम्मको प्रहरी कर्मचारीले तोकिए बमोजिमको रित पुऱ्याई सनाखत गराउन सक्नेछ।

**(क) सनाखत गराउँदा ध्यान दिनुपर्ने कुराहरू**

*दसी प्रमाणको सनाखत कम्तीमा प्र.स.नि. ले गराउनु पर्दछ ।*

(१) मानिस, वस्तु वा दसी प्रमाणको सनाखत कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले गर्नु पर्दछ।

(२) मुद्दामा मानिस सनाखत गराउँदा सनाखत गर्नु पर्ने मानिसलाई देख्न नपाउने ठाउँमा राखी सनाखत गराउनु पर्ने मानिस जस्तै किसिमका उमेर, वर्ण, पहिरन मिल्ने कम्तीमा ४ जना अरू मानिसलाई सकेसम्म एकैनास गराई निजहरूका साथमा उभ्याई सनाखत गर्ने मानिसलाई छुट्टाछुट्टै ल्याई सनाखत गराउनु पर्दछ। सो गराउँदा चिनेमा चिनेको ब्यहोरा र नचिनेमा चिन्न नसकेको ब्यहोरा लेखी मिसिलमा राख्नुपर्दछ।

मुद्दामा मानिस सनाखत गर्नुपर्ने भएमा सनाखत गर्नुपर्ने मानिसलाई देख्न हेर्न नपाउने ठाउँमा राखी जुन मानिसलाई सनाखत गराउनु पर्छ सो मानिस जस्तै किसिमका उमेर, वर्ष, वर्ण, पहिरन मिल्ने कम्तीमा चारजनामा नघटाई अरू मानिसहरू ल्याई यथासम्भव सबैलाई एकनास गराई निजहरूका साथमा उभ्याई राखी सनाखत गर्ने प्रत्येक मानिस छुट्टाछुट्टै ल्याई सनाखत गराउनु पर्छ र सो गराउँदा चिनेमा चिनेको ब्यहोरा र चिन्न नसकेमा नसकेको ब्यहोरा लेखी मिसिल सामेल राख्नुपर्छ।

*मुलुकी ऐन अ.बं. १७३ नं.*

## १९. अभियुक्तलाई हिरासतमा लिने र म्याद थप सम्बन्धमा अपनाउनुपर्ने कार्यविधि

*कानुनद्वारा तोकिएको कार्यविधि पूरा नगरी कसैलाई पनि थुनामा राख्न पाइँदैन ।*

थुनाले व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा प्रत्यक्ष रूपमा बन्देज लगाउँदछ। अतः कुनै पनि व्यक्तिलाई थुनामा राख्दा अनुसन्धानकर्ताको चाहना वा स्वविवेक भएर मात्रै पुग्दैन। थुनामा राख्ने आधार हुनु पर्दछ र त्यस्तो थुना कानुनद्वारा तोकिएका कार्यविधिद्वारा निर्देशित रहेको हुनुपर्दछ। अतः कुनै व्यक्तिलाई थुनामा राख्नुपूर्व नेपाल अधिराज्यको संविधान तथा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरू प्रति गम्भीर ध्यान दिनुपर्दछ।

*कुनै व्यक्तिलाई थुनामा राख्दा थुनुवा पुर्जी दिनु पर्दछ ।*

- कुनैपनि अभियुक्तलाई पक्राउ पुर्जी दिएर पक्राउ गरेपछि सकेसम्म छिटो बाटाको म्याद बाहेक २४ घण्टा नकटाई मुद्दा हेर्ने अधिकारीको समक्ष उपस्थित गराउनु पर्दछ।
- हिरासतमा लिइएको व्यक्तिलाई यस दिग्दर्शनको अनुसूची १५ बमोजिमको हिरासत अभिलेख फारम भरी विवरण तयार गरी राख्नु पर्दछ।

पक्राउ भएको अभियुक्तलाई प्रहरी हिरासतमा राख्नु परेमा ऐनको दफा १५ को रित पुऱ्याई अनुसूची १२ बमोजिमको थुनुवा पूर्जी दिई हिरासतमा राख्नु पर्नेछ ।

*स.मु.स. नियमावलीको नियम ९(३) थुनुवा पुर्जीको ढाँचा दिग्दर्शनको अनुसूची १२ मा छ ।*

पक्राउ गरिएको व्यक्तिलाई थुनामा नै राखी अनुसन्धान तहकिकात गर्नु पर्ने भएमा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्दछ ।

*पक्रिएको मानिसलाई पक्रिएको ठाउँबाट बाटोको म्याद बाहेक २४ घण्टाभन्दा बढी मुद्दा हेर्ने अधिकारीको अनुमति नलिई प्रहरीले थुनामा राख्नु हुँदैन । यसरी थुनामा राखेमा थुनामा पर्ने व्यक्तिको मौलिक हकको हनन हुन्छ र थुनामा राख्ने प्रहरीलाई कारवाही हुन्छ ।*

(१) यो दफाबमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु हुँदैन ।

(२) अनुसूची-१ मा उल्लिखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

*स. मु. स. ऐन २०४९ को दफा १५(१) र १५(२)*

*थुनामा राख्न म्याद थपको लागि माग गर्दा त्यसको कारण र आधार खोल्नुपर्छ*

थुनामा राख्न म्याद थपको लागि अदालतमा अनुमति माग्दा अभियुक्त उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण, निजको बयान भैसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ ।

उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

*स. मु. स. ऐन २०४९ को दफा १५(३)*

## २०. थुनामा राख्ने अनुमति प्रदान गर्दा विचार गर्नुपर्ने केही कुराहरू

१. जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ६ बमोजिम त्यस्तो कसुरको उजुरी (जाहेरी) गर्ने व्यक्ति बेचबिखन गर्न वा वेश्यावृत्तिमा लगाउन लगिएको वा बेचबिखन गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति भएमा र त्यस्तो व्यक्ति उपस्थित भएमा सरकारी वकिलको रोहबरमा त्यस्ता व्यक्तिको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनको लागि सो व्यक्तिलाई चौबीस घण्टाभित्र नजिकको जिल्ला अदालतमा उपस्थित गराउनुपर्छ ।

उपर्युक्तअनुसार बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित न्यायाधीशले त्यस्तो बयान पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको

भएमा सोही व्यहोरा र भनेबमोजिम नभएमा के कति कुरा फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्दछ। जिउ मास्नेबेच्ने मुद्दाका अभियुक्त पक्राउ परी हिरासतमा राख्न अनुमतिका लागि ल्याइएको अवस्थामा उपर्युक्तअनुसार उजुरकर्ताको बयान प्रमाणित गराइएको छ वा छैन भन्नेतर्फ पनि विचार गर्नुपर्छ।

२. अदालतसँग थुनामा राख्न अनुमति माग्दा थुनामा परेको व्यक्ति विरूद्ध लगाइएको अभियोग, त्यसको आधार, थुनामा राखी तहकिकात गर्नुपर्ने कारण र बयान भइसकेको भए निजको बयानको व्यहोरा समेत खुलाई मिसिल समेत अदालतमा दाखिल गर्नुपर्छ। यसरी अनुमति मागेकोमा सन्तोषजनक रूपमा तहकिकात भइराखेको देखिएमा मात्र अदालतले एकपटक वा पटकपटक गरी कानुनले तोकेको हद ननाघ्ने गरी थुनामा राख्न अनुमति दिन सक्तछ। तहकिकात सन्तोषजनक रूपमा भएको नदेखिएमा थुनामा राख्ने अनुमति दिन हुँदैन।

*सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त*

केवल अनुसन्धान गर्नको लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्तो कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिंदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानुनी बाध्यता भएको स्थितिमा बन्दीलाई थुनामा नै राखी अनुसन्धान तहकिकात गर्नुपर्ने कुनै कारण खुलाएको नदेखिएकोले थुनामा राख्ने कुराका सम्बन्धमा भएको सो आदेश बेरितको देखिन गएको।

तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउनु पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने।

अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामा नराखी तहकिकात हुन नसक्ने वा बाधा पर्ने स्थिति वा तहकिकातको लागि थुनामै राख्नु पर्ने अवस्था स्पष्ट उल्लेख गरी प्रहरी कर्मचारीले अनुमति माग गर्नु पर्ने र त्यसरी दर्शाइएको अवस्थामा निजबाट भैराखेको अनुसन्धान तहकिकात सन्तोषजनक छ, छैन विचार गरेर मात्र थुनामा राखी तहकिकात गर्ने अनुमति दिनु पर्ने कानुनको निर्देश रहेको पाइन्छ।

*मुक्तिनारायण प्रधानको हकमा उपेन्द्रकुमार प्रधान वि.गृह मन्त्रालय समेत स.अ.बुलेटिन, २०५४, अंक ५ पू.११९, पृ.१४*

तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउन पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने देखिन आउंछ। ... केवल अनुसन्धान गर्नका लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्ता कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिंदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानुनी बाध्यता देखिन आउँछ।

*केशव भन्ने शेर बहादुरको हकमा माया विरूद्ध गृह मन्त्रालय समेत, ने.का.प., २०५३ पृ.३३४*

३. थुनामा राख्न अनुमतिका लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले अदालतमा उपस्थित गराइएको बेला आफूलाई शारीरिक यातना दिइएको छ जाँच गराई पाउँ भनी अदालत समक्ष निवेदन गरेमा तुरुन्त निजको शारीरिक जाँच गराइदिनु पर्दछ। यसरी शारीरिक जाँच भई प्राप्त प्रतिवेदन सम्बन्धित मिसिल सामेल राख्नु पर्दछ।

*यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐनको दफा ३*

४. गिरफ्तार गरिएको व्यक्ति स्वयंलाई अदालतमा उपस्थित गराइएमा मात्र थुनामा राख्ने अनुमति प्रदान हुन सक्दछ। पत्र व्यवहारका आधारमा मात्र अनुमति प्रदान गर्न हुँदैन ।

लामो अवधिको बिदाको समयमा तहकिकात कार्य सामान्यतः नहुने अवस्थामा तहकिकातका लागि थुनामा राखी राख्न मनासिब नहुने भनी हाजिर जमानीमा छाडी अदालत खुलेका दिन स.मु.स. ऐन, २०४९ को दफा १५(२) बमोजिम कारवाहीका लागि उपस्थित गराउनु भनी दशै बिदाको स्थितिलाई हेरी सर्वोच्च अदालतबाट आदेश भएको देखिन्छ ।

*२०५० सालको रिट नं.२८६१, दिनेशचन्द्र समेत विरुद्ध जि.प्र.का. सिन्धुपाल्चोक स.अ.वुलेटिन अंक ३२ पृ. ७*

तहकिकात गर्ने अधिकारीले म्याद थपका लागि पेस गरेकोमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ अनुसार म्याद थप गरिएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ भनी अदालतका सम्बन्धित कर्मचारीले न्यायाधीशको आदेशानुसार प्रमाणित गरी जानकारी दिएकोलाई म्याद थपको आदेश गैरकानुनी छ भन्न मिल्दैन ।

*राम कार्की विरुद्ध का.जि.अ. समेत, ने.का.प.२०५१ पृ.२२०*

५. स्रेस्तेदारले न्यायाधीशको अनुपस्थितिमा श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दाहरूमा कानुनबमोजिम तहकिकात गर्ने सिलसिलामा अभियुक्तलाई प्रहरी हिरासतमा राख्न म्याद थप दिने विषयमा निकासा दिन सक्दछ ।

*जि. अ. नि., २०५२ को नियम ७ (१(क)*

६. प्रहरी हिरासतमा राखी तहकिकात गर्न अनुमति माग गर्दाको अवस्थामा सरकारी वकिल वा अभियुक्ततर्फबाट कुनै कानुन व्यवसायीले आफ्नो पक्षका तर्फबाट कुनै जिकिर प्रस्तुत गर्न चाहेमा सो जिकिर समेत सुनी थुनामा राख्न अनुमति प्रदान गर्ने वा नगर्नेतर्फ कानुन बमोजिम आदेश गर्नु पर्दछ ।

भ्रष्टाचार सम्बन्धी मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १९ (२) ले धरौट वा जमानत दिन नसके थुनामा राख्न सकिने व्यवस्था भए अनुरूप सोही ऐनको दफा १९ (३) ले तीन महिनासम्म मात्र हिरासतमा राख्न पाउँछ। धरौट वा जमानत नदिए बापत भनी ३ महिनाभन्दा बढी थुनामा राख्नु कानुन विपरीत हुन्छ ।
***(तारा प्रसादको हकमा राजेश्वर प्रसाद विरुद्ध विशेष प्रहरी अधिकृत, नारायणी अंचलाधीश को कार्यालय)***

*ने.का.प.२०३६ पृ.२२३*

दफा १९(३) बमोजिम ३ महिना थुनामा राखिसके पछि विशेष प्रहरी अधिकृतले पुनः धरौटी माग गर्दा दिन नसकेको आधारमा थुनामा राख्न पाउँछ भन्न मिल्दैन ।

*विमल कुमारको हकमा शंकरलाल वि. अ.म.रा. अ.म. समेत ने.का.प. २०४८ पृ.७१*

७. अभियुक्तलाई जुनसुकै ब्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानुनको यो नम्बर दफा अनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखी व्यक्तिलाई कारण खोली पुर्जी नदिई थुनामा राख्न हुँदैन । यसरी पुर्जी नदिई थुनामा राखी म्याद थपका लागि आएको अवस्थामा अनुमति प्रदान गर्न हुँदैन ।

*थुनुवा पुर्जीमा कानुनको नम्बर दफा आदि किटान गरी खुलाउने*

"मुद्दाको अनुसन्धान समाप्त भई मुद्दा चल्ने नचल्ने निरूपित भइसकेको अवस्था नभई अनुसन्धानकै क्रमको अवस्था देखिएको हुँदा यो ऐनको यो दफा वा उपदफा अन्तर्गतको कसुर गरेको भन्ने कुरा यकिन हुन बाँकी नै रहेकाले मुद्दाको पुपर्क्षका क्रममा थुनामा राख्ने अवस्था सरह कानुनको दफा उपदफा खोली थुनुवा पुर्जी दिन सम्भव देखिंदैन ।"

*कमल प्रसादको हकमा कुमारमणि विरुद्ध वि.प्र.वि. समेत भ्रष्टाचार ने.का. प.२०४९ पृ. ३४९*

८. जरिवाना मात्रको सजाय हुने कसुरको अभियोगमा पक्राउ गरी अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमतिका लागि अनुरोध भई आएको अवस्थामा प्रतिवादीलाई थुनामा राख्ने अनुमति प्रदान गर्नुहुँदैन । कसुर ठहर हुँदा पनि थुनामा बस्नु नपर्ने व्यक्तिलाई अनुसन्धान तहकिकातका लागि भनी थुनामा राख्नु गैरकानुनी हुन्छ ।

*अदालतले म्याद थप गर्दा उचित आधार र कारण उल्लेख भए/नभएको हेर्नु पर्छ ।*

९. म्याद थपको माग भएमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भएको छ-छैन अभियुक्त वा निजको कानुन व्यवसायीको भनाइ समेत सुनी म्याद थप गर्नु पर्ने उचित कारण देखिएमा मात्र म्याद थप गर्नु पर्ने भएकोले सो बमोजिम पर्याप्त रूपमा उचित आधार र कारण उल्लेख गरी म्याद थप गर्नु पर्दछ ।

उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

*स.मु.स. ऐन २०४९ को दफा १५(४)*

१०. कुनै पनि अभियुक्तलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक जाँच गरी अभिलेख खडा गरी त्यसको १ प्रति प्रतिवेदन सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्छ ।

११. **दफा ३ – यातना दिन नहुने :**

*कसैलाई पनि हिरासतमा राख्दा निजको शारीरिक स्थितिको जाँच गरी त्यसको अभिलेख राख्नु पर्छ ।*

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी गराई सो को अभिलेख खडा गरी राख्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको एक प्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

*यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ३ को उपदफा (२) र (३)*

*थुनामा राख्दा यातना दिनु हुँदैन*

थुनामा रहेको व्यक्तिलाई मानसिक वा शारीरिक यातना दिने, निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने जस्ता कार्य गर्नु हुँदैन । यातना दिएमा पीडित व्यक्तिलाई क्षतिपूर्ति र यातना दिने व्यक्तिलाई विभागीय कारवाही हुने व्यवस्था यातना सम्बन्धी क्षतिपूर्ति ऐनमा गरिएको छ ।

श्री ५ को सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई यस ऐनबमोजिमको क्षतिपूर्ति दिइनेछ ।

*यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ४*

१२. थुनामा परेको व्यक्तिले आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह गर्न पाउने भएकोले निजलाई अनुसन्धान अधिकृतले सोको जानकारी गराइदिनु पर्दछ ।

१३. थुनामा परेको व्यक्तिको खाने, बस्ने र औषधी उपचार आदिको व्यवस्था थुनामा राख्ने अधिकारीले गर्नु पर्दछ । यस सम्बन्धमा प्रहरी ऐन २०१२ को दफा १५(१)(झ) को व्यवस्थालाई ध्यान दिनु पर्दछ ।

(१) प्रत्येक प्रहरी कर्मचारीको देहाय बमोजिम कर्तव्य हुनेछ ।

...

(झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र बासको इन्तजाम गर्ने ।

*प्रहरी ऐन, २०१२ को दफा १५(१) (झ)*

## २१. अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न पाइने अवधि

स.मु.स.ऐन २०४९ को अनुसूचीमा उल्लेखित मुद्दामा एक पटक वा पटक पटक गरी २५ दिनसम्म म्याद थप गरी हिरासतमा राख्न सकिन्छ । उल्लिखित अवधि अधिकतम हिरासतमा राख्न सक्ने अवधि भएकोले प्रहरी कर्मचारीले छिटोभन्दा छिटो अनुसन्धान कार्य सम्पन्न गरी अभियुक्तलाई कम समयसम्म मात्र हिरासतमा राख्ने गर्नु पर्दछ । यसका अलावा लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम बढीमा ९० दिनसम्म, भ्रष्टाचार सम्बन्धी मुद्दामा अ.दु.अ.आ. ऐन २०४८ को दफा १६(२) बमोजिम बढीमा ६ महिनासम्म हिरासतमा राख्न सकिन्छ ।

केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७ अन्तर्गत दायर हुने मुद्दामा सोही ऐनको दफा ४ बमोजिम वारदात भएको ७ दिनसम्म र ७ दिनभित्र मुद्दा दायर गर्न नसक्ने भएमा सम्बन्धित मुद्दा हेर्ने अधिकारीको अनुमतिमा वारदात भएको ३५ दिनभित्र दायर गर्न म्याद थप गरिदिन सक्नेछ ।

(१) यस ऐन अन्गार्तको मुद्दा वारदात भएको सात दिनभित्र दायर गरी सक्नुपर्छ ।

४(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्यायमा पर्ने कुनै व्यक्तिले यस ऐन अन्तर्गतको मुद्दामा कारवाही चलाउन चाहेमा बाटाका म्याद बाहेक वारदात भएको ७ दिनभित्र प्रहरीमा उजुर गर्नुपर्छ । त्यस्तो उजुर परेको मितिले उपदफा (१) बमोजिम म्याद प्रारम्भ हुनेछ ।

तर, वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरिदिन सक्नेछ ।

*केही सार्वजनिक अपराध र सजाय ऐनको दफा ४(१) र (२)*

अध्यागमन ऐन, २०४९ अन्तर्गत सजाय हुने मुद्दामा बढीमा ३० दिन सम्म हिरासतमा राख्न सकिन्छ ।

## २२. हिरासतमा रहेको व्यक्तिलाई हिरासतबाट मुक्त गर्दाको कार्यविधि

अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा राखिरहन आवश्यक नदेखिएमा थुनाबाट छोड्नको लागि सरकारी वकिलको सहमतिको लागि सम्बन्धित मिसिल सहित सरकारी वकिललाई पत्र लेख्नु पर्दछ । मिसिल अध्ययन गर्दा थुनामा राखिरहन आवश्यक नदेखेमा सरकारी वकिलले हाजिर जमानीमा छोड्न सहमति दिन सक्दछ । यसरी सहमति दिएमा प्रहरीले हिरासतमा रहेको व्यक्तिलाई हाजिरी जमानीमा छोड्न सक्दछ ।

यस ऐन बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिए बमोजिम सरकारी वकिलको सहमति लिई वा अवस्थानुसार नलिई मनासिब कारण सहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ । *स.मु.स. ऐन ०४९ को दफा २१*

सरकारी वकिलसँग तत्काल सहमति लिन सक्ने मनासिब अवस्था नभएमा त्यसको कारण जनाई अनुसन्धान गर्ने प्रहरी कर्मचारीले हाजिर जमानीमा छोड्न पर्नाको कारण समेत खोली पर्चा खडा गरी हाजिरी जमानीमा छोड्न सक्दछ । यसरी छाडिएमा त्यसको जानकारी सरकारी वकिल कार्यालयमा अविलम्ब दिनुपर्दछ ।

(क) हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले छोड्न सक्ने व्यवस्थाका सम्बन्धमा अगाडि नै उल्लेख भइसकेकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।

## २३. अनुसन्धान तहकिकातको सन्दर्भमा प्रतिरक्षी कानुन व्यवसायीले ध्यान दिनुपर्ने कुराहरू

**अवैधानिक थुनामा राखेको सम्बन्धमा :**

१) प्रतिरक्षी कानुन व्यवसायीले अवैधानिक थुनाबाट व्यक्तिको वैयक्तिक स्वतन्त्रताको रक्षा गर्दा अपनाउने कार्यविधि :

(क) प्रहरीले वा अन्य निकायले कुनै पनि व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेश बेगर थुनामा राखेको भए प्रतिरक्षी कानुन व्यवसायीले तत्काल पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन गर्नु पर्दछ ।

(ख) प्रहरी वा अन्य निकायले थुनामा राख्नै नपाइने मुद्दामा थुनामा राखेको भए पु.वे.अ. वा स.अ. मा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन गर्नु पर्दछ ।

(ग) मुद्दा हेर्ने अधिकार नभएको अधिकारीको आदेशले थुनामा राखेको भए पुनरावेदन सुन्ने अड्डामा अ.बं. १७ नं. बमोजिमको रिट निवेदन दिनु पर्दछ ।

पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरित भएको छ भन्ने कुरा झगडियाका निवेदनबाट वा अरु कुनै किसिमसँग थाहा पाएमा आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकी पन्ध्र दिनसम्ममा कैफियत तलब गरी बुझ्दा म्याद नघाएको वा वेरीत भएको देखिएमा कानुन बमोजिम गर्नु गर्न लाउनु पर्छ । *अ.बं. १७ नं.*

(घ) मुद्दा हेर्ने अधिकारीको बेरितको आदेशले थुनामा राखेको भए पुनरावेदन सुन्ने अड्डामा अ.बं. १७ नं. बमोजिमको निवेदन दिई कानूनी उपचार दिलाउनुपर्छ ।

(ङ) प्रहरी वा अन्य निकायले गैरकानुनी रूपमा थुनामा राख्ने सम्भावना वा आशंका भएमा पुनरावेदन अदालतमा निषेधाज्ञाको रिट पनि दिन सकिन्छ ।

२) व्यक्तिलाई माथि १ नं. मा उल्लेख गरिए अनुसार कानुनले तोकेको रितपूर्वक नै थुनामा राखिएको भए पनि प्रतिरक्षी कानुन व्यवसायीले बन्दीको प्रतिरक्षा गर्दा निम्न थप कुराहरू समेत विचार गर्नु पर्दछ ।

**(क)** **स्वास्थ्य** :- कुनै पनि व्यक्तिलाई थुनामा राख्दा यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(२) अनुसार शारीरिक स्थितिको जाँच गरे नगरेको बुझ्नु पर्दछ र त्यस्तो जाँच नभएको भए जाँच गराउन लगाउनु पर्दछ ।

**(ख)** **यातना** :- थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन वा अपमानजनक व्यवहार गर्न पाइदैन । कसैलाई त्यस्तो यातना दिइएको भए यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ बमोजिम उजुरी दिनु पर्दछ ।

**(ग)** **थुनुवा पूर्जी** :- कसैलाई पनि थुनामा राख्दा पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राख्न पाइदैन ।

(१) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुनेछैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन ।

(२) सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, र

(ङ) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

*संविधानको धारा १२*

(२) खण्ड (ख) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरूस्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार, वा सेवा राज्यले मात्र संचालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

## २४. अनुसन्धान अधिकृतले पेस गर्नु पर्ने रायसहितको प्रतिवेदन

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ मा उल्लिखित मुद्दाको अनुसन्धान कार्य सम्पन्न भएपछि अनुसन्धान अधिकारीले स.मु.स. ऐन २०४९ को दफा १० र स.मु.स. नियमावली २०५५ को नियम १३ को ढाँचामा आफ्नो राय सहितको प्रतिवेदन र मिसिलको सक्कल, नक्कल तथा दसी प्रमाण समेत सरकारी वकिल समक्ष पेस गर्नुपर्दछ ।

अनुसूची-१ मा उल्लिखित कुनै अपराधको तहकिकात पूरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्त उपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई आफ्नो राय सहित थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानुनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाण सहित सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

*स.मु.स. ऐन २०४९ को दफा १७(१)*

**(क) राय सहितको प्रतिवेदन पेस गर्दा ध्यान दिनुपर्ने कुराहरू**

*प्रहरी प्रधान कार्यालय अनुसन्धान विभागबाट तयार गरेको निर्देशिकाबाट उद्धृत ।*

- अनुसन्धान गर्ने प्रहरी कर्मचारीले सरकारी वकिलसँग सम्पर्क र समन्वय कायम राख्ने ।
- आवश्यकताअनुसार कानुनी राय सल्लाह लिने, राय प्रतिवेदन तयार गर्दा प्रचलित कानुन तत्सम्बन्धी नजिर तथा भौतिक सबुद समेतको विश्लेषण गरी सो को आधारमा राय प्रस्तुत गर्ने ।
- अभियुक्तको पूरा नाम, थर, वतन, जाहेरीको ब्यहोरा, अपराध सम्बन्धी विवरण, अभियुक्तलाई लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण ।
- सजाय सम्बन्धी मागदावी लिएको कानुन उल्लेख गर्ने ।
- पीडितलाई क्षतिपूर्ति दिलाउनु पर्ने भए सो को मागदावी गर्ने ।
- प्रत्येक मुद्दामा राखिएका साक्षी, गवाह, उपस्थित गराउनु पर्ने हुनाले सम्बन्धित व्यक्तिको पूरा ठेगाना समेत उल्लेख गरी अनुसूचीमा उल्लेख भएबमोजिमको रिकर्ड पञ्जिकामा राख्ने ।

कुनै अपराधको सम्बन्धमा मुद्दा चलाइने निर्णय भएपछि सम्बन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ ।

**(ख) राय सहितको प्रतिवेदन पेस गर्नु पर्ने समय :**

*प्रहरीले अनुसन्धान तहकिकात सकिएपछि राय सहितको प्रतिवेदन यथासक्य चाँडो सरकारी वकिल समक्ष पठाउनु पर्दछ ।*

अनुसन्धान अधिकारीले निम्न समयभित्र आफ्नो रया सहितको प्रतिवेदन सरकारी वकिल समक्ष पेस गर्नुपर्दछ ।

(१) थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानुनले तोकेको हदम्याद पुग्नुभन्दा कम्तीमा १५ दिन अगाडि ।

(२) थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई ध्यानमा राखी कम्तिमा तीन दिन अगाडि ।

उपनियम (३) बमोजिम प्रहरी हिरासतमा रहेको अभियुक्तको हकमा हिरासतको अवधि भुक्तान नहुँदै तहकिकात पूरा गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न र अभियोग पत्र तयार गरी अदालतमा मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यान राखी मुद्दा दायर गर्नु पर्ने दिनको कम्तीमा तीन दिन अगावै मिसिल सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ९(४)*

## २५. सरकारी वकिलले थप सबुद प्रमाण संकलन गर्न निर्देशन दिन सक्ने

मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकिलले थप सबुद प्रमाण संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण संकलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

*स.मु.स. २०४९ को दफा १७(३)*

अनुसन्धान अधिकारीले राय सहितको प्रतिवेदन ढिलो दिएबाट मुद्दामा थप अनुसन्धानको लागि निर्देशन दिन सरकारी वकिललाई समय नभई मुद्दा कमजोर हुनसक्ने भएकोले यस कुरालाई समेत मध्य नजर राखी अनुसन्धान अधिकारीले रायसहितको प्रतिवेदन जति सक्दो छिटो पेस गर्नु उचित हुन्छ ।

## २६. सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने सम्बन्धी व्यवस्था

*मुद्दा चल्ने वा नचल्ने भन्ने अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुन्छ ।*

श्री ५ को सरकारको हक, हित वा सरोकार निहित भएको मुद्दामा महान्यायाधिवक्ता वा सरकारी वकिलबाट श्री ५ को सरकारको प्रतिनिधित्व गरिन्छ । कुनै पनि अड्डा अदालतमा श्री ५ को सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई रहेको छ ।

श्री ५ को सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजका मातहतका अधिकृतहरूबाट श्री ५ को सरकारको प्रतिनिधित्व गरिनेछ । कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष श्री ५ को सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।

*नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११०(२)*

प्रहरीको राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकिलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णयको लागि महान्यायाधिवक्ता समक्ष मिसिल पठाउनु पर्नेछ । तर संविधानको धारा ११० का उपधारा २ बमोजिम महान्यायाधिवक्ताले आफ्नो अधिकार सोही धाराको उपधारा ५ बमोजिम सरकारी वकिललाई सुम्पिएकोमा सम्बन्धित सरकारी वकिलले सुम्पिएको अधिकार बमोजिम निर्णय गर्नेछ ।

*स.मु.स. ऐन २०४९ को दफा १७ (२)*

अनुसन्धान अधिकारीबाट राय सहितको प्रतिवेदन पेस भएपछि मुद्दा चल्ने नचल्ने भन्ने सम्बन्धमा अन्तिम निर्णय गर्न महान्यायाधिवक्ता समक्ष मिसिल पठाउनु पर्दछ । तर महान्यायाधिवक्ताले आफ्नो अधिकार सरकारी वकिललाई सुम्पिएमा सरकारी वकिलले सुम्पिएको अधिकार बमोजिम निर्णय गर्नु पर्दछ । मुद्दा चल्ने निर्णय भएमा सरकारी वकिलले अभियोगपत्र तयार गरी अदालतमा दर्ता गर्नु पर्दछ ।

खण्ड (ख)

# फौजदारी मुद्दाको दायरी सम्बन्धी व्यवस्था

## १. अभियोगपत्र दायर गर्ने सम्बन्धी कानुनी व्यवस्था

सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा देहायका कुराहरू खोली अभियोगपत्र तयार गर्नुपर्दछ :-

१. अभियुक्तको पूरा नाम, थर, वतन
२. अपराध सम्बन्धी सुचनाको ब्यहोरा
३. अपराध सम्बन्धी विवरण
४. अभियुक्त उपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण (साक्षी समेत)
५. अपराध र अभियोगसँग सम्बन्धित कानुन
६. अभियुक्तलाई हुनु पर्ने सजाय
७. अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराइ दिनु पर्ने भए सो क्षतिपूर्तिको रकम
८. अनुसन्धानको क्रममा कब्जामा लिइएको नगद वा जिन्सी सामान भए सो पीडितलाई फिर्ता दिने वा जफत गर्ने सम्बन्धमा स्पष्ट माग
९. अभियुक्तले पहिला पनि कुनै अपराधमा सजाय पाइसकेको कारणले बढी सजाय हुनु पर्ने अवस्था भएमा निजले पहिला सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम,
१०. अन्य आवश्यक कुराहरू भए सो कुरा

*स.मू. स. ऐन २०४९ को दफा १८ अभियोग पत्रको ढाँचा निर्देशिकको अनुसूची १३ मा छ ।*

उपर्युक्तानुसार अभियोगपत्र दायर गर्दा कुनै अपराधको सम्बन्धमा श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानुनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखत तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरू पनि साथै पेस गर्नु पर्नेछ र अभियुक्त पक्राउ परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्दछ ।

(१) दफा १७ को उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा सरकारी वकिलले देहायका कुराहरू उल्लेख गरी तोकिएको ढाचामा अभियोगपत्र तयार गरी दसी प्रमाण तथा अपराधसाग सम्बन्धित चिज वा वस्तु वा थुनुवा भए थुनुवा सहित म्यादभित्रै सम्बन्धित अदालतमा दायर गर्नु पर्नेछ :-

(क) अभियुक्तको पूरा नाम, थर, वतन,
(ख) अपराध सम्बन्धी सूचनाको ब्यहोरा,
(ग) अपराध सम्बन्धी विवरण,
(घ) अभियुक्तउपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण ।
(ङ) सम्बन्धित कानुन,
(च) अभियुक्तलाई हुनु पर्ने सजाय र
(छ) अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए सो क्षतिपूर्तिको रकम ।

*स.मु.स. ऐन २०४९ को दफा १८*

(२) उपदफा (१) बमोजिम दायर गरिने अभियोगपत्रमा अभियोगको उल्लेख गर्दा अभियुक्तउपर अभियोग लगाउन खोजिएको अपराध प्रचलित कानुनमा कुनै खास नामाकरण गरिएको रहेछ भने सो अपराधका सम्बन्धमा सो नामको उल्लेख गर्नु पर्नेछ। प्रचलित कानुनमा कुनै नामकरण नगरिएको अपराधको हकमा अभियुक्तले आफू माथि लगाइएको अभियोग स्पष्ट रूपमा बुझ्न सक्ने गरी अपराधका तत्त्वहरू उल्लेख गर्नुपर्नेछ ।

(३) अभियुक्तले पहिले पनि कुनै अपराधमा सजाय पाइसकेको कारणले बढी सजाय हुनुपर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम पनि उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम अदालतमा अभियोगपत्र दायर गर्दा कुनै अपराधको सम्बन्धमा श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानुनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखत तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरू पनि साथै पेस गर्नुपर्नेछ र अभियुक्त पक्राउमा परेका भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ ।

## २. अभियोगपत्र दायर गर्ने अधिकारी

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची (१ मा तोकिएका मुद्दाहरूको अभियोगपत्र दायर गर्ने अख्तियारी महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अनुसार सम्बन्धित सरकारी वकिलमा रहेको छ । त्यस्तो मुद्दाको दायरी सरकारी वकिलले मात्र गर्न सक्तछ । सो बाहेकका अन्य मुद्दामा भने सम्बन्धित कानुनद्वारा तोकिएको अधिकारीले अभियोगपत्र दायर गर्नु पर्दछ । यसरी सरकारी वकिल बाहेकका अन्य अधिकारीले मुद्दा दायर गर्दाको अवस्थामा पनि मुद्दा चलाउने कुराको निर्णय सरकारी वकिलबाट भएको हुनु अनिवार्य छ । सरकारी वकिलको निर्णय विपरीत मुद्दा दायर गर्न मिल्दैन ।

## ३. अभियोगपत्र तयार गर्नु पूर्व सरकारी वकिलले विचार गर्नुपर्ने कुराहरू

- अनुसन्धान समाप्त भई प्रहरीबाट रायसहितको प्रतिवेदन प्राप्त भएपछि फाइल अध्ययन गरी तहकिकातबाट अभियोजनका लागि प्राप्त सबुत प्रमाण पर्याप्त छन्, छैनन् यकिन गर्नुपर्दछ ।
- पर्याप्त सबुद प्रमाणको अभावमा अभियोजन हुन नसक्ने भएमा थप सबुद संकलन गर्न अनुसन्धान अधिकृतलाई निर्देश गर्ने प्रक्रियालाई प्रभावकारी रूपमा लागू गर्नुपर्दछ ।
- झिनो र अपर्याप्त प्रमाणका आधारमा अभियोजन गर्ने कुरालाई निरुत्साहित गर्दै अदालतको न्यायिक कसीमा समेत खरो उत्रिने सबुदमुखी अभियोजन गर्ने प्रक्रियामा जोड दिनुपर्दछ ।
- अभियोजन गर्दा आधार र कारण स्पष्ट खुलाइएको हुनु पर्दछ ।
- अभियोग मागदाबी लिंदा कुन कानुनको उल्लंघन हुन गई के कस्तो सजाय दाबी लिनु परेको हो सो कुरा स्पष्ट खुलाउनु पर्दछ र मुद्दा चलाउने निर्णय गर्दा विश्वास लाग्दो तथ्यमा आधारित कानुनबमोजिम प्राप्त प्रमाणको आधारमा मात्र निर्णय गर्नुपर्दछ ।

## ४. अभियोगपत्र तयार गर्दा विचार गर्नुपर्ने कुराहरू

अदालतमा सरकारी वकिलद्वारा वा सम्बन्धित सरकारी अधिकारीद्वारा दायर हुने अभियोगपत्र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को अनुसूची १३ को ढाँचामा तयार गरी दसी प्रमाण तथा अपराधसँग सम्बन्धित चिज, वस्तु र थुनुवा भए थुनुवा सहित तोकिएको म्यादभित्रै सम्बन्धित अदालतमा दायर गर्नु पर्दछ । सामान्यतः अभियोगपत्र तयार गर्दा देहायका कुराहरूमा विचार पुऱ्याउनु पर्दछ;

- अभियुक्तहरूको नाम, थर वतन, उमेर, बाबुको नाम सहित अभियुक्तको पहिचान हुने तथ्य यकिन रूपमा खुलाउनु पर्दछ ।
- ➢ अपराध सम्बन्धी सूचना के कसरी प्राप्त भएको हो सोको विवरण ।

- अभियोग पत्रमा वादी पक्षका साक्षी सबुद प्रमाणहरू यकिन गरी सो को विवरण खुलाउनु पर्दछ ।
- अभियोजनका लागि प्राप्त सबुद प्रमाणहरूको वैज्ञानिक परीक्षण भएको छ छैन सो यकिन गर्नु पर्दछ ।
- अनुसन्धानको सन्दर्भमा प्राप्त सबुदको परीक्षण गरेको भए सो को प्रतिवेदन प्राप्त भएको छ छैन सो यकिन गर्नु पर्दछ ।
- सबुद प्रमाणको वैज्ञानिक परीक्षण प्राप्त नभएमा वा परीक्षण नभएको भए अभियोजन गर्नु पूर्व त्यस्तो सबुदको परीक्षण गराउन वा परीक्षण प्रतिवेदन प्राप्त गर्नेतर्फ आवश्यक कारवाही गर्ने गराउने ।
- अदालतमा दायर गरिने अभियोगपत्रमा अभियोगको उल्लेख गर्दा अभियुक्तउपर अभियोग लगाउन खोजिएको अपराधको प्रचलित कानुनमा कुनै खास नामकरण गरिएको रहेछ भने सो अपराधको सम्बन्धमा सो नामको उल्लेख गर्नु पर्छ। प्रचलित कानुनमा कुनै नामकरण नगरिएको अपराधको हकमा अभियुक्तले आफूमाथि लगाइएको अभियोग स्पष्ट रूपमा बुझ्न सक्ने गरी अपराधका तत्वहरू उल्लेख गर्नुपर्नेछ ।
- अनुसन्धान तहकिकातका क्रममा कब्जामा लिइएको वा दसीको रूपमा बरामद गरिएको नगदी वा जिन्सी सामान भए सो सामान चिज वस्तु पीडित पक्षलाई फिर्ता दिने हो अथवा जफत हुनु पर्ने हो भन्ने सम्बन्धमा प्रष्ट दावी हुनुपर्छ ।
- अभियुक्तले पहिले पनि कुनै सजाय पाइसकेको कारणले बढी सजाय हुनु पर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति, सजाय गर्ने अदालतको नाम, सजायको व्यहोरा सहित उल्लेख गरी तत्सम्बन्धी प्रमाण (यथासम्भव फैसलाको प्रतिलिपि) पनि समावेश गर्नु पर्दछ ।
- माथि उल्लेख गरिए बमोजिम अभियोगपत्र दायर गर्दा कुनै अपराधका सम्बन्धमा श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानुनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखित प्रति तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरू पनि साथै पेस गर्नु पर्नेछ र अभियुक्त पक्राउ परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ ।
- अभियोगपत्र साथ कुन कुन कागज प्रमाण संलग्न राखिएको छ भन्ने कुराको प्रष्ट फेहरिस्त पनि अभियोगपत्रमा खुलाउनु पर्दछ ।
- पक्राउ नपरेको (फरारी) अभियुक्तका हकमा अदालतबाट वारेन्ट, म्यादी पूर्जी अथवा समाह्वान म्याद जारी गरी पाऊँ भन्ने व्यहोरा समेत किटान गरी उल्लेख गरिएको हुनुपर्दछ ।
- अभियोजन गर्दा कुनै कानुनको विषयमा द्विविधा उत्पन्न भएमा माथिल्लो तहको सरकारी वकिलसँग आवश्यक परामर्श गरी यकिन भएपछि मात्र अभियोग पत्र तयार गर्नुपर्दछ ।
- अभियोजन गर्दाको बखत कुनै सबुद प्रमाणको परीक्षण प्राप्त भै नसकेको भए अभियोजन पश्चात् त्यस्तो सबुद परीक्षण प्रतिवेदन प्राप्त गर्न आवश्यक कारवाही गर्नुपर्दछ ।
- अभियोग मागदावी लिंदा वास्तविक अपराध र आपराधिक संलग्नताको स्थिति विचार गरी तदनुकूल कानुन यकिन गरी ठीक अभियोग दावी लिनुपर्दछ ।
- प्रत्येक मुद्दा आ-आफ्नै प्रकारका अलग अलग हुन्छन् तापनि सबै मुद्दामा अभियोजनका सामान्य सिद्धान्तहरू नै प्रयोग हुन्छन् भन्ने मान्यतालाई आत्मसात गर्नु पर्दछ ।
- अभियोजन गर्दा एक वा एकभन्दा बढी कसुर गरेको देखिएमा सम्बद्ध सबै ऐनको माग दावी लिनु पर्दछ । अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए सो क्षतिपूर्तिको रकम स्पष्ट खुलाउनु पर्दछ ।
- अभियोजन गर्दा मानव अधिकारको विषयलाई सदैव ध्यान दिनु पर्दछ । नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत मौलिक हक र स्वच्छ न्यायका सर्वमान्य सिद्धान्तको अनुसरण गर्नु पर्दछ ।
- बिगो भराउनु पर्ने मुद्दा भए भराउनु पर्ने रकमको स्पष्ट विवरण खुलाउनु पर्दछ ।

## ५. स.मु.स. ऐनको अनुसूची १ वा २ मा लेखिएको बाहेक अन्य मुद्दा सम्बन्धी कानुनी व्यवस्था

(१) स.मु.स. ऐनको अनुसूची १ वा २ मा लेखिएका मुद्दा बाहेक श्री ५ को सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्बन्धमा सम्बन्धित कानुनमा वा श्री ५ को सरकारले मुद्दा चलाउने वा सबुद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले सबुद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिल समक्ष मिसिल एवं सबुद प्रमाण पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने समबन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागू हुनेछ ।

(३) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए कुन कानुनको कुन अभियोगमा क-कसलाई मुद्दा चलाउने सो समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ । *स.मु.स. ऐन २०४९ को दफा ३१*

(४) उपदफा (३) बमोजिम सरकारी वकिलबाट मुद्दा चलाउने निर्णय प्राप्त भएपछि अभियोगपत्र वा फिरादपत्र तयार गरी प्रचलित कानुनमा तोकिएको व्यक्तिले सही गरी थुनुवा भए थुनुवा समेत लगी म्यादभित्रै सम्बन्धित अदालत समक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकिललाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सरकारी वकिलले मुद्दा नचल्ने निर्णय गरेकोमा तोकिएको अवधिसम्म मिसिल सुरक्षित राख्नु पर्नेछ ।

## ६. प्रहरीलाई अभियोगपत्रको नक्कल दिनु पर्ने

अदालतमा दायर भएको अभियोगपत्रको नक्कल तहकिकात गर्ने प्रहरी कर्मचारीलाई उपलब्ध गराउनु पर्दछ ।

अदालतमा फौजदारी मुद्दा दायर गर्दा सरकारी वकिलले ऐन र प्रचलित कानुनको म्यादभित्र अनुसूची १३ बमोजिमको ढाँचामा ऐनको दफा १८ को (१) बमोजिमका कुराहरू समेत उल्लेख गरी अभियोगपत्र तयार गरी सक्कल मिसिल र अभियुक्त भए निजलाई समेत प्रहरी कर्मचारीका साथ अदालतमा दाखिल गरी अभियोगपत्र दायर गर्नु पर्नेछ । यसरी दायर गरिएको अभियोगपत्रको एक प्रति नक्कल तहकिकात गर्ने प्रहरी कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ । *स.मु.स. नियमावलीको नियम १३(१)*

कोही कसैउपर मुद्दा नचल्ने निर्णय गर्दा हद म्यादलाई समेत ख्याल राखी माथिल्लो कार्यालयमा निर्णयको प्रति निकासाको लागि समयमै पठाउनु पर्दछ ।

मुद्दा नचल्ने गरी भएका मुद्दाको मिसिल लगायत दसीप्रमाण चिजवस्तु सुरक्षित राख्न प्रहरी कार्यालयमा पठाउनु पर्दछ ।

सरकारी वकिलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी प्रमाणका चिज वा वस्तु सम्बन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल लगायतका दसी प्रमाणका चीज वा वस्तु प्रहरीले तोकिएको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ । *स.मु.स. ऐनको दफा १९*

- कुनै मुद्दामा कोही कसैको आंशिक मुद्दा चलाएकोमा त्यस्तो निर्णयको प्रति र प्रहरीको राय ३ दिनभित्र माथिल्लो कार्यालयमा पठाउनु पर्दछ ।
- अपराधबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति भराइ दिनु पर्ने भए त्यस्तो क्षतिपूर्तिको विवरण स्पष्ट खुलाइएको हुनु पर्दछ ।
- कोही कसै उपर मुद्दा चलाउने आधार र प्रमाण देखिएको तर त्यस्ता अभियुक्तको यकिन वतन खुल्न नसकेको अवस्थामा यकिन वतन खोल्न लगाउने तर्फ अनुसन्धान अधिकृतलाई निर्देशन दिई सो सम्बन्धी जानकारी यथाशक्य चाँडो लिई अभियोजन गर्नुपर्दछ ।
- अनुसन्धानबाट प्राप्त सबुद तथा रयासहितको प्रतिवेदन अध्ययन गर्दा मुद्दा चलाउन पर्याप्त प्रमाण तथा आधार नभई मुद्दा नचल्ने भएमा त्यसको अन्तिम निर्णयका लागि मिसिलसहित माहान्यायाधिवक्ता समक्ष पठाउनु पर्दछ ।

## ७. मुद्दा चलाउँदा पूरा गर्नु पर्ने प्रक्रिया

मुद्दा चल्ने निर्णय गरेपछि अभियोगपत्र साथ अदालतमा पेस गर्ने गरी मुद्दासँग सम्बन्धित दसी प्रमाण र अभियुक्तलाई सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्दछ । यसरी प्राप्त दसी प्रमाण र अभियुक्त राख्ने जिम्मा सम्बन्धित प्रहरी कार्यालयको हुन्छ ।

(१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीबाट प्राप्त मिसिल सरकारी वकिलले अध्ययन गरी मुद्दा चल्न सक्ने देखिएमा अभियोगपत्र तयार गरी अदालत समक्ष पेस गर्ने समयमा दाखिला गर्ने गरी मुद्दासँग सम्बन्धित दसी, प्रमाण र अभियुक्त भएमा अभियुक्त समेत सम्बन्धित प्रहरी कार्यालयमा राख्न पठाउनु पर्नेछ । *स.मु.स. नियमावली २०५५ को नियम १२(१) र (२)*

(२) उपनियम (१) बमोजिम सरकारी वकिलले पठाएको दसी, प्रमाण र अभियुक्तलाई राख्ने जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको हुनेछ ।

## ८. मुद्दा नचलाउँदा पूरा गर्नु पर्ने प्रक्रिया

**(क) मिसिल र सामान सुरक्षित राख्ने**

सरकारी वकिलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायत दसी प्रमाण र चिज वस्तु सम्बन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउनु पर्दछ ।

सरकारी वकिलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी प्रमाणका चीज वा वस्तु सम्बन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल लगायतका दसी प्रमाणका चीज वा वस्तु प्रहरीले तोकिएको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ । *स.मु.स. ऐन २०४९ को दफा १९*

यसरी फिर्ता आएमा मिसिल लगायतका दसी प्रमाणका चिजवस्तु सो मुद्दामा नालिस गर्ने प्रचलित कानुनको हदम्यादसम्म सम्बन्धित प्रहरी कार्यालयले सुरक्षित राख्नु पर्दछ । म्याद समाप्त भएपछि नगदी वा जिन्सी लिलाम गरी बैंक दाखिला गर्ने र चिज वस्तु हातहतियार खरखजाना भए प्रचलित कानुनबमोजिम हातहतियारको अनुमतिपत्र जारी गर्ने कार्यालयमा बुझाउनु पर्दछ ।

सरकारी वकिलले मुद्दा नचल्ने निर्णय गरी फिर्ता पठाएको मिसिल तथा दसीप्रमाणका चिज वा वस्तु सम्बन्धित मुद्दामा नालिस गर्ने प्रचलित कानुनको हदम्यादसम्म सम्बन्धित कार्यालयले सुरक्षित राख्नु पर्नेछ र सो म्याद समाप्त भएपछि नगदी वा जिन्सी सामान भएमा त्यसलाई लिलाम गरी बैंक दाखिला गर्नुपर्ने र त्यस्ता चिज वा वस्तु हातहतियार वा खरखजाना भए प्रचलित कानुनबमोजिम हातहतियारको अनुमतिपत्र जारी गर्ने कार्यालयमा बुझाउनु पर्नेछ । *स.मु.स. नियमावली २०५५ को नियम २१*

**(ख) जाहेरवालालाई सूचना दिने**

कुनै अपराधको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि सम्बन्धित प्रहरी कर्मचारीमार्फत् त्यसको सूचना जाहेरवालालाई दिनु पर्दछ ।

कुनै अपराधको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि सम्बन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनुपर्नेछ । *स.मु.स. ऐन २०४९ को दफा २०*

## खण्ड (ग)

# अदालतमा मुद्दा दर्ता भए पछिको कार्यविधि

### (क) दर्ता र दरपिठ

अदालतमा दायरीका लागि ल्याइएको अभियोगपत्र रितपूर्वकको छ वा छैन हेरी जाँची रितपूर्वकको देखिन आएमा दर्ता गर्नुपर्छ। अभियुक्त सहित अभियोगपत्र दायर गर्न ल्याएको भएमा स्रेस्तेदारले अभियोगपत्र दर्ता गरी बयान कार्यका लागि तुरुन्त सम्बन्धित इजलासमा पेस गर्नुपर्छ।

अदालतमा दायर गर्न ल्याएको अभियोगपत्र कानुनको रित विधि नपुगेको अथवा ढाँचा नमिलेको देखिएमा बेरित भएको कारण प्रष्ट खुलाई दरपिठ गरी दिनु पर्दछ। समान्यतः निम्न अवस्थाको अभियोगपत्र दायर गर्न ल्याएमा दर्ता नगरी दरपिठ गरी फिर्ता दिनु पर्दछ र सोको एक प्रति अदालतमा राख्नु पर्दछः

१. हदम्यादभित्र पर्न नआएको

२. मुद्दा हेर्ने अधिकारक्षेत्र सो अदालतमा नरहेको

३. अभियोगपत्र दायर गर्ने निकाय वा अधिकारीको सो मुद्दा दायर गर्ने हकदैया नभएको

४. अनुसन्धान तहकिकात गर्नु पूर्व अनुमति आदेश प्राप्त गर्नु पर्नेमा सो बमोजिम अनुमति प्राप्त नगरेको

*द्रष्टव्यः जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ५(२) बमोजिम अनुसन्धान तहहिकात गर्न अदालतको आदेश लिनु पर्दछ।*

५. अभियोग दाबी प्रष्ट नखुलाइएको

६. संकलित सबुद प्रमाण एवं दसीका सामान संलग्न नगरिएको

७. कानुनले तोकेको ढाँचा एवं रितपूर्वक नभएको।

### (ख) पुनः अर्को अभियोगपत्र दायर गर्न सकिने

- श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा अदालतमा फिरादपत्र, प्रतिउत्तर वा बयान एकपटक दिइसके पछि अरू पनि अभियुक्त छन् भनी उसै मानिसले पछि थप्न वा लेखिदिन पाइदैन। तर अभियोगपत्र दायर भएकोमा भने पछि भेटिएको सबुद प्रमाणबाट अन्य मानिसहरू पनि सो अपराधमा संलग्न रहेको पाइएमा अरू अभियुक्तको नाम थप्नको लागि सरकारी वकिलले पूरक अभियोगको रूपमा पुनः पेस गर्न सक्दछ।

श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा फिरादपत्र प्रतिउत्तरपत्र वा बयान सो मुद्दा हेर्ने अड्डामा एकपटक दिइसकेपछि अरू पनि अभियुक्त हुन् वा छन् भनी उसै मानिसले पछि थपी लेखिदिएको सदर हुँदैन। प्रहरी प्रतिवेदनको हकमा भने यो बन्देज रहने छैन। *मुलुकी ऐन (अ.बं. ८८ नं.)*

एकपटक अभियोगपत्र दायर भइसकेपछि पुनः सोही विषयमा उही प्रतिवादीहरू उपर त्यसै कसुरमा अर्को अभियोग लगाई अभियोगपत्र दायर गर्न पाउने कानुनी व्यवस्था छैन। तर एकपटक अभियोगपत्र दायर भइसकेपछि संकलित थप सबुद प्रमाणहरूबाट अरू पनि अभियुक्त देखिन आएमा त्यस अभियुक्त उपर सजायको माग गरी पुनः अर्को अभियोगपत्र अ.बं. ८८ नं. बमोजिम दायर गर्न सकिन्छ। *श्री ५ को सरकार विरुद्ध जनक नारायण समेत ने.का.प. २०४४, पृ. ४९२,*

(*निमराज वि. श्री ५ को सरकार ने.का.प. २०४३ पृ. २०९)*

## (ग) अदालतको अनुमतिले दायर हुने

मुद्दाको विषय वा प्रकृतिबाट श्री ५ को सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको मुद्दा श्री ५ को सरकारले वा अदालतको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भई फिरादपत्र दायर गर्न सक्दछ।

प्रचलित कानुनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा श्री ५ को सरकारलाई वादी कायम गरी मुद्दाको कारवाही गरिनेछ। सो बाहेक मुद्दाका विषय वा प्रकृतिबाट श्री ५ को सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको मुद्दा श्री ५ को सरकारले वा अड्डाको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भै चलाउन सक्नेछ। अनुमतिका लागि निवेदन दिंदा फिरादपत्र साथै दिइनु पर्छ। त्यसरी फिरादपत्र साथै अनुमतिको निवेदन परेमा उसै दिन अनुमतिको निवेदनमा निर्णय गरी दिनुपर्छ। अनुमति नदिएमा पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ। *अ.ब. १० नं*

## (घ) अदालतमा मुद्दा दायर भए पछि प्रहरी कर्मचारीले पालना गर्नुपर्ने कर्तव्यहरू

- अदालतमा पेस भएका मुद्दाहरूको स्थिति बुझी प्रहरीद्वारा गरिनु पर्ने कार्यको लागि नियमित सम्पर्क र समन्वय कायम राख्ने।
- मुलुकी ऐन अ.बं. ११० नं. बमोजिम अदालतबाट जारी गरिएको समाह्वान इतलायनामा वा म्यादी पुर्जी कानुनको रित पुऱ्याई तामेल गर्ने।
- मुद्दासँग सम्बन्धित थप प्रमाणहरू संकलन गरी/गराई पेस गर्ने।
- फरार भई अदालतबाट वारेन्ट जारी भएका व्यक्तिहरूको खोजतलास तथा पक्राउ गरी अदालत समक्ष पेस गर्ने।
- पुर्पक्षका लागि कारागारमा रहेका थुनुवाहरूलाई मुद्दाको पेसीमा अदालत समक्ष उपस्थित गराउने।
- स.मु.स. नियमावली २०५५ को नियम १५ बमोजिम साक्षी, गवाह, प्रमाण अदालत समक्ष उपस्थित गर्ने गराउने, प्रमाण पेस गर्ने चिजवस्तु व्यक्ति उपस्थित वा दाखिला गराउने।
- मुद्दा दायर भए पश्चात् सो बारे संकलन हुन आएका थप सबुद प्रमाण वा वारेन्ट जारी भएका फरारी व्यक्ति पक्राउ भएमा अदालत समक्ष पेस गर्ने।
- स.मु.स. नियमावली २०५५ को नियम १५ (३) मा व्यवस्था भए बमोजिम साक्षी गवाहलाई झिकाउँदा निजहरूले पाउने सुविधा दिने दिलाउने।

## (ङ) अदालतमा मुद्दा दायर भएपछि सरकारी वकिलले पालना गर्नुपर्ने कर्तव्य र दायित्वहरू (वहस, पैरवी, प्रतिरक्षा र साक्षी परीक्षण)

*अभियोजनमा स्वच्छ न्यायको प्रक्रियालाई आत्मसात् गर्न सकिएको छ भने पुर्पक्ष स्वच्छ रहने आधार तयार हुन्छ।*

सरकारी वकिलले स्वच्छ न्याय सम्पादनमा महत्वपूर्ण भूमिका खेल्नुपर्छ। मूलतः आफ्नो जिम्मेवारी वहन गर्दा व्यक्तिका संविधान वा कानुनद्वारा प्रत्याभूत अधिकारहरू प्रति संवेदनशील भई संरक्षण गर्नु पर्दछ। त्यसो गर्दा फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरू एवं संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा पारित अभियोजनकर्ताहरूको भूमिका सम्बन्धी दस्तावेजमा उल्लेखित सिद्धान्तहरूलाई सदा आत्मसात् गर्नुपर्दछ।

१. अदालतमा मुद्दा दायर गर्दा थुनछेकको प्रयोजनको लागि ठीक समयमा उपस्थित भई आफ्नो बहस जिकिर प्रस्तुत गर्नु पर्दछ।

(१) अनुसूची १ वा २ मा लेखिएको मुद्दा र श्री ५ को सरकार वादी हुने भनी कुनै कानुनमा लेखिएको मुद्दामा सरकारी वकिलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ। सो बाहेक श्री ५ को सरकारलाई विपक्षी बनाएको वा श्री ५ को सरकारले वादी भई चलाएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकिलले बहस पैरवी वा प्रतिरक्षा गरिदिन सक्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि श्री ५ को सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले महान्यायाधिवक्तालाई सोझै अनुरोध गरी पठाएमा त्यस्तो मुद्दामा महान्यायाधिवक्ताले सरकारी वकिललाई बहस पैरवी वा प्रतिरक्षाको लागि खटाउन सक्नेछ।

*स.मु.स. ऐन, २०४९ को दफा ३३*

२. कुनै साक्षीहरू विदेश जाने वा पछि उपस्थित हुन नसक्ने भए मुद्दा दायर हुँदाकै अवस्थामा त्यस्ता साक्षीहरूको बकपत्र गर्न अदालतलाई अनुरोध गरी बकपत्र गराउनु पर्दछ।

अदालतले सरकारी पक्षको गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्ने र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकिलमार्फत् त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ। अदालतले प्रमाण बुझ्न मुकरर गरेको समयसम्ममा विदेश गई सक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ। *स.मु.स. नियमावलीको नियम १५(१)*

३) अदालतमा बहस पैरवी गर्दा बेन्च, प्रतिपक्षी कानुन व्यवसायी प्रति उत्तिकै आदर र सद्भाव कायम राख्नु पर्दछ।

४) अदालतले खोजेका साक्षीहरू ठीक समयमा अनिवार्य रूपमा उपस्थित गराउन अनुसन्धान अधिकृत एवं प्रहरीसँग समन्वय कायम गरी उपस्थित गराउनु पर्दछ।

(१) अनुसूची १ वा २ मा लेखिएका मुद्दा तथा श्री ५ को सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दामा साक्षी बकाउने तथा प्रमाण पेस गर्ने काम सरकारी वकिलले गर्नेछ। *स.मु.स. ऐनको दफा ३०(१)*

साक्षी प्रमाणहरू अदालतले खोजेको दिन सरकारी खर्चमा सरकारी वकिल मार्फत् उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ। *स.मु.स. ऐनको दफा ३०(२)*

(५) अदालतले खोजेका दिन साक्षी उपस्थित गराउन नसकिने भए के कति कारणले साक्षी उपस्थित गराउन नसकिएको हो सो को आधार र कारण खोली पुनः अर्को दिन उपस्थित गराउन अदालतसँग अनुरोध गर्नु पर्दछ।

अदालतको आदेशबमोजिम प्रहरीले सरकारी पक्षको साक्षी, गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिब माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी भद्रभलादमीहरूको रोहबरमा अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकिल कार्यालयमा पेस गर्नुपर्नेछ। सरकारी वकिलले उक्त मुचुल्का समेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्नेछ। *स.मु.स. नियमावली, २०५५ को नियम १५(२)*

(६) साक्षीको बकपत्र गर्दा सरकारी वकिल आफैं उपस्थित भई बकपत्र गराउनु पर्दछ। साक्षीको जिरह गर्दा अनावश्यक झिझ्याउट लाग्ने गरी जिरह गर्नु हुँदैन। वादी पक्षका साक्षीलाई प्रतिपक्षी कानुन व्यवसायीले अनावश्यक रूपले प्रश्न सोधेमा आपत्ति जनाई इजलासको ध्यानाकर्षण गराउनु पर्दछ।

(७) बरामदी, खानतलासी गर्दा मुचुल्कामा रहेका साक्षीलाई अदालतले खोजी गरेका दिन उपस्थित गराउनु पर्दछ।

(८) बिना आधार र कारण मुद्दाको पेसी हटाउने कार्य गर्नुहुँदैन।

(९) श्री ५ को सरकार पक्ष वा विपक्ष भएको वा श्री ५ को सरकारको कर्मचारी पक्ष वा विपक्ष भएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा आवश्यक बहस पैरवी एवं प्रतिरक्षा गर्नुपर्दछ।

(१०) बहस पैरवी प्रतिरक्षाका लागि प्राप्त मुद्दाहरूको आवश्यक कागजात पेसी अगाडि नै लिई दुरूस्त राख्नुपर्दछ।

(११) बहस पैरवी गर्दा तथ्यगत कुरालाई शिष्ट र सभ्य भाषामा स्पष्टसँग राख्नुपर्दछ ।

(१२) सरकारी वकिलले बहस गर्दा कुनै मुद्दामा महान्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने सो को अधीनमा रही व्यावसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार बहस गर्नुपर्दछ ।

(१३) बहस गर्दा कानुन र प्रमाणलाई तार्किक तादात्म्यता कायम गर्दै सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नुपर्दछ । बहस गर्दा तथ्यको पुनरावृत्ति नगर्ने, आवेग वा भावनामा बहकिएर बहस नगर्ने, विवादको निरूपण गर्न सम्बद्ध हुने तथ्य र कानुनलाई मात्र बहसमा जोड दिने गर्नुपर्छ ।

(१४) अदालतमा दायर भएका मुद्दामा अन्य सबुदप्रमाण मुद्दा दायर भए पछि प्राप्त भएमा अदालतमा प्रस्तुत गनुपर्दछ ।

(स.मु.स.) ऐन बमोजिम दायर भएको मुद्दा सम्बन्धमा प्रहरी वा अरू कसैले सबुदप्रमाण लायक कुनै माल, वस्तु वा लिखत फेला पारेमा सम्बन्धित सरकारी वकिल कार्यालयमा दाखिला गर्नुपर्नेछ र सो कार्यालयले पनि त्यस्तो माल, वस्तु वा लिखतलाई अदालतमा तुरुन्त पेस गर्नुपर्नेछ । *स.मु.स. नियमावलीको नियम १४*

## खण्ड (घ)

# वारेन्ट, म्यादी पुर्जी, समाह्वान जारी र तामेली सम्बन्धी कार्यविधि

**(क) वारेन्ट र म्यादी पुर्जी जारी हुने मुद्दा**

मुलुकी ऐन अ.बं. ९४ नं. मा व्यवस्था भएअनुसार निम्नलिखित फौजदारी मुद्दामा अभियुक्तलाई गिरफ्तार गर्न हुलिया समेत खुलाई अभियुक्त रहेबसेको इलाकाको प्रहरी कार्यालय वा प्रहरी कर्मचारीका नाममा अ.बं. ९८ नं. को नमुना बमोजिमको वारेन्ट २ प्रति र सात दिनसम्म खोजतलास गर्दा पनि अभियुक्त गिरफ्तार हुन नसके तामेल गर्न अ.बं. ९९ नं. को नमुना बमोजिमको सत्तरी दिने म्यादी पुर्जी जारी गरी पठाउनु पर्दछ। यसरी पठाएको ७ दिनको म्याद नाघेपछि उक्त म्यादी पुर्जी जारी भएको ब्यहोरा अदालतको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्रपत्रिकामा समेत प्रकाशित गर्नु पर्दछ।

*मु.ऐन (अ.बं. ९४)*

१) राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा

२) कैदको सजाय हुने राजकाज सम्बन्धी मुद्दा

३) कर्तव्य ज्यान

४) ज्यान मार्ने उद्योग

५) डाँका

६) गोबध

७) स्वदेशी वा विदेशी मुद्रा खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा गर्न उद्योग गरेको मुद्दा

८) जबर्जस्ती करणीको महल अन्तर्गत सजाय हुने मुद्दा

९) जिउ मास्नेबेच्ने सम्बन्धी मुद्दा

१०) लागू औषधी सम्बन्धी मुद्दा

११) राष्ट्र सेवकले नगद वा जिन्सी मसौट गरेको मुद्दा

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ ले राष्ट्रसेवकले आफ्नो जिम्माको सम्पत्ति लापरवाही वा बदनियत वा जालसाजी गरी हिनामिना हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा त्यस्तो कार्यलाई भ्रष्टाचारको संज्ञा दिएकाले भ्रष्टाचार गर्ने तरिकाहरू मध्ये राष्ट्रसेवकले आफ्नो जिम्माको नगदी जिन्सी मास्नुलाई पनि समावेश गरेकाले वारन्ट जारी हुने मुद्दाको सूचीमा राष्ट्रसेवकले आफ्नो जिम्माको नगदी जिन्सी मसौट गरेको विषयलाई भ्र.नि.ऐन, २०१७ को परिधिभित्र पारेपछि अ.बं.९४ नं. को उपर्युक्त उल्लिखित अंशलाई प्रभावित गरेको भन्नु पर्ने। यस्तो अवस्थामा अ.बं. ९४ नं. बमोजिम ७० दिने म्याद जारी नहुने व्यवस्था गरेको छ।

*भरतबहादुर खड्का वि.सप्तरी जि.अ.समेत, २०५६ सालको पू.इ.नं.१०१, निर्णय मिति २०५६।९।२९, पूर्ण इजलास*

१२) सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दा

### (ख) वारेन्ट र म्यादी पुर्जीमा उल्लेख गर्नु पर्ने कुराहरू

अ.बं ९८ नं. अनुसारको ढाँचामा जारी भएको वारेन्टमा वारेन्ट बदर नभएसम्म अभियुक्तलाई तदारुकताका साथ खोज तलास गर्दै फेला परेमा पक्री पठाउने, बाटोको म्याद बाहेक ७ दिनसम्ममा नपक्रिए आठौं दिन म्यादी पुर्जी तामेल गर्ने र म्यादी पुर्जी तामेल भएपछि पनि पक्रन तदारुकता साथ खोज तलास गर्दै रहने ब्यहोरा उल्लेख भएको हुनु पर्दछ। त्यसै गरी म्यादी पुर्जीमा बाटाका म्याद वाहेक ७ दिनभित्र आफैं हाजिर हुन नआएमा वा वारेन्ट बमोजिम पक्राउ परी हाजिर हुन नआई फरार रहेमा निजको अंश रोक्का गरिनुको अतिरिक्त ६ वर्षसम्ममा पनि पक्राउ परी वा आफैं हाजिर हुन नआए रोक्का भएको अंश समेतका हकमा ऐन बमोजिम हुने ब्यहोरा उल्लेख गरिनु पर्ने व्यवस्था अ.बं. ९९ नं. ले गरेको छ। *अ.बं. ९८ र ९९*

### (ग) वारेन्ट र म्यादी पुर्जीको तामेली

वारेन्ट र म्यादी पुर्जीको तामेली गर्ने कर्तव्य प्रहरीको हुन्छ। अ.बं. ९४ नं. ले गरेको व्यवस्थाअनुसार अदालतबाट वारेन्ट प्राप्त भएपछि प्रहरी कार्यालयले सो वारेन्ट बदर वा तामेल नभएसम्म तदारुकताका साथ अभियुक्तलाई खोजतलास गरी पक्राउ गरी बाटाका म्याद बाहेक २४ घण्टाभित्र वारेन्ट जारी गर्ने अदालतमा दाखिल गराउनु पर्दछ। अभियुक्त अन्य इलाकामा गई बसेको पत्ता लागेमा प्रहरी कार्यालयले सोही इलाकाको प्रहरी कार्यालयमा पठाइदिनु पर्दछ र सोही कार्यालयले तामेल गर्नु पर्दछ।

मुद्दा हेर्ने अड्डाले राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा, कैदको सजाय हुने राजकाज सम्बन्धी मुद्दा, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, डाँका, गोबध, स्वदेशी वा विदेशी मुद्रा, खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा गर्न उद्योग गरेको मुद्दा, जबर्जस्ती करणीको महल अन्तर्गत सजाय हुने मुद्दा, जिउ मास्ने बेच्नेको वा सो सम्बन्धी मुद्दा लागू औषध सम्बन्धी मुद्दा, राष्ट्र सेवकले नगद वा जिन्सी मसौट गरेको मुद्दा, सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दामा अभियुक्तलाई गिरफ्तार गर्न सकेसम्मको हुलिया समेत खुलाई अभियुक्त रहे बसेको इलाकाको प्रहरी कार्यालय वा प्रहरी कर्मचारीका नाउँमा यसै महलको ९८ नं. को नमुनाबमोजिमको वारेन्ट दुई प्रति र सात दिनसम्म तदारुकताकासाथ खोजतलास गर्दा पनि अभियुक्त गिरफ्तार हुन नसके तामेल गर्न यसै महलको ९९ नम्बर बमोजिम सत्तरी दिने म्याद पूर्जी समेत लेखी पठाई सो सात दिनको म्याद नाघेपछि उक्त म्यादी पूर्जी जारी भएको ब्यहोरा अड्डाको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्र पत्रिकामा समेत प्रकाशित गर्नुपर्छ। *अ.बं. ९४* प्रहरी कार्यालय वा कर्मचारीले पनि वारेन्ट पाएपछि सो बदर वा तामेल नभएसम्म तदारूकताकासाथ अभियुक्तलाई खोजतलास गरी पक्री बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र वारेन्ट जारी गर्ने अड्डामा दाखिल गराउनु पर्छ। अभियुक्त अन्य इलाकामा गई बसेको पत्ता लागे त्यस्तो प्रहरी कार्यालय वा कर्मचारीले आफ्नो नाउँको वारेन्ट अभियुक्त गई बसेको इलाकाको प्रहरी कार्यालय वा कर्मचारीको नाममा पठाई वारेन्ट जारी गर्ने अड्डालाई सूचना गर्नुपर्छ। त्यसरी आएकोमा प्रहरी कार्यालय वा कर्मचारीले आफ्नो नाउँमा आदेश भए सरह तामेल गर्नु गराउनु पर्छ। सो बाहेक फौजदारी मुद्दामा समाह्वान र देवानी मुद्दामा इतलायनामा बाटाको म्याद बाहेक तीस दिनको म्याद दिई जारी गर्नुपर्छ र सो समाह्वान इतलायनामा यसै महलको १०४ नं. को नमूना बमोजिम हुनुपर्छ।

### (घ) वारेन्ट एवम् म्यादी पुर्जी जारी भएकोमा अभियुक्त हाजिर नभएमा पूरा गर्नु पर्ने कार्यविधि

- म्यादी पुर्जीको म्यादसम्ममा पनि अभियुक्त अदालतमा हाजिर नभई म्याद गुजारी फरार रहेमा निजको अंश रोक्का गरिनु पर्दछ र निजको हकमा मुद्दा मुल्तबी रहन्छ।
- अंश रोक्का भएको ६ वर्षसम्म पनि पक्राउ परी वा आफैं हाजिर हुन नआए मुल्तबी रहेको मुद्दा जगाई कारवाही गर्नु पर्दछ।
- अंश रोक्का भएको ६ वर्षसम्ममा अभियुक्त हाजिर भएमा मुद्दा फैसला हुँदा सो मानिसलाई सजाय हुने ठहरे लिनु पर्ने लिई बाँकी रहेकोमा बाँकी र केही नलाग्नेमा सबै फुकुवा गरिदिनु पर्दछ। सो फुकुवा गर्दा चल सम्पत्ति लिलाम बिक्री भइसकेकोमा लिलाम बिक्री भई आम्दानी बाँधिए जति रूपैयाँ र लिलाम भई नसकेकोमा रोक्का भएको सबै सम्पत्ति फिर्ता फुकुवा गरिदिनु पर्दछ।

म्यादी पूर्जीका म्यादसम्ममा पनि हाजिर नहुँदा ऐन बमोजिम अंश रोक्का भएकोमा सो मानिस अंश रोक्का भएको छ वर्षसम्ममा हाजिर भयो भने मुद्दा फैसला हुँदा सो मानिसलाई सजाय हुने ठहरे जो लिनुपर्ने लिई बाँकी रहेकोमा बाँकी र केही नलाग्नेमा सबै फुकुवा गरी दिनुपर्छ। सो फुकुवा गर्दा चल सम्पत्ति लिलाम बिक्री भैसकेकोमा लिलाम बिक्री भै आम्दानी बाँधिए जति रूपैयाँ र लिलाम भै नसकेकोमा रोक्का भएको सबै फिर्ता दिनुपर्छ। *अ.बं. ९६ नं.*

वारेन्ट जारी हुने मुद्दाका अभियुक्तमध्ये मुद्दा हेर्ने अड्डामा प्रतिवादी वा बयान दिइसकेको अभियुक्तको वा एक फेरा सो अड्डामा हाजिर भई भागेकोमा प्रतिवादी वा बयान नदिएको भएपनि त्यस्तो अभियुक्तको हकमा जो बुझ्नुपर्ने बुझी ठहरेमाफिक फैसला गरिदिनुपर्छ। अड्डामा हाजिर नभएको अभियुक्तको हकमा भने भएसम्मको साक्षी प्रमाण सरजमिन बुझी राखी वारेन्ट जारी भएको छ महिनासम्म पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखतमा मुद्दा खडा गरी बुझी कानुन बमोजिम गर्ने भनी मुल्तबी राखी सो मुल्तबी रहेका मुद्दाका अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि सो अभियुक्तको अंश रोक्का भएको छ वर्ष पुगेपछि मुद्दा खडा गरी बुझेसम्मका प्रमाणबाट ठहरे बमोजिम फैसला गरिदिनुपर्छ। *अ.बं. १९० नं.*

**(ङ) समाह्वान जारी गर्ने प्रक्रिया**

वारेन्ट र म्यादी पुर्जी जारी हुने मुद्दा बाहेक अरू फौजदारी मुद्दामा समाह्वान जारी गर्नु पर्दछ। समाह्वानको ढाँचा र म्यादको अवधि विभिन्न ऐनबमोजिम फरक फरक रहेको छ :-

- अभियोगपत्र दायर हुने मुद्दामा अ.बं. १०४ नं. बमोजिमको ढाँचामा ३० दिनको म्याद दिई जारी गर्नु पर्दछ।
- अभियोगपत्र दायर हुने ठाडो बुझिएका बाहेक अन्य मुद्दामा अ.बं. १०२ बमोजिमको ढाँचामा ३० दिनको म्याद दिई जारी गर्नु पर्दछ। *अ.बं. ९४ नं.*
- संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दामा सोही ऐनको दफा ६(१) अनुसार अनुसूची (३) को ढाँचामा ७ दिनको म्याद दिई जारी गर्नु पर्दछ।
- विशेष अदालत ऐन, २०२१ अन्तर्गतको मुद्दामा सोही ऐनको दफा ९ अनुसार प्रतिवादी विदेशमा रहेको भए तीस दिनसम्मको र नेपाल अधिराज्यभित्र रहेको भए दश दिनसम्मको म्याद दिई जारी गर्नु पर्दछ।

**(च) म्याद तामेल गर्ने प्रक्रिया**

अ.बं. ११० नं. मा म्याद तामेली प्रक्रिया उल्लेख गरिएको छ। जस अनुसार :

- म्याद जारी गर्दा सो तामेल गर्नुपर्ने म्यादको तीन प्रति तयार गरी पठाउनुपर्दछ।
- म्याद जारी गर्दा सो तामेल गर्नुपर्ने म्यादको तीनप्रति जारी गरी पठाउनु पर्छ।
- म्याद तामेल गर्ने कर्मचारीले सम्बन्धित व्यक्ति चिने जहाँ फेला परे पनि म्याद बुझाउन हुन्छ। *(अ.बं. ११०)*
- सम्बन्धित व्यक्ति फेला नपरेमा वा नचिनेमा निजको ठेगानामा गई घर डेरा पत्ता लगाई मानिस चिनी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा सचिव र अरू स्थानीय भलादमी दुईजना रोहबरमा राखी एक प्रति म्यादमा तामेल गरेको मिति उल्लेख गरी सम्बन्धित व्यक्ति फेला परे उसैलाई र निज भेट नभए उमेर पुगेका एकाघरको जहानमा भरसक लोग्ने मानिसलाई नभए स्वास्नीमानिसलाई दिनु पर्दछ।

क. म्याद तामेल गर्दा कम्तिमा एक जना स्थानीय निकायको सदस्यलाई साक्षी राख्नै पर्छ। *ने.का.प. २०३५, पृ.१०४*
*(बुद्धिलाल उपाध्याय वि.नरनाथ पराजुली)*

ख. आफैंले म्याद बुझे पनि स्थानीय निकायको सदस्य साक्षी नराखे म्याद बेरितको हुन्छ। *ने.का.प. २०४४, पृ.२५७*
*(असर्फी खतवे वि.भागवत खतवे)*

ग. म्याद तामेल गर्दा रोहबरमा रहेका स्थानीय प्रतिनिधि र अरू स्थानीय भलाद्मी दुईजना र तामेल गर्ने कर्मचारीले ऐन बमोजिम अड्डामा बुझाउन ल्याउने प्रति म्याद सूचनामा सहिछाप गर्नु गराउनुपर्छ। म्याद तामेली गर्नेले सही नगरेको म्याद बेरितको हुन्छ। *ने.का.प. २०४२, पृ.९५५*

*(राजमान कामी वि.भू.सु.अ.धनुषा समेत)*

- घरमा कोही भेटिएन वा म्याद बुझी लिएनन् भने घर डेराको ढोकामा सबैले देख्ने गरी टाँसी एक प्रति म्यादमा टाँसेको मिति उल्लेख गरी गा.वि.स. वा नगरपालिकाको प्रतिनिधि र स्थानीय भलादमीको सहिछाप समेत गराउनु पर्दछ। यसरी घरदैलामा टाँस भएकोमा एक प्रति म्याद सम्बन्धित गा.वि.स. वा नगरपालिकामा बुझाई तामेली प्रतिको पिठमा जनाई सहिछाप गराइलिनु पर्दछ। *मु.ऐन अ.बं. ११० नं.*
- कुनै कम्पनी, कर्पोरेसन वा अन्य संगठित संस्थाउपर म्याद सूचना तामेल गर्दा सो संस्थाको मुख्य भई काम गर्ने अधिकारी वा अरू कुनै कर्मचारीलाई तामेल गर्नु पर्दछ। *अ. बं. ११० देहाय ३*
- सरकारी कार्यालय वा संगठित संस्थाको नाममा वा त्यस्तो कार्यालय वा संस्थामा काम गर्ने कर्मचारीको नाममा तामेल गर्नु पर्दा रजिष्ट्री गरी हुलाकद्वारा पठाइएकोमा त्यसको प्राप्ति रसिद अड्डामा दाखिल भएपछि त्यस्तो म्याद तामेल भएको मानिन्छ। *अ. बं. ११० देहाय ३क*
- कानुन बमोजिम कुनै पक्षलाई तामेल गर्नुपर्ने म्याद सूचना निजको वारेस वा त्यस कामको लागि अधिकार पाएका कानुन व्यवसायीलाई पनि रित पुऱ्याई तामेल गर्न सकिन्छ। *अ. बं. ११० को देहाय ५*
- घरद्वारको पत्ता नभएको मानिसलाई म्याद सूचना जारी गर्नु पर्दा उसको गाउँ सहर टोल लेखिएको भए सोही ठाउँमा र गाउँ शहर टोल पनि पत्ता नलागेको भए अदालतको नजिक सबैले देख्ने ठाउँमा टाँसिदिनु पर्दछ। *अ. बं. ११२*

***द्रष्टव्य*** *:* यसरी म्याद तामेल गर्दा एकै गाउँ/ठाउँमा एउटै नाम, थर, ठेगाना भएको १ भन्दा बढी व्यक्ति हुन सक्ने भएकोले मुद्दासँग सम्बन्धित व्यक्ति यकिन गरेर मात्र म्याद तामेल गर्नु पर्दछ।

**(छ) तामेली म्याद जाँच्ने**

- अदालतमा दाखिल गरिएको म्याद रितपूर्वक तामेल भएको छ, छैन भनी जाँची रितपूर्वकको देखिए तामेली व्यहोरा फरक पारी ल्याएको भए ठहरे बमोजिम सजाय बुझाँउला भनी तामेल गर्ने कर्मचारीको सहिछाप गराई राख्नु पर्दछ र तामेली म्याद सम्बन्धित मिसिल संलग्न गर्नुपर्दछ। यदि रितपूर्वक म्याद तामेल भएको नदेखिए पुनः म्याद जारी गरी तामेल गराउनु पर्दछ। *अ.बं. ११० नं. को देहाय ४*
- म्याद तामेल गर्न जानेवालाले गाउँ विकास समिति वा नगरपालिकामा बुझाउनु पर्ने नबुझाएमा निजलाई पटकै पिच्छे एक सयसम्म जरिवाना हुनेछ। *अ.बं. ११० नं. को देहाय १*

**(ज) म्याद तामेल गर्दा सहयोग गर्नु पर्ने**

- अदालतबाट म्याद तामेल गरिदा सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य, तालुकदार स्थानीय भलादमी समेतले सम्बन्धित व्यक्तिको घरद्वार देखाइदिने, साक्षी बसिदिने लगायतका सहयोग गर्नुपर्दछ। अन्यथा देहायबमोजिम सजाय समेत हुन्छ।
- साक्षी नबसेमा रू.१०० सम्म जरिवाना
- झुट्टा व्यहोरा लेखाई देखाई दिए वा व्यहोरा झुट्टा पारी तामेल गराएमा वा झुट्टा मुचुल्का गरिदिएमा, सो कुनै काम तामेल गर्न बाधा विरोध गरेमा टाँसेको म्याद कैफियत गरी च्याते उखाडेमा, वारेन्टबमोजिम पक्राउ गर्नु पर्ने मानिसलाई भाग्न उम्कन मद्दत दिएमा, दबाई छपाई राखेमा, पक्राउ गर्न सहयोग नगरेमा, तामेल गर्न जानेले बदनियत गरी काम तामेल नगरेमा त्यस्ता व्यक्तिलाई एक हजार रूपैयाँसम्म जरिवाना वा १५ दिनसम्म कैद वा दुवै सजाय हुनेछ। *अ. बं. १११ नं.*

अड्डाबाट तामेल गर्न पठाएको समाह्वान, इतलायनामा, म्याद, पूर्जी, सूचना तामेल गर्दा वा वारेन्टबमोजिम पक्राउ, खानतलासी वा कब्जा गर्दा वा नक्सा सरजमिन गर्दा समेत सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य, तालुकदार, स्थानीय भलादमी समेतले सम्बन्धित मानिसको घरद्वारा खोजी देखाई चिनाई काम तामेल गर्न आवश्यक सबै सहयोग गरी साक्षी बस्नु पर्नेमा बसी सहिछाप गरिदिनु पर्छ। सो नगर्नेलाई एक सय रूपैयाँसम्म जरिवाना हुन्छ। कसैले झूट्टा व्यहोरा लेखाई देखाई दिए वा ब्यहोरा झूट्टा पारी तामेल गराएमा वा झूट्टा मुचुल्का गरिदिएमा वा सो कुनै काम तामेल गर्न बाधा विरोध गरेमा वा टाँसेको समाह्वान, इतलायनामा, म्याद पूर्जी सूचना कैफियत गरी च्याते उखाडेमा वा वारेन्ट बमोजिम पक्राउ गर्नुपर्ने मानिसलाई भाग्न उम्कन मद्दत दिएमा वा दबाई छपाई राखेमा वा पक्राउ गर्न सहयोग नगरेमा वा तामेल गर्न जानेले बदनियत गरी काम तामेल नगरेमा निजलाई एक हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुबै सजाय हुनेछ।

*मुलुकी ऐन अ.ब. ११९ नं.*

**(झ) बेरितसँग म्याद तामेल भएकोमा प्रतिवाद गर्न पाउने**

म्याद तामेल गर्दा अ.बं. ११० नं. बमोजिम रित नपुऱ्याई तामेल गरेकोले प्रतिवादीले थाहा पाउन नसकी म्याद गुज्री प्रतिवाद गर्न नपाएकोमा सो फैसला भएको ६ महिनाभित्रमा थाहा पाएको ३५ दिनभित्र उजुरी साथ प्रतिउत्तर दिन सकिन्छ। यसरी प्रतिउत्तर आएकोमा मिसिल सामेल रहेको तामेली म्याद हेरी रितपूर्वक तामेल भएको नदेखिए पर्चा खडा गरी प्रतिउत्तर दर्ता गरी मुद्दा फैसला गर्नुपर्दछ। म्याद रितपूर्वक तामेल भएको देखिएमा सोही ब्यहोरा खोली उजुर लाग्न नसक्ने भनी दरपिठ गर्नुपर्दछ।

*अ.बं. २०८ नं.*

(ञ) **संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दामा सोही ऐनको दफा ७ अनुसार अनुसूची** (३) **को ढाँचामा समाह्वान जारी गरी तामेल गर्नु पर्दछ।**

**(ट) विदेशमा रहेको व्यक्तिको नाममा समाह्वान जारी गर्ने**

नेपाल बाहिर बसेका कोही व्यक्तिको नाममा समाह्वान -म्याद) जारी गर्नु पर्दा श्री ५ को सरकारले नियम बनाई व्यवस्था गरेबमोजिम जारी गरी तामेल गर्न पठाउनु पर्ने व्यवस्था अ.बं. ३४ नं. मा छ, तर यस सम्बन्धी नियम नबनेका कारण यो व्यवस्था निष्कृय छ।

**खण्ड (ङ)**

# सपुर्दगी सम्बन्धी कार्यविधि

- कुनै पनि विदेशी राष्ट्रमा अपराध गरी नेपाल अधिराज्यभित्र भागी आएका अभियुक्त वा अपराधीलाई सुपुर्द गर्न वा सजाय गर्नको लागि त्यस्तो विदेशी राष्ट्रले आपनो कूटनैतिक नियोगमार्फत् वा विदेशी राष्ट्रस्थित नेपाली कूटनैतिक नियोगमार्फत् लेखी पठाउन सक्नेछ। यसरी लेखी पठाउन नमिले वा उपयुक्त नदेखिएको अवस्थामा विदेशी राष्ट्रले सोझै श्री ५ को सरकारलाई लेखी पठाउनु पर्दछ।

कुनै विदेशी राष्ट्रमा अपराध गरी नेपाल अधिराज्यभित्र भागी आएका अभियुक्त वा अपराधीलाई सुपुर्द गर्न वा सजाय गर्नको लागि माग गरी लेखी पठाउँदा त्यस्तो विदेशी राष्ट्रले काठमाडौंस्थित आफ्नो कूटनैतिक नियोगमार्फत् श्री ५ को सरकार समक्ष लेखी पठाउन वा त्यस्ता विदेशी राष्ट्रस्थित नेपाली कूटनैतिक नियोगमा लेखी पठाउन सक्नेछ। त्यसरी कूटनैतिक नियोगमार्फत् लेखी पठाउन वा नेपाली कूटनैतिक नियोगमा लेखी पठाउन नमिलेको वा उपयुक्त नदेखिएको अवस्थामा सम्बन्धित विदेशी राष्ट्रले सोझै श्री ५ को सरकार समक्ष लेखी पठाउन पर्नेछ।

*सपुर्दगी ऐन २०४५ दफा ३(१)*

उपदफा ३(१) बमोजिम विदेशी राष्ट्रले अभियुक्त वा अपराधीलाई सुपुर्द गर्न वा सजाय गर्नको लागि माग गरी लेखी पठाउँदा सम्बद्ध सबुदप्रमाण संलग्न गरी अभियुक्त वा अपराधीको नागरिकता, हुलिया र त्यस्तो अभियुक्त वा अपराधी नेपाल अधिराज्यभित्र कुन इलाका वा ठाउँमा आई बसेको छ यथासम्भव सो समेत उल्लेख गरी पठाउनु पर्नेछ।

*सपुर्दगी ऐन २०४५ दफा ३(२)*

- "यस्तो अनुरोध विदेशी राष्ट्रले गरेको अवस्थामा जाँचबुझ गर्न मनासिब देखेमा श्री ५ को सरकारले सो बिषयमा जाँचबुझ गर्न अदालतलाई आदेश दिन सक्नेछ" भन्ने व्यवस्था ऐनको दफा ४ ले गरेको छ। यस विषयमा अन्तर्राष्ट्रिय संगठित अपराध (Transboarder Organized Crime) सँग सम्बन्धित अभियुक्तको आदान प्रदान गर्ने गराउने सम्बन्धमा श्री ५ को सरकारबाट पहल गर्नु पर्ने हुन्छ।

४. **<u>जाँचबुझ गर्न आदेश दिन सक्ने</u>** :

दफा ३ बमोजिम कुनै विदेशी राष्ट्रले कुनै अभियुक्त वा अपराधीलाई सुपुर्द गर्न वा सजाय गर्न माग गरी श्री ५ को सरकार समक्ष लेखी पठाएमा सो विषयमा जाँचबुझ गर्न मनासिव देखेमा श्री ५ को सरकारले त्यसरी जाँचबुझ गर्न अदालतलाई आवश्यक आदेश दिन सक्नेछ।

*सपुर्दगी ऐन २०४५ दफा ४*

- श्री ५ को सरकारले सो विषयमा जाँचबुझ गर्न अदालतलाई आदेश दिएमा अभियुक्त वा अपराधीलाई पक्राउ गर्न अदालतले वारेन्ट जारी गर्नु पर्दछ।

दफा ४ बमोजिम श्री ५ को सरकारको आदेश प्राप्त भएपछि अदालतले त्यस्तो आदेशमा उल्लेखित अभियुक्त वा अपराधीलाई पक्राउ गर्न वारेन्ट जारी गर्नुपर्नेछ।

*सपुर्दगी ऐन २०४५ दफा ५(१)*

- वारेन्ट जारी भएअनुसार पक्राउ हुन नसकेमा १५ दिनभित्र र फेला परेमा फेला परेको ३ दिनभित्र अदालतले श्री ५ को सरकारलाई सो को सूचना दिनु पर्दछ।

उपदफा (५.१) बमोजिम जारी गरिएको वारेन्टबमोजिम अभियुक्त वा अपराधी पक्राउ हुन नसकेमा अदालतले त्यसको सूचना पन्ध्र दिनभित्र श्री ५ को सरकारलाई दिनु पर्नेछ र त्यसरी सूचना गरिसकेपछि अभियुक्त वा अपराधी फेला परेमा फेला परेको तीन दिनभित्र अदालतले सो कुराको सूचना श्री ५ को सरकारलाई दिनुपर्नेछ । *सपुर्दगी ऐन २०४५ दफा ५(२)*

- वारेन्ट जारी भई पक्राउ भई अदालत समक्ष पेस भएपछि अभियुक्तलाई माग गर्ने राष्ट्रले निजका विरूद्ध प्रस्तुत गरेका प्रमाण तथा अभियुक्त वा अपराधीले आपनो बचावमा प्रस्तुत गरेको सम्पूर्ण प्रमाणको छानबिन गर्दा सुपुर्दगी सन्धि वा महासन्धिअनुसार सुपुर्द हुन सक्ने अपराध हो वा होइन, सो अपराध राजनैतिक किसिमको हो होइन भन्ने समेत जाँचबुझ गर्दा सुपुर्द गर्नु पर्ने वा सजाय गर्नु पर्ने पर्याप्त कारण नदेखिएमा त्यस्ता अभियुक्त वा अपराधीलाई अदालतले छाड्न सक्नेछ ।

६. **<u>जाँचबुझ र कारवाही</u>** :

(१) अभियुक्त वा अपराधी पक्राउ भई अदालतसमक्ष पेस भएपछि अदालतले सपुर्दगीको माग वा सजायको माग गर्ने विदेशी राष्ट्रबाट प्राप्त सबुद प्रमाण र अभियुक्त वा अपराधीबाट पेस हुन आएको समेत सबै सबुदप्रमाण संकलन गरी अभियुक्त वा अपराधीले गरेको अपराध सपुर्दगी सन्धि वा महासन्धिबमोजिम सुपुर्द हुनसक्ने अपराध हो होइन र सो अपराध राजनैतिक किसिमको हो होइन भन्ने कुराको जाँचबुझ गर्नुपर्नेछ । *सपुर्दगी ऐन २०४५ दफा ६(१) र (२)*

(२) उपदफा (६.१) बमोजिम जाँचबुझ गर्दा अभियुक्त वा अपराधीलाई सुपुर्द गर्नुपर्ने वा सजाय गर्नु पर्ने पर्याप्त कारण नदेखिएमा अदालतले त्यस्तो अभियुक्त वा अपराधीलाई छोड्न सक्नेछ ।

- तर नेपाली नागरिकले अपराध गरेको हकमा भने श्री ५ को सरकारले निजलाई सुपुर्द नगरी कारवाही चलाउन अदालतलाई आदेश दिन सक्नेछ ।

अदालतले पेस गरेको प्रतिवेदनको आधारमा श्री ५ को सरकारले कुनै अभियुक्त वा अपराधीलाई सुपुर्द गर्न मनासिब देखेमा सपुर्दगीको लागि थुनामा राखी सपुर्दगी गर्ने ठाउँ र सपुर्दगी लिने व्यक्तिको नाम समेत तोकी सुपुर्द गर्ने आदेश जारी गर्नेछ । *सपुर्दगी ऐन २०४५ दफा ८(१)*

तर त्यस्तो अभियुक्त वा अपराधी नेपाली नागरिक भएमा श्री ५ को सरकारले निजलाई सुपुर्द नगरी सजाय सम्बन्धी कारवाही चलाउन अदालतलाई आदेश दिनेछ ।

# खण्ड (च)

## १. बयान र प्रतिवाद सम्बन्धी व्यवस्था

श्री ५ को सरकार वादी भै चलाएको फौजदारी मुद्दामा पक्राउ भई आएका वा आफैं हाजिर हुन आएका प्रतिवादीलाई मुद्दा हेर्ने अड्डाबाट निजउपर लागेको अभियोगको सबै कागज सुनाई मतलब सम्झाई सोधी कसुरमा साबित भए उसै बखत ठाडै बयान लिई र इन्कारमा रहे हाकिमको तजबिजले ठाडै बयान गराउन पर्ने भए ठाडै बयान लिई र आफू पोलिनाको कारण बताई सबुद प्रमाण खोली प्रतिवादी दिन मौका दिन हुने भए प्रतिवादीलाई ऐनबमोजिम गरी राखी सात दिनसम्मको म्याद दिई म्यादभित्र प्रतिवादी दिए प्रतिवादीबाट र म्यादभित्र प्रतिवादी दिन नसके म्याद नाघेकोमा भोलिपल्ट अड्डैबाट सवाल गरी जवाफ लिई सो बमोजिम कारवाई किनारा गर्नुपर्छ । *अ.बं. १२७ नं.*

सरकारवादी फौजदारी मुद्दामा अभियोगपत्र साथ उपस्थित गराइएका वा वारेन्टबमोजिम पक्राउ परी आएका अथवा म्यादी पुर्जी लगायत समाह्वानको म्यादमा हाजिर हुन आएका प्रतिवादीहरूको अदालतले तत्कालै बयान लिनुपर्दछ । आफू पोलिनाको कारण बताई सबुदप्रमाण खोली प्रतिवाद दिन मौका दिन हुने भए प्रतिवादीलाई ऐनबमोजिम गरी राखी सात दिनसम्मको म्याद दिई म्याद भित्र प्रतिवादी दिए लिनुपर्छ । दिईएको म्यादमा प्रतिवादी दिन नसके म्याद नाघेको भोलिपल्ट नै बयान गराउनुपर्छ । यसरी बयान लिंदा देहायबमोजिमको रित पुऱ्याउनु पर्दछः

१. निजउपर लागेको अभियोग र निजका विरूद्ध संकलन गरी प्रस्तुत गरिएका सम्पूर्ण प्रमाणको ब्यहोराको प्रष्ट जानकारी अभियुक्त (प्रतिवादी) लाई दिनु, सुनाउनु पर्छ ।
२. बयान गराउँदा कुनै पनि प्रकारबाट डर, त्रास, भय, अनुचित प्रभाव पर्न नपाउने गरी खुल्ला र स्वतन्त्र वातावरणमा गराउनु पर्छ ।
३. बयान गराउँदा हतकडी लगाउन दिन हुँदैन ।
४. बयान गर्नु पूर्व अभियुक्तले आफ्नो कानुन व्यवसायीसँग सल्लाह गर्ने अवसर उपलब्ध गराईदिनु पर्छ ।
५. बयान लिंदा दोभासेको आवश्यकता पर्ने अवस्था भएमा प्रतिवादीले कारण सहित आपत्ति जनाएको व्यक्तिलाई दोभासेको रूपमा राख्न हुँदैन ।
६. बयान गर्दा गराउँदा अभियुक्त आरोपित कसुर गरेको कुरामा साबित भएको अवस्थामा पनि निजले सो कसुर किन, कहिले, के कारणले, को-को भई गरेको हो ? सो कसुर गर्दा निज आफ्नो विवेक प्रयोग गर्न स्वतन्त्र थियो वा थिएन ? थिएन भने के कारणले थिएन ? भन्नेतर्फ प्रष्ट ब्यहोरा खुलाई लेखाउनु पर्दछ ।
७. बयान गर्दा आरोपित कसुरमा इन्कार रहेमा निज पोलिनुको कारण के हो ? निजको निर्दोषिता प्रमाणित हुने साक्षी, प्रमाण के के छन् ? अभियोजन पक्षबाट प्रस्तुत हुन आएका प्रमाण प्रति निजको भनाइ (Contention) के छ ? सबै ब्यहोरा खुलाउनुपर्छ ।

८. बयान गराउने काम न्यायाधीश आफैले गर्नुपर्छ । तर अ.बं. १४७ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा २४(१)(ख) बमोजिम बयान बकपत्र गराउँदा न्यायाधीश आफैंले प्रश्न गरी अदालतको कुनै कर्मचारीबाट लेखबद्ध गराउन हुन्छ ।

९. न्याय प्रशासन ऐन, २०४८ को दफा २४(२) बमोजिम न्यायाधीशको अनुपस्थितिमा स्रेस्तेदारले बयान गराउन हुन्छ ।

१०. बयान गराउँदा क्रमैसँग छोटकरीमा सवाल गरी सवाल र जवाफ उल्लेख गर्नुपर्छ र बयान कार्य सकिए पछि लेखिएको ब्यहोरा पढी बाची सो बयान गर्ने प्रतिवादीलाई सुनाइदिनु पर्छ । यसरी सुनाउँदा निजले कुनै कुरामा आपत्ति जनाए कैफियत जनाइदिनु पर्छ ।

११. बयान गराउँदा कुनै अभियुक्तले जवाफ नै दिएन वा आफूले दिएको जवाफमा सहिछाप गरेन भने कैफियत लेखी हाकिम (न्यायाधीश) को र ऊ मुनिका सबै भन्दा ठूलो दर्जाको एकजना कर्मचारी (स्रेस्तेदार) को दस्तखत गरी सो कागज स्रेस्ता (मिसिल) मा राख्नु पर्छ । *(अ.बं. १५९ नं.)*

१२. नाबालकको, कुनै किसिमको रोगले होस् ठेगान नभएका वा बौलाएका मानिसको तथा अन्धाअन्धी, बक्क लाटालाटी मानिसको बयान गराउँदा अ.बं. २४ र २५ नं. बमोजिमको रित पुऱ्याई संरक्षक वा हकवाला समेतलाई रोहबरमा साक्षी राखी बयान गराउनु पर्छ ।

१३. प्रतिवादीको पहिलो पटक अदालतमा बयान गराउँदा निजको नाम, थर, वतन, उमेर, पेसा, बाबुको नाम, परिवार संख्या, आर्थिक एवं सामाजिक स्थिति, अगाडि कुनै कसुरमा सजाय पाएनपाएको ब्यहोरा, पीडित पक्षसँग निजको कुनै प्रकारको नातासम्बन्ध भए सो ब्यहोरा तथा निजको हुलिया समेत खुलाउनु पर्छ । उपर्युक्त अनुसार वतन खुलाउँदा निज विदेशी देखिएमा निजको राष्ट्रियता तथा राहदानी एवं प्रवेशाज्ञा (भिसा) नम्बर समेत खुलाउनु पर्छ ।

१४. बयान ब्यहोरा सकिएपछि अन्तमा मिति उल्लेख गर्नुपर्छ ।

१५. बयान कागजको प्रत्येक बन्द बन्दमा र अन्तमा प्रतिवादीको सहिछाप परेको हुनु पर्दछ । साथै बयान कागजको शिरमा, बन्द बन्दमा र पुछारमा समेत बयान लिने न्यायाधीशको समेत सही परेको र अदालतको छाप समेत लगाइएको हुनु पर्दछ ।

१६. बयान गराउँदा अनावश्यक रूपमा झिझ्याउने, व्यक्तिको इज्जत वा प्रतिष्ठामा अनुचित प्रभाव पर्ने गरी प्रश्न सोध्न समेत हुँदैन । मानवोचित व्यवहार र मर्यादा कायम राख्नेतर्फ समुचित ख्याल राख्नु पर्छ । वैयक्तिक गोपनीयता सम्बन्धी प्रश्न सोध्नु पर्ने अवस्थाको मुद्दामा बयान गराउँदा गोपनीयताको हकको ख्याल गरी इजलासमा अन्य व्यक्तिहरूको प्रवेशलाई नियमित गराउनुपर्छ ।

१७. महिलाको बयान लिंदा बेमनासिब ठट्टा मस्करीका हिसाबसँग सोधपुछ गर्नु हुँदैन ।

## २. पुर्पक्ष सम्बन्धी केही मान्यता

नेपाल अधिराज्यको संविधान, २०४७ ले अदालतलाई स्वतन्त्र, न्यायपालिकाको दायित्व निर्वाह गर्ने जिम्मेवारी सुम्पिएको छ । अदालतले अभियोजन (वादी) र अभियुक्त (प्रतिवादी) पक्षलाई समान रूपमा व्यवहार गरी न्याय प्रदान गर्नु पर्दछ । न्यायिक पुर्पक्षको कारवाही पुरा गरी फैसलाको माध्यमबाट अभियुक्त कसुरदार हो वा होइन भन्ने निर्णय गर्नु पर्ने हुन्छ । न्यायिक पुर्पक्षलाई निम्न अवस्थामा विभाजन गर्न सकिन्छ ।

१) अभियोगपत्रको दायरी र अभियुक्तको बयान,
२) थुनछेकको लागि सुनुवाई र आदेश
३) साक्षी परीक्षण (बकपत्र) तथा प्रमाण बुझ्ने कार्य
४) वादी प्रतिवादीको जिकिर सुनुवाई र निर्णय

न्याय सम्पादनको क्रममा अदालतको मुख्य भूमिका पुर्पक्ष र फैसला गर्नु भए तापनि अदालत अनुसन्धानको प्रक्रियाका सम्बन्धमा अनभिज्ञ भने रहँदैन। खासगरी पक्राउ परेको व्यक्ति अन्यायपूर्ण अनुसन्धान तथा यातना वा अमानवीय व्यवहारको सिकार नबनोस् र हिरासतमा रहेका व्यक्तिको संविधानद्वारा प्रत्याभूत गरिएका अधिकारको उल्लंघन नहोस् भन्नका लागि, कानुनले हिरासतमा राख्ने कार्यलाई अदालतको विवेकाधीन विषय बनाएको छ । त्यसैकारण अदालतलाई पक्राउ भएको व्यक्तिको अधिकारको संरक्षक भनिन्छ। यस सम्बन्धमा निम्न व्यवस्थाहरू महत्वपूर्ण रहेका छन् :-

(१) कुनै पनि व्यक्तिलाई २४ घण्टाभन्दा बढी न्यायिक अधिकारीको आदेश बिना थुनामा राखिने छैन ।

(२) विशेष ऐनमा विशेष रूपमा उल्लेख भएकोमा बाहेक सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित मुद्दामा न्यायिक अधिकारीको अनुमतिले थुनुवालाई मुद्दाको अनुसन्धान तहकिकातको लागि २५ दिनसम्म प्रहरी हिरासतमा राख्न सकिनेछ ।

उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भैरहेको देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पच्चिस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ । *स.मु.स. ऐनको दफा १५(४)*

(३) कुनै व्यक्तिलाई प्रहरी हिरासतमा यातना दिइएको भन्ने उजुरी परेमा अदालतले स्वास्थ्य परीक्षणको आदेश दिन सक्नेछ ।

उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ । *स.मु.स. ऐनको दफा १५(३)*

उपर्युक्त ३ वटा व्यवस्थाहरूले अदालतलाई अनुसन्धानकर्ताको अनुसन्धान कार्यको न्यायिक अवलोकन गर्ने अवसर प्रदान गरेको छ । यसबाट अदालतले स्वेच्छाचारी अनुसन्धानमा अंकुश लगाई "स्वच्छ न्याय सम्पादन" को प्रत्याभूति पक्राउको अवस्थादेखि नै प्रदान गर्न सक्दछ ।

१) हिरासतमा राखिएको व्यक्तिको वैयक्तिक स्वतन्त्रता कुण्ठित नहोस् तथा स्वेच्छाचारी थुना वा कारवाहीको सिकार नहोस् भन्ने प्रत्याभूतिको लागि अदालतले म्याद थप गर्दाका अवस्थामा अनुसन्धान प्रक्रियाको मूल्यांकन गर्न र त्यस अवस्थामा कानुनले तोकेका कार्यविधिको पालना नभएमा सो गर्न लगाउने भूमिका निर्वाह गर्न सक्दछ ।

२) हिरासतमा रहेको व्यक्तिमाथि यातना, अमानवीय वा दुर्व्यवहार भएको अवस्थामा अदालतले प्रभावकारी संरक्षणको भूमिका खेल्न सक्दछ ।

१५. तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्य प्रणाली :

(१) यो दफाबमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु हुँदैन ।

(२) अनुसूची-१ मा उल्लिखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ। सो बमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

*स.मु.स. ऐनको दफा १५*

अतः अदालतले अभियोगपत्र दायर हुनु पूर्वका अवस्थामा निम्न प्रक्रियाद्वारा "स्वच्छ न्याय" को मान्यता अनुसार कारवाहीमा स्वच्छता कायम गराउन सक्तछ;

(क) थुनामा राख्नु पर्ने अवस्था भएमा मात्र म्याद थप गर्ने, बिनाकारण र आधार हिरासतको अनुमति प्रदान नगर्ने ।
(ख) सुनुवाइको अधिकार पक्राउ पर्नासाथै सुरु हुने अधिकार भएको हुँदा थुनामा राख्नुपर्ने कारणका सम्बन्धमा चुनौती गर्न पाउने थुनुवाको अधिकारको संरक्षण गर्ने ।
(ग) कानुन व्यवसायीसँग भेटघाट र छलफल गर्न पाउने थुनुवाको अधिकार संविधानद्वारा नै प्रत्याभूत गरेको हुँदा सोको कार्यान्वयन गराउन संवेदनशील रहने ।
(घ) थुनुवा यातना वा दुर्व्यवहारबाट पीडित पारिएको छ भने सो को विरूद्ध संरक्षण प्रदान गर्ने ।

## ३. म्याद थप गर्दा न्यायाधीशद्वारा देखाउनु पर्ने संवेदनशीलता

स्वच्छ न्यायिक कारवाही (fair trial) प्रतिको अधिकारलाई अकुण्ठित रूपमा प्रत्याभूत गर्न न्यायिक अधिकारीहरूले निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्दछ :-

१) गैरकानुनी र स्वेच्छाचारी थुनालाई प्रभावकारी रूपमा नियन्त्रण गर्नु पर्छ । न्यायिक अधिकारीहरूले बिना कारण र आधार थुनाको लागि अनुमति दिनु हुँदैन ।

२) यातना वा दुर्व्यवहारपूर्ण व्यवहारबाट संरक्षण गर्ने र सोका विरूद्धमा सरकारमाथि प्रभावकारी नियन्त्रण कायम गर्ने ।

३) पर्याप्त सुनुवाइको अधिकारको प्रत्याभूतिको लागि अनुसन्धानका परिणाम र कागजातहरूमा थुनुवाको पहुँच स्थापित गर्ने ।

उपर्युक्त दायित्वहरूलाई अदालतले प्रभावकारी ढंगबाट पूरा गर्नुपर्दछ भन्ने सम्बन्धमा निम्न व्यवस्थाहरू क्रियाशील रहेका छन् :-

*नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४*

नेपाल अधिराज्यको न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ ।

मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights, 1948) तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (International Covenant on Civil and Political Rights, 1966) का निम्न धाराहरू मनन् योग्य छन् ।

*Universal Declaration of Human Rights, 10 Dec. 1948*

***Article 8 –*** Everyone has the right to an effective remedy by the component national tribunals for acts violating the fundamental rights granted him by the constitution or by law.
धारा ८ संविधान अथवा कानुनद्वारा प्राप्त मौलिक अधिकार भंग गर्ने कार्यका विरुद्ध प्रत्येक व्यक्तिलाई दक्ष राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार हुनेछ ।

Each State Party to the present Covenant undertakes:

(a) To ensure that any person whose rights or freedoms as herein recognized are violated shall have an effective remedy, notwithstanding that the violation has been committed by persons acting in an official capacity;

(b) To ensure that any person claiming such a remedy shall have his right thereto determined by competent judicial, administrative or legislative authorities, or by any other competent authority provided for by the legal system of the State and to develop the possibilities of judicial remedy;

(c) To ensure that the competent authorities shall enforce such remedies when granted.

धारा २ (३). यस अनुबन्धका प्रत्येक राज्यपक्ष निम्न कुरा गर्न प्रतिज्ञा गर्दछन्:

(क) आधिकारिक क्षमतामा कार्य गर्ने व्यक्तिबाटै उल्लंघन भए तापनि यसभित्र स्वीकृत गरिएका अधिकार एवं स्वतन्त्रता उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउनेछ भनी सुनिश्चित गर्ने;

(ख) यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको अधिकार सक्षम न्यायिक, प्रशासनिक अथवा व्यवस्थापिकात्मक अधिकारीहरू अथवा राज्यका कानुनी प्रणालीले व्यवस्था गरेका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गर्न सुनिश्चित गर्ने तथा न्यायिक उपचारका संभावनाहरू विकसित गर्ने ;

(ग) सक्षम अधिकारीले यस्ता उपचार प्रदान गरिएपछि लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

*International Covenant on Civil and Political Rights, 1966, Article 2(3)*

(1) The independence of the judiciary shall be guaranteed by the State and enshrined in the Constitution or the law of the country. It is the duty of all governmental and other institutions to respect and observe the independence of the judiciary.

(2) The judiciary shall decide matters before them impartially, on the basis of facts and in accordance with the law, without any restrictions, improper influences, inducements, pressures, threats or interferences, direct or indirect, from any quarter or for any reason.

(3) The judiciary shall have jurisdiction over all issues of a judicial nature and shall have exclusive authority to decide whether an issue submitted for its decision is within its competence as defined by law.

(4) There shall not be any inapproprite or unwarranted interference with the judicial process, nor shall judicial decisions by the courts be subject to revision. This principle is without prejudice to judicial review or to mitigation or commutation by competent authorities of sentences imposed by the judiciary, in accordance with the law.

**न्यायालयको स्वतन्त्रता**

(१) न्यायालयको स्वतन्त्रता राज्यद्वारा ग्यारेन्टी गरिनेछ र संविधानमा वा देशको कानुनमा अभिलिखित हुनेछ । न्यायालयको स्वतन्त्रतालाई आदर र पालना गर्नु सम्पूर्ण सरकारी र अन्य संस्थाहरूको कर्तव्य हो ।

(२) कर्ताबाट वा कुनै पनि कारण जस्तो नियन्त्रण, असंगत प्रभावहरू, प्रलोभन, दवाव, धम्की वा प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेप विना न्यायपालिकाले तथ्यहरूका आधारमा र कानुन बमोजिम निष्पक्ष भई आफू सक्षम आएको विषयमा निर्णय गर्नेछन् ।

(३) कानुनी प्रकृतिका सबै विषयहरूमाथि न्यायपालिकाको अधिकारक्षेत्र हुनेछ र कानुनमा परिभाषा गरिए अनुरुप यसको दक्षताभित्र प्रस्तुत विषय पर्छ कि भनी निर्णय गर्ने आफ्नो अधिकार हुनेछ ।

(४) कानुनी प्रक्रियामा कुनै पनि अनुचित वा असंगत हस्तक्षेप हुनेछैन न त न्यायालयद्वारा गरिएका न्यायिक निर्णयहरू संशोधन गरिनेमा पर्नेछन् । यो सिद्धान्त न्यायिक पुनरावलोकनका लागि वा कानुन अनुरुप न्यायपालिकाद्वारा दिइएका दण्डहरूमा दक्ष अधिकारीद्वारा कमी ल्याउने वा घटाउने कार्यका लागि दुराग्रहरहित हुनेछ ।

*Basic Principles on the Independence of the Judiciary*

*Adopted by the Seventh United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders held at Milan from 26 August to 6 September 1985 and endorsed by General Assembly resoulutions 40/32 of 29 November 1985 and 40/146 of 13 December 1985, Article 1, 2, 3, 4*

**खण्ड (छ)**

# थुनछेक सम्बन्धी व्यवस्था

**(क) कानुनी व्यवस्था**

**१) मुलुकी ऐनको व्यवस्था**

देहायका मुद्दाका मानिसलाई देहायमा लेखिएबमोजिम गरी राखी मुद्दा हेर्नुपर्छ :

राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी मुद्दामा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ ........................................................................................................................ १

देहायको कुनै अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अड्डाले अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ ........................................................ २

जन्म कैदको सजाय हुनसक्ने अपराध ........................................................................ १

श्री ५ को सरकार वादी भै चलेको तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अपराध . १

माथि उल्लिखित अपराधको उद्योग, दुरूत्साहन वा आपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अपराध ..............................................................................................१

नेपाल अधिराज्यमा स्थायी बसोवास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ. .............................................. ३

माथि २ र ३ दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त नाबालक वा शारीरिक वा मानसिक रोग लागेको कारणबाट थुनामा राख्नु अनुपयुक्त हुने भनी अड्डाले ठहऱ्याएको व्यक्ति रहेछ भने अड्डाले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ। अपराध हुँदाको परिस्थिति, अभियुक्तको उमेर, निजको शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरणलाई विचार गर्दा कुनै अभियुक्तलाई थुनामा राख्न उपयुक्त नदेखिएमा, जन्म कैदको सजाय हुनसक्ने अपराध गरेको वा सो अपराधको उद्योग, दुरुत्साहन वा आपराधिक षडायन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अभियोग लागेको अभियुक्त बाहेक त्यस्तो अभियुक्तसँग अदालतले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ ..................................................... ४

*मु.ऐन अ.बं.११८ नं.*

माथि २ वा ३ दफाबमोजिम हुनेमा बाहेक तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्त कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अड्डाले निजसँग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नुपर्छ ........................................................................ ........................ ५

पुर्पक्षका लागि थुनामा वा जमानत वा धरौटीमा नरहेको अभियुक्त पछि प्राप्त प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने आधार भएमा मुद्दाको कारवाई जुनसुकै अवस्थामा पुगेको भए पनि अड्डाले माथि दफा २, ३ वा ५ बमोजिम अभियुक्तलाई अवस्थानुसार थुनामा राख्न वा निजसँग धरौट वा जमानत माग्न हुन्छ। सुरुमा अभियुक्तलाई थुनामा नराखेको वा निजसंग धरौट वा जमानत नलिएको कारणले मात्र पछि निजलाई सो बमोजिम थुनामा राख्न वा निजसँग धरौट वा जमानत माग्न अड्डालाई बाधा पारेको मानिने छैन ................................................................... ६

यस नम्बरको दफा २,३,८ वा ९ बमोजिम थुनामा परेको कुनै अभियुक्त पछि प्राप्त प्रमाणबाट कसुरदार होइन भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा मुद्दाको कारवाई जुनसुकै अवस्थामा पुगेको भए पनि अड्डाले निजलाई थुनाबाट छाड्न सक्नेछ ........................................................ ७

यो नम्बर बमोजिम अड्डाले मागेको धरौट वा जमानत नदिने अभियुक्तलाई अड्डाले थुनामा राखी मुद्दाको कारवाई गर्नेछ ........................................................................................ ८

कुनै अभियुक्तसँग लिएको धरौट वा जमानत पछि अपर्याप्त देखिन आएमा अड्डाले निजसँग थप धरौट वा जमानत माग्न र निजले सो बमोजिम थप धरौट वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ ........................................................................................ ....... ९

माथि दफा दफा बमोजिम लिनु पर्ने धरौट वा जमानतको अंक तोक्दा देहायका कुराहरूको विचार गरी तोक्नु पर्नेछ .......................................................

अपराधको प्रकृति ..........................................................................................१

अभियुक्त वा कसुरदारको आर्थिक अवस्था एवं पारिवारिक स्थिति

निजको उमेर र पहिले कुनै अपराधको कसुरदार ठहरी सजाय पाएको छ वा छैन भन्ने कुरा .....

ब्यहोर्नुपर्ने क्षतिपूर्ति ....................................................

माथि दफा दफा बमोजिम कुनै व्यक्तिसँग मागिएको धरौट वा जमानत चर्को वा अपर्याप्त भयो भन्ने कुनै मनासिब कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा पुनरावेदन सुन्ने अड्डाले धरौट वा जमानतको अंक घटाउन वा बढाउन सक्नेछ ............... ११

यस महलमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई कुनै हालतमा पनि निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन । *मु.ऐन अ.बं. ११९ नं.*

पुर्पक्षको निमित्त थुनामा रहेको व्यक्तिलाई मुद्दा फैसला हुँदा लाग्ने ठहरिएको जरिवाना वा कैदको सजायको अंकमा निज थुनिएको दिन मिनाहा दिई बाँकी मात्र असुल गरिने वा कैद गरिनेछ । *मु.ऐन अ.बं. १२० नं.*

मुद्दाको सम्बन्धमा जुनसुकै ब्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानुनको यो नम्बर दफाअनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिने व्यक्तिलाई कारण खोली पुर्जी नदिई थुनामा राख्नु हुँदैन । सम्बन्धित पक्षको निवेदन नपरे पनि पुनरावेदन सुन्ने अड्डाले थुना गैरकानुनी वा बेरित हो वा होइन भनी जाँचबुझ गर्न र गैरकानुनी वा बेरित देखिएमा कानुन बमोजिम उपयुक्त आदेश दिन सक्नेछ । *मु.ऐन अ.बं. १२१ नं.*

कुनै मुद्दामा कुनै व्यक्ति थुनिएको छ, कुनै व्यक्ति धरौट जमानीमा वा तारेखमा छ वा फरार भई राखेको छ र नथुनिएको व्यक्तिको हकमा कानुन अनुसार अंग पुऱ्याउन समय लाग्ने भई एकै साथ कारवाई गर्दा थुनिएका हकमा निज थुनिएका मितिले कानुनको म्यादभित्र किनारा लगाउन नसकिने देखिएमा अदालतले थुनिएका व्यक्तिको सम्बन्धमा मात्र जो बुझ्नु पर्ने बुझी किनारा लगाउन सक्नेछ । त्यसरी किनारा लगाउन हुनेका हकमा किनारा नलगाई विना कारण थुनामा राख्न हुँदैन । *मु.ऐन अ.बं. १२२ नं.*

यस महलबमोजिम कारवाईको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारेखको मितिले एक वर्षभित्र मुद्दाको किनारा नभएमा त्यस्तो अभियुक्तलाई यसै महलको ११८ नम्बरको दफा २ बमोजिम थुनामा राखिएको भए निजसँग धरौट वा जमानत लिई र सोही नम्बरको दफा ८ वा ९ बमोजिम राखिएको भए धरौट वा जमानत केही नलिई थुनाबाट छोडी मुद्दाको कारवाई गर्नुपर्छ । तर पाँच वर्ष वा सोभन्दा बढी कैद, जन्मकैदको सजाय हुने कुनै अपराधको अभियोग लागेको कुनै अभियुक्तको सम्बन्धमा यो नम्बरको व्यवस्था लागू हुनेछैन र पटके अपराधीलाई अड्डाले मनासिब सम्झेमा थुनामै राखी कारवाई गर्न सक्नेछ । *मु.ऐन अ.बं. १२३ नं.*

अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित हुनुपर्ने व्यक्ति तोकिएबमोजिम उपस्थित नभएमा तत्सम्बन्धमा राखेको धरौट जफत हुनेछ र जमानत दिएको भए यसै महलको १२४क. नम्बर बमोजिम गराइएको कागजअनुसार जमानतको रकम असुल गर्नु पर्छ। तर त्यस्तो व्यक्तिले आफू उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाएमा अड्डाले सो बमोजिम नगर्न पनि सक्नेछ। *मु.ऐन अ.बं. १२४ नं.*

यसै महलको ११८ नम्बर बमोजिम कुनै व्यक्तिसँग धरौट लिंदा अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुने सर्त उल्लेख गरी कागज गराउनुपर्छ.....................................१

यसै महलको ११८ नम्बरबमोजिम जमानत लिंदा जमानतको अंक तोकी सो बमोजिमको सम्पत्ति जमानत लिनुपर्छ। जमानत दिनु पर्ने व्यक्तिले आफ्नै सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा निजको अरू कुनै सम्पत्तिबाट असुल गर्ने सर्त उल्लेख गरी निजको कागज गराउनुपर्छ। निजको लागि अरू कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा जमानी हुने व्यक्तिको अरू कुनै सम्पत्तिबाट असुल गर्ने सर्त गराई जमानी हुने व्यक्तिको कागज गराउनुपर्छ ........................................................................................................................... २ *मु.ऐन अ.बं. १२४क नं.*

धरौट वा जमानत दिनु पर्ने व्यक्ति नाबालक भए माथि दफा १ वा २ बमोजिम गराउनु पर्ने कागज निजको सट्टा निजको संरक्षकबाट गराउनु पर्दछ ........................................................... ३

यो ऐन वा अन्य प्रचलित कानुनबमोजिम अन्यथा हुनेमा बाहेक तहकिकातको सिलसिलामा लिएको धरौट वा जमानत तहकिकात सकिएपछि फिर्ता वा फुकुवा गरी दिनुपर्छ। अड्डाले कुनै मुद्दामा कारवाईका लागि लिएको धरौट वा जमानत सो मुद्दाको निर्णय भएपछि फिर्ता वा फुकुवा गरिदिनुपर्छ। *मु.ऐन अ.बं. १२४ ख. नं.*

अड्डाले कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छाड्दा वा कुनै अभियुक्तसँग धरौट वा जमानत लिंदा कारण सहितको पर्चा खडा गर्नुपर्छ। सो पर्चामा चित्त नबुझ्नेले पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ। त्यस्तो निवेदनमा तीस दिनभित्र निर्णय दिईसक्नुपर्छ। *मु.ऐन अ.बं. १२४ग. नं.*

### २. विशेष अदालत ऐन, २०३१

प्रचलित नेपाल कानुनमा जेसुकै लेखिए पनि अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिब कारण भए सो र सो सम्बन्धमा सरकारी वकिलको समेत कुनै जिकिर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न विशेष अदालतलाई अधिकार हुनेछ। त्यसरी थुनामा राखी पुर्पक्ष गरेकोमा अभियुक्तको चित्त नबुझी निजले विशेष अदालतमार्फत उजुरी दिएमा पुनरावेदन सुन्ने अदालतमा निजको उजुरी र थुनामा राख्ने पर्चा तीन दिनभित्र पठाई सो अदालतबाट भएको आदेशबमोजिम गर्नुपर्छ। *दफा ९(२) को देहाय (५)*

### ३. जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०३१

**थुनामा राखी कारवाई गर्न सकिनेः**

(१) प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसुर सम्बन्धीको मुद्दामा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिब कारण भएमा र सो सम्बन्धमा सरकारी वकिलको समेत कुनै जिकिर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सकिनेछ। *दफा १०*

(२) उपदफा (१) बमोजिम थुनामा राखी पुर्पक्ष गरेकोमा अभियुक्तको चित्त नबुझेमा निजले मुद्दा हेर्ने अधिकारीमार्फत पुनरावेदन सुन्ने अदालतमा उजुरी दिन सक्नेछ। मुद्दा हेर्ने अधिकारीले पनि त्यस्तो उजुरी र थुनामा राख्ने पर्चा तीन दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाई सो अदालतबाट भएको आदेशबमोजिम गर्नुपर्नेछ।

### ४. भ्रष्टाचार निवारण ऐन, २०१७

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत सजाय हुने कसुरमा अभियुक्त इन्कार भए पनि तत्काल प्राप्त प्रमाणबाट निजले त्यस्तो कसुर गरेको देखिएमा वा गरेको हुनसक्छ भनी विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण भएमा उक्त अदालतले अभियुक्तबाट धरौट वा जमानत माग गर्नसक्नेछ। *दफा २७(४)*

### ५. वन ऐन, २०४९

(१) यस ऐन बमोजिम गिरफ्तार गरिएको व्यक्तिलाई एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुनसक्ने वन सम्बन्धी मुद्दाको अभियोगमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिने मनासिब माफिकको आधार देखिएमा त्यस्तो अभियुक्तलाई पुर्पक्षको लागि थुनमा राखी कारवाही गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अरू कसुरदारलाई निजलाई हुनसक्ने कैद वा जरिवानाको उपल्लो हदसम्मको नगद धरौट वा जेथा जमानी दिए तारेखमा र दिन नसकेमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्दछ। *दफा ६४*

तर पटके कसुरदारलाई धरौटीमा छाड्न पाइने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम अभियुक्तलाई थुनामा राखी कारवाही गर्दा थुनामा रहेका दिनहरूलाई कैदमा गणना गर्दा कसुरदारलाई हुनसक्ने सजायको हदभन्दा बढी दिन थुनामा राख्न पाइने छैन।

### ६. बालबालिका सम्बन्धी ऐन, २०४८

**<u>बालक सम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउने</u>** :

(१) यो ऐन वा प्रचलित कानुनबमोजिम बालक सम्बन्धी कुनै मुद्दाको कारवाई चल्दा कानुन व्यवसायी, बालकको बाबु, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हक हित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ। *बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४९*

(२) उपदफा (१) बमोजिमको मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्र पत्रिकामा प्रकाशन गर्न पाइने छैन। यस्तो प्रतिबन्ध सम्वाददाता तथा सम्वाद फोटोप्रतिनिधिको हकमा समेत लागू हुनेछ।

प्रचलित कानुनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसुरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने सर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाइ वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बालसुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिनसक्नेछ। *दफा ५०(१)*

### ७. जासुसी ऐन, २०१८

यस ऐन अन्तर्गत जासुसी कसुरको अभियोग लागेको व्यक्ति मुद्दा हेर्ने अधिकारी समक्ष सावित भयो वा तत्काल प्राप्त सबुद प्रमाणबाट निजले जासुसी कसुर गरेको देखिन आएमा त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिनेछ। *दफा ७*

(ख) **थुनछेक गर्दा विचार गर्नुपर्ने थप केही कुराहरू**

*प्रतिपादित सिद्धान्त*

१. थुनछेकको आदेश गर्दा प्रत्येक अभियुक्तले यो यस्तो अपराधजन्य कार्य गरेको भन्ने कुराको प्रतिव्यक्ति प्रमाण हुनु र खुलाउनुपर्छ, केवल गोस्वारा रूपमा कसुरदार हो भन्ने मनासिब प्रमाण भएको भनी आदेश गर्नु पर्याप्त हुँदैन ।

***(देवनन्दनका हकमा सेवकदास तत्मा विरुद्ध बारा जि.अ.समेत)***

*ने.का.प.२०४९ पृ.६९२*

*प्रतिपादित सिद्धान्त*

२. बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) ले मुद्दा हेर्ने अधिकारीलाई ऐनमा उल्लिखित अवस्थामा बालकलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने लागेमा पुर्पक्षका लागि थुनामा नराख्ने आदेश दिन सक्ने स्वविवेकीय अधिकार दिएकोसम्म देखिन्छ, बाध्यात्मक व्यवस्था देखिदैन ।

*रवीन्द्रको हकमा रूद्र बहादुर विरूद्ध म्याग्दी जिल्ला अदालत समेत ने.का.प.२०५१ पृ.५७६*

३. वारदातको समान, तथ्य र परिस्थिति भएको तथा संलग्नताको स्थिति समेत समान रहेको अवस्थामा सबै प्रतिवादीका हकमा समान प्रकारको थुनछेकको आदेश गर्नुपर्दछ ।

***(कालीप्रसाद समेत विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय सुनसरी समेत)***

*ने.का.प.२०५४ पृ.३७९*

*प्रतिपादित सिद्धान्त*

तर उही मुद्दाका अभियुक्त नभई अन्य मुद्दाका अभियुक्त सम्बन्धमा भएको आदेशको तुलना गरी समान असमान भनी दाँज्नु र आदेश गर्नु तर्कसंगत हुन सक्तैन । उही मुद्दामा समान स्थिति भएका व्यक्तिहरू बीच तुलना गर्नु सान्दर्भिक हुन्छ ।

***(मदनबहादुर विरुद्ध अर्थ मन्त्रालय समेत)***

*ने.का.प.२०५४ पृ.४०८*

४. "नेपाल अधिराज्यमा स्थायी बसोवास नभएको" भन्ने अ.बं. ११८ को देहाय (३) मा उल्लेख भएको वाक्यांशले विदेशीलाई मात्र जनाउँदछ, नेपाली नागरिकलाई होइन ।

५. प्रतिवादी उपर आरोपित कसुर जरिवाना सजाय मात्र हुने प्रकृतिको रहेछ, कैद सजाय हुने रहेनछ भने पनि सो जरिवाना बापत धरौट वा जमानी लिन पर्छ ।

*प्रतिपादित सिद्धान्त*

६. मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं. बमोजिम थुनामा राखी पुर्पक्ष गर्न नमिल्ने मुद्दामा पनि विशेष अदालत ऐन, २०३१ बमोजिमको अधिकार र कार्यविधि अपनाई हेरिने मुद्दामा प्रतिवादीलाई थुनामा राखी कारवाही गर्न मिल्छ ।

***(महेश्वरलालको हकमा भुवनेश्वरलाल विरुद्ध मध्यमश्चिमाञ्चल विशेष अदालतका न्यायाधीश समेत)***

*ने.का.प.२०४४ पृ.११७८*

केही विशेष कानुनले ३ वर्षभन्दा कम कैदको सजाय हुने अभियोग लागेका अभियुक्तलाई पनि पुर्पक्षका लागि थुनामा राख्न सकिने व्यवस्था गरेको छ । विशेष ऐनले गरेको उपर्युक्त अनुसारको व्यवस्था बाहेक अन्य अवस्थाको मुद्दामा ३ वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अवस्थाको सरकार वादी मुद्दामा मात्र प्रतिवादीलाई थुनामा राख्न सकिन्छ ।

*जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा १० एवं वन ऐन, २०४९ को दफा ६४*

७. अ.बं. ११८ नं. तथा वन ऐन, २०४९ को दफा ६४(१)मा प्रयोग भएको "प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा" भन्ने वाक्यांश विशेष अदालत ऐन, २०३१को दफा ९(२)(छ) मा र जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा १० मा उल्लेख भएको "थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिब कारण भए" भन्ने वाक्यांशको तात्पर्य सम्बद्ध प्रमाणद्वारा आरोपित कसुर गरेको हो भनी न्यायिक रोहमा विश्वास गर्न सकिने अवस्थालाई जनाएको देखिन्छ। "पर्याप्त र मनासिब कारण" वाक्यांशले गैर न्यायिक कारण (Extra Judicial Reason) लाई जनाउने नभई मुद्दामा लाग्ने कानुनबमोजिमको सम्बद्ध प्रमाणको पर्याप्ततालाई जनाएको मान्नुपर्दछ। तसर्थ कसुरदार हो भनी विश्वास गर्न सकिनेसम्मको मनासिब आधार प्रमाणबाट देखिएको अवस्थामा मात्र पुर्पक्षका लागि थुनामा राख्न मिल्दछ।

८. भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७(४) ले थुनछेक सम्बन्धमा छुट्टै व्यवस्था गरेको हुँदा भ्रष्टाचार सम्बन्धी मुद्दामा अ.ब. ११८ नं. लागू हुँदैन। उक्त ऐनको दफा २७(४) मा थुनामा राख्न सकिने व्यवस्था नभई धरौट वा जमानत माग गर्न सक्नेसम्मको प्रावधान रहेको हुँदा जतिसुकै अवधिको कैद सजाय हुन सक्ने कसुरको अभियोग लागेको भएपनि वर्तमान अवस्थामा कानुनले भ्रष्टाचार मुद्दाका अभियुक्तलाई मुद्दा पुर्पक्षका क्रममा थुनामा राख्न मिल्ने देखिँदैन, तर धरौट वा जमानत माग गरिएको अवस्थामा सो बमोजिम धरौट राख्न वा जमानत दिन नसकेको अवस्थामा भने थुनामा राख्नुपर्छ।

९. धरौट वा जमानत दिनु पर्ने गरी आदेश भएका प्रतिवादीले धरौट राख्न वा जमानत दिन नसकेको कारणबाट थुनामा रहेकोमा मुद्दा फैसला नहुँदैको अवस्थामा पछि कुनै पनि बेला माग गरिए बमोजिमको धरौटमध्ये निज थुनामा रहेको अवधि कट्टा गरी बाँकी अंकसम्म राखी वा जमानत दिई थुनाबाट मुक्त भई तारेखमा बस्न पाउँछ। मुद्दा फैसला भएको अवस्थामा भने ठहरेबमोजिम हुन्छ।

१०. थुनछेकको आदेश गर्दा थुनामा राख्ने वा धरौट जमानत लिने वा तारेखमा राख्ने जुनसुकै अवस्थामा पनि सो को आधार कारण खुलाई सम्बन्धित कानुनको दफा उल्लेख गरी पर्चा खडा गर्नु अनिवार्य हुन्छ।

११. थुनछेकको आदेश गर्ने काम न्यायाधीश आफैंले गर्नुपर्छ। तर न्यायाधीशले लेखी वा बोली अदालतको कुनै कर्मचारीबाट आदेश टाइप वा लेखबद्ध गराउन हुन्छ। यसै गरी न्यायाधीशको अनुपस्थितिमा स्रेस्तेदारले बयान गराउन र पुर्पक्षका लागि अभियुक्तलाई थुना, जमानत वा तारेखमा राख्ने आदेश दिनहुन्छ। यसरी स्रेस्तेदारले गरेको थुनछेकको आदेशउपर न्यायाधीशले आफू अदालतमा उपस्थित भएपछि यथाशीघ्र विचार गरी त्यस्तो आदेश कानुनबमोजिम भएको नदेखिएमा कानुनबमोजिम गर्नु गराउनुपर्छ।

*न्याय प्रशासन ऐन, २०४८ को दफा २४(३)*

१२. स्रेस्तेदारले गरेको थुनछेकको आदेश सम्बन्धमा न्यायाधीशले विचार गर्दा (सुनवाई गर्दा) वादी (सरकारी वकिल) एवं प्रतिवादी दुबै पक्षलाई सुनवाईको अवसर प्राप्त हुने गरी सुनवाईको मिति किटान गरी अग्रिम रूपमा जानकारी दिई सो मुद्दा दैनिक पेसी सूचीमा चढाई सुनवाई गर्नुपर्छ ।

१३. मुद्दा कारवाहीका क्रममा बुझिएका प्रमाणका रोहमा पहिले थुनामा राखिएका अभियुक्तबाट धरौट जमानत लिन वा तारेखमा राख्न अथवा तारेखमा रहेकाबाट धरौट जमानत लिन वा निजलाई थुनामा राख्न हुन्छ, तर यसरी परिवर्तित आदेश गर्दा सो गर्नु पर्ने पर्याप्त र उचित कारण आदेश पर्चामा खुलाउनु पर्दछ ।

१४. मुद्दा पुर्पक्षको सिलसिलामा धरौट वा जमानत दिई तारेखमा राखिएका प्रतिवादीबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुने अथवा जमानत रहेको सम्पत्ति वा अन्य कुनै सम्पत्तिबाट असुल गरिने सर्त राखी अनिवार्य रूपमा कागज गराउनुपर्छ । यसरी तारेखमा रहेको मानिसले तारेख गुजारी बसेमा निजले राखेको धरौट रकमबाट लागेको जरिवाना कट्टा गरी बाँकी धरौट रकम जफत गर्नुपर्छ । जमानत राखेको अवस्थामा राखेको जमानतको सम्पत्तिबाट लागेको दण्ड जरिवाना असुल गर्नुपर्छ ।

*अ.बं. १२४ तथा १२४क नं.*

*प्रतिपादित सिद्धान्त*

१५. राहदानी ऐन, २०२४ को दफा ५ को कसुरमा केवल सह अभियुक्तको पोलको आधारले मात्र अ.बं.११८ नं. को देहाय ५ र १० ले धरौट लिने, सो दिन नसके थुनामा राख्ने भनी गरेको आदेश बेरितको हुन्छ ।
*(नन्दवीर बज्राचार्य वि.काठमाण्डौं जि.अदालत समेत)*

*२०५४ सालको रिट नं.३१५३ आदेश मिति २०५४।९।१४*

*प्रतिपादित सिद्धान्त*

१६. अ.बं.१२१ नं. बमोजिमको थुनुवा पुर्जीले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६२(६) को प्रतिबन्धात्मक वाक्यांश अनुसारको जानकारी एवं सूचनाको स्थान लिन सक्दैन । संसदको सदन चालु रहेको अवस्थामा सांसदलाई कुनै मुद्दाको सिलसिलामा हिरासतमा राख्दा संविधानको धारा ६२(६) बमोजिमको सूचना सभामुखलाई दिनुपर्छ । सो को अभावमा राखिएको हिरासत गैरकानुनी हुन्छ ।
*(खोभारी रायको हकमा गजेन्द्र राय वि. जि.प्र.का.काठमाण्डौ समेत)*

*(स.अ.बुलेटिन २०५५, अंक १५, पृ. १५, नि.मिति २०५५।६।१२*

*प्रतिपादित सिद्धान्त*

१७. पुनरावेदन परेको अवस्थामा थुनछेकका सम्बन्धमा निर्णय गर्न हुँदैन ।
*(श्री ५ को सरकार वि. गोविन्दप्रसाद)*

*ने.का.प. २०४५, पृ. १६५*

१८. कुनै मुद्दामा कुनै प्रतिवादी (अभियुक्त) पुपर्क्षका सिलसिलामा थुनामा रहेको अवस्थामा निजउपर परेको अन्य कुनै मुद्दामा पनि थुनछेकको आदेश गर्नुपर्ने अवस्था भएमा पहिले थुनामा राख्ने गरी आदेश भएको मुद्दामा छुटी जाने भएमा पेस गर्नु भन्ने आदेश गर्न हुँदैन । प्रत्येक मुद्दामा थुनामा राख्ने वा धरौट लिने वा तारेखमा राख्ने जे जो गर्नुपर्ने हो, कानुन बमोजिम थुनछेकको आदेश गर्नुपर्छ ।

१९. अ.बं.१२४ नं. मा जमानी राखेको भए तुरुन्तै त्यसको जमानी पक्री लाग्ने रूपैयाँ असुल गरी लिनुपर्छ भन्ने वाक्य रहेकोले लाग्ने रूपैयाँ असुल गर्नु पर्दा कति लाग्ने भनी फैसलाले निर्णय गर्ने कुरा हुन आउँछ । अ.बं.१२५ नं.ले पनि फैसलाबमोजिम असुल गर्नु पर्ने भए असुल गर्ने कुरा लेखिएको हुँदा सजाय नलागेको अभियुक्तले राखेको जेथा जमानी लिलाम हुने देखिँदैन ।
*(तीर्थराज पौडेल वि.जि.न्या. मनाङ तथा लमजुङ जि.अ.)*

*स.अ.नि.सं. भाग ११, पृ.१४४*

*प्रतिपादित सिद्धान्त*

२०. अ.बं.११८(३) नं.मा "नेपाल अधिराज्यमा स्थायी बसोवास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुपर्क्ष गर्नु पर्छ" भन्ने समेत उल्लेख भएको, निवेदकले लिएको नेपाली नागरिकता बदर भई सकेको अवस्था नभइ निजले झुट्टा विवरण दिई नेपाली नागरिकता लिएको भन्ने मुद्दा मनाङ जि.अ.मा विचाराधीन रहेको र निज नेपाली केटीसँग विवाह गरी निजहरूबाट छोरी समेत जन्मिई परिवार समेत बसोवास गरी राखेको देखिएको समेतबाट यस्तो अवस्थामा अ.बं.११८(३) नं. बमोजिम पुपर्क्षको लागि थुनामा राख्ने गरेको काठमाण्डौ जि.अ.को आदेश सदर गरेको पुनरावेदन अदालत पाटनको आदेश मिलेको देखिन नआउने ।

*स्याउली वि. जि.प्रहरी कार्यालय मनाङ समेत, पूर्ण इजलास, आदेश मिति २०५२।६।२६।५ ने.का.प.२०५३ अंक ६, पृ.४९५*

**(ग) थुनछेक आदेश उपर उजुरी सम्बन्धी व्यवस्था**

- थुनछेकको सन्दर्भमा जिल्ला अदालतले गरेको आदेश उपर सम्बन्धित पक्षको उजुरीको आधारमा वा स्वयं आफैले बुझी पुनरावेदन सुन्ने अदालतले सुरु आदेश परिवर्तन गर्न सक्दछ ।
- अदालतमा दायर भएका मुद्दामा भएको थुनछेकको आदेश कानुनतः बेरितको देखिने पर्याप्त आधार र कारण भएमा अ.बं. १७ नं. बमोजिम सरकारवादी फौजदारी मुद्दाको हकमा सम्बन्धित सरकारी वकिल वा थुनवाको वकिलले पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्नु पर्दछ ।
- थुनामा परेको व्यक्तिको निवेदन परेमा वा निवेदन नपरेमा पनि पुनरावेदन सुन्ने अदालतले थुना गैरकानुनी वा बेरित हो वा होइन भनी जाँचबुझ गर्न र गैरकानुनी वा बेरित देखिएमा कानुन बमोजिम उपयुक्त आदेश दिन सक्दछ ।
- सुरु अदालतले गरेको आदेश वा काम कारवाईमा म्याद नाघेको वा बेरित भएको छ भन्ने कुरा कुनै पक्षको निवेदनबाट वा अरू कुनै किसिमसँग थाहा पाएमा पुनरावेदन सुन्ने अदालतले आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकी कैफियत तलब गरी बेरितको देखिएमा कानुन बमोजिम आदेश गर्न सक्नेछ ।
- अभियुक्तलाई थुनामा राख्दा, थुनाबाट छोड्दा वा धरौट जमानत लिंदा कारण खोलिएको पर्चामा चित्त नबुझ्ने पक्षले दिएको उजुरीको आधारमा पुनरावेदन सुन्ने अदालतले उचित निर्णय दिनु पर्दछ ।

**(घ) अन्तरकालीन आदेश उपर निवेदन दिन सकिने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारेख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारवाईको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेश उपर एक तह मात्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिनेछ ।

तर पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि तारेख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश उपर कानुनी त्रुटि वा कार्यविधि सम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिनलाई यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

*न्याय प्रशासन ऐन २०४८ को दफा १६*

# खण्ड (ज)

## १) तारेख सम्बन्धी व्यवस्था

### (क) तारेखमा राख्नु पर्ने

- कानुन बमोजिम थुनामा राखी पुर्पक्ष गर्नु पर्ने झगडियालाई वा तारेख लाग्दैन भन्ने कानुनमा उल्लेख भएकालाई बाहेक अरू झगडियालाई अदालतमा हाजिर हुन आउनासाथ तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्दछ। धरौट वा जमानतमा रहेका अभियुक्तहरूलाई पनि तारेखमा राख्नु पर्दछ। तर स.मु.स. नियमावली, २०५५ को नियम १३ बमोजिम श्री ५ को सरकार वादी भएको मुद्दामा प्रहरी वा सरकारी वकिललाई तारेखमा राख्नु पर्दैन।

ऐनले थुनी पुर्पक्ष गर्नु पर्नेलाई वा तारेख लाग्दैन भन्ने लेखिएकालाई बाहेक अरू झगडियालाई हाजिर हुन आउनासाथ तारिखमा राखी पुर्पक्ष गर्नुपर्छ। *मु.ऐन अ.बं. ४७ नं.*

तारेखमा राख्ने काम अदालतका कर्मचारीको हुँदा मिसिल प्राप्त भएपछि दुबै मुद्दामा अलग अलग तारेख पर्चा दिई तारेखमा राख्नु पर्ने, सो बमोजिम कर्मचारीले नगरेको देखिए पछि बेन्चमा पेस भएकोमा दुबै मुद्दामा तारेखमा राख्ने आदेश भएको देखिन्छ। अदालतमा उपस्थित भएका पक्ष विपक्षको तारेख गुज्रेको वा गुजारेको भन्न कानुनसंगत हुँदैन।
*(गोपाल वरियाका वि.भक्तपुर जिल्ला अदालत)* *ने.का.प.२०५० अंक ६, पृ. ३४९*

- झगडियालाई तारेख दिंदा अ.बं. ४९ नं. को नमुनाबमोजिम तारेख पर्चा खडा गरी उपस्थित हुनु पर्ने दिन, समय र तारेखका दिन हुने काम समेत उल्लेख गरी तारेख तोक्ने कर्मचारीले दस्तखत गरी झगडियालाई दिई सोही बमोजिमको भरपाई निज झगडियाबाट गराई मिसिल सामेल राख्नु पर्दछ। त्यसै गरी तारेख तोकिएको दिनमा गरिने कामको विवरण सहितको तारेख किताब समेत खडा गर्नु पर्दछ। *तारेख किताबको ढाँचा यस दिग्दर्शनको अनुसूची १८ मा उल्लेख छ।*

तारेख तोक्दा यसै नम्बरमा लेखिएका नमुनाबमोजिम किताब खडा गरी जुन दिन जे काम गर्नलाई तोकिन्छ तारेख भर्पाई र झगडियालाई दिने तारेखपर्चामा समेत सो ब्यहोरा जनाई तारेख दिई जुन काम कारवाहीलाई तारेख तोकिएको छ सो काम कारवाहीको तारेख किताबको कोठामा मुद्दाको नम्बर लेखी अरू आवश्यक ब्यहोरा जनाई तोकिएको तारेखको दिन झगडिया हाजिर भएपछि तोकिए बमोजिमको काम कारवाही गर्नुपर्छ। केही मनासिब माफिकको कारणले तोकिएको तारेखको दिन कारवाही गर्न नपाउने वा नभ्याउने भयो भने सोही ब्यहोरा जनाई जुन दिन काम हुन्छ उस दिनको तारेख तोकी तारेख किताबमा तारेख सरेको ब्यहोरा कैफियत लेखी हाकिम हाजिर भए हाकिमले र हाकिम हाजिर नभए ऊ मुनिको सबैभन्दा ठूलो दर्जाको कर्मचारीले दस्तखत समेत गरी तोकिदिने गर्नुपर्छ। *मु.ऐन अ.बं. ५३ नं.*

### (ख) तारेखमा हाजिर हुनुपर्ने व्यक्ति थुना वा कैद परेमा

- कुनै मुद्दाको सन्दर्भमा तारेखमा हाजिर हुनु पर्ने व्यक्ति कुनै अड्डा अदालतबाट थुनिए वा कैद परेमा सो को सूचना मुद्दा परेको (तारेखमा हाजिर हुनु पर्ने) अदालतमा पठाउनु पर्दछ। थुन्ने वा कैद गर्ने अदालतमार्फत दरखास्त दिएको भएमा थुनाबाट छुट्ने अवधि समेतको विवरण थुना वा कैदमा राख्ने अड्डा अदालतले मुद्दा परेको अदालतमा पठाइदिनु पर्दछ र १ महिना सम्ममा छुट्ने भएमा बाटाका म्याद बाहेक ५ दिनभित्रमा त्यस्तो थुनिएको, कैदमा परेको व्यक्ति हाजिर भए कानुनबमोजिम तारेख तोकी कारवाही गर्नु पर्दछ। १ महिना भन्दा बढी कैद परे, थुनिए वा कहिले छुट्ने भन्ने निश्चित नभएकोमा भने कारवाई गर्न पर्खन पर्दैन। मुद्दाको कारवाई हुँदाहुँदै छुटेमा सो मितिले बाटाका म्याद बाहेक ५ दिनभित्र हाजिर भए तारेखमा राखी कारवाही गर्नु पर्दछ।

मुद्दामा हाजिर हुने मानिस अड्डाबाट थुनिए कैद परेको रहेछ भने म यस अड्डाबाट फलानासँगका फलाना मुद्दामा थुनिए कैद परेको छु भनी मुद्दा परेकै अड्डामा लेखी पठाएको भए के ब्यहोराले कैद परे थुनिएको, कहिलेसम्ममा छुट्ने रहेछ सबै कुरा बुझी थुन्ने कैद गर्ने अड्डामा दरखास्त दिएको भए यस व्यहोराले यस अड्डाबाट थुनिए कैद परेको छ, यस बखतसम्ममा छुट्छ भनी छुट्ने देखिएको मिति खोली र छुट्ने अवस्था खुल्न नसके सोही ब्यहोरा लेखी निजको दरखास्त मुद्दा परेको अड्डामा पठाइदिनुपर्छ। सो ब्यहोरा लेखी आएपछि मुद्दा परेको अड्डाबाट पनि एक महिनासम्ममा छुट्ने रहेछ भने छुटेको मितिले बाटाका म्याद बाहेक पाँच दिनसम्ममा थुनिने कैद हुने मानिस हाजिर भए ऐनबमोजिम तारेख तोकी कारवाही गर्नुपर्छ। एक महिनाभन्दा बढी कैद परे थुनिएको वा यो अवस्थासम्ममा छुट्ने भन्ने अन्जाम नभएमा र नछुट्ने अवस्थामा परी थुनिए कैद परेकोमा भने कारवाही नगरी पर्खिरहन हुँदैन। निजलाई झिकाउनै परे कानुनको रित पुऱ्याई झिकाई वा जो बुझ्नु पर्ने बुझी करवाही गर्नु छिन्नुपर्छ। कारवाही गर्दा गर्दै छुटेकोमा भए छुटेका मितिले बाटाका म्याद बाहेक पाँच दिनभित्र हाजिर भए तारेखमा राखी कारवाही गर्नुपर्छ। *मु.ऐन अ.बं. ५४ नं.*

**(ग) म्याद तारेख गुज्रेमा थमाउने व्यवस्था**

**(१) सामान्य मुद्दामाः**

कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्याद तारेख गुज्रेमा एकैपटक वा तीन पटकसम्म बढीमा ३० दिनसम्मको गुज्रेको म्याद तारेख थामिदिनु पर्ने व्यवस्था अ.बं. ५९ नं. ले गरेको छ। यस बाहेक अ.बं. ६२ र १७५ नं. ले विशेष अवस्थामा म्याद तारेख थाम्न सकिने विशेष व्यवस्था गरेको छ।

कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्याद तारेख गुज्रेमा एकैपटक वा तीन पटकसम्म गरी बढीमा ३० दिनसम्मको गुज्रेको म्याद तारेख थामिन सक्दछ। तर यसै महलको ६२ नम्बर र १७५ नम्बरमा लेखिएजतिमा सोहीबमोजिम हुनेछ। *मु.ऐन अ.बं. ५९ नं.*

देहायका अवस्थामा म्याद तारेख गुज्रेमा देहाय बमोजिम गर्नुपर्छ -------

म्यादतारेखमा हाजिर हुने व्यक्तिको कोही मरी किरिया बस्नु परेमा किरिया समाप्त भएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र अड्डामा हाजिर भै निवेदनपत्र दिएमा म्याद तारेख थामी दिनुपर्छ ---------------------------------------------------------------------------------------------------- १

म्याद तारेखमा हाजिर हुनु पर्ने स्वास्नीमानिस सुत्केरी भई म्याद तारेख गुज्रेकोमा सुत्केरी भएको मितिले बाटाका म्याद बाहेक पैंतीस दिनभित्र अड्डामा हाजिर भै निवेदनपत्र दिएमा म्याद तारेख थामिदिनु पर्छ ----------------------------------------------------------------------------------------------- २

ऐनले बिगो भर्नु भराउनु, दिनु दिलाउनु वा सम्पत्ति चलन चलाउनु लिनु पर्ने मुद्दाका म्याद तारेखमा हाजिर हुनु पर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारेख गुज्रेमा मरी वा बौलाहा वा बेपत्ता भएको मितिले बाटाका म्याद बाहेक पैंतीस दिनभित्र निजको दैयादारले म्याद तारेख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भई निवेदनपत्र दिएमा म्याद तारेख थामिदिई सकार गराइदिनु पर्छ। तर मरी वा बौलाहा वा बेपत्ता भएको मितिको पैंतीस दिन पछिको म्याद तारेख तोकिएको रहेछ भने सो तोकिएको तारेखको दिन अड्डामा हाजिर भई मुद्दा सकार गर्नको लागि निवेदनपत्र दिए पनि सकार गराइदिनु पर्छ ------------------------------------------------------------ ३ *अ.बं. ६२ नं.*

म्यादतारेखमा हाजिर हुनु पर्ने व्यक्ति सरकारी काजमा खटिई म्यादतारेख गुज्रेकोमा सो व्यक्ति म्यादतारेख गुज्रेको मितिले पैंतीस दिनभित्र अड्डामा हाजिर हुन आएमा वा काजमा खटाउने अड्डाले लेखी पठाएमा अड्डैबाट पर्चा खडा गरी म्यादतारेख थामिदिनु पर्छ -------------------- ४

खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा यातायातको साधन नचल्नाले म्यादतारेख गुज्रेमा बाटो बन्द भएको वा यातायातको साधन नचलेको मिति र बाटो खुलेको वा यातायातको साधन चलेको मिति खुलाई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा सरकारी अड्डाबाट निस्सा लिई बाटो खुलेको मितिले बाटाका म्यादभित्र अड्डामा हाजिर भई निवेदनपत्र दिएमा म्यादतारेख थामिदिनु पर्छ -------------------------------------------------------------------------------------------- ५

- क्रिया बस्नु परेमा क्रिया समाप्त भएको मितिले बाटाको म्याद त्राहेक १५ दिनभित्र,
- सुत्केरी भएकोमा सो मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र,
- बिगो भर्नु, भराउनु, दिनु, दिलाउनु वा सम्पत्ति चलन चलाउनु लिनु पर्ने मुद्दामा हाजिर हुनुपर्ने व्यक्ति मरेमा, बौलाहा वा बेपत्ता भएमा निजका दैयादारले सो मितिले बाटाका म्याद बाहेक ३५ दिनभित्र,
- सरकारी काजमा खटिएकोमा म्याद तारेख गुज्रेको मितिले ३५ दिनभित्र हाजिर भएमा वा सम्बन्धित अड्डाले लेखी पठाएमा,
- खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा यातायातको साधन नचल्ने भएमा सम्बन्धित गा.वि.स. वा नगरपालिका वा सरकारी कार्यालयको सिफारिस सहित बाटो वा यातायातको साधन खुलेको मितिले बाटाको म्यादभित्र ,
- सरकारी कर्मचारी घर बिदामा गएको अवस्थामा मुद्दा परी म्याद तारेख गुज्रेकोमा विदा समाप्त भएको मितिले ७ दिनभित्र,
- मुद्दामा कुनै पक्षले म्याद तारेख गुजारेमा पनि कानुनबमोजिम थमाई पाउने अवधिसम्म फैसला गर्नु हुँदैन ।

देहायका कामको मानिसले देहायका कामको नाताबाट हक दाबी गरी दायर गरेको वा त्यस विषयमा निजहरू उपर परिरहेको मुद्दा फैसला नहुँदै अघिबाटै सो मुद्दामा पुर्पक्ष गरी आएका देहायका काम गरी आएका कामदार मरी वा कामबाट छुट्न गई तारेख गुज्रन गएकोमा सो मुद्दा पुर्पक्ष गरी आएका साबिकवालाले नालिस उजुर गरेको वा प्रतिवादी दिएको कुरा कायम गराई माग्ना निमित्त त्यसको काम गर्नालाई मुकरर भएका हालवालाले तारेख गुज्रेका मितिले बाटाको म्याद बाहेक पैंतीस दिनभित्र मुद्दा सकार गर्न आए मुद्दाबाट हारजित हुँदा अघि पुर्पक्ष गरी आएका साबिकवालाको हानि नोक्सानी नहुने देहायका कलममा साबिकवालाको मुद्दा हालवालाले सकार गरी पुर्पक्ष गर्न पाउँछ । सकार गराई ऐनबमोजिम गर्नुपर्छ । सकार गर्न नआए कानुनबमोजिम गरी छिनिदिनु पर्छ । *मु.ऐन अ.बं. १७५ नं.*

रैकर र रैकर सरह हुने राजगुठी समेतको काम चलाई आएको मेनेजर, महन्त, पुजारी, तालुकदार, जिम्मावाल ठेक्दा, छुटवाला र जग्गा घर चलन गरी आउने समतेले रैकर र सो सरहका राजगुठीको लगतमा दरिएको चलअचल चोरी दबाई चापी खाएको विषयको ------------------------------------ १

सरकारी रकमको नाइके रकमीले सरकारी रकम कायम गराई माग्ने विषयको -------------------- २

बैंक, कम्पनी वा अन्य संगठित संस्थाका मुख्य भई दैनिक प्रशासनको काम चलाउनेले सो बैंक, कम्पनी वा संस्थाको लिने दिने हक दाबी कायम गर्ने विषयको ------------------------------------- ३

(१) अनुसूची १ वा २ मा लेखिएको मुद्दामा अदालतले पुनरावेदनको म्याद दिंदा अदालतले ७० दिनको म्याद दिनु पर्दछ ।

(२) उपदफा १ बमोजिम म्याद गुज्री सम्बन्धित पक्षले मनासिबमाफिकको कारण देखाई अदालतलाई निवेदन गरेमा अन्य प्रचलित कानुनले थमाउन पाउने म्यादमा अदालतले बढीमा तीस दिनसम्म थप गर्न सक्नेछ । *स.मु.स. ऐन, २०४९ को दफा २६ (१) र २६(२)*

## (२) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दा

- संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको मुद्दामा सामान्यतः गुज्रेको म्याद वा तारेख थमाउन पाइँदैन । तर पक्षको काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारेख गुज्रेको भन्ने अदालतलाई लागेमा एकैपटक वा दुईपटकसम्म गरी जम्मा १५ दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ । अ.बं.६२ र १७५ नं. मा उल्लिखित व्यवस्था भने संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दामा समेत लागु हुन्छ ।

(१) यस ऐनबमोजिम कारवाही चलेको कुनै मुद्दामा गुज्रेको म्याद वा तारेख थमाउन पाउने छैन ।

तर,

(क) पक्षको काबु भन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारेख गुज्रेको भन्ने अदालतलाई लागेमा एकै पटक वा दुई पटकसम्म गरी जम्मा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ ।

(ख) मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ६२ नं. र १७५ नं. मा लेखिए जति कुरामा सोही बमोजिम हुनेछ ।

*संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८(१) (क) र (ख)*

## (३) विशेष अदालत ऐन, २०३१ अन्तर्गतको मुद्दा

- विशेष अदालत ऐनअन्तर्गत सो अदालतमा परेको मुद्दा मामिलामा पनि गुज्रेको म्याद तारेख समान्यतः थमाउन पाइँदैन । तर म्याद तारेख गुज्रेको ७ दिनभित्र आफ्नो काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद तारेख गुज्रेको हो भन्ने विशेष अदालतलाई लागेमा त्यसरी गुज्रेको म्याद तारेख १ पटकसम्म र विशेष अदालतमा १ वर्षभन्दा बढी अवधि मुद्दाको कारवाई चालु रहेमा प्रत्येक वर्षका लागि ७ दिनसम्मको लागि गुज्रेको तारेख थामिन सक्छ ।

विशेष अदालतमा परेको मुद्दा मामिलामा गुज्रेको म्याद तारेख थमाउन सकिने छैन
तर, म्याद तारेख गुज्रेको सात दिनभित्र थामिमाग्ने पक्षले आफ्नो काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद तारेख गुज्रेको हो भन्ने विशेष अदालतलाई लागेमा त्यसरी गुज्रेको म्याद तारेख एकपटकसम्म र विशेष अदालतमा वर्ष दिनभन्दा बढी मुद्दाको कारवाही चालु नै रहेमा प्रत्येक वर्षका लागि सात दिनसम्मको तारेख गुज्रेमा थामिन सक्नेछ ।

*विशेष अदालत ऐन, २०३१ को दफा ९(१)(ख)*

**(घ) तारेखमा पक्ष उपस्थित नभएमा पनि कारवाई नरोकिने**

- तारेख पाउने पक्ष, तोकिएको दिन तोकिएको समय देखि पुनः तारेख नपाउन्जेल पर्खिरहनु पर्छ । तोकिएको समयमा पक्ष हाजिर भएन भने पनि अदालतले मुद्दाको कारवाई  गर्नु पर्दछ ।

तारेख पाउनेले तोकिएको तारेखका दिन तोकिएको ठाउँमा तोकिएको समयदेखि तारेख तोकिलिन नसकुन्जेलसम्म हाजिर भइरहनुपर्छ । तोकिएको समयमा तारेखमा हाजिर हुनुपर्ने झगडिया हाजिर भएन भने अड्डाले पर्खिरहनु पर्दैन । कानुनबमोजिम मुद्दाको कारवाही गर्नुपर्छ । तोकिएको समयमा हाजिर नहुनेको तोकिएको तारेखको दिन तारेखमा लेखिएको काम भएन भन्ने कुराको उजुर लाग्न र अड्डा उठ्ने समय नाघी उठिसकेपछि आउनेको तारेख थामिन सक्दैन ।

*अ.बं. ६४ नं.*

## खण्ड (झ)

# वारेस सम्बन्धी व्यवस्था

**(क) वारेस लाग्ने र नलाग्ने अवस्था**

१. कानुनबमोजिम पुर्पक्षका लागि थुनामा बस्नु पर्ने वा जमानत लाग्ने अवस्थामा जमानत दिन नसकी थुनामा बस्नु पर्ने भएको अभियुक्तले वारेस राख्न पाउँदैन। तर जमानत लाग्ने अवस्थामा जमानत दिने व्यक्तिले अदालतबाट वारेस राख्न दिन मनासिब ठहराई इजाजत दिएमा मात्र वारेस राख्न पाउँछ। *मु.ऐन अ.बं.६५ नं.*

२. माथि उल्लिखित अवस्था बाहेक अन्य अवस्थाको व्यक्तिको हकमा पर्याप्त कारणबाट अदालतले वारेस राख्न दिन मनासिब नठहराई अन्यथा आदेश दिएमा बाहेक साधारणतः वारेस लाग्छ।

**(ख) वारेस मुकरर**

वारेस लाग्ने अवस्थामा वारेस दिने पक्षले मुद्दा पुर्पक्षको लागि वारेसलाई पठाएको ब्यहोरा उल्लेख गर्दै मुद्दा हारेजितेमा मन्जुर छ, मुद्दा फैसला हुँदा लागेको बुझाउने छु, तिर्न बाँकी दशौंद, बिशौद, कोर्ट फी, सरकारी बाँकी, दण्ड जरिवाना केही छैन, बाँकी ठहरे वारेसनामा बदर भई कानुन बमोजिम होस् भन्ने अख्तियारनामा र वारेस हुनेको पनि म वारेस भएँ, अदालतबाट लागेको दण्ड, जरिवाना, कोर्ट फी आदि बुझाउन बाँकी छैन भन्ने समेत ब्यहोराको सकारनामा कागज गराई वारेस कायम गरी मुद्दाको कारवाई गर्नु पर्दछ। अदालतलाई वारेस राख्नेले तिर्नु बुझाउनु पर्ने देखिए वारेसमार्फत नै ७ दिनको म्याद दिई झिकाई रू.१००। सम्म जरिवाना गरी बाँकी असुल गरी हाजिर नभए वारेस बदर गरी मुद्दा कानुनबमोजिम गर्नुपर्दछ। वारेससँग बाँकी देखिए रू.१००। जरिवाना गरी मुद्दाको कारवाई गर्नु पर्दछ।

(१) कानुनबमोजिम पुर्पक्षका लागि थुनामा बस्नु पर्ने वा जमानत लाग्ने अवस्थामा जमानत दिन नसकी थुनामा बस्नुपर्ने भएको व्यक्तिले वारेस राख्न पाउँदैन। सो बाहेक जमानत लाग्ने अवस्थामा कानुनबमोजिम जमानत दिने व्यक्तिले अड्डाबाट वारेस राख्न दिन मनासिब ठहराई इजाजत दिएमा वारेस राख्न पाउँछ। *मु.ऐन अ.बं. ६५(१) र (२) नं.*

(२) माथि १ दफमा लेखिएदेखि बाहेक अन्य अवस्थाका व्यक्तिको हकमा पर्याप्त कारणबाट अड्डाले वारेस राख्न दिन मनासिब नठहराई अन्यथा आदेश दिएमा बाहेक साधारणतः वारेस राख्न हुन्छ। देवानी मुद्दामा भने वारेस राख्न नपाउने गरी अड्डाले आदेश दिने छैन।

**(ग) वारेस राखेको मुद्दामा मिलापत्र**

वारेस राखेको मुद्दा मिलापत्र गर्दा पक्ष आफैं उपस्थित हुनु पर्दछ। यदि पक्ष उपस्थित हुन नसक्ने भएमा मिलापत्रको सर्त सहित वारेसलाई मिलापत्रको लागि मन्जुरनामा दिएको भएमा त्यस्तो वारेसबाट मिलापत्र गराउन हुन्छ। तर वारेस राख्ने पक्षको मन्जुरीको लिखतको अभावमा भने वारेसद्वारा मिलापत्र गराउनु हुँदैन। गराएको भए पनि मान्यता हुँदैन। *मु.ऐन अ.बं. ६५(३) नं.*

**(घ) वारेसको योग्यता**

देहायको योग्यता नभई वारेस राख्न मिल्दैन-

१. १६ वर्ष उमेर पुगेको

२. एकाघरसँग रहे बसेका नातेदारहरू बाहेक अरूका हकमा घुस किर्तेमा सजाय नपाएको र नैतिक पतन देखिने अन्य फौजदारी अपराधमा सजाय नपाएको । *मु.ऐन अ.बं.६८ नं.*

यस व्यवस्थाअनुसार घुस किर्तेमा सजाय नपाएको र नैतिक पतन देखिने अन्य फौजदारी अपराधमा सजाय नपाएको १६ वर्ष उमेर पुगेको जुनसुकै व्यक्ति वारेस हुन सक्छ । तर एकाघर सँगरहे बसेका नातेदारहरूको हकमा भने १६ वर्ष उमेर पुगेपछि वारेस दिन हुन्छ ।

**(ङ) वारेस बदल्ने वा आफैंले सकार गर्ने**

कुनै मुद्दामा अख्तियारनामा दिई कसैलाई वारेस राखेकोमा जसको मुद्दा हो उसैले (पक्ष आफैंले) वा मृत्युपछि दैयादारले आफैं सकार गर्न अथवा पहिलाको वारेस परिवर्तन गरी अर्को वारेस राख्न सक्दछ । *मु.ऐन अ.बं. ७० नं.*

**(च) विदेशीले वारेस राख्ने व्यवस्था**

नेपालभित्र अचल सम्पत्ति जायजेथा नभएका विदेशी मानिसको नेपालको अदालतमा परेको मुद्दामा वारेस दिंदा आफू उपर पोल उजुर परेको कुरा ठहरे कानूनकानुनबमोजिम हुने सजाय बराबर रकम धरौट राखेमा वा त्यस बापत नेपाल सरहदमा अचल सम्पत्ति जायजेथा भएका व्यक्तिलाई जमानी दिएमा मात्र वारेस लाग्न सक्छ । *मु.ऐन अ.बं. ६६ नं.*

**(छ) वारेस सम्बन्धी अन्य व्यवस्था**

१. चारकोश भन्दा टाढाका अदालतमा परेको कुनै मुद्दामा वारेस भइरहेको व्यक्तिलाई अर्को अदालतमा परेको मुद्दामा वारेस दिन लिन हुँदैन ।

२. वारेस भइरहेको व्यक्ति कुनै मुद्दामा थुनियो वा कैद पर्‍यो भने थुनामा रही अर्काको मुद्दा गर्न नपाउने हुँदा वारेस रहन सक्दैन ।

३. एकै व्यक्तिको एकै अदालतमा परेका जतिसुकैवटा मुद्दामा पनि एउटै व्यक्तिलाई र धेरै मानिसको एउटै अदालतमा परेको एउटै मुद्दामा सबैले एउटै व्यक्तिलाई वा फरक फरक पक्षले फरक फरक व्यक्तिलाई वारेस दिन लिन हुन्छ । *अ.बं. ६९ नं.*

४. एक अदालतमा परेको एउटै मुद्दामा वादीहरूले वादीहरू मध्येकै र प्रतिवादीहरूले प्रतिवादीहरू मध्येकै कसैलाई वारेस दिन लिन हुन्छ ।

५. एकै अदालतमा एउटाको मुद्दामा भइरहेको वारेसलाई सो मुद्दा फैसला नहुँदै वा वारेस कायम छँदै त्यसै अदालतमा परेको वा पर्ने अरू मुद्दाको पक्षले पनि वारेस लिन दिन हुन्छ ।

६. एउटा अदालतमा परिरहेको मुद्दामा रहेको वारेसलाई सो वारेस कायम छँदै सोही पक्षले वा त्यसका एकाघरका जहानले चार कोशभित्रका अन्य अदालतमा परेका वा पर्ने अरू मुद्दामा वारेस दिन लिन हुन्छ ।

**(ज) वारेस अख्तियारनामा दरपिठ गर्ने**

अदालतमा दाखिल गर्न ल्याएको वारेस अख्तियारनामा कानुनबमोजिमको रित नपुगेको भए रित नपुगेको ब्यहोरा उल्लेख गरी रित पुर्‍याई ल्याउन तीन दिनको म्याद दिई अख्तियारनामाकै पिठमा ब्यहोरा खुलाई अदालतको छाप समेत लगाई भरपाई लिई फिर्ता दिनु पर्दछ। रित पुर्‍याई ल्याएकोमा भने फिर्ता नगरी कारवाई गर्नु पर्दछ। *अ.बं.६७ नं.*

**(झ) अयोग्य व्यक्ति वारेस राखेमा हुने परिणाम**

वारेस राख्दा कानुनबमोजिम नै राख्नु पर्दछ। यदि कानुनले योग्य नमानेको व्यक्ति वारेस राखेमा त्यसको परिणाम सम्बन्धित पक्षले नै बेहोर्नु पर्दछ।

मुद्दामा वारेस राख्दा वारेस राख्ने पक्षले वारेस हुने व्यक्ति वारेस बस्न योग्य छ छैन भन्ने जान्नु बुझ्नु पर्दछ, अन्यथा त्यसको दुष्परिणाम निजले भोग्नु पर्ने हुन्छ। वारेस हुने व्यक्ति तारेखका दिन उपस्थित हुँदैमा सो वारेस राख्ने पक्षको प्रतिनिधित्व भएको भन्न  मिल्दैन। त्यसको विपरीत सो पक्षका तर्फबाट सो तारेखको दिन कुनै पनि व्यक्ति उपस्थित नभई तारेख छुटेको सम्झन पर्ने हुन्छ।

*अम्बर बहादुर विरुद्ध नर बहादुर, ने.का.प.२०३१,पृ २९८*

# खण्ड (ञ)

## १. प्रमाण सम्बन्धी व्यवस्था

**(क) प्रमाण बुझ्ने आदेश**

१. प्रतिउत्तरपत्र परी झगडियाहरूको उपस्थितिको निमित्त तोकिएको तारेखमा दुवै पक्षको रोहबरमा फिरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखत हेरी देखाई वादी प्रतिवादीसँग आवश्यक कुरा सोधपुछ समेत गरी त्यसबाट दुबै थरीको कुरा मिले नमिलेको अड्डाले विचार गरी कुरा मिलेको देखिन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ। दुबै थरीको कुरा आंशिक वा पूर्ण रूपमा नमिलेको देखिन आएमा जुन जुन कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने हो सो कुराहरू र त्यस सम्बन्धमा बुझ्नु पर्ने प्रमाणहरू स्पष्ट खोली पर्चा खडा गरी सबुद प्रमाण झिकाउन आदेश दिई सबुद प्रमाण बुझ्ने तारेख समेत तोक्नु पर्छ। प्रमाण बुझ्न तोकिएको तारेखमा अड्डाले अ.बं.को ७८ नम्बर बमोजिम कारवाइ गर्नु पर्छ।

*मु.ऐन अ.बं. १८४क नं.*

२. मुद्दाका वादी प्रतिवादी दुवै थरीको कुरा नमिलेको देखिन आएमा जुन जुन कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने हो सो कुराहरू र त्यस सम्बन्धमा बुझ्नु पर्ने प्रमाणहरू स्पष्ट खोली पर्चा खडा गरी सबुद प्रमाण झिकाउने बुझ्ने आदेश दिनु पर्छ। यसरी पर्चा खडा गर्दा अ.बं. ७८ नं. बमोजिम लिखत सुनाउनु पर्ने भए सो कुरा साक्षी सर्जमिन, वस्तुस्थिति मुचुल्काका मानिस, जाहेरवालालाई झिकाई बुझ्ने, घाउ जाँच रिपोर्ट, शवपरीक्षण प्रतिवेदन, विशेषज्ञको राय प्रतिवेदन झिकाउने, प्रतिवादीको अंश रोक्का गर्नु पर्ने अवस्थामा सो रोक्का गर्ने लगायत मुद्दामा ठहर गर्नु पर्ने कुरालाई समर्थन गर्ने तथा खण्डन गर्ने सम्बद्ध प्रमाणहरू मिसिलबाट जे जति देखिन्छन् ती समस्त प्रमाण बुझ्ने आदेश एकै पटक गर्नु अनिवार्य हुन्छ।

*स.मु.स. नियमावली, २०५५ को नियम १५(१)*

३. अदालतले प्रमाण बुझ्न मुकरर गरेको मितिसम्ममा विदेश गई सक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालतसमक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्ने छ।

*मु.ऐन अ.बं. १३७ नं.*

४. फौजदारी मुद्दामा प्रतिवादीको बयान लिई नसकी वा बयान गर्न आउने म्याद भुक्तान भई नसकी प्रमाण बुझ्न हुँदैन।

५. वादी प्रतिवादीका साक्षी प्रमाण एकै पटक बुझ्नु पर्छ। साक्षी बुझ्ने तारेख तोक्दा प्रतिवादीलाई समेत उसै दिनको तारेख मिलाई तोकिदिनु पर्छ। अलग अलग तारेख तोक्न हुँदैन। प्रतिवादी थुनामा रहेको अवस्था भए साक्षी प्रमाण बुझ्ने गरी तोकिएको तारेखको लिखित जानकारी सम्बन्धित कारागारमार्फत पठाइदिनु पर्छ। साथै, सम्बन्धित सरकारी वकिल कार्यालयलाई समेत सोको जनाउ दिनुपर्छ।

कुनै एउटै मुद्दामा केही व्यक्ति थुनामा परेको र कोही धरौट, जमानी वा तारेखमा रहेको वा फरार रहेको अवस्थामा थुनामा नरहेको प्रतिवादीको हकमा प्रमाण बुझी मुद्दा किनारा गर्ने अंग पुऱ्याउन समय लाग्ने भई सबै प्रतिवादीको एकसाथ कारवाही गर्दा थुनामा परेको मितिले कानूनका म्यादभित्र किनारा हुन नसक्ने भएमा अदालतले थुनामा रहेको प्रतिवादीको हकमा मात्र जो जे बुझ्नु पर्ने प्रमाण बुझी मुद्दा किनारा लगाउन सक्छ।

कुनै मुद्दामा कुनै व्यक्ति थुनिएको छ, कुनै व्यक्ति धरौट जमानीमा वा तारेखमा छ वा फरार भइराखेको छ र नथुनिएको व्यक्तिको हकमा कानुनअनुसार अङ्ग पुऱ्याउन समय लाग्ने भई एकैसाथ कारवाही गर्दा थुनिएका हकमा निज थुनिएको मितिले कानुनको म्यादभित्र किनारा लगाउन नसकिने देखिएमा अदालतले थुनिएका व्यक्तिको सम्बन्धमा मात्र जो बुझ्नु पर्ने बुझी किनारा लगाउन सक्नेछ। त्यसरी किनारा लगाउन हुनेका हकमा किनारा नलगाई बिना कारण थुनामा राख्न हुँदैन।

*मु.ऐन अ.बं. १२२*

(ख) **लिखतप्रमाण पेस गर्ने**

१. अदालतमा आफ्नो दाबी सहित मुद्दा प्रस्तुत गर्दा र त्यसको प्रतिवाद गर्दा आफ्नो दाबी वा प्रतिवादसँग सम्बन्धित लिखतहरू सक्कलै पेस गर्नु पर्दछ। अ.बं. ७७ नं. मा भएको कानुनी व्यवस्थाअनुसार लिखतको प्रकृतिबाट आफूसँग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत प्रमाणको सक्कल र त्यसको एक प्रति नक्कल वादीले फिरादपत्र साथ र प्रतिवादीले प्रतिउत्तरका साथ वा बयान गर्दा पेस गर्नु पर्दछ। यो व्यवस्थाअनुसार सरकारवादी फौजदारी मुद्दामा पनि अभियोगपत्रसाथ लिखत प्रमाण पेस गर्नु पर्दछ। यसरी सक्कल लिखत पेस भएपछि सो को नक्कलको पिठमा सम्बन्धित पक्ष र अदालतका कर्मचारीको समेत सहिछाप गरी छाप लगाई मिसिल साथ राख्नु पर्दछ र सक्कल लिखतको पिठमा अदालतको छाप लगाई पक्षलाई फिर्ता दिनु पर्दछ।
२. श्री ५ को सरकार वादी हुने मुद्दामा भने अभियोगपत्रमा उल्लेख गरिए बाहेकका लिखत प्रमाण वा साक्षी सर्जमिनका मानिस पनि बुझ्नु पर्ने देखिएमा अदालतले झिकाई बुझ्न सक्दछ। अन्य मुद्दाहरूको हकमा फिराद, प्रतिउत्तर साथ उल्लेख वा पेस नगरेको प्रमाण पछि अ.बं. ७७ नं. बमोजिम लाग्न सक्दैन।
३. अदालतमा बोकी ल्याउन नसकिने लिखतका हकमा त्यस्तो लिखतको प्रतिलिपिमात्र पेस गर्न सकिन्छ।
४. कुनै नयाँ र महत्वपूर्ण लिखत प्रमाण, अभियोगपत्र वा प्रतिवाद, बयान गर्दाका बखतमा आफूले थाहा नपाएको वा प्राप्त गर्न नसकेकोले त्यस्तो प्रमाण पेस गर्ने अनुमति पाउँ भनी पक्षले निवेदन दिएमा अदालतले पर्चा खडा गरी त्यस्तो प्रमाण पेस गर्ने अनुमति दिई बुझ्न हुन्छ।

लिखतको प्रकृतिबाट आफूसँग रहनु पर्ने वा आफूले प्राप्त गर्नसक्ने लिखत प्रमाणको सक्कल र त्यसको एक प्रति नक्कल वादीले उजुरीका साथ र प्रतिवादीले प्रतिउत्तरपत्रका साथ वा बयान गर्दा पेस गर्नुपर्छ। सो बमोजिम उल्लेख वा पेस नगरेको सबुद प्रमाण पछि बुझिने वा लाग्ने छैन, तर देहायका अवस्थामा देहाय बमोजिम हुन्छ -------------------

श्री ५ को सरकार वादी हुने र हुलदङ्गा कुटपिट मुद्दामा फिरादपत्र वा प्रतिउत्तरपत्रमा लेखिएदेखि बाहेकका लिखित प्रमाण वा साक्षी वा सर्जमिनका मानिस पनि बुझ्नुपर्ने देखिएमा अड्डाले झिकाई बुझ्नु हुन्छ ---------------------------------------------------------------------------------------------------- १

अदालतमा बोकी ल्याउन नसकिने लिखतका हकमा माथि लेखिए बमोजिम लिखत दाखिल गर्दा सो लिखतको नक्कल मात्र दाखिल गरे पनि हुन्छ ---------------------------------------------------------- २

*मु.ऐन अ.बं. ७७ नं.*

यसै महलको ७८ नम्बरमा लेखिएको कुरामा सोही बमोजिम हुन्छ --------------------------------- ३

दायर भएका मुद्दा कुनै मनासिब कारण देखाई झगडियाले कुनै लिखत प्रमाण पेस गर्न अर्को तारेख तोकी पाउँ भनी निवेदन गरेमा अड्डाले सो लिखत प्रमाण पेस गर्न बढीमा पैंतीस दिनसम्मको अर्को तारेख तोकिदिन सक्नेछ --------------------------------------------------------------------------- ४

कुनै नयाँ र महत्वपूर्ण लिखत प्रमाण फिरादपत्र वा प्रतिउत्तरपत्र दिंदाका बखत आफूले भरमग्दुर कोसिस गर्दा पनि थाहा नपाएको वा प्राप्त गर्न नसकेकोले सो प्रमाण पेस गर्न अनुमति पाउँ भनी झगडियाले निवेदन दिएमा ब्यहोरा मनासिब देखिए अड्डाले सो कुराको पर्चा खडा गरी सो प्रमाण बुझ्नु हुन्छ ---------------------------------------------------------------------------------------------- ५

(ग) **सद्देकिर्तेमा सुनाउने व्यवस्था**

१. अभियोगपत्र वा बयानसाथ लिखत प्रमाण पेस भई सकेपछि सबुद प्रमाण बुझ्ने भनी तोकिएको तारेखका दिन कुनै लिखत सद्देकिर्तेमा सुनाई बयान गराउनु पर्ने अवस्थाको लिखत देखिन आएमा अ.बं. ७८ नं. समेतको प्रक्रिया अपनाई सद्देकिर्तेमा सुनाई बयान कागज गर्ने आदेश गर्नु पर्छ ।

२. तोकिएको तारेखकै दिन तत्कालै बयान गरी सद्देकिर्ते वा जालसाजी भनी छुट्याउन नसक्ने भई पक्षले समय माग गरेमा अदालतले ३ दिनसम्मको समय दिन हुन्छ ।

३. सम्बन्धित पक्षबाहेक अरू व्यक्तिको सहिछाप परेको कागज सम्बन्धमा सद्देकिर्तेमा बयानको लागि समय माग गरेकोमा बढीमा ३५ दिनसम्मको समय दिन हुन्छ ।

४. वारेस वा कानुन व्यवसायी तारेखमा रहेकोमा सद्देकिर्तेमा बयानको लागि सम्बन्धित पक्षलाई नै झिकाउनु आवश्यक देखिएमा झिकाई बयान गराउनु पर्दछ ।

५. सद्देकिर्तेमा बयान गर्न म्याद दिएको अवस्थामा सो म्यादभित्रै पेस दाखिल गरेको लिखत प्रमाणको विवरण उल्लेख गरी राख्नु पर्दछ र त्यसरी दाखिल नभएको लिखत प्रमाणमा लाग्न सक्दैन ।

सबुद प्रमाण बुझ्ने भनी तोकिएको तारेखमा वादीको प्रमाणको कागज प्रतिवादीलाई र प्रतिवादीको प्रमाणको कागज वादीलाई सक्कलै देखाई सुनाई सद्देकिर्ते वा जालसाजी के भन्छ सोही व्यहोराको बयान गराउनु पर्छ । उसै बखत सद्देकिर्ते वा जालसाजी छुट्याउने नसक्ने भई हाकिमका तजबिजले म्याद दिन पर्ने ठहराएमा तीन दिनसम्मको म्याद दिन हुन्छ । झगडिया बाहेक अरूको सहिछाप परेको कागज पेस भएकोमा उसै बखत सद्देकिर्ते वा जालसाजी छुट्याउन नसक्ने भई म्याद मागेमा प्रमाणसहित सद्देकिर्ते वा जालसाजीमा बयान गर्न बढीमा पैंतीस दिनसम्मको म्याद दिनुपर्छ । म्याद दिंदा सो म्याद पाउनेको सो कागज देखे सुने भन्ने कागज गराउनु पर्छ । सो म्यादभित्र सद्देकिर्ते वा जालसाजी के भन्छ बयान गराई लिनुपर्छ । किर्ते वा जालसाजी हो भन्ने बयान गरेका दिन निजका झगडियाहरू हाजिर रहेको भए रहेका जतिको उसै दिन र मनासिब कारणले सो हाजिर नरहेको जतिलाई ऐनबमोजिम हाजिर भएकै दिन बयान गराई लिनुपर्छ । वारेस वा कानुन व्यवसायी तारेखमा रहेकोमा झगडियालाई नै झिकाउनु आवश्यक देखिएमा झगडिया झिकाई झगडियाको बयान गराउन पनि हुन्छ । सो म्यादभित्र दाखिल गरे जति सबुदको दाखिल भएकै दिन अकर्ण गराई लिनुपर्छ । सो म्यादभित्र दाखिल नगरेको प्रमाण लाग्न सक्दैन । *मु.ऐन अ.बं. ७८ नं.*

(घ) **सक्कल लिखत राख्ने सम्बन्धमा**

फिराद वा अभियोगपत्र र प्रतिउत्तर वा बयान साथ पेस गरेको सक्कल लिखत पक्षलाई नै फिर्ता गरेपछि अदालतले चाहेको बखत झिकाई हेर्न सक्दछ । तर कुनै लिखत नै किर्ते भनी उजुर परेको हकमा वा किर्ते भनी बयान गरेमा त्यस्तो किर्ते भनिएको लिखत भने सक्कलै मिसिल साथ राख्नु पर्दछ । यसरी सक्कल लिखत मिसिलसाथ राख्दा लालमोहर वा अड्डाबाट गरिदिएको कागज बाहेक अरू सक्कल लिखतको पिठमा दाखिल गर्नेको सहिछाप र किर्ते भनी बयान गरेमा निजको औंठाछाप एवं हस्ताक्षर समेत गराई राख्नु पर्दछ ।

(ङ) **प्रमाण बुझ्ने कार्य समयमै गर्नुपर्ने**

१. अ.बं. १४० नं. बमोजिम प्रतिवादी चुक्ता भएको मितिले र तोकिएको तारेखसम्ममा प्रतिवादी चुक्ता नभई एकतर्फी हुने भएकोमा एकतर्फी प्रमाण बुझ्नलाई सो म्याद तारेख गुज्रेको मितिले मनासिब माफिकको कारणले बाहेक सात दिनभन्दा बढ्ता ढीला गर्न हुँदैन ।

२. कुनै मुद्दामा कुनै व्यक्ति थुनिएको छ, कुनै व्यक्ति धरौट जमानी वा तारेखमा छ वा फरार भइराखेको छ र नथुनिएको व्यक्तिको हकमा कानुनअनुसार अङ्ग पुर्‍याउन समय लाग्ने भई एकैसाथ कारवाही गर्दा थुनिएकाको हकमा निज थुनिएका मितिले कानुनका म्यादभित्र किनारा लगाउन नसकिने देखिएमा अदालतले थुनिएका व्यक्तिको सम्बन्धमा मात्र जो बुझ्नु पर्ने बुझी किनारा लगाउन सक्नेछ । त्यसरी किनारा लगाउन हुनेका हकमा किनारा नलगाई बिना कारण थुनामा राख्न हुँदैन ।

*मु.ऐन अ.बं. १२२ नं.*

३. माथि उल्लिखित अवस्था र कानुनबमोजिम मुद्दा मुल्तबीमा रहने अवस्था बाहेक अन्य मुद्दा फैसला गर्दा एउटै मिसिलबाट गर्नु पर्ने काममध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने ब्यहोरासँग फैसला गर्न हुँदैन । प्रमाण बुझ्ने तथा फैसला गर्ने काम एकैपटक गर्नुपर्छ ।

**(च) प्रमाण लिन हुने र नहुने कुराहरू**

**प्रमाण ऐनमा प्रमाणमा लिन हुने भनी देहायका कुराहरूलाई उल्लेख गरिएको छः**

- मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ । तर फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगका सम्बन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुराका सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) को अवस्थामा मात्र प्रमाणमा लिन हुन्छ ।
- त्यसै गरी मौकामा व्यक्त गरेको कुरा, मरेको व्यक्तिले होस छँदै व्यक्त गरेको कुरा, खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास खास कुरा, सार्वजनिक लिखत इत्यादिमा उल्लेख भएका कुरा, नियमित रूपमा राखिएका खाता, बही, किताब वा अन्य स्रेस्तामा जनिएका कुरा, पुस्तक वा लेखमा लेखिएका कुराहरू, खास प्रकारका तथ्याङ्क सूचीपत्र, विवरण इत्यादि, अन्य मुद्दामा साक्षीले बकेका कुरा, तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखत, निस्सा वा प्रमाणपत्र, प्रतिवेदन, दसी प्रमाण, व्यक्तिगत राय, लगायतका कुराहरू प्रमाणमा लिन हुन्छ ।
- मुद्दामा पक्षहरूको चरित्र असल वा खराब छ भन्ने कुरा, कुनै व्यक्तिले कुनै कुरा प्रकट गर्न नहुने अवस्थामा त्यसरी प्रकट गरेका कुरा, अदालतले आदेश दिंदा पनि पेस नगरेको लिखतलाई प्रमाणमा लिन हुँदैन । तर प्रमाणमा लिन हुने र नहुने विषयका सम्बन्धमा पनि विविध सर्तहरू (अपवादहरू) रहेको पाइन्छ ।

८. **प्रमाणमा लिन हुने कुराहरू :–** मुद्दामा प्रमाण बुझ्दा यस परिच्छेद बमोजिम प्रमाणमा लिन हुने कुराहरू र साक्षीले अदालतका समक्ष बकेका अन्य कुराहरू प्रमाणमा लिन हुन्छ ।

९. **पक्षले व्यक्त गरेको कुरा :–** (१) मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि,

(क) फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगका सम्बन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहराएमा प्रमाणमा लिन हुन्छ :-

(१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो ।

*प्रमाण ऐन, २०३१*

(२) निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन ।

(३) सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाहीको सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्नसक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसंगत रूपमा विश्वास गरेको थियो ।

(ख) दफा १२ को खण्ड (क) देखि (घ) सम्म उल्लिखित कुराहरू र यस परिच्छेदको अन्य कुनै दफाबमोजिम प्रमाणमा लिन हुने कुनै कुरा सो पक्षले नै व्यक्त गरेको भए पनि निजले चाहेमा त्यस्तो कुरा निजका पक्षमा पनि प्रमाणमा लिन हुन्छ ।

(ग) मिल्ने उद्देश्यले कुनै पक्षले आफ्नो दाबी पूरै वा आंशिक रूपमा छोड्न वा कुनै व्यक्तिलाई कुनै रकम दिन वा कुनै सेवा प्रदान गर्न स्वीकार गरेको कुरा निजका विरूद्ध प्रमाणमा लिन हुँदैन ।

(३) यस दफाको प्रयोजनको लागि देहायका व्यक्तिले व्यक्त गरेको देहायबमोजिमको कुरा पक्षले नै व्यक्त गरेको मानिनेछ :-

(क) पक्षको वारेस वा प्रचलित नेपाल कानुनबमोजिम निजका तर्फबाट मुद्दामा प्रतिनिधित्व गर्ने व्यक्तिले वारेस वा त्यस्तो प्रतिनिधिको हैसियतले व्यक्त गरेको कुनै कुरा,

(ख) पक्षका तर्फबाट कुनै काम गर्न अधिकार पाएका व्यक्तिले त्यस्तो अधिकार कायम रहेको अवस्थामा आफ्नो अधिकारको विषयवस्तुका सम्बन्धमा व्यक्त गरेको कुनै कुरा,

(ग) मुद्दाको कुनै विषयवस्तुमा पक्षलाई कुनै अधिकार प्राप्त हुनुभन्दा अगावै सो विषयवस्तुमा स्वामित्व वा आर्थिक स्वार्थ भएका व्यक्तिले आफ्नो स्वामित्व वा आर्थिक स्वार्थ रहेको अवस्थामा त्यस सम्बन्धमा व्यक्त गरेको कुनै कुरा, वा

(घ) मुद्दाको विषय वस्तुमा संयुक्त रूपमा पक्ष र अन्य कुनै व्यक्तिको स्वामित्व वा आर्थिक स्वार्थ कायम रहेको अवस्थामा सो व्यक्तिले सो सम्बन्धमा व्यक्त गरेको कुनै कुरा ।

१०. **मौकामा व्यक्त गरेको कुरा :-** (१) कुनै काम घटना वा अवस्थाका सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ :

(क) सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति, वा

(ख) सो काम, घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति ।

(२) कुनै व्यक्तिले निजको शारीरिक वा मानसिक अवस्था स्पष्ट रूपमा बोध हुने गरी त्यस्तो अवस्था कायम छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिनहुन्छ ।

११. मरेको व्यक्तिले होस छँदै व्यक्त गरेको कुरा :- कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ ।

१२. खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास खास कुराहरू :- मरेको, बेपत्ता भएको वा साक्षी बस्न यस ऐन बमोजिम असमर्थ वा कर नलाग्ने भएको वा विपक्षीको जाल प्रपञ्चले गर्दा अदालतमा उपस्थित गराउन सम्भव छैन भनी मुद्दाको पक्षले प्रमाणित गरेको वा अदालतद्वारा समाह्वान जारी हुन नसक्ने अवस्थामा भएको वा अदालतको रायमा अनावश्यक रूपमा बढी खर्च वा समय लाग्ने भई उपस्थित गराई रहन अनुपयुक्त देखिएको व्यक्तिले व्यक्त गरेको देहायका कुराहरू प्रमाणमा लिनहुन्छ :-

(क) निजको हक, हित वा स्वार्थको विपरीत हुने गरी व्यक्त गरेको कुनै कुरा,

(ख) निज उपर कुनै कानुनी कारवाही हुन सक्ने वा कुनै फौजदारी अभियोग लाग्न सक्ने गरी लिखित रूपमा व्यक्त गरेको कुनै कुरा,

(ग) निजलाई विशेष रूपमा थाहा भएको कुनै सार्वजनिक हक वा रीतिस्थितिका सम्बन्धमा मुद्दा पर्नुभन्दा अघि लिखित रूपमा व्यक्त गरेको कुनै कुरा, वा

(घ) निजलाई विशेष रूपमा थाहा भएको कुनै नाता सम्बन्धका विषयहरू मुद्दा पर्नु भन्दा अघि व्यक्त गरेको कुनै कुरा ।

१३. **सार्वजनिक लिखत इत्यादिमा उल्लेख भएका कुराहरू :-** (१) राष्ट्र सेवकले आफ्नो ओहदाको कर्तव्यपालनको सिलसिलामा र कुनै व्यक्तिले कानुनद्वारा तोकिएको आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै सार्वजनिक लिखतमा उल्लेख गरेका कुराहरू प्रमाणमा लिन हुन्छ ।

(२) श्री ५ को सरकारबाट वा श्री ५ को सरकारद्वारा अधिकार प्राप्त व्यक्तिबाट वा सार्वजनिक संस्थाबाट प्रकाशित भई सार्वजनिक रूपमा बिक्रीमा रहेको नक्सा, मानचित्र वा तथ्यांक सम्बन्धी लिखतमा जनिएका कुराहरू प्रमाणमा लिन हुन्छ ।

१४. **नियमित रूपमा राखिएका खाता, बही, किताब वा अन्य स्रेस्तामा जनिएका कुराहरू :-** कुनै काम, कारवाही वा व्यवसायको सिलसिलामा नियमित रूपमा राखिएको खाता, बही, किताब वा अन्य स्रेस्तामा नियमित रूपमा चढाएको वा जनाएको कुनै कुरा वा सो काम, कारोबार वा व्यवसायका सम्बन्धमा लेखेको चिट्ठीपत्र, भरपाई, चलानी वा अन्य कुनै विवरण प्रमाणमा लिन हुन्छ ।

१५. **पुस्तक वा लेखमा लेखिएका कुराहरू :-** (१) कुनै विदेशी राज्यको सरकारबाट वा त्यस्तो सरकारबाट अधिकार प्राप्त व्यक्ति वा संस्थाबाट सो राज्यको कानुन वा अदालतको निर्णयको सम्बन्धमा प्रकाशित पुस्तकमा उल्लेख भएका त्यस्तो कानुन वा निर्णय सम्बन्धी कुराहरू प्रमाणमा लिन हुन्छ ।

(२) कुनै विषयमा सो विषयका विद्वान् कहलिएका व्यक्तिद्वारा लेखिएको प्रकाशित पुस्तक वा लेखमा उल्लेख भएका कुराहरू प्रमाणमा लिन हुन्छ ।

१६. **खास प्रकारका तथ्यांक, सूची-पत्र, विवरण इत्यादि :-** कुनै खास पेशामा लागेका व्यक्तिहरूको उपयोगका लागि नियमित रूपमा प्रकाशित हुने तथ्यांक, फिहरिस्त, सूची-पत्र, विवरण वा लेखमा उल्लेख भएका कुराहरू प्रमाणमा लिन हुन्छ ।

१७. **अन्य मुद्दामा साक्षीले बकेका कुराहरू :-** कुनै मुद्दामा कुनै अदालतका समक्ष कुनै साक्षीले बकेका कुराहरू देहायका अवस्थामा मात्र अर्को मुद्दामा प्रमाणमा लिन हुन्छ :-

(क) सो साक्षी मरेको, बेपत्ता भएको वा साक्षी बस्न यस ऐन बमोजिम अयोग्य हुन गएकोमा, वा

(ख) निजले सो कुरामा प्रमाण दिन कर नलाग्ने गरी यस ऐन बमोजिम सुविधा पाउने अवस्था भएमा, वा

(ग) विपक्षीको जाल प्रपञ्चले गर्दा निजलाई अदालतमा उपस्थित गराउन सम्भव छैन भनी मुद्दाका पक्षले प्रमाणित गरेमा, वा

(घ) निजका विरूद्ध म्याद जारी हुन नसक्ने अवस्था भएमा, वा

(ङ) अदालतको रायमा निजलाई उपस्थित गराउँदा अनावश्यक रूपमा बढी समय वा खर्च लाग्ने भै अनुपयुक्त देखिएमा ।

१८. **तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखत :-** कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानुनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ ।

तर,

(क) शवपरीक्षाको प्रतिवेदन (पोस्टमार्टम रिपोर्ट) मा सम्बन्धित विशेषज्ञले उल्लेख गरेको कुनै कुराका सम्बन्धमा मुद्दाका पक्षहरूका बीचमा कुनै विवाद नभएमा वा सो कुरा मिसिलमा देखा परेको कुनै प्रमाण वा कुनै वस्तुस्थितिसँग असंगत नदेखिएमा सो विशेषज्ञ अदालतमा उपस्थित नभए पनि सो कुरा प्रमाणमा लिन हुन्छ ।

(ख) मुद्दाको पुर्पक्ष गर्दा अभियुक्तलाई थुनछेक गर्ने प्रयोजनको लागि अधिकार प्राप्त अधिकारीले गराएको लासजाँच मुचुल्का र मौका तहकिकात सरजमिन मुचुल्का सो मुचुल्कामा उल्लेख भएका कुराहरू व्यक्त गर्ने व्यक्तिहरू साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान नगरे पनि थुनछेकको लागि प्रमाणमा लिन हुन्छ ।

१९. **निस्सा वा प्रमाणपत्र** :– कुनै निस्सा वा प्रमाणपत्र दिने कानुनी कर्तव्य भएका व्यक्तिले प्रचलित नेपाल कानुनबमोजिम दिएको निस्सा वा प्रमाणपत्र प्रमाणमा लिन हुन्छ ।

२०. प्रचलित नेपाल कानुनबमोजिम कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरी कुनै खास ठाउँ वा कार्यालयमा जाहेर गर्नुपर्ने कानुनी कर्तव्य भएका व्यक्तिले कर्तव्य पालनको सिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ ।

तर त्यस्तो टिप्पणी वा प्रतिवेदन सम्बन्धित ठाउँ वा कार्यालयमा रितपूर्वक जाहेर भै दर्ता भएको हुनुपर्छ ।

२१. **प्रमाण लाग्ने अन्य लिखत** :– दफा ९ देखि २० सम्ममा उल्लेख भएका लिखत बाहेक अन्य कुनै लिखत सो लिखत छ भन्ने कुराको प्रमाणको रूपमा लिन हुन्छ ।

२२. **दसी प्रमाण** :– साक्षीले अदालतका समक्ष सनाखत गरेको मुद्दासँग सम्बन्धित जुनसुकै दसी वा चीज वस्तु प्रमाणमा लिन हुन्छ ।

२३. **व्यक्तिगत राय** :– (१) अदालतले विदेशी कानुन, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा राय यकिन गर्नु परेमा सो सम्बन्धी विशेषज्ञको राय प्रमाणमा लिन हुन्छ ।

(२) अदालतले कुनै व्यक्तिको हस्ताक्षरका सम्बन्धमा राय यकिन गर्नु परेमा सो व्यक्तिको हस्ताक्षर बराबर देख्ने मौका पाई सो हस्ताक्षर चिन्नसक्ने स्थितिमा भएको व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(३) अदालतले कुनै धार्मिक, जातीय वा सार्वजनिक हक वा रीतिस्थितिका सम्बन्धमा कुनै कुरा यकिन गर्नु परेमा त्यस्तो हक वा रीतिस्थितिको विशेष जानकारी हुनसक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(४) अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्बन्ध छ वा छैन भन्ने कुरा यकिन गर्नु परेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुनसक्ने स्थितिमा भएको व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(५) अदालतले कुनै खास स्थानमा प्रयोग हुने खास शब्द वा शब्दहरूको अर्थ यकिन गर्नुपरेमा त्यसको विशेष ज्ञान हुनसक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(६) यस दफाबमोजिम कुनै व्यक्तिको राय प्रमाणमा लिइएमा त्यस्तो रायलाई समर्थन वा खण्डन गर्ने कुराहरू र त्यस्तो रायको आधार पनि प्रमाणमा लिन हुन्छ ।

(७) कुनै व्यक्तिले व्यक्त गरेको कुनै राय सो व्यक्ति साक्षीको रूपमा आफैं अदालतमा उपस्थित भएमा मात्र यस दफाबमोजिम प्रमाणमा लिन हुन्छ ।

तर कुनै विषयको विशेषज्ञद्वारा कुनै पुस्तक वा लेखमा व्यक्त भएको राय वा सो रायको आधारलाई प्रमाणमा लिन सो पुस्तक वा लेखको लेखक आफैं अदालतमा उपस्थित हुनु अनिवार्य हुने छैन ।

२४. **प्रमाण लिन नहुने कुरा** :– (१) मुद्दामा पक्षहरूको चरित्र असल वा खराब छ भन्ने कुरा प्रमाण लिन हुँदैन ।

तर कुनै पक्षको चरित्र नै अदालतले ठहर गर्नु पर्ने भएमा निजको चरित्र सम्बन्धी कुरा प्रमाणमा लिन हुन्छ ।

(२) दफा ४१, ४३ वा ४५ बमोजिम कुनै व्यक्तिले कुनै कुरा प्रकट गर्न नहुने अवस्थामा निजले त्यस्तो कुनै कुरा प्रकट गरे पनि प्रमाणमा लिन हुँदैन ।

(३) कुनै पक्षलाई अदालते पेस गर्न आदेश दिएको कुनै लिखत सो पक्षले पेस नगरेमा सो लिखत अर्को पक्ष वा अदातलको अनुमति बेगर सो मुद्दामा प्रमाणमा पेस गर्न पाइने छैन ।

(४) यस दफमा किटानीसाथ उल्लेख गरिएका कुराहरूका अतिरिक्त यो ऐन वा अन्य प्रचलित नेपाल कानुनबमोजिम प्रमाणमा लिन नहुने अन्य कुनै कुरा प्रमाणमा लिन हुँदैन ।

**दफा ४१ :– लोग्ने–स्वास्नी बीचको कुरा प्रकट गर्न नहुने :**

कुनै लोग्नेले स्वास्नीलाई वा स्वास्नीले लोग्नेलाई आफ्नो दाम्पत्य सम्बन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै कुरा प्रकट गर्न कर लाग्ने छैन र त्यस्तो लोग्ने र स्वास्नीका बीचमा परेको कुनै मुद्दामा वा त्यस्तो लोग्ने वा स्वास्नीले स्वास्नी वा लोग्नेका विरूद्ध कुनै अपराध गरेको सिलसिलामा श्री ५ को सरकार वादी भई चलेको कुनै फौजदारी मुद्दामा बाहेक त्यस्तो कुरा व्यक्त गर्न लोग्ने वा स्वास्नीले अनुमति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न हुँदैन ।

**दफा ४३ :– सरकारी कार्यालयमा रहेका अप्रकाशित सरकारी लिखतका कुरा प्रकट गर्न नहुने :**

विभागीय प्रमुखले अनुमति दिएमा बाहेक कुनै व्यक्तिले सरकारी कार्यालयमा रहेको सरकारी कामकाज सम्बन्धी अप्रकाशित गोप्य लिखत पेस गर्न वा त्यसको कुनै कुरा प्रकट गर्न हुँदैन ।

**दफा ४५ :– कानुन व्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने :**

(१) कानुन व्यवसायीले आफूलाई नियुक्त गर्ने पक्षको लिखित अनुमति नलिई आफ्नो नियुक्तिको अवस्थामा वा सो गर्ने उद्देश्यले आफ्नो पक्ष वा निजको वारेसले दिएको कुनै जानकारी वा आफूलाई थाहा भएको कुनै लिखतको ब्यहोरा वा आफूले दिएको कुनै सल्लाह प्रकट गर्न हुँदैन ।

तर,

(क) कुनै कानुनी काम गर्ने अभिप्रायले कुनै कानुन व्यवसायीलाई दिएको कुनै जानकारी निजले प्रकट गर्न हुन्छ ।

(ख) कानुन व्यवसायीको नियुक्ति भई सके पछि कुनै अपराध भई निजले थाहा पाएमा सो कुरा निजले प्रकट गर्न हुन्छ ।

(२) उपदफा (१) बमोजिम कानुन व्यवसायी उपर लगाइएको प्रतिबन्ध कानुन व्यवसायीको रूपमा सो पक्षद्वारा निजको नियुक्ति समाप्त भई सके पछि पनि कायम रहनेछ र सो प्रतिबन्ध कानुन व्यवसायीको कारिन्दा, नोकर तथा दोभासेलाई समेत लागु हुनेछ ।

(३) कुनै पक्षले आफ्ना तर्फका कुनै कानुन व्यवसायीलाई उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै जानकारीको सम्बन्धमा कुनै गवाही दिन लगाएमा सो उपदफाको तात्पर्यको लागि सो पक्षले त्यस्तो जानकारी वा कुरा प्रकट गर्न अनुमति दिएको मानिने छ ।

## २. साक्षी सम्बन्धी व्यवस्था

**(क) साक्षी परीक्षण गर्ने समयमा प्रहरी कर्मचारीले पालना गर्नुपर्ने कुराहरू**

साक्षी प्रमाण सबुदहरूको अदालतमा परीक्षण गर्ने समयमा प्रहरी कर्मचारीले देहाय बमोजिमको कर्तव्य पालना गर्नुपर्दछ ।

- साक्षी परीक्षणको लागि उपस्थित गराउनु पर्ने व्यक्तिहरूसँग सम्पर्क र समन्वय राख्ने र उपस्थित गराउने ।
- अनुसन्धान अधिकृत, विशेषज्ञ वा रोहबरको रूपमा रहेका प्रहरी कर्मचारीहरू साक्षी प्रमाणको रूपमा अदालतमा पेस हुँदा सम्बन्धित सरकारी वकिलसँग समेत सम्पर्क राखी उपस्थित हुने ।
- अदालत समक्ष उपस्थित हुँदा मर्यादित ढंगमा प्रस्तुत हुनु पर्ने ।

**(ख) साक्षीको योग्यता**

- कलिलो उमेर, अति वृद्धावस्था, शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति साक्षी हुन सक्दैन । सो बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षीको लागि योग्य मानिन्छ ।

कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ । *प्रमाण ऐन, २०३१ को दफा ३८*

**(ग) साक्षी उपस्थित गराउने**

- फिराद वा अभियोगपत्र र प्रतिउत्तर वा बयानमा उल्लिखित साक्षीहरूलाई अदालतले तोकेको तारेखको दिन मुद्दाका सम्बन्धित पक्षहरू आफैंले अदालतमा उपस्थित गराउनु पर्दछ । यसरी तोकिएको दिन उपस्थित नहुने साक्षीलाई पछि बुझिने छैन ।

वादी प्रतिवादीमा लेखिएका साक्षीहरूलाई अड्डाले तोकेको तारेखमा मुद्दाका पक्षहरू आफैंले उपस्थित गराउनु पर्छ । सो बमोजिम उपस्थित गराउन नसकेमा यसै महलको ११५ नम्बरबमोजिम हुनेमा बाहेक पछि त्यस्तो साक्षी बुझिने छैन । तर पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तले पेस गर्न चाहेको साक्षीलाई अड्डैबाट समाह्वान जारी गरी बुझी पाऊँ भन्ने निवेदनपत्र दिएमा अड्डाले प्रति साक्षी पाँच रूपैयाँको दरले समाह्वान दस्तुर लिई त्यस्तो साक्षीका नाउँमा समाह्वान जारी गरी बुझ्न हुन्छ । *अ.बं. १४४ नं.*

**(घ) अदालतबाटै साक्षी झिकाउने अवस्था**

- तोकिएको तारेखको दिन उपस्थित नहुने साक्षीलाई पछि नबुझिने र त्यस्तो साक्षीलाई बातिल गर्नु पर्दछ भन्ने व्यवस्था रहेको भए तापनि देहायको अवस्थाका साक्षीहरूलाई अदालत आफैंले म्याद जारी गरी उपस्थित गराई बुझ्न सक्दछ ।
- पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तले पेस गर्न चाहेको साक्षीलाई अदालतबाटै झिकाई बुझि पाउँ भनी निवेदन दिएमा त्यस्ता साक्षीहरूलाई
- श्री ५ को सरकार वादी भएको वा अन्य फौजदारी मुद्दामा नबुझी नहुने भनी अदालतले ठहराएका साक्षीहरूलाई,

  उल्लिखित अनुसार फौजदारी मुद्दामा नबुझी नहुने भई अदालतले समाह्वान जारी गरी झिकाइएको साक्षी उपस्थित नभएमा पक्राउ गरी बकाई १५ दिनसम्म कैद समेत हुन सक्दछ ।

प्रमाण बुझ्न तोकिएको तारेखमा हाजिर नभएका साक्षीलाई बातिल गर्नुपर्छ। तर श्री ५ को सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ। मनासिब कारण भएमा बाहेक सो बमोजिम समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई पचास रूपैयाँ जरिवाना गरी पक्राउ गर्न पठाई ल्याई बकाउनु पर्छ। पक्रन पठाउँदा पनि फेला परेन भने बाटाका म्याद बाहेक सात दिनको फेरी समाह्वान जारी गर्नुपर्छ। सो समाह्वान बमोजिम तोकिएको तारेखमा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई ल्याई बकाई पन्ध्र दिनदेखि पैंतालीस दिनसम्म कैद गर्न सक्नेछ। त्यति गर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्ने गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनुपर्छ। *अ.बं. ११५ नं.*

**(ङ) सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ मा साक्षी झिकाउने सम्बन्धी व्यवस्था**

(१) अदालतले सरकारी पक्षको साक्षी गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकिलमार्फत त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ। अदालतले प्रमाण बुझ्न मुकरर गरेको मितिसम्ममा विदेश गइसक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ।

(२) अदालतको आदेश बमोजिम प्रहरीले सरकारी पक्षको साक्षी, गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिब माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्र भलाद्मीहरूको रोहबरमा स.मु.स. नियमावलीको अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकिल कार्यालयमा पेस गर्नु पर्नेछ। सरकारी वकिलले उक्त मुचुल्का समेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिनसक्नेछ।

(३) यस नियम बमोजिम साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनेछ। यसरी खर्च उपलब्ध गराउँदा प्रत्येक साक्षी, गवाहलाई राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता दिइने छ। सरकारी कर्मचारीलाई साक्षी, गवाहको रूपमा उपस्थित हुनुपर्ने भएमा प्रचलित आर्थिक ऐन नियमबमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ।

(१) अदालतले सरकारी पक्षको गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्ने र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकिलमार्फत् त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ। अदालतले प्रमाण बुझ्न मुकरर गरेको समयसम्ममा विदेश गई सक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ।

(२) अदालतको आदेश बमोजिम प्रहरीले सरकारी पक्षको साक्षी, गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिब माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी भद्रभलादमीहरूको रोहवरमा अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकिल कार्यालयमा पेस गर्नु पर्नेछ। सरकारी वकिलले उक्त मुचुल्का समेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्नेछ।

*सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५*

(३) यस नियमबमोजिम साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनेछ। यसरी खर्च उपलब्ध गराउँदा प्रहरी साक्षी, गवाहलाई राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता दिइने छ। सरकारी कर्मचारीलाई साक्षी, गवाहको रूपमा उपस्थित हुनुपर्ने भएमा प्रचलित आर्थिक ऐन नियमबमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ।

**(च) साक्षी बकाउने प्रक्रिया**

- साक्षी बकाउँदा आफूले देखेजाने वा सुनेका कुरा इमानधर्म सम्झी साँचो बयान गर्नेछु भन्ने ब्यहोराको शपथ लिन लगाई सबै पक्षहरूको रोहबरमा क्रमैसँग बकाउनु पर्दछ।
- एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनु पर्दछ।
- तोकिएको दिनमा साक्षी बकाउन नभ्याइएमा भोलिपल्टकै तारेख तोकी बकाउनु पर्दछ र न्यायाधीशकै इजलासमा न्यायाधीशको समक्ष साक्षीको बकपत्र गराउनु पर्दछ।
- एकपटक बकाईसकेको साक्षीलाई कुनै मनासिब कारणबाट पुनः नबकाई नहुने भएमा पहिला स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउन हुन्छ।

*साक्षी बकपत्रको नमूना दिग्दर्शनको अनुसूची २३ मा दिइएको छ ।*

(१) साक्षी बकाउँदा आफूले देखेजाने वा सुनेको कुरा इमानधर्म सम्झी साँचो बयान गरूँला भन्ने ब्यहोराको शपथ लिन लगाई बकाउनु पर्छ।

(२) साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनु पर्छ।

तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारेख र समयमा कुनै पक्ष अदालतमा उपस्थित नभए भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउन हुन्छ।

(३) साक्षी बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनु पर्छ।

(४) एक पटक बकाइसकेको साक्षीलाई कुनै मनासिब कारणबाट फेरि नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउनु हुन्छ।

(५) साक्षीको बकपत्रमा मुद्दाका पक्षहरूको पनि सहिछाप गराउनु पर्छ। कुनै पक्षले सहिछाप नगरे न्यायाधीशले सो ब्यहोरा जनाई आफ्नो सहिछाप गर्नुपर्छ।

*प्रमाण ऐन, २०३१ को दफा ४९*

साक्षी बकाउँदा भरसक तोकिएका तारेखका दिनैमा साक्षी बकाउन तारेख तोकिएको सबै मुद्दाको साक्षी बकाइसक्नुपर्छ। त्यस्तो सबै मुद्दाको साक्षी बकाउन नभ्याउने भएमा जुन मुद्दाको उसै दिन सकिन्छ सो मुद्दाको त्यसै दिन बकाई अरू मुद्दाको साक्षीलाई भोलिपल्टैको तारेख तोकिदिनुपर्छ। नभ्याउने भएमा बाहेक एकै मुद्दाको साक्षीहरूलाई पनि कोही आज कोही भोलि पर्सि गरी बकाउन हुँदैन।

*अ.बं. १४६ नं.*

**(छ) सोधपुछ र जिरह**

- साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले नै सोधपुछ गर्ने र अर्को पक्षले सो साक्षीसँग जिरह गर्ने गर्नु पर्दछ।
- जिरह गरेपछि पक्षले आफ्नो साक्षीसँग पुनः सोधपुछ गर्न सक्दछ। तर यसरी सोधपुछ गर्दा जिरहसँग सम्बन्धित विषयमा मात्र सीमित रहनु पर्ने, अदालतले अनुमति दिएमा नयाँ कुरामा पनि सोधपुछ र जिरह हुन सक्ने, सोधपुछ र जिरह गर्दा अदालतले अनुमति दिएमा बाहेक आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न विपक्षीले आपत्ति गरेमा सोध्न नपाउने लगायतका व्यवस्थाहरू रहेको पाइन्छ।

(१) कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ गर्न सक्नेछ। त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अर्को पक्षले जिरह गरी सकेपछि जुन पक्षको साक्षी हो सो पक्षले सो साक्षीसँग पुनः सोधपुछ गर्न सक्नेछ।

तर सो बमोजिम कुनै पक्षले आफ्नो साक्षीसँग पुनः सोधपुछ गर्दा आफ्नो विपक्षले गरेको जिरहसँग सम्बन्धित कुरामा मात्र सोधपुछ गर्न सक्नेछ।

(३) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले अनुमति दिएमा कुनै पक्षले आफ्नो साक्षीसँग पुनः सोधपुछ गर्दा कुनै नयाँ कुराका सम्बन्धमा प्रश्न सोध्न सक्नेछ।

तर सो बमोजिम कुनै नयाँ कुराका सम्बन्धमा प्रश्न सोधिएकोमा सो पक्षको विपक्षीले त्यस सम्बन्धमा सो साक्षीसँग फेरी जिरह गर्न सक्नेछ।

(४) कुनै पक्षले आफ्नो साक्षीसँग सोधपुछ वा पुनः सोधपुछ गर्दा आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न विपक्षीले आपत्ति गरेमा सोध्न पाउने छैन।

तर अदालतले अनुमति दिएमा त्यस्तो प्रश्न सोध्न हुन्छ।

*प्रमाण ऐन, २०३१ दफा ५०*

(५) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम अदालतले कुनै पक्षलाई आफ्नो साक्षीसँग कुनै सूचक प्रश्न सोध्ने अनुमति दिंदा अदालतको विचारमा सो प्रश्न परिचायक, विवादरहित वा सो प्रश्नसँग सम्बन्धित कुरा पूर्ण रूपमा प्रमाणित भैसकेको छ भन्ने लागेमा मात्र अनुमति दिनेछ।

(६) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ नगरी अदालतबाट सोधपुछ गरियोस् भनी लिखित दरखास्त दिएमा अदालतले नै सो साक्षीसँग सोध्नुपर्ने प्रश्न सोधी जवाफ लिनेछ र त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ।

तर,

(क) यस उपदफा बमोजिम अदालतले कुनै साक्षीसँग सोधपुछ गरेकोमा जुन पक्षको साक्षी हो सो पक्षले सोधपुछ वा पुनः सोधपुछ गर्न पाउने छैन।

(ख) कुनै पक्षले आफ्नो साक्षीहरू मध्ये कुनैसँग खण्ड (क) बमोजिम आफैंले सोधपुछ गर्न र कुनैसँग यस खण्ड अनुसार अदालतबाटै सोधपुछ गरियोस् भनी दरखास्त दिन पाउने छैन।

**(ज) विशेषज्ञलाई साक्षी सरह बकाउने र जिरह गर्ने**

- हस्ताक्षर, ल्याप्चे, विदेशी कानुन, विज्ञान, रीतिरिवाज, कला वा यस्तै अन्य विषय सम्बन्धी कुरा निश्चित गर्नु पर्ने देखिएमा अदालतबाट त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन सकिन्छ। यसरी अदालतले कुनै विशेषज्ञ वा व्यक्तिलाई साक्षी सरह बकाएकोमा मुद्दाका पक्षहरूलाई जिरह गर्ने मौका प्राप्त हुन्छ।

हस्ताक्षर, ल्याप्चे, विदेशी कानुन, विज्ञान, रीतिरिवाज, कला वा यस्तै अन्य विषय सम्बन्धी कुरा यकिन गर्नु पर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ। सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाको पक्षहरूलाई यस ऐन बमोजिम जिरह गर्ने मौका दिनुपर्छ।

*प्रमाण ऐन, २०३१, दफा ५२*

**(झ) बन्द सवालद्वारा साक्षी बुझ्ने**

- राजगद्दी, राजपरिवारको गाथ, राजकाज सम्बन्धी र ज्यान सम्बन्धी मुद्दामा देख्ने बाहेक सुन्ने साक्षी र अन्य मुद्दाका जुनसुकै साक्षीलाई अदालतमा झिकाई बकाउनु नपर्ने, टाढाका भएमा नजिकको अर्को अदालतमार्फत बन्द सवालद्वारा बुझ्न सकिन्छ। तर राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्बन्धी वा ज्यान सम्बन्धी मुद्दामा वारदात भएको देख्ने साक्षीलाई भने मुद्दा परेको अदालतमै झिकाई बकाउनु पर्दछ, बन्द सवालमार्फत बुझ्न हुँदैन।
- कुनै मुद्दामा नबुझी नहुने तर अदालतमा उपस्थित हुन नसक्ने बुढाबुढी र होस भएको असक्त विमारीलाई साक्षी बुझ्नु पर्ने भएमा त्यस्तो साक्षीकै घरमा अदालतको कर्मचारी गई साक्षीको बकपत्र गराई ल्याउन सकिने व्यवस्था भएको पाइन्छ।

राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्बन्धी वा ज्यान सम्बन्धी मुद्दामा वारदात भएको देख्ने साक्षीलाई जुन अड्डामा मुद्दा परेको छ उसै अड्डामै झिकाई बकाउनु पर्छ। सो बाहेक सुन्ने र अरू मुद्दाका साक्षीलाई हाकिमका तजबिजले अड्डामा ल्याई बकाउनु पर्नेलाई झिकाई र अड्डैमा झिकाई बकाउनु नपर्ने टाढाका भए नजिक अड्डामार्फत् बन्दसवालद्वारा बुझ्नुपर्छ। *अ.बं. १४१ नं.*

**(ञ) कुनै पक्ष उपस्थित नभएमा वा साक्षीले जवाफ नदिएमा वा सही नगरेमा**

- साक्षीको बकपत्र गराउँदा सबै पक्षको रोहबरमा गराउनु पर्नेमा तोकिएको दिन कुनै पक्ष उपस्थित नभएमा पनि साक्षी बकाउन रोक्नु हुँदैन। त्यसै दिन साक्षी बकाउनु पर्दछ। पक्ष उपस्थित नभएकोमा उपस्थित भएको पक्षको सहिछाप गराउनु पर्दछ र पक्षले सहिछाप नगरेमा सोही व्यहोरा खोली न्यायाधीशले दस्तखत गर्नु पर्दछ।
- साक्षीको बकपत्र गराउँदा वा कुनै कागज गराउँदा कुनै जवाफ नै दिएन वा आफूले दिएको जवाफमा सहिछाप गरेन भने कैफियत खोली न्यायाधीशको दस्तखत गरी राख्नु पर्दछ।

साक्षी बकाउँदा जसको साक्षी हो सो झगडिया रोहबरमा भए सो झगडियाको र सो झगडिया रोहबरमा नभए जुन झगडिया छ उसको सो साक्षीले बके बमोजिम लेखेको दुरूस्त छ भन्ने साक्षीका बकपत्रका पुछारमा लेखी सहिछाप गराउनु पर्छ। दुई थरी झगडिया नभए वा झगडियाले सहिछाप नगरे सोही कैफियत लेखी हाकिमले दस्तखत गर्नुपर्छ। *अ.बं. १५६ नं.*

झगडिया वा साक्षीको अड्डाबाट सोधनी गर्नुपर्ने कुराको समेत गैर कागज गराउँदा जवाफै दिएन वा आफूले दिएको जवाफमा सहिछाप गरेन भने कैफियत लेखी हाकिमको र ऊ मुनिका सबैभन्दा ठूलो दर्जाको एकजना कर्मचारीको दस्तखत गरी सो कागज स्रेस्तामा राख्नुपर्छ। *अ.बं. १५९ नं.*

साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहवरमा बकाउनु पर्छ।
तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारेख र समयमा कुनै पक्ष अदालतमा उपस्थित नभए भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउन हुन्छ। *प्रमाण ऐन, २०३१ को दफा ४९(२)*

## ३. प्रमाणको भार

- फौजदारी मुद्दामा अभियुक्त वा प्रतिवादीको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ ।

फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ ।

*प्रमाण ऐन, २०३१ को दफा २५*

- सजायमा कमी वा छुट हुने वा सजायबाट सफाई पाउने कुराको जिकिर लिने प्रतिवादीलाई नै सो कुराको प्रमाण पुऱ्याउने भार हुन्छ ।
- कुनै खास कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्ति माथि हुन्छ ।

कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुनेछ भनी कुनै नेपाल कानुनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्ति माथि नै हुनेछ ।

*प्रमाण ऐन, २०३१ को दफा २८*

अदालतले यस ऐन बमोजिम अनुमान गरेको कुनै कुरा कुनै पक्षले खण्डन गर्न चाहेमा त्यसको प्रमाण पुऱ्याउने भार सोही पक्षको हुनेछ ।

*प्रमाण ऐन, २०३१ को दफा २९*

कुनै पक्षको विशेष जानकारीमा रहेको कुनै कुरा सो पक्षले नै प्रमाणित गर्नुपर्छ ।

*प्रमाण ऐन, २०३१ को दफा ३०*

कुनै कुरा प्रमाणमा लिनलाई पहिले कुनै अर्को कुरा प्रमाणित गर्नुपर्ने रहेछ भने सो कुरा प्रमाणित गर्ने भार सो पहिलो कुरा प्रमाणमा दिन चाहने पक्ष उपर हुनेछ ।

*प्रमाण ऐन, २०३१ को दफा ३१*

कुनै व्यक्ति जीवित छ वा निजको मृत्यु भैसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिको सम्बन्धमा स्वाभाविक रूपमा जानकारी पाउने व्यक्तिले निजका सम्बन्धमा १२ वर्षदेखि कुनै जानकारी पाएको छैन भन्ने प्रमाणित भएमा, निज जीवित छ भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्छ ।

*प्रमाण ऐन, २०३१ को दफा ३२*

कुनै व्यक्तिको कब्जा, भोग वा चलनमा रहेको सम्पत्ति उपर सो व्यक्तिको स्वामित्व छ वा छैन भन्ने प्रश्न उठेमा सो सम्पत्ति उपर सो व्यक्तिको स्वामित्व छैन भन्ने पक्षले सो कुरा प्रमाणित गर्नुपर्छ ।

*प्रमाण ऐन, २०३१ को दफा ३३*

कुनै व्यक्तिका साथमा कुनै लागू औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफीम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागू औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागू औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेश बमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेश गर्नु पर्नेछ । त्यस्तो प्रमाण पेश गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐन अन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ ।

*लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२*

(१) कुनै स्वास्नीमानिसलाई निजको अभिभावक वा नजीकको नातेदार बाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन गर्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको हो भन्ने दफा ५ बमोजिम कसैको उजूर परेमा त्यस्तो उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

(२) दफा ६ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झुट्टा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

*जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७*

# ४. मुल्तबी

### (क) मुद्दा मुल्तबी रहने अवस्था

निम्न अवस्थामा मुद्दाहरू मुल्तबीमा रहने कानुनी व्यवस्था छ ।

१ वारेस राख्न नपाउने अवस्थाका पक्षको कुनै अर्को अदालतमा पनि मुद्दा परेकोमा

२ कुनै एक अदालतमा परिरहेको मुद्दाको निर्णय भई नसकी अर्को अदालतमा परेको मुद्दा निर्णय हुन नसक्नेमा *अ.बं.१२ नं.*

३ वारेन्ट जारी हुने मुद्दामा अदालतमा हाजिर नभएको अभियुक्तको हकमा भएसम्मको साक्षी प्रमाण बुझी वारेन्ट जारी भएको ६ महिना सम्ममा पनि हाजिर भएन वा पक्राउ परेन भने हाजिर भएमा वा पक्राउ परेका बखत कारवाई गर्ने गरी मुल्तबी राख्नु पर्दछ । *अ.बं. ९४ नं. तथा १९० नं.*

४ डाँका बाहेक अरू प्रकारका चोरी मुद्दामा कुनै अभियुक्तले म्याद गुजारी फरार रहेकोमा वा हाजिर, पक्राउ भएका अभियुक्तले मतियार भनी पोलेको अरू व्यक्तिले म्याद गुजारी फरार रहेकोमा त्यस्ता फरारी हाजिर वा पक्राउ भएका बखत कारवाई फैसला गर्ने गरी निजहरूका हकमा मुल्तबी राख्नु पर्दछ । *चोरीको १० नं.*

माथि उल्लेख भए बमोजिम अ.बं १२ नं. बमोजिम मुल्तबी राख्दा पक्षको दरखास्त परेपछि अदालतमा परेको मुद्दा मुल्तबी राखिन्छ । सो अदालतले अर्को अदालतलाई मुद्दा किनारा भएपछि जनाउ दिनु भनी आफ्नो अदालतको मुद्दा मुल्तबी राख्नु पर्नेमा यो अदालतको मुद्दा यति अवधिमा छिनिन्छ, त्यस अदालतको मुद्दा मुल्तबी राखि दिनु भनी लेखी पठाउनु पर्दछ र सोही बमोजिम मुद्दा मुल्तबी राख्नु पर्दछ । मुद्दा मुल्तबी राखेपछि पक्षको तारेख टुटाइदिनुपर्छ ।

### (ख) मुल्तबी जगाउने अवस्थाहरू

१ अ.बं. १२ नं. बमोजिम वारेस राख्न नपाउने झगडियाको अर्को अदालतमा परेको मुद्दा मुल्तबी रहेकोमा अघि छिनिने मुद्दामा वारेस पठाएमा सोको जानकारी अर्को अदालतलाई दिई मुद्दाको कारवाई गर्नु पर्दछ। यसरी मुल्तबी जगाउँदा पहिले मुल्तबी रहँदाका अवस्थामा तारेख टुटाइएका पक्षहरूलाई ७ दिनको म्याद दिई झिकाई तारेखमा राख्नुपर्छ ।

२ एउटा अदालतको मुद्दा किनारा नभई अर्को अदालतको मुद्दा किनारा गर्न नमिल्ने भई मुल्तबी रहेकोमा अघिल्लो मुद्दा किनारा भएको जनाउ आएपछि पक्षलाई जनाउ दिई मुल्तबी जगाई कारवाई गर्नु पर्छ। यसरी मुल्तबी जगाउँदा पहिले मुल्तबी रहँदाका अवस्थामा तारेख टुटाइएका पक्षहरूलाई ७ दिनको म्याद दिई झिकाई तारेखमा राख्नुपर्छ ।

३ अ.बं. १९० नं. बमोजिम मुल्तबी रहेकोमा फरार अभियुक्त पक्राउ परी वा आफैं हाजिर हुन आएपछि अथवा अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि निज अभियुक्तको अंश रोक्का भएको ६ वर्ष पुगेपछि मुद्दा खडा गरी बुझिए सम्मको प्रमाणबाट फैसला गर्नु पर्दछ ।

४ चोरीको महलको १० नं. बमोजिम मुल्तबी रहेकोमा अभियुक्त पक्राउ परी वा आफैं हाजिर भएपछि वा पक्राउ नपरे वा हाजिर भएन भने पनि तीन वर्ष पुगेपछि मुद्दा खडा गरी बुझिएसम्मको प्रमाणबाट फैसला गर्नु पर्दछ ।

### (ग) मुल्तबी रहेको मुद्दामा देहायका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र मुल्तबी रहेको अदालतमा हाजिर हुन जानुपर्छ

१ अघि छिनिएको मुद्दामा म्याद तारेख गुजारी बसेकोमा सो गुज्रेको थमाइ पाउने म्याद नाघेका मितिले ।

२ कुनै अड्डा अदालतबाट थुनिएकोमा छुटेका मितिले र

३ वारेस राख्नेले वारेस राखेका मितिले ।

# ५. मुद्दा फिर्ता र मिलापत्र

(१) प्रचलित कानुनबमोजिम श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाइएको वा श्री ५ को सरकार उपर परेको मुद्दा मामिलामा श्री ५ को सरकारको आदेश भएमा सरकारी वकिलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मन्जुरीले त्यस्तो मुद्दा मध्ये श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन हुन्छ र सो भएमा देहायका कुरामा देहायबमोजिम हुनेछ :-

(क) मुद्दामा मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन ।

(ख) मुद्दा फिर्ता लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गैरसरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा यस दफाबमोजिम अदालतबाट फिर्ता लिन दिन हुँदैन ।

*सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९*

**(क) प्रतिपादित सिद्धान्त**

मुद्दा फिर्ता लिने, दिने सम्बन्धमा मुख्यतः निम्न मुद्दाहरूका सन्दर्भमा सर्वोच्च अदालतबाट व्याख्या भई कानुनी सिद्धान्त कायम भएको छः

मुद्दा वापस लिनलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ अनुसार अदालतको मन्जूरी आवश्यक हुन्छ । श्री ५ को सरकारले त्यस्तो कुनै मुद्दा फिर्ता लिन खोजे पनि अदालतले मञ्जूरी नदिएसम्म वापस हुँदैन । अदालतको मन्जुरी केवल प्रक्रियागत कानुनी औपचारिकता **(Formality)** होइन, त्यो एउटा सारभूत **(Substantive)** कानुनी व्यवस्था हो । त्यो अधिकारको प्रयोग उचित कारणको लागि सद्नियतले गर्न खोजिएको हो वा होइन भन्ने जाँचबुझ गरेर मात्र अदालतले मुद्दा वापस गर्न मञ्जूरी दिने वा नदिने कुराको निर्णय गर्नु पर्दछ । यदि कारण उचित देखिन्न वा कुनै किसिमको दुराशयले त्यो अधिकारको प्रयोग गर्न खोजिएको देखिन्छ भने अदालतले मञ्जूरी दिनु हुँदैन । श्री ५ को सरकारबाट मुद्दा वापस लिनुपर्ने कारण वा आधार र त्यसको औचित्य इत्यादि कुनै कुरा नहेरी केवल श्री ५ को सरकारका तर्फबाट परेको दर्खास्तकै आधारमा मुद्दा वापस लिने मन्जुरी दिने गरेको पाइन्छ । वस्तुतः यस्तो व्यवहार र कार्य प्रणालीलाई कानुन अनुरूप भन्न मिल्दैन । त्यस्तो मन्जुरी दिनु भन्दा अघि अदालतले तत्सम्बन्धी कारण हेरी बुझी उचित देखिएमा मात्र मन्जुरी दिनु पर्छ । ... सुरु तहको मुद्दा मात्र फिर्ता दिन मिल्छ, पुनरावेदन तहको मुद्दा भने फिर्ता लिन दिन मिल्दैन ।

*श्री ५ को सरकार विरुद्ध दिलबहादुर लामा समेत ने.का.प. २०५१ पृ. ५०४ (फुलबेन्च)*

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ ले श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकार तर्फबाट चलाइएको मुद्दामा श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा सम्बन्धमा सुरु जिल्ला अदालतबाट फिर्ता लिन पाउने अधिकार श्री ५ को सरकारलाई प्रदान गरेको देखिन्छ । सुरु जिल्ला अदालतले मुद्दा फिर्ता गर्दा कै अवस्थामा मुद्दाको औचित्यमा प्रवेश गरी फिर्ता दिने मन्जुरी दिने नदिने भनी सोही अवस्थामा विचार गर्ने कुरा हो । प्रस्तुत विषयमा श्री ५ को सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेअनुसार मुद्दा फिर्ता दिई सरकार वादी फौजदारीको लगत कट्टा गरी पीडित पक्षलाई दुनियावादी फौजदारीमा कारवाही गराउन पाउने उपचार समेत प्रदान गरी सोही बमोजिम प्रतिवादीहरू उपर कुटपिटतर्फ कारवाही भैरहेको अवस्थामा रिट जारी गर्नुपर्ने अवस्था र औचित्य नभएकोले रिट निवेदन खारेज हुने ।

*शंकरप्रसाद ढकाल विरुद्ध श्री ५ को सरकार मं.प. समेत ने.का.प. २०५४, पृ.१०२, स.अ. बुलेटिन वर्ष ५, अंक २२, पृ. ८ (संयुक्त इजलास)*

निवेदकले संबैधानिकताको प्रश्न उठाएको कानुनी व्यवस्था स.मु.स. ऐन, २०४९ को दफा २९ को व्यवस्थाबाट श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा श्री ५ को सरकारले फिर्ता लिन सक्ने भए तापनि यसरी फिर्ता लिन अदालतको मन्जुरी लिनुपर्ने व्यवस्था रहेको देखिन्छ। पुनरावेदक वादी श्री ५ को सरकार विरूद्ध दिलबहादुर लामा समेत भएको फौ.पू.इ.नं. ३२ को भ्रष्टाचार मुद्दामा मुद्दा वापस लिने श्री ५ को सरकारको अधिकार पनि उचित कारणका लागि सद्नियतले प्रयोग हुनु पर्ने बन्देज स.मु.स. ऐन, २०४९ को दफा २९ मा निहित रहेकाले त्यसलाई निरपेक्ष भन्न मिल्दैन। अदालतले पनि त्यस्तो मुद्दा वापस लिन मन्जुरी दिनु भन्दा अघि तत्सम्बन्धी कारण हेरी बुझी उचित देखिएमा मात्र मन्जुरी दिनु पर्ने भनी पूर्ण इजलासबाट मिति २०५२।५।३ मा उक्त कानुनी व्यवस्थाबारे बिस्तृत विवेचना सहित सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसको साथै यस्तै प्रश्न समावेश भएको **२०५० सालको रि.नं. २६१६ निवेदक बाबुराम पौडेल विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषणको मुद्दामा** सरकार वादी मुद्दा फिर्ता गर्नका लागि अदालतबाट अनुमति लिनु पर्ने न्यायिक नियन्त्रण रहे भएकै हुँदा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९(१) र २९(१)(ख) लाई असंवैधानिक भन्न मिल्दैन भनी विशेष इजलासबाट मिति ०५२।३।१५ मा सिद्धान्त समेत प्रतिपादन भएबाट निवेदकले रिट निवेदनमा उल्लेख गरेअनुसार सरकारी मुद्दा सम्बन्धी ऐनको उपरोक्त कानुनी व्यवस्थाले श्री ५ को सरकारलाई हचुवा तथा स्वेच्छाचारी अधिकार दिएको छ भन्न मिल्ने समेत देखिन नआएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९(१) तथा २९(१)(ख) को व्यवस्थालाई असंवैधानिक भन्न मिल्दैन।

*त्रिलोचन गौतम विरुद्ध संसद सचिवालय समेत, ने.का.प. २०५३, पृ.६४६, स.अ. बुलेटिन वर्ष ५, अंक २४, पृ. ११, (विशेष इजलास)*

आधार र कारण श्री ५ को सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्दा र अदालतले मुद्दा फिर्ता दिने आदेश दिंदा दुबै अवस्थामा खोलिनुपर्दछ। श्री ५ को सरकारले आधार र कारण नखोली सरकार वादी मुद्दा फिर्ता लिने निर्णय गर्दैमा त्यसतर्फ अदालतले आधार र कारण नखोली मुद्दा फिर्ता लिने आदेश दिने हो भने कानुनको उद्देश्य विपरीत हुनजान्छ। सरकारवादी मुद्दामा श्री ५ को सरकारले मुद्दा फिर्ता लिंदा अदालतको मन्जुरी लिनुपर्ने व्यवस्थाको पछाडि नै सरकारवादी मुद्दा फिर्ता लिने अधिकारको दुरुपयोग नहोस् भन्ने हो, अदालतले मुद्दा फिर्ता लिंदा आधार र कारण खोली विवेचना गरी मुद्दा फिर्ता लिंदा श्री ५ को सरकारले खोलेको आधार र कारणबाट अदालत सन्तुष्ट भएमा मात्र मुद्दा फिर्ता लिन आदेश दिनसक्ने कुरा हो। अदालतको मन्जुरी श्री ५ को सरकार वादी हुने मुद्दा फिर्ता लिन पाउने अधिकारको दुरुपयोगलाई नियन्त्रण गर्ने कडि हो।
**(द्रोणप्रसाद दाहाल विरूद्ध खुमबहादुर खड्का समेत, २०५५ सालको रि.पू.ई.नं. ७९ निर्णय मिति ०५५।८।१, पूर्ण इजलासबाट समेत यसै प्रकारको सिद्धान्त प्रतिपादन भएको छ।)**

*बिरी पण्डित कुम्हार विरुद्ध रौतहट जि.अ.समेत २०५५ सालको रि.पु.इ.नं. ७७, फैसला मिति २०५५।८।१, (पूर्ण इजलास)*

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को उपदफा (१) को खण्ड (ख) मा मुद्दा फिर्ता लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फूर्सत पाउँछ भन्ने उल्लेख भएको हुँदा मुद्दा फिर्ता लिएपछि अभियोग वा सरकारी दावी समाप्त हुने व्यवस्था कानुनले गरेको पाईन्छ। तसर्थ मुद्दा फिर्ता लिने निर्णय भएपछि त्यस्तो मुद्दा अदालतको दायरीमा नै नरहने हुँदा त्यसै मिसिलबाट कुटपिटको कारवाही हुनसक्ने अवस्थै रहँदैन। साथै कुन कानुन अन्तर्गत कुटपिटमा परिणत गरिएको हो भन्ने जिल्ला अदालतको आदेशमा उल्लेख भएको नहुँदासमेत सोलुखुम्बु जिल्ला अदालतको मिति २०५४।११।२७ को आदेशको "तथापि पीडित पक्षले भोग्नु परेको पिडालाई ध्यानमा राख्दै जाहेरवालालाई ७ दिने म्याद दिई झिकाई निजले मुद्दा सकार गरेमा वादी पक्ष कायम गरी यसै मिसिलबाट कुटपिटको महल अन्तर्गत कारवाही गरी दिने" भन्ने अंश त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

*काजी शेर्पा वि.सोलुखुम्बु जि.अ.समेत २०५५ सालको रिट नं. ३१८३ निर्णय मिति २०५५।११।२ (संयुक्त इजलास):*

**(ख) अदालतको निर्णय प्रक्रिया**

(१) सरकार वादी मुद्दा फिर्ता लिने गरी श्री ५ को सरकारबाट भएको निर्णयसहित फिर्ताका लागि सरकारी वकिलबाट निवेदन प्रस्तुत गर्नुपर्दछ। यसरी निवेदन पर्न आएमा त्यस्तो मुद्दालाई अन्य मुद्दा सरह सुनुवाइका लागि साप्ताहिक एवं दैनिक पेसीमा चढाई अवस्थानुसार वादी प्रतिवादी तथा जाहेरवाला तर्फबाट प्रस्तुत हुन आउने बहस जिकिर समेत सुनेर मात्र फिर्ता लिन मन्जुरी दिने वा नदिनेतर्फ निर्णय आदेश गर्नुपर्छ।

(२) मुद्दा फिर्ता (वापस) लिने श्री ५ को सरकारको निर्णयअनुसार फिर्ता गर्न अदालतले मन्जुरी दिएमा सो मुद्दाको अन्त हुनजान्छ र लगत कट्टा गरी दिनुपर्छ। फिर्ता लिन मन्जुरी नदिने गरी आदेश भएको अवस्थामा मुद्दामा पूरा गर्नु पर्ने बाँकी कारवाही पुरा गरी कानुन बमोजिम अभियोग दाबी ठहर हुने नहुनेतर्फ इन्साफ गर्नुपर्छ।

**(ग) अदालतले मुद्दा फिर्ता लिन मन्जुरी नदिएमा**

सरकारवादी मुद्दा फिर्ता लिने गरी भएको श्री ५ को सरकारको निर्णयबमोजिम अदालतले फिर्ता लिन मन्जुरी नदिएमा वादी पक्षबाट प्रतिनिधित्व गर्ने सम्बन्धित सरकारी वकिल कार्यालयहरूले मुद्दा फिर्ता लिने सम्बन्धी कारवाही नभए सरह मुद्दामा गर्नु पर्ने कारवाही, प्रतिरक्षा, बहस पैरवी आदि जे जो गर्नुपर्ने हो, गर्नुपर्छ।

# खण्ड (ट)

## १. मुद्दाको सुनवाई प्रक्रिया

**(क) मुद्दा हेर्ने क्रम**

मुद्दा हेर्दा देहायबमोजिमको क्रममा हेर्नु पर्दछ -

१. अघिल्लो दिन हेर्दाहेर्दै बाँकी रहेका मुद्दा,

२. थुनुवा भएका मुद्दा,

३. सामान्य कार्यविधि प्रयोग हुने मुद्दाको लगाउ बाहेकका संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको कार्यविधि प्रयोग हुने मुद्दा, *अ. बं. ११ नं. र जि. अ. नियमावलीको नियम ३१(२)*

४. बेवारेसे बालबालिकाको मुद्दा,

५. पचहत्तर वर्ष माथिको बुढाबुढी वा शारीरिक अशक्तता भएको व्यक्ति तारेखमा रहेको मुद्दा,

६. स्वास्नी मानिस वादी भएको न्वारान गराइपाउँ वा नाता कायम गराइपाउँ भन्ने मुद्दा,

७. पूर्व आदेशानुसार पेसीको निश्चित मिति तोकिएको मुद्दा र

८. मुद्दा दर्ताको क्रमअनुसार अन्य मुद्दाहरू।

**(ख) मुद्दा फैसला गर्नु पर्ने अवधि**

१. अदालतले आफूले गर्नु पर्ने काम कारवाई तोकिएको समयमा गर्नु पर्दछ, ढिला गरी गर्नु हुँदैन। पुनरावेदन सुन्दा, निरीक्षण वा जाँचबुझ गर्दा बेमुनासिब गरेको देखिएमा कानुनबमोजिम गर्नु गराउनु पर्दछ। *अ. बं. १३ नं.*

२. मुद्दा फैसला गर्दा देहायमा लेखिएको म्यादभित्र फैसला गर्नु पर्दछ :- *अ. बं. १४ नं.*

   (क) सुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट १ वर्षभित्र फैसला गर्नु पर्दछ।

   (ख) पुनरावेदन फैसला गर्दा सुरु मिसिल प्राप्त भएको मितिबाट ६ महिनाभित्र फैसला गर्नु पर्दछ।

   (ग) बुझ्नु पर्ने प्रमाण बुझिसके पछि फैसला गर्ने म्याद बाँकी भए पनि मुद्दा फैसला गर्न ३५ दिन भन्दा बढी ढिलाई गर्नु हुँदैन।

   (घ) तोकिएको म्याद तारेखमा फैसला गर्न र कारवाई गर्न अड्किने मनासिबमाफिकको कारण परेमा ब्यहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्यादभित्रै जाहेर गर्नु पर्दछ। पुनरावेदन सुन्ने अड्डाले पनि त्यस्तो ब्यहोरा पर्न आएमा जाँची अड्काउ परेको मनासिब देखेमा १ महिनासम्म म्याद थप दिनु पर्ने देखेमा एक पटकलाई दिई त्यसभन्दा बढी समय थप दिनु परेमा आफूभन्दा माथिल्लो तहमा जाहेर गर्नु पर्छ। *अ. बं. १५ नं.*

(ङ) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दाको हकमा सो ऐन अन्तर्गत प्रतिउत्तर दाखेल भएको वा प्रतिवादीको बयान भएकोमा सो भएका मितिले र प्रतिउत्तर दाखेल नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले ९० दिनभित्र मुद्दाको किनारा गरिसक्नु पर्दछ । *संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १०*

मुद्दा किनारा गर्ने समय अगावै मुद्दा किनारा गर्न अंग पुगिसकेको भएमा सो मितिले ३ दिनभित्र मुद्दा किनारा गर्नु पर्दछ । तर म्याद वा तारेख थाम्न पाउने वा अनुपस्थित प्रतिवादीको तर्फबाट प्रमाण पेस हुन सक्ने म्यादभन्दा अगावै मुद्दा फैसला गर्नु हुँदैन ।

(च) केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत चलेको मुद्दा ३ महिनाभित्र निर्णय गरि सक्नु पर्दछ । *दफा ६(१)*

**(ग) मुद्दा हेर्न नरोकिने**

दैनिक मुद्दा पेसी सूचीमा चढेको कुनै पनि मुद्दामा तारेख गुजारी थाम्न पाउने म्याद बाँकी भएको भन्ने समेत कुनै कारणले पनि सो सूचीबाट हटाउन मिल्दैन । इजलासबाट खोजेको बखत पक्ष, वारेस वा कानुन व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित वा डिसमिस गर्न मिल्दैन । ठहरे बमोजिम फैसला हुन्छ । *जि. अ. नियमावली, २०५२ को नियम ३५*

**(घ) पेसी स्थगित गर्ने**

मुद्दाको सुनुवाइ सुरु नहुँदैमा आफ्नो काबु बाहिरको परिस्थिति देखाई वारेस वा कानुन व्यवसायी उपस्थित हुन नसक्ने कुराको इजलासलाई सन्तोष हुने कारण सहितको निवेदन दिएमा इजलासले बढीमा २ पटकसम्म अर्को पेसीको तारेखको आदेश दिन सक्दछ । मुद्दाको सुनुवाइ सुरु भइसके पछि प्राप्त निवेदन उपर कुनै विचार गरिरहन पर्दैन, सुनवाई प्रक्रिया अगाडि बढाउनु पर्छ ।

**(ङ) पेसी तोक्ने सम्बन्धमा**

जिल्ला अदालत नियमावली २०५२ ले पेसी तोक्ने प्रक्रिया सम्बन्धमा व्यवस्था गरेको छ । जसअनुसार पेसी तोक्दा :- *नियम ३० र ३१*

१. स्रेस्तेदारले आगामी हप्ताको लागि पेसीको तारेख तोकिएको मुद्दाहरूको सूची मुद्दाको दर्ताक्रमअनुसार तयार गरी प्रत्येक हप्ताको बुधवारसम्ममा जिल्ला न्यायाधीश समक्ष पेस गर्नु पर्छ ।
२. साप्ताहिक मुद्दा पेसीसूचीमा मुद्दाका पक्ष विपक्षहरूको नाम, मुद्दाको नाम र नम्बर, मुद्दा पेसी हुने दिन र मुद्दामा कानुन व्यवसायी नियुक्त भएको भए निजको नाम समेत उल्लेख गरी शुक्रबार सम्ममा सूचनापाटीमा टाँस गरिसक्नु पर्छ ।
३. डिसमिस, मिलापत्र र मुलुकी ऐन, अ. बं. ९२ नं. बमोजिम खारेज हुने मुद्दा बाहेक साप्ताहिक मुद्दा पेसीसूचीमा नपरेको कुनै पनि मुद्दा सो हप्तामा इजलास समक्ष पेस गर्नु हुँदैन ।
४. साप्ताहिक मुद्दा पेसीसूचीमा परेका मुद्दाहरू अदालतमा एक भन्दा बढी न्यायाधीश भएकोमा जिल्ला न्यायाधीशले उपस्थित अन्य सबै न्यायाधीशहरू समक्ष गोला हाली छुट्याई दैनिक मुद्दा पेसीसूची तयार गराई सूचना पाटीमा टाँस्न लगाउनु पर्छ र एक प्रति सम्बन्धित न्यायाधीशलाई दिनु पर्छ ।
५. दायर हुन आएको अभियोगपत्रसाथ वा अदालतबाट जारी भएको म्याद, पुर्जी वारेन्टबाट हाजिर हुन वा प्रक्राउ भई आएका व्यक्तिको हकमा तत्काल बयान गराई थुनछेकको कारवाही गर्नु पर्ने मुद्दा भने दैनिक मुद्दा पेसीसूचीमा नचढेको भए पनि कारवाही गर्नुपर्छ । यसप्रकारको कार्यको बाँडफाँड समेत गोला प्रथाद्वारा नै निश्चित गर्नु पर्छ ।
६. दैनिक मुद्दा पेसीसूची तयार गर्दा अघिल्लो दिन हेर्दा हेर्दै बाँकी रहेको मुद्दा अघिल्लो दिन हेर्ने न्यायाधीशलाई तोक्नु पर्छ । तर भोलिपल्ट निज न्यायाधीश अनुपस्थिति भए त्यस्तो मुद्दा नियमानुसार पुनः अर्को पेसी चढाई पेस गर्नु पर्छ ।
७. मुद्दा पेस हुने दिन स्रेस्तेदारले अदालत खुलेको एक घण्टाभित्र मुद्दाको मिसिल सरोकारवाला न्यायाधीश छेउ वा इजलासमा पठाउन लगाउनु पर्नेछ र मुद्दाको छलफल टुङ्गिई फैसला वा आदेश लेखिने भएमा बाहेक त्यस दिनको काम समाप्त भएपछि इजलास सहायकले सो मिसिल सम्बन्धित फाँटवालालाई फिर्ता बुझाइदिनु पर्दछ ।

(च) **समयपालन, पोसाक र व्यवस्थापन**

१. न्यायाधीश लगायत सबै कर्मचारीले आएको र गएको समय जनाई हाजिर गर्नु पर्दछ । *जि.अ.नि. २०५२ को नियम ९९*

२. अदालत खुलेको दिन न्यायाधीशको इजलास साधारणतः अदालत खुलेको १ घण्टा पछि देखि अदालत बन्द नभएसम्म बीचमा एक घण्टाको विश्रामको लागि इजलास उठ्ने बाहेक अन्य समय चालु रहन्छ ।

३. इजलासमा बस्दा सबै न्यायाधीशले आशौच बारेको अवस्थामा बाहेक कालोकोट सहितको राष्ट्रिय पोशाक लगाउनु पर्दछ । *जि.अ.नि. २०५२ को नियम १००*

४. अदालतका प्रत्येक कर्मचारीले समयमा नै आफूले गर्नु पर्ने कार्य गर्नु पर्दछ ।

५. अदालत भवनका कोठामा बेसरोकारको कुनै व्यक्ति पस्न पाउँदैन । अदालत भवनमा प्रवेश नियमित गर्ने अधिकार स्रेस्तेदारलाई हुन्छ । *जि.अ.नि. २०५२ को नियम १०७*

६. किर्ते जालसाजीमा सजाय पाएको व्यक्ति, मुद्दामा मिलापत्र गर्न चाहने पक्षहरूलाई मिलापत्र गर्न नदिने वा मुद्दा बोकी हिंड्ने व्यक्तिहरूलाई अदालतले आफ्नो हाताभित्र प्रवेशमा रोक लगाउने गरी आदेश दिन सक्छ । तर त्यस्तो व्यक्ति नै मुद्दाको पक्ष वा वारेस भएको वा मुद्दामा निजको कुनै हित वा स्वार्थ निहित रहेको मुद्दामा त्यस्तो मुद्दाको तारेखका दिन प्रवेश गर्न दिनु पर्छ । *जि.अ.नि. २०५२, नियम १०७*

७. मुद्दाको मिसिल सम्बन्धमा न्यायाधीशको र अरू कागजका हकमा स्रेस्तेदारको आदेश बेगर अदालत भवनबाट हटाएर अन्त लैजान र अदालतको न्यायाधीश वा कर्मचारी बाहेक अरू कसैलाई देखाउन वा त्यस सम्बन्धी सूचना दिन हुँदैन । *जि.अ.नि. २०५२, नियम ६०*

८. सरकार वादी मुद्दामा प्रत्येक पेसीको लिखित सूचना सम्बन्धित सरकारी वकिल कार्यालयमा अनिवार्य रूपमा पठाउनु पर्छ । यसै गरी थुनामा रहेको प्रतिवादीलाई पेसीको सूचना दिने र पेसीका दिन थुनुवालाई अदालतमा उपस्थित गराइदिने प्रयोजनका लागि सम्बन्धित कारागारमा कम्तिमा ७ दिन अगाडि नै लेखी पठाउनु पर्छ ।

(छ) **कानुनी सहायता**

(क) जिल्ला अदालत नियमावली २०५२ मा मुद्दाका असमर्थ पक्षलाई निम्नानुसार कानुनी सहायता उपलब्ध गराउन सकिने व्यवस्था छ :- *जि.अ.नि. २०५२ को नियम ९६*

१. इजलासले आदेश दिएकोमा र असमर्थ पक्षले कानुन व्यवसायीको सहायता उपलब्ध गराउनको लागि निवेदन दिएमा स्रेस्तेदारले कुनै पक्षको लागि निजको प्रतिनिधित्व गर्न वैतनिक कानुन व्यवसायी नियुक्त गर्न सक्तछ । यसरी नियुक्त कानुन व्यवसायीले प्रतिनिधित्व गर्ने मुद्दाको छुट्टै वकालतनामा दिनु पर्दैन ।

२. अदालतले कुनै मुद्दामा कुनै पक्षको प्रतिनिधित्व गरिदिन कुनै कानुन व्यवसायीलाई अनुरोध गरेकोमा पनि कानुन व्यवसायीको वकालतनामा आवश्यक पर्ने छैन र आवश्यक भएमा त्यस्तो कानुन व्यवसायीलाई बिना कुनै शुल्क मिसिल अध्ययनको सुबिधा पनि स्रेस्तेदारले मिलाइदिनु पर्छ । यो कानुनी प्रावधानले “एमिकश क्यूरी” सम्बन्धी धारणालाई आत्मसात् गरेको छ ।

३. “एमिकश क्यूरी” नियुक्त गर्ने प्रक्रिया सम्बन्धमा कानुनले प्रष्ट र किटानी व्यवस्था गरेको छैन । तथापि यो अदालतको अन्तर्निहित अधिकारको विषय भएकोले कुनै पक्षको तर्फबाट प्रतिनिधित्व गरिदिनका लागि होस् अथवा अदालतको सहयोगीको रूपमा होस्, कुनै कानुन व्यवसायीको प्रतिनिधित्वका लागि अनुरोध गर्दा सम्बन्धित कानुन व्यवसायी स्वयम्लाई अथवा सम्बन्धित बार एशोसियसनमार्फत अनुरोध गर्नु पर्छ । यसरी कानुन व्यवसायीको सेवा उपलब्ध गर्दा गराउँदा विवादित विषयवस्तु सम्बन्धमा विशेष ज्ञान र अनुभव भएका कानुन व्यवसायी उपलब्ध गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ ।

४. कुनै कानुन व्यवसायीले अदालतलाई सहयोग गरेको विवरण अदालतले आफ्नो प्रतिवेदनमा समावेश गर्नु पर्छ ।

५. कानुन व्यवसायीको उपस्थिति बिना बालकको मुद्दा कारवाई र किनारा गर्न हुँदैन ।

(१) कुनै बालकको बिरूद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्ने छैन ।

(२) उपदफा (१) मा उल्लिखित अवस्थामा सम्बन्धित अदालतले नै श्री ५ को सरकारले तर्फबाट नियुक्त भएको बैतनिक कानुन व्यवसायी वा अन्य कुनै इच्छुक कानुन व्यवसायीको सेवा उपलब्ध गराई दिनुपर्छ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १९*

(ख) कानुनी सहायता सम्बन्धी ऐन, २०५४ तथा नियमावली, २०५५ मा निम्नानुसार कानुनी सहायता उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

१. कानुनी सहायता प्राप्त गर्न चाहने नेपाली नागरिकले तोकिएको ढाँचामा समिति समक्ष दरखास्त दिनुपर्छ ।
२. उक्त दरखास्तमा गा.वि.स. अध्यक्ष वा सदस्य वा सचिवले र नगरपालिकाको वडा अध्यक्षले सिफारिस गरेको हुनुपर्छ ।
३. दरखास्त भर्न नसक्नेको हकमा अर्को व्यक्तिले दरखास्त दिन सक्नेछ ।
४. वार्षिक ४० हजार रूपैयाँ भन्दा बढी आय हुने व्यक्तिलाई कानुनी सहायता उपलब्ध हुनेछैन ।
५. कानुनी सहायता प्राप्त हुने व्यक्तिले सो सहायता प्राप्त भएको कारणबाट पछि सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यसरी प्राप्त कूल सम्पत्ति वा आर्थिक लाभको दश प्रतिशतका दरले हुन आउने रकम सोधभर्ना गराउने व्यवस्था रहेको छ ।
६. असमर्थ व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउनको लागि नेपाल बार एशोसिएसनका सदस्यहरूबाट समितिले कानुन व्यवसायीहरूको सूची तयार गरी कानुनी सहायता उपलब्ध गराउने छ ।
७. यो ऐन श्री ५ को सरकारले तोकेको क्षेत्रमा लागू हुनेछ ।
८. देहाय बमोजिमका मुद्दामा अभियुक्त पक्षलाई समितिले कानुनी सहायता उपलब्ध गराउने छैन ।

क) जासुसी ऐन, २०१८ अन्तर्गतको,
ख) जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २)४३ अन्तर्गतको,
ग) प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गतको मुद्दा,
घ) मुलुकी ऐन जबर्जस्ती करणीको महलले सजाय हुने मुद्दा,
ङ) भ्रष्टाचार निवारण ऐन, २०१७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गतको मुद्दा,
च) राजश्व चुहावट नियन्त्रण ऐन, २०५८ अन्तर्गतको मुद्दा,
छ) लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गतको मुद्दा,
ज) केन्द्रीय समितिले समय समयमा तोकेका अन्य मुद्दा ।

(ग) असमर्थ पक्षलाई कानुनी सहायता उपलब्ध गराउने कार्य नेपाल बार एशोसिएसनको केन्द्रीय समिति तथा यसका अन्य इकाई तथा विभिन्न गैर सरकारी संस्थाहरूले पनि विभिन्न जिल्लामा संचालन गरिरहेको पाइन्छ ।

**(ज) वहस व्यवस्थापन**

१. मुद्दाको बहस सुनुवाइको प्रारम्भमा इजलासले त्यस मुद्दामा निर्णय गर्नु पर्ने प्रश्नहरूमा सीमित रही बहस गर्न दुबै पक्षका कानुन व्यवसायीलाई निर्देशन दिन सक्दछ ।

२. मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलासले बहसको समय तोक्न सक्दछ । यसरी समय तोकिएकोमा तोकिएको समय भित्र सीमित भई कानुन व्यवसायीले बहस गर्नु पर्दछ ।

३. सुनुवाईको लागि पेसी तोकिएको मुद्दामा पक्षले वा पक्षको कानुन व्यवसायीले बहस नोट पेस गर्न चाहेमा इजलासले बहसनोट पेस गर्नु पर्ने समय तोकिदिनु पर्दछ ।

४. कुनै मुद्दामा एकभन्दा बढी कानुन व्यवसायीहरूको वकालतनामा पेस भएकोमा इजलासले कानुन व्यवसायीहरू मध्येबाट एकजना कानुन व्यवसायीले प्रमुख कानुन व्यवसायीको रूपमा बहस गर्ने तथा अन्य कानुन व्यवसायीहरूले अलग अलग तथ्यगत र कानुनी प्रश्नमा बहस गर्ने गरी बहस व्यवस्थापन गर्न निर्देशन दिनसक्दछ ।

५. इजलासले माथि लेखिए बमोजिम निर्देशन दिएमा वा समय तोकेमा सो समयमा सो अनुसार गर्नु कानुन व्यवसायीको कर्तव्य हुन आउँछ ।

६. इजलासले आवश्यक ठानेमा मुद्दाका कुनै वा सबै कानुन व्यवसायीसँग लिखित बहसनोट माग्न सक्दछ । यसै गरी बहसको क्रममा देखाइएको वा प्रस्तुत गरिएका लिखत प्रमाण वा कुनै किताबको उतार आदि इजलासलाई आवश्यक भएमा सम्बन्धित कानुन व्यवसायीले उपलब्ध गराउनु पर्दछ ।

*जि.अ. नियमावली २०५२, नियम ३३*

७. कानुन व्यवसायीले इजलास समक्ष बहस गर्दा अनिवार्य रूपले कालोकोट लगाएको हुनु पर्दछ ।

८. पेसीमा चढेको मुद्दामा इजलासबाट खोजेका बखत मुद्दाका पक्ष वा वारेस तथा कानुन व्यवसायी उपस्थित रहनु पर्दछ। खोजेका बखत उपस्थित नहुने कानुन व्यवसायीलाई इजलासले प्रतीक्षा गरी रहनु पर्दैन ।

९. मुद्दाका पक्ष वा निजको वारेसको इजलासले खोजी गर्दा अदालत परिसरभित्र स्पष्ट सुन्न सकिने गरी ३ पटकसम्म अर्दलीद्वारा पुकार गर्न लगाउनु पर्छ । कानुन व्यवसायीको खोजी गर्दा मुद्दाका सम्बन्धित पक्ष वा निजको वारेस मार्फत सूचित गर्नुपर्छ ।

१०. कानुन व्यवसायीले इजलास समक्ष बहस पैरवी गर्दा इजलास, प्रतिपक्षीतर्फका कानुन व्यवसायी, मुद्दाका पक्ष सबैको मर्यादा र सम्मान गर्दै शिष्ट भाषामा कानुन व्यवसायीको व्यवसायिक आचरण एवं मर्यादामा रही प्रस्तुत गर्नुपर्दछ ।

## २. फैसला सम्बन्धी व्यवस्था

### (क) डिसमिस

श्री ५ को सरकारवादी हुने मुद्दा डिसमिस हुँदैन ।

*अ.बं. १७९ नं. १८५(क) नं.*

### (ख) खारेजी

(१) कानुनद्वारा श्री ५ को सरकारवादी हुने फौजदारी मुद्दा दायर गर्न अख्तियार प्राप्त निकाय वा अधिकारीबाट मुद्दा दायर नभएको वा लाग्नै नसक्ने अभियोगपत्र दायर हुन आएको वा हदम्याद नाघेपछि मुद्दा दायर भएको, अधिकारक्षेत्र विहीन अदालतमा मुद्दा दायर हुन आएको वा एउटै विषयमा उही प्रतिवादी उपर उसै कसुरमा दोहोरो अभियोगपत्र दायर गरिएको अवस्थामा मुद्दाको अन्य तथ्यमा प्रवेश गरी इन्साफ गर्नु पर्दैन । अभियोगपत्र नै खारेज हुन्छ ।

(२) अदालतमा श्री ५ को सरकार पक्ष वा विपक्ष भएको कुनै पनि मुद्दा दायर गर्दा सो गरे बापत र त्यसको कारवाहीको सिलसिलमा सरकारी पक्षलाई कुनै दस्तुर वा दण्ड जरिवाना इत्यादि लाग्ने छैन भन्ने व्यवस्था रहेको हुँदा सरकारवादी मुद्दा कुनै कारणबाट खारेज भए पनि वादी पक्षलाई कुनै प्रकारको दण्ड, जरिवाना, सजाय हुन सक्तैन ।

*सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को नियम १७*

### (ग) एकतर्फी फैसला

अदालतबाट प्रतिवादीका नाउँमा जारी भएको वारेन्ट, म्यादी पुर्जी तथा समाव्हान बमोजिम पक्राउ पनि नपरेको, आफैं हाजिर हुन पनि नआएको भई सुरु म्याद नै गुजारी बस्ने प्रतिवादीका हकमा मुद्दा एकतर्फी फैसला गर्नु पर्छ। यसरी फैसला गर्दा देहायको रित पुऱ्याउनु आवश्यक हुन्छ :-

(१) वारेन्ट जारी हुने मुद्दाका अभियुक्त मध्ये मुद्दा हेर्ने अड्डामा प्रतिवादी वा बयान दिइसकेको अभियुक्तको वा एकफेर सो अड्डामा हाजिर भई भागेकोमा प्रतिवादी वा बयान नदिएको भए पनि त्यस्तो अभियुक्तको हकमा जो बुझ्नु पर्ने बुझी ठहरे माफिक फैसला गरी दिनु पर्छ।

(२) वारेन्ट जारी हुने मुद्दामा अड्डामा हाजिर नै नभएको अभियुक्तको हकमा भने भएसम्मको साक्षी प्रमाण सर्जमिन बुझी राखी वारेन्ट जारी भएको ६ महिनासम्ममा पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखतमा मुद्दा खडा गरी बुझी कानुनबमोजिम गर्ने भनी मुद्दा मुल्तबीमा राख्नु पर्छ। यसरी मुल्तबी रहेका मुद्दाका अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि सो अभियुक्तको अंश रोक्का भएको ६ वर्ष पुगेपछि मुद्दा खडा गरी बुझेसम्मको प्रमाणबाट ठहरे बमोजिम फैसला गरिदिनु पर्छ। *अ. बं. १९० नं.*

(३) डाँका बाहेक अरू प्रकारको चोरी मुद्दामा कुनै अभियुक्त म्याद गुजारी फरार रहेकोमा वा हाजिर पक्राउ भएका अभियुक्तले आफू मुखसाबित भई साथी वा मतियार भनी पोलेका अरू व्यक्तिले म्याद गुजारी फरार रहेकोमा ती फरारी हाजिर वा पक्राउ भएका बखत कारवाही फैसला गर्ने गरी निजहरूका हकमा मुल्तबी राखिदिनु पर्छ। यसरी मुल्तबी रहेकाको हकमा अभियुक्त पक्राउ नपरे वा हाजिर भएन भने पनि तीन वर्ष पुगेपछि मुद्दा खडा गरी बुझिएसम्मको प्रमाणबाट ठहरे बमोजिम फैसला गरी दिनु पर्छ। *चोरीको १० नं.*

(४) उपर्युक्तअनुसार मुल्तबी रहने अवस्थाको मुद्दा बाहेक अन्य प्रकारको सरकारवादी मुद्दामा अदालतबाट जारी भएको म्यादमा हाजिर नहुने अभियुक्तका हकमा निजले कानुनबमोजिम गुज्रेको म्याद थमाउन पाउने अवस्था नाघेपछि बुझ्नु पर्ने प्रमाण बुझी मुद्दा एकतर्फी रूपमा फैसला गरिदिनु पर्छ।

(५) अड्डाबाट जारी भएको म्यादमा बयान दिन नआई म्याद गुजारी बसेका मानिसको हकमा एकतर्फी फैसला भए उपर पुनरावेदन लाग्न सक्तैन।

(६) एकतर्फी फैसला भएको अवस्थामा पनि प्रतिवादीका नाउँमा जारी भएको म्याद अ. बं. ११० नं. को रित पुगी तामेल भएको नभई बेरितसँग तामेल भएकोले थाहा पाउन नसकेको कारणबाट उपस्थित हुन नसकेको उजुरी सहित फैसला भएको ६ महिना भित्रमा थाहा पाएको पैंतीस दिनभित्र हाजिर हुन आएमा मिसिल संलग्न तामेली म्याद हेर्दा रितपूर्वक तामेल भएको देखिन आएन भने सोही ब्यहोराको पर्चा खडा गरी मुद्दा पुनः दर्ता गरी जे जो बुझ्नु पर्ने बुझी फैसला गर्नु पर्छ। पहिले तामेल भएको म्याद रितपूर्वककै देखिन आयो भने थप कारवाही गर्नु हुँदैन। *अ. बं. २०८ नं.*

### (घ) सामान्य फैसला –हारजित फैसला)

(१) मुद्दामा वादी प्रतिवादी दुवैको मुख मिलेको देखिन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ। *अ. बं. १८४ क. नं.*

(२) वादी प्रतिवादीका बीच मुख नमिली बुझ्नु पर्ने भनी ठहराएका प्रमाणहरू बुझिसके पछि मुद्दाको छलफल गर्नका लागि तोकिएको तारेखमा हाजिर रहेसम्मका पक्षहरूलाई राखी मुद्दाका पक्ष वा कानुन व्यवसायीले कुनै बहस प्रस्तुत गरे सो समेतलाई मध्य नजर राखी फैसला गर्नु पर्छ। *अ. बं. १८५ नं.*

(३) फैसला गर्दा उसै दिन राय लेख्ने किताबमा लेखी निर्णय गर्ने अधिकारीले सहिछाप गर्नु पर्छ र उपस्थित रहेका प्रतिवादीहरूको समेत सहिछाप गराउनु पर्छ। उपस्थित प्रतिवादीले सहिछाप गर्न नमानेमा सो व्यहोरा जनाई प्रमाणित गरी राख्नु पर्छ। राय कायम भैसकेपछि मनासिब कारणले बाहेक फैसला लेख्न सात दिनभन्दा बढी ढिला गर्नु हुँदैन। तर इजलास समक्ष पेस भई छलफल भएका कुनै मुद्दामा मुद्दाको जटिलता समेतको कारणले उसै दिन निर्णय सुनाउन नसकिने अवस्था परेमा लिखित रूपमै फैसला सुनाउनका लागि इजलासले पन्ध्र दिनसम्मको तारेख तोक्न सक्तछ।

*जि.अ. नियमावली २०५२, को नियम ४६*

**(ङ) आंशिक अथवा खण्डे फैसला**

बारेन्ट जारी हुने वा चोरीको महलले मुल्तबी रहने मुद्दाका अभियुक्त अड्डामा पक्री नआएको वा हाजिर नै नभएकाको हकमा बाहेक अन्य मुद्दामा फैसला गर्दा एउटै मिसिलबाट गर्नु पर्ने काम मध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने व्यहोरासँग फैसला गर्न हुँदैन। अ. बं. १२२, १९० नं. र चोरीका महलको १० नं. मा रहेको व्यवस्था भने उल्लेखित अ. बं. १९२ नं. को व्यवस्थाको अपवादको रूपमा रहेको देखिन्छ।

*अ. बं. १९२ नं.*

**प्रतिपादित सिद्धान्त :**

"मुद्दामा ज्यान मार्ने कार्य डाँका वारदातसँगै भएको भन्ने हुँदा दावी बमोजिम डाँका ठहर्ने नठहर्ने के हो निर्णय दिनु पर्नेमा सो नगरी आंशिक रूपमा ठहर गरेको अ. बं. १९२ नं. को विपरीत हुँदा बदर हुन्छ।"

*श्री ५ को सरकार विरुद्ध मुस्लिम मिया समेत ने.का.प. २०४४ पृ. ५९६*

**(च) साधक जाहेरी**

क. अदालतबाट फैसला गर्दा राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, २०४४ बमोजिम श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको सजाय हुने मुद्दाका हकमा मौसुफका हजुरमा जाहेर गरी सदर गरी बक्सेबमोजिम र देहायका मुद्दाहरूमा आफ्नो पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्ने गरी फैसला गर्नु पर्दछ र यस्तोमा माथिल्लो अदालतबाट भएको निर्णयबमोजिम नै गर्नु पर्दछ।

- सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने भनी ठहराएको मुद्दा।
- प्रचलित कानुन बमोजिम साधक जाहेर गर्नु पर्ने भनी तोकिएको मुद्दा।

कसैले श्री ५ को गाथ वा राजगद्दी वा दुबै ताकेमा वा सो गर्न उद्योग वा षड्यन्त्र वा चेष्टा गरेमा वा यस ऐनबमोजिम निर्धारित राजगद्दी उत्तराधिकारीको हक र क्रममा श्री ५ बाट अन्यथा व्यवस्था गरिबक्सेमा बाहेक खलल पारेमा निजलाई राजपरिवारको सदस्य भए राजसभाको परामर्शमा श्री ५ बाट हुकुम बक्सेबमोजिम कारवाही तथा दण्डसजाय र अन्य व्यक्ति भए अपराधको प्रकृति तथा गंभीरता हेरी दश वर्ष कैद, जन्मकैद, सर्वस्व सहित जन्मकैद हुनेछ।

*राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, २०४४ को दफा १३*

राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, २०४४ को दफा १३ बमोजिम श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको सजाय हुने मुद्दाका हकमा मौसुफका हजुरमा जाहेर गरी सदर गरिबक्सेबमोजिम र सर्वस्वसहित जन्मकैद हुने ठहराएको वा प्रचलित कानुन बमोजिम साधक जाहेर गर्नु पर्ने मुद्दामा साधक जाहेर गरी अधिकार प्राप्त अड्डाबाट साधक सदर भए बमोजिम गरी र अरू गैर मुद्दामा अड्डैबाट कानुनबमोजिम जो गर्नुपर्ने गरी फैसला गर्नुपर्छ।

*अ.बं १८६ नं.*

(१) प्रचलित कानुनबमोजिम साधक सदर गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) अन्तर्गत साधक जाहेर भएको सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा पुनरावेदन अदालतले सो सजाय गर्ने ठहराएकोमा मात्र सर्वोच्च अदालतमा साधक जाहेर गर्नु पर्छ ।

(३) उपदफा (१) बमोजिम साधक जाहेर भएको मुद्दामा पुनरावेदन परेमा पुनरावेदनको रोहबाट र एउटै मुद्दामा कसैको पुनरावेदन पऱ्यो र कसैको परेन भने पुनरावेदन नगर्नेको हकमा पनि साधकको रोहबाट इन्साफ जाँची मुद्दामा किनारा गर्नुपर्छ ।

(४) साधकको रोहबाट हेरिने मुद्दामा पुनरावेदन नगर्ने कुनै पक्ष वा अन्य कुनै सम्बन्धित व्यक्तिले पुनरावेदन सरहको जिकिर लिई निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले त्यसलाई समेत विचार गरी मुद्दाको निर्णय गर्नुपर्छ ।

*न्याय प्रशासन ऐन, २०४८ को दफा १०*

**प्रतिपादित सिद्धान्त**

अ. बं. १८६ नं. मा व्यवस्था भए बमोजिम सर्वस्व सहित जन्मकैद हुने ठहराएकोमा मात्र साधक जाहेर गर्नु पर्छ । सफाई दिने ठहराएको फैसला उपर साधक जाहेर गरिरहन पर्दैन ।
***(पुरूषोत्तम समेत विरूद्ध भोजपुर जि. अ. समेत)***

*ने. का. प. २०५४ पृ. २०*

ज्यान सम्बन्धीको १३(३) नं. को कसुर ठहर गरी अ. बं. १८८ नं. बमोजिम दुई वर्ष सजाय गर्ने गरी सुरु जिल्ला अदालतले राय व्यक्त गरी पठाएकोमा पुनरावेदन अदालतबाट सो राय सदर भएको मुद्दामा अन्तिम राय सदरका लागि सर्वोच्च अदालतमा जाहेर गरेकोमा दुई वर्ष थुनिएपछि पनि छाडिएन भनी बन्दी प्रत्यक्षीकरणको रिट निवेदन परेको अवस्थामा सर्वोच्च अदालतबाट "अ. बं. १८८ नं. को व्यवस्थाले अन्तिम निर्णय गर्ने निकायलाई मात्र अपराध गरेको अवस्थाको विचार गरी घटी सजाय गर्न स्वविवेकीय अधिकार प्रदान गरेको देखिन्छ । त्यस प्रकार स्वविवेकीय अधिकार प्रयोग गरी उक्त राय ठिक छ छैन सो को जाँचको लागि पुनरावेदन सुन्ने अदालतमा प्रस्तुत गरिएको रायलाई अ. बं. १८६ नं. को साधक जाहेरीको व्यवस्थाभित्र रहेको भनी समाहित गर्न मिल्दैन । अ. बं. १८६ नं. को आफ्नो छुट्टै अस्तित्व रहेको छ । यसलाई न्याय प्रशासन ऐन, २०४८ को दफा १०(१) तथा (२) ले आफ्नो क्षेत्राधिकारको सीमाङ्कन गरेको छ, तर उक्त अ. बं. १८८ नं. मा अन्तिम निर्णय गर्ने न्यायिक निकायलाई मात्र अपराधको अवस्था विचार गरी सजाय कम गर्न सक्ने अधिकार दिएको देखिन्छ ।"

*पान कुमारीको हकमा कुमार आचार्य विरूद्ध पुनरावेदन अदालत ललितपुर समेत ने. का. प. २०४९ पृ. २०३*

**(छ) फैसलामा राय उल्लेख गर्ने**

कानुनबमोजिम सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा त्यस्तो सजाय हुने ठहरे तापनि फैसला गर्ने न्यायाधीशलाई भवितव्य हो कि भन्न हुनेसम्मको शंका भएमा वा अपराध गरेको अवस्था, घटनाको प्रकृति, अभियुक्तको अवस्था समेतलाई विचार गर्दा कसुरदारलाई कानुनबमोजिम ठहरेको सजाय गर्दा चर्को पर्ने भई घटी सजाय गर्नु उपयुक्त लागेमा हुनु पर्ने सजाय समेत किटी सोको कारण सहितको राय फैसलामा उल्लेख गरी साधक जाहेर गर्नु पर्दछ । यसरी राय सहित साधक जाहेर भएकोमा अन्तिम निर्णय दिने अदालत (सर्वोच्च अदालत) को निर्णयबमोजिम नै सजाय कायम हुन्छ ।

ऐनले सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नु पर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुने सम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिंदा चर्को हुने भई घटी सजाय हुनु पर्ने चित्तले देखेमा ऐनले गर्नु पर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारण सहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्नु हुन्छ ।

*अ.बं १८८ नं.*

(ज) **फैसलामा खुलाउनु पर्ने कुरा**

फैसलामा यथासंभव आवश्यक सबै कुरा स्पष्ट रूपमा खुलाउनु पर्दछ। सामान्यतः फौजदारी मुद्दाको फैसलामा देहायका कुराहरू खुलाउनु पर्दछः

- पक्ष विपक्षको दाबी तथा जिकिर ।
- निर्णय गर्नु पर्ने विषय ।
- दुवै पक्षका प्रमाणका कुरा ।
- कानुनी प्रश्न भएकोमा त्यसको व्याख्या समेतको ब्यहोरा ।
- साक्षी वा सर्जमिनको बकपत्रको सारांश ।
- दुवै पक्षले तथ्य र कानुन सम्बन्धमा उठाएका प्रश्न ।
- कानुन व्यवसायीको बहसको मुख्य मुख्य बुँदा ।
- ● वादी वा प्रतिवादीले फिरादपत्र, अभियोगपत्र वा प्रतिउत्तरपत्रमा अथवा कानुन व्यवसायीले बहसनोटमा उल्लेख गरेका कुनै सान्दर्भिक नजिर वा कानुनी सिद्धान्त प्रस्तुत मुद्दामा लागु हुने, नहुने के हो ? सोको स्पष्ट विश्लेषण ।
- कारण सहितको निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानुनहरू ।
- अभियुक्तले कुन ऐनको कुन दफा अन्तर्गत के अपराध गरेको ठहर्छ भन्ने र निजलाई कुन ऐनको कुन दफा अन्तर्गत के कति, कस्तो किसिमको सजाय हुने हो सो कुरा ।
- प्रतिवादीबाट वादीलाई कुनै क्षतिपूर्ति वा घाखर्च भराउनु पर्ने भएमा सो कुरा ।
- जाहेरवालालाई नै सजाय हुने भएमा कारण सहितको ब्यहोरा ।
- अभियोगपत्र साथ दाखिल भएका दसीका सामान, रोक्का भएको अंश सर्वस्व वा जेथा जमानत, धरौट लगायतका चल, अचल धनमाल के गर्ने हो सो कुरा ।
- अन्य कुनै आवश्यक देखिएका कुरा ।
- पुनरावेदनको म्याद दिनु पर्ने, नपर्ने कुरा आदि ।

धेरै जना वादी वा धेरै जना प्रतिवादी भएको मुद्दामा सबै हाजिर नभै दुबै तर्फको एक एक जना वा एक जनाभन्दा बढी हाजिर भएकोमा मुद्दा छिन्नलाई अरू हाजिर नभएसम्म पर्खिरहनु पर्दैन । हाजिर नरहेकाको हकमा समेत हाजिर रहे सरह ऐन बमोजिम मुद्दा छिनिदिनु पर्छ । *अ.बं १८५ नं.*

(१) पक्ष विपक्षको दाबी तथा जिकिर, निर्णय गर्नु पर्ने विषय, दुबै पक्षका प्रमाणका कुराहरू, कानुनी प्रश्न भएकोमा त्यसको व्याख्या समेतको ब्यहोरा न्यायाधीशले आफ्नो ठहर लेख्दा फैसलामा खुलाउनु पर्नेछ :-

(२) उपनियम (१) मा लेखिएको कुराको अतिरिक्त देहायका कुराहरू समेत स्पष्ट रूपले खुलाउनु पर्नेछ ।

(क) साक्षी वा सर्जमिनको बकपत्रको सारांश,
(ख) दुबै पक्षले तथ्य र कानुन सम्बन्धमा उठाएका प्रश्नहरू,
(ग) कानुन व्यवसायीको बहसका मुख्य मुख्य बुँदाहरू,
(घ) वादी वा प्रतिवादीले फिरादपत्र वा प्रतिउत्तरपत्र वा कानुन व्यवसायीले बहसनोटमा कुनै सान्दर्भिक नजिर वा कानुनी सिद्धान्त उल्लेख गरेको भए सो नजिर वा सिद्धान्त प्रस्तुत मुद्दामा लागू हुने वा नहुने के हो त्यसैको स्पष्ट विश्लेषण,
(ङ) कारण सहितको निर्णय र त्यसको आधार तथा तत् सम्बन्धी कानुनहरू,
(च) फौजदारी मुद्दा मामिलाको फैसलामा अभियुक्तले कुनै ऐनको कुन दफा वा व्यवस्था अन्तर्गत अपराध गरेको ठहर्छ र निजलाई कुन ऐनको कुन दफा वा व्यवस्था अन्तर्गत के कति कस्तो किसिमको सजाय दिनुपर्ने हो सो कुरा,
(छ) प्रतिवादीबाट के कस्तो र कति कुरा दिलाई भराई चलन चलाउन पाउने हो सो कुरा,
(ज) ब्याज समेत दिलाई भराई दिनुपर्नेमा कुन मितिदेखि कुन मितिसम्मको के कति रूपैयाँको ब्याज दिलाई वा भराई पाउने हो सो कुरा,
(झ) अभियोगपत्र साथ दाखिल भएका, अंश सर्वस्व रोक्का वा जेथा जमानताका चल अचल धनमाल के गर्नु पर्ने हो सो कुरा ।

*जिल्ला अदालत नियमावली, २०५२ को नियम ४७*

### (झ) फैसला गर्दा विचार गर्नुपर्ने अन्य थप केही कुरा

१. फैसला जिल्ला अदालत नियमावली २०५२ को अनुसूची ६ बमोजिमको ढाँचामा र अन्तिम आदेश अनुसूची ७ बमोजिमको ढाँचामा लेख्नुपर्छ ।

२. **न्यायिक टिप्पणी गर्ने** : आफू समक्ष पेस भएको मुद्दामा मिसिलबाट कुनै राष्ट्र सेवकले देहायको कुनै काम कुरा गरेको देखिएमा न्यायाधीशले आवश्यक सम्झे सो कुरा फैसला वा अन्तिम आदेशमा उल्लेख गरी सो फैसला वा आदेशको प्रतिलिपि सम्बन्धित अख्तियारवाला छेउ पठाउन आदेश दिन सक्ने छ ।

*जिल्ला अदालत नियमावली, ०५२ को नियम ४८*

   (अ) कुनै गैरकानुनी काम गरेको वा,

   (आ) कानुनबमोजिम पालन गर्नु पर्ने कर्तव्य जानीजानी पालन नगरेको वा त्यस सम्बन्धमा बद्नियत वा गम्भीर लापरवाही गरेको वा,

   (इ) आफ्नो पद अनुरूपको आचरण नगरेको ।

३. फैसला वा अन्तिम आदेश गर्ने काम न्यायाधीश (मुद्दा हेर्ने अधिकारी) आफैंले गर्नु पर्छ । तर न्यायाधीशले लेखी वा बोली अदालतको कुनै कर्मचारीबाट फैसला वा आदेश टाइप वा लेखबद्ध गराउन हुन्छ । यसरी लेखाइएको फैसला वा अन्तिम आदेशको अन्तमा न्यायाधीशले बोलेर लेखाए बमोजिम लेखिएको भनी फैसला तयार गर्ने कर्मचारीको दर्जा, नाम लेखी सही गराई न्यायाधीशले दस्तखत गरी मिसिल सामेल राख्नु पर्छ ।

*न्याय प्रशासन ऐन, २०४८ को दफा २४, जि.अ. नियमावली २०५२ को नियम ५०*

४. फैसला वा आदेशमा न्यायाधीशको दस्तखत भइसके पछि कसैले पनि सो फैसला वा आदेशको अंक वा अक्षरमा कुनै कुराको हेरफेर वा थपघट गर्न हुँदैन ।

*जि.अ.नि. २०५२ को नियम ५३*

### (ञ) फैसलामा सामान्य संशोधन

सरोकारवाला पक्ष विपक्ष वा निजको वारेसले फैसलाको लेखाइमा वा टाइपमा कुनै भूल हुन गएको रहेछ भने त्यस कुराको जिकिर लिई निवेदनपत्र दिन सक्तछ । यसरी परेको निवेदन स्रेस्तेदारले अघि मुद्दा फैसला वा आदेश गर्ने न्यायाधीश समक्ष पेस गर्नु पर्छ । तर सो न्यायाधीश अनुपस्थित रहेको अवस्थामा अदालतमा उपस्थित रहेका न्यायाधीश समक्ष निवेदनपत्र पेस गर्नु पर्छ । यसरी पेस हुँदा भूलसुधार हुनु पर्ने देखिएसम्म सो न्यायाधीशले छुट्टै पर्चा खडा गरी सच्याउनु पर्छ । यसरी खडा गरिएको पर्चा मूल फैसला वा आदेशको अभिन्न अंग मानिन्छ ।

*जिल्ला अदालत नियमावली ०५२ को नियम ५१ र ५२*

### (ट) सजायको स्थगन

प्रचलित नेपाल कानुनमा कैद स्थगन सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :-

*दण्ड सजायको महलको ११ क नं.*

१. तीन वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसुरदार ठहरी अड्डाले कैदमा राख्न मनासिब नठहराएमा एक दिनको पच्चीस रुपैयाको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसुरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्न सक्तछ ।

(२) उपर्युक्त बमोजिम तोकिएको रकम कसुरदारले बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरिदिनु पर्छ ।

(३) कैद बापतको रुपैया बुझाउन पाउने गरी फैसला गर्दा अड्डाले कसुरदारसँग फेरि त्यस प्रकारको कुनै अपराध नगरी राम्रो आचरण पालन गर्ने छु भनी कागज गराउनु पर्छ ।

(४) यसरी कागज भएको मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै अपराध गरेमा सो कसुरदारलाई पहिलेको फैसलाबमोजिमको कैद समेत थपी सजाय गर्नु पर्छ । यसरी सजाय थपी कैद गरे पछि अड्डाले पहिलेको फैसलाबमोजिम कैद बापत बुझाएको रकम फिर्ता गर्ने आदेश दिन सक्तछ ।

(५) कुन कुन अपराधमा कैद नगरी सजाय स्थगन गर्ने भन्ने सम्बन्धमा कुनै किटानी व्यवस्था नरहेको हुँदा मुद्दा हेर्ने अधिकारीको स्वविवेकीय अधिकारको रूपमा रहेको पाइन्छ । तथापि जुनसुकै कसुरमा पनि उक्त कानुनी व्यवस्थाको प्रयोग गरियो भने दण्ड सजाय सम्बन्धी अन्य कानुनी व्यवस्थाको मूलभूत मान्यता र मर्म विपरीत हुन जाने भएकाले दण्ड सजायका महलको ११ क नं. को प्रयोग गर्दा अपराधको गंभीरता, त्यसबाट समाजमा पर्ने असर, कसुरदारको शारीरिक मानसिक एवं सामाजिक अवस्था जस्ता विविध कुराहरू दृष्टिगत गरेर मात्र उक्त स्वविवेकीय अधिकारको प्रयोग गर्नु पर्दछ ।

(६) दण्ड सजायका महलको ११ क. नं. बमोजिम कैदमा बस्नु नपर्ने गरी भएको निर्णयको लगत अदालतले छुट्टै लगत किताब खडा गरी राख्नु पर्दछ । लगत राख्ने प्रयोजनका लागि सम्बन्धित प्रहरी कार्यालय समेतमा जनाउ पठाई दिनु पर्छ ।

**प्रतिपादित सिद्धान्त**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा उल्लिखित कसुरमा २ वर्षदेखि १० वर्षसम्म कैद सजाय हुनसक्ने व्यवस्था देखिन्छ । दण्ड सजायको ११क नं. को व्यवस्था ३ वर्षभन्दा कम कैदको सजाय हुने कसुरको सम्बन्धमा मात्र आकर्षित हुन सक्ने भएकाले उक्त ऐनको दफा १६१(२) बमोजिमको सजाय हुने कसुरमा दण्ड सजायको ११क नं. आकर्षित हुन सक्दैन ।

*लोकबहादुर रावल वि. श्री ५ को सरकार, ने.का.प.२०५९, अंक ७,*

(७) बालबालिका सम्बन्धी ऐन, २०४८ मा पनि सजाय स्थगन सम्बन्धी व्यवस्था रहेको छ, जस अनुसार कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बालसुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नु पर्ने गरी तोक्न सक्तछ । यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसुर गरे बापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुबै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्तछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा (२)*

(८) केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२८ मा मुद्दा हेर्ने अधिकारीले पहिलो पटकको कसुर भए कसुर हेरी उक्त ऐन बमोजिम हुने सजाय नगरी कसुरदारलाई अब उप्रान्त यस्तो कसुर गर्ने छैन भन्ने कागज गराई छाड्न सक्तछ । यो पनि सुरु मुद्दा हेर्ने अधिकारीको तजबिजको कुरा हो ।

*केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२८ को दफा ६ (२)*

**(ठ) सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम श्री ५ को सरकार वादी भई दायर भएको कुनै मुद्दा सो ऐनको अनुसूची १ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानुनबमोजिम कारवाही किनारा गर्नुपर्छ । *स.मु.स. ऐन, २०४९ दफा २७*

***(श्री ५ को सरकार विरूद्ध प्रेमजंग केरूङ्ग स.अ. बुलेटिन २०५४, अंक ११, पृ. १)***

## ३. पुनरावेदन सम्बन्धी व्यवस्था

**(क) पुनरावेदनको म्याद दिने**

- अदालतबाट मुद्दा फैसला भएपछि उपस्थित रहेका पक्षलाई सो फैसलाको ब्यहोरा र पुनरावेदन लाग्नेमा पुनरावेदन सुन्ने अदालतको नाम र पुनरावेदन गर्नु पर्ने म्याद समेत सुनाई निजबाट सुनिपाएको ब्यहोराको कागज समेत गराइ लिनु पर्दछ ।

अड्डाबाट मुद्दा फैसला गरेपछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने ब्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताई निजबाट सुनी पाएको ब्यहोराको कागज गराइराख्नु पर्छ । झगडिया हाजिर नरहेकोमा सो फैसला भएको तीन दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमीलाई यो यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नाम समेत खुलाई सो झगडियाको नाममा म्याद जारी गर्नुपर्छ । पुनरावेदन लाग्ने मुद्दामा झगडिया रोहबरमा भई फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया रोहबरमा नभई म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले पैंतीस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसला उपर पुनरावेदन दिन पाउँछ, सो म्याद नाघेपछि पुनरावेदन लाग्न सक्दैन । *मु.ऐन अ.बं. १९३ नं.*

- फैसला हुँदा पक्ष हाजिर नरहेकोमा फैसलाको परिणाम सहित पुनरावेदन लाग्नेमा पुनरावेदन सुन्ने अदालतको नाम र पुनरावेदन गर्नु पर्ने अवधिसमेत खुलाई त्यस्तो पक्षको नाममा फैसला गर्ने अदालतबाट म्याद जारी गर्नु पर्दछ ।
- देहायका मुद्दामा देहायबमोजिमको पुनरावेदनको म्याद दिइन्छ :-

(क) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश भएका सरकारवादी फौजदारी मुद्दामा ७० दिन । *स.मु.स. ऐन, २०४९ को दफा २६*

(ख) अन्य फौजदारी मुद्दामा ३५ दिन *अ.बं. १९३*

(ग) संक्षिप्त कार्यविधि ऐन २०२८ अन्तर्गत कारवाही हुने मुद्दामा ३० दिन *संक्षिप्त कार्यविधि ऐन २०२८ को दफा ११(क)*

(१) अदालतबाट मुद्दा फैसला गरेपछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अदालतको नाम समेत बताई निजबाट फैसला सुनी पाएको व्यहोराको कागज गराइराख्नु पर्नेछ ।

(२) फैसला हुँदा झगडिया हाजिर नरहेकोमा सो मुद्दाको फैसलाको व्यहोरा र सो फैसला उपर पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अदालतको नाम समेत खुलाई सो झगडियाको नाममा मुद्दा छिन्ने अदालतले तत्कालै म्याद पूर्जी जारी गर्नुपर्नेछ ।

(३) पुनरावेदन लाग्ने मुद्दामा उपदफा (१) बमोजिम झगडिया मुद्दा छिन्ने अदालतमा हाजिर भई फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया हाजिर नभई उपदफा (२) बमोजिम पुनरावेदनको म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले तीस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसला उपर पुनरावेदन दिन सक्नेछ । उक्त म्याद नाघेपछि पुनरावेदन लाग्न सक्दैन । *संक्षिप्त कार्यविधि ऐनको दफा ११(क)*

(४) उपदफा (२) बमोजिम पुनरावेदनको म्याद दिनु पर्नेमा अदालतबाट त्यस्तो म्याद जारी नै गरिएको रहेनछ भने झगडियाले आफूलाई लागेको दण्ड जरिवाना तिरेको वा फैसलाको नक्कल लिएकोमा सो मध्ये जुन काम अघिल्ला मितिमा भए गरेको छ सोही मितिले पुनरावेदन दिने म्याद कायम हुनेछ ।

**प्रतिपादित सिद्धान्त**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको मुद्दामा पाइने म्याद र अनुसूची १ भित्र नपरेको मुद्दामा पाइने म्याद छुट्टाछुट्टै रहेको छ । अब सरकारी मुद्दा सम्बन्धी ऐन, ०४९ को अनुसूची १ को ३६ मा सो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौजदारी अपराध सम्बन्धी मुद्दा भन्ने उल्लेख भएको छ तर वन ऐन अन्तर्गतको मुद्दालाई अनुसूचीभित्र पार्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको देखिदैन । यस प्रकार प्रचलित नेपाल कानुन अनुसार वन ऐन अन्तर्गतको मुद्दामा ३५ दिनको म्याद पाउने किटानी व्यवस्था हुँदाहुँदै कुनै अदालतले आफ्नो फैसलाको तपसिल खण्डमा ७० दिनको म्याद दिए पनि कानुनअनुसार सो कार्य नै कानुनी मान्यता विहीन हुँदा त्यसैले मान्यता पाउँछ भन्न नमिल्ने । *गुणाकर खरेल वि.श्री ५ को सरकार, ने.का.प. २०५४, नि.नं.६३६५, पृ.२४३*

**(ख) पुनरावेदनको म्याद कायम गर्ने (म्याद सुरु हुने)**

- मुद्दा फैसला हुँदा उपस्थित भई फैसला सुनिपाएको कागज गरेको अवस्थामा सो फैसला सुनेको मितिले र पक्ष उपस्थित नभई म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले पुनरावेदनको म्याद कायम हुन्छ । तर अदालतबाट पुनरावेदनको म्याद जारी नगरिएको भएमा मुद्दाको पक्षले आफूलाई लागेको दण्ड, सजाय तिरेको वा फैसलाको नक्कल लिएकोमा सो मध्ये जुन काम अगाडि भएको छ, सोही मितिले पुनरावेदनको म्याद कायम हुन्छ ।

यसै महलको १९३ नं. बमोजिम पुनरावेदनको म्याद दिनु पर्नेमा अड्डाबाट त्यस्तो म्याद जारी नै गरिएको रहेनछ भने झगडियाले आफूलाई लागेको दण्डसजाय तिरेको वा फैसलाको नक्कल लिएकोमा सो मध्ये जुन काम अघिल्ला मितिमा भए गरेको छ सोही मितिले पुनरावेदन दिने म्याद कायम गर्नुपर्छ । *अ.बं. १९७ नं.*

**(ग) पुनरावेदनको म्याद थमाउने सम्बन्धी व्यवस्था**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ को मुद्दामा प्रचलित कानुनले दिएको म्यादमा अ.बं. ५९ नं. बमोजिम ३० दिन र स.मु.स. ऐन, २०४९ को दफा २६(२) ले थप ३० दिन गरी जम्मा ६० दिन म्याद थमाउन पाइने व्यवस्थ रहेको छ भने अन्य फौजदारी मुद्दामा प्रचलित कानुनले दिएको म्यादमा अ.बं. ५९ नं. बमोजिम ३० दिनसम्म थामी पाउन सकिन्छ ।

## (४) पुनरावेदन, पुनरावलोकन र दोहोऱ्याउने निवेदन

**सरकारवादी फौजदारी मुद्दामा पुनरावेदन, पुनरावलोकन र दोहोऱ्याउने निवेदन गर्ने सम्बन्धमा सरकारी वकिलले निर्वाह गर्नुपर्ने दायित्वहरू**

(१) अदालतमा दायर भएका मुद्दाका कागजातहरूको नक्कल तुरुन्त लिने व्यवस्था मिलाउनु पर्दछ ।

(२) अदालतबाट भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने नपर्ने सम्बन्धमा यकिन भई पुनरावेदन गर्नुपर्ने भए मस्यौदा सहित आवश्यक कागजसहितको फाईल माथिल्लो तहको सरकारी वकिल कार्यालयमा समयमै पठाउने र पुनरावेदन गर्नु पर्ने आधार र कारण नभए पुनरावेदन नगर्ने राय सहितको मिसिल माथिल्लो सरकारी वकिल कार्यालयमा पठाउनु पर्दछ ।

**पुनरावेदन गर्ने सम्बन्धी कार्यविधि :**

श्री ५ को सरकार वादी हुने मुद्दामा कुनै अड्डा अदालत वा न्यायिक अधिकारीबाट भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने मिसिल संलग्न प्रमाणबाट देखिएमा सम्बन्धित सरकारी वकिलले पुनरावेदन मस्यौदा तयार गरी फायल संलग्न राखि पुनरावेदनपत्रको मस्यौदा सहित पुनरावेदन दायर गर्ने सरकारी वकिल कार्यालयमा पुनरावेदन म्याद सुरु भएको १० दिनभित्र पठाई सक्नु पर्नेछ । आफ्नै कार्यालयबाट पुनरावेदन दायर गर्नु पर्ने भए कार्यालयको मुख्य सरकारी वकिल समक्ष पुनरावेदनपत्र मस्यौदा सहितको राय प्रस्तुत गर्नु पर्ने छ । कार्यालयमा आफूभन्दा माथि कोही नभए आफैंले नियम बमोजिम कारवाही गर्नु पर्छ ।

*सरकारी वकिल सम्बन्धी नियमावली, २०५५ को नियम १९(१)*

**पुनरावेदन नगर्दाको कार्यविधि :**

स.मु. सम्बन्धी ऐन २०४९ को दफा २४ बमोजिमको मुद्दामा कुनै अड्डा अदालतबाट भएको फैसलाउपर सम्बन्धित मिसिल संलग्न कागजातबाट पुनरावेदन गर्नु पर्ने आवश्यक नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय पुनरावेदन दायर गर्ने माथिल्लो सरकारी वकिल कार्यालयमा पुनरावेदन म्याद सुरु भएको दश (१०) दिनभित्र पठाउनु पर्छ ।

*सरकारी वकिल सम्बन्धी नियमावली, २०५५ को नियम २०(१)*

**म्याद कायम गर्ने** :

ऐनको अनुसूची १ र २ मा उल्लेखित मुद्दामा सम्बन्धित सरकारी वकिल कार्यालयले, प्रचलित कानुनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा सम्बन्धित विभाग, कार्यालय वा सरकारी वकिल कार्यालयले र श्री ५ को सरकार पक्ष वा विपक्ष भई चलेको अन्य मुद्दामा सम्बन्धित कार्यालय, निकाय वा पदाधिकारीले जनाउ पाएको मितिबाट पुनरावेदन, निवेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनको निमित्त निवेदन गर्ने समेतको म्याद कायम गर्नु पर्नेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम १९*

(३) पुनरावेदन गर्ने वा नगर्ने सम्बन्धी मस्यौदा पठाउँदा मिसिल संलग्न कागजातहरू दुरुस्त भए नभएको हेरी एकिन हुनु पर्दछ ।

(४) श्री ५ को सरकार वादी हुने मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा १३ अन्तर्गत दोहोऱ्याउन निवेदन दिनुपर्ने लागेमा त्यस्ता निवेदनको मस्यौदा तयार गरी माथिल्लो कार्यालय वा अधिकारी समक्ष पेस गर्नु पर्दछ ।

(१) न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गत कुनै मुद्दा दोहोऱ्याउने निवेदन दिन उपयुक्त लागेमा त्यस्तो मुद्दामा पुनरावेदन अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले दश दिनभित्र सम्बन्धित पुनरावेदन सरकारी वकिल कार्यालयका सरकारी अधिवक्ताले निवेदनको मस्यौदा सहित कारण खुलाई निवेदन गर्ने प्रस्ताव महान्यायाधिवक्ता समक्ष पठाउनु पर्छ। महान्यायाधिवक्ताले सो बमोजिम प्रस्ताव प्राप्त भएपछि उपयुक्त सम्झेमा श्री ५ को सरकारको तर्फबाट सर्वोच्च अदालतमा निवेदन गर्ने वा गर्न लगाउने छ। मुद्दा दोहोऱ्याउन निवेदन गर्न उपयुक्त नभएमा सो को राय साथ निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भई आएबमोजिम गर्नु पर्नेछ।

*स.व.स. नियमावली, २०५५ को नियम २१*

(२) कुनै अदालत, निकाय वा अधिकारीबाट भएको आदेश वा अन्तरकालीन आदेश उपर न्याय प्रशासन ऐन २०४८ को दफा १६ बमोजिम पुनरावेदन सुन्ने अदालत वा सर्वोच्च अदालतमा निवेदन दिन उपयुक्त लागेमा सम्बन्धित सरकारी वकिलले निवेदन मस्यौदा गरी कारण खुलाई निवेदन गर्ने प्रस्ताव आदेशको जनाउ प्राप्त भएको दश दिनभित्र जिल्ला सरकारी अधिवक्ताले भए पुनरावेदन सरकारी वकिल कार्यालयमा र पुनरावेदन सरकारी वकिल कार्यालयका सरकारी अधिवक्ताले भए महान्यायाधिवक्ता समक्ष पठाउनु पर्छ। पुनरावेदन सरकारी वकिल कार्यालयका सरकारी अधिवक्ता वा महान्यायाधिवक्ताले सो प्रस्ताव प्राप्त भएपछि उपयुक्त सम्झेमा श्री ५ को सरकारको तर्फबाट सम्बन्धित अदालतमा निवेदन गर्ने वा गर्न लगाउने छ।

५) फैसला कार्यान्वयनका क्रममा अदालत एवं पीडित पक्षको सहयोगीको रूपमा आवश्यक कार्य गर्नु पर्दछ।

६) श्री ५ को सरकार वादी हुने स.मु.स. ऐन, २०४९ को अनुसूची १ र २ का मुद्दामा पुनरावेदन म्याद ७० दिने, अ.बं. ५९ नं. ले थाम्ने म्याद ३० दिन र स.मु.स. ऐन, २०४९ को दफा २५(२) बमोजिम थाम्ने म्याद ३० दिन गरी जम्मा १३० दिनको हुन्छ। सो बाहेक अन्य सरकारवादी मुद्दाका पुनरावेदन म्याद ३५ दिन र थाम्ने म्याद ३० दिनभित्र पुनरावेदन गरिसक्नु पर्दछ।

**दफा २६ – म्याद दिने :**

(१) अनुसूची १ वा २ मा लेखिएको मुद्दामा पुनरावेदनको म्याद दिंदा अदालतले ७० दिनको म्याद दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद गुज्री सम्बन्धित पक्षले मनासिब माफिकको कारण देखाई अदालतलाई निवेदन गरेमा अन्य प्रचलित कानुनले थमाउन पाउने म्यादमा अदालतले बढीमा ३० दिनसम्म थप गर्न सक्नेछ।

*स.मु.स. ऐन, २०४९ को दफा २६*

(३) श्री ५ को सरकारको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्न पर्ने भएमा प्रचलित कानुनमा सो विषयमा श्री ५ को सरकारले नालिस उजुर गर्न हदम्याद तोकिएको भए सोही हदम्याद नतोकिएकोमा सो नालिस गर्नुपर्ने भएको कुरा श्री ५ को सरकारलाई थाहा भएको मितिले दुई वर्षभित्र नालिस गर्नु पर्नेछ।

तर प्रचलित कानुनमा नालिस गर्नुलाई हदम्याद हुँदैन भन्ने र जहिले सुकै पनि नालिस लाग्छ भन्ने लेखिएकोमा जहिलेसुकै पनि नालिस उजुर लाग्न सक्नेछ।

***स्पष्टीकरण :–*** *श्री ५ को सरकारको सम्बन्धित अधिकृतले थाहा पाएकोलाई श्री ५ को सरकारले थाहा पाएको मानिनेछ।*

(७) सरकारी वकिलले स.मु.स. ऐन, २०४९ को अनुसूची १ र २ मा लेखिएका मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार पक्ष वा विपक्षी भएको मुद्दामा भने सम्बन्धित कार्यालय प्रमुखले पुनरावेदन, पुनरावलोकन वा निवेदन गर्न अनुरोध गरी पठाएमा पुनरावेदन, पुनरावलोकन वा निवेदन दिनु पर्दछ ।

(१) अनुसूची १ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत् सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकिलले दिनेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक श्री ५ को सरकार पक्ष वा विपक्ष भएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत् सम्बन्धी कुनै निवेदन दिनुपर्दा सम्बन्धित अधिकृत वा कार्यालय प्रमुख आफैंले दिन सक्नेछ । तर सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले लेखी पठाएमा सम्बन्धित सरकारी वकिलले पुनरावेदन, पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिन सक्नेछ ।

*स.मु.स. ऐन, २०४९ को दफा २४*

(३) सरकारी काम कारवाहीको सम्बन्धमा कुनै सरकारी कर्मचारी वादी वा प्रतिवादी भई चलेको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा निवदेन गर्न पर्ने अवस्थामा वादी वा प्रतिवादी भएको कर्मचारी त्यस पदमा रहेनछ भने त्यस पदमा बहाल रहेका कर्मचारीको नामबाट पुनरावेदन वा पुनरावलोकन वा निवेदन दिन सकिनेछ ।

## ५. कानुनी राय सल्लाह सम्बन्धी व्यवस्था

संवैधानिक ऐन कानुन विषयमा संविधान एवं प्रचलित कानुन बमोजिम श्री ५ को सरकार वा कुनै संवैधानिक निकाय वा विभाग वा कार्यालयले कुनै कानुनी विषयमा राय सल्लाह मागेमा त्यस्तो राय सल्लाह दिनु सरकारी वकिलको कर्तव्य हुनेछ । यस्ता राय सल्लाह लिंदा सरकारी वकिल सम्बन्धी नियमावली २०५५ को नियम ३४ को प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

कुनै संवैधानिक वा कानुनी प्रश्नमा सरकारी वकिलसँग राय माग गर्दा देहायबमोजिम कागजात संलग्न गरी देहायबमोजिमको रित पूरा गरेको हुनुपर्छ :-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनुपर्छ,

(ख) जुन विषयमा राय माग गरिएको हो सोसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनुपर्छ,

*स.व.स. नियमावली, २०५५ को नियम ३४*

(ग) राय मागिएको विषयमा स्पष्टतः कानुनी प्रश्न उल्लेख गरिएको हुनुपर्छ,

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनुपर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय मागिसके पछि तथा त्यस्तो प्रक्रिया पूरा गरिसके पछि मात्र राय मागिएको हुनुपर्छ ।

(ङ) जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्दछ ।

**नक्कल सम्बन्धी व्यवस्था**

*स.मु.स. नियमावली,*

श्री ५ को सरकार वादी वा प्रतिवादी भई चलेको वा श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा अड्डा अदालतबाट भएका निर्णय वा आदेश लगायतका कागजातहरूको नक्कल बिना दस्तुर अड्डा अदालतले सरकारी वकिल कार्यालयलाई वा अन्य कार्यालयले सारी लिन चाहेमा सरकारी वकिल कार्यालयमा रहेको नक्कल मिसिलबाट सारी लिन दिनु पर्नेछ ।

*२०५५ को नियम २०*

## खण्ड (ठ)

# फैसला कार्यान्वयन

## १. फैसला कार्यान्वयन गर्ने गराउने दायित्व र लगत कस्ने व्यवस्था

१. आफ्नो अदालतको र अरू अदालतबाट आएको फैसलाबमोजिम दण्ड जरिवानाको लगत कसी अरू अदालतमा लगत जाने जति अरू अदालतमा लगत कस्न पठाउने र आफ्नै अदालतमा लगत कस्न पर्ने जति कसी असुल फछ्र्यौट गर्ने कर्तव्य तहसिलदारको हुन्छ । *जि.अ. नियमावली, २०५२ को नियम ८(१)(ङ)*

२. फैसला कार्यान्वयन गर्नु पर्ने सम्बन्धी सम्पूर्ण काम तहसिलदारको जिम्मेवारीमा तहसिल शाखाको हुन्छ । *जि.अ. नियमावली, २०५२ को नियम ६८(१)*

३. अदालतको फैसलाले लागेको दण्ड, जरिवाना र कैदको लगत मूल लगत किताबमा राखी असुल तहसिल गर्ने, लगत कट्टा गराउने, फैसला बमोजिम विगो भराउने, बण्डा छुट्याउने र फैसला कार्यान्वयन गर्ने सिलसिलामा सबै काम तहसिल शाखाले गर्नुपर्छ ।

४. पुनरावेदन सुन्ने अदालतमा दण्ड जरिवाना बुझाएको कुराको सूचना प्राप्त भएमा तहसिल शाखाले सम्बन्धित मुद्दाको दण्ड जरिवानाको लगत कट्टा गर्नु पर्छ । *जि.अ.नि. ६८ (३)*

५. अदालतको फैसलाले लागेको दण्ड, जरिवाना, कैदको लगतको असुल तहसिल अन्य अदालतबाट गराउनु पर्ने भए त्यस्तो लगत सम्बन्धित अदालतको तहसिल शाखामा पठाउनु पर्छ । यसरी लगत कस्न पठाइएको अदालतबाट लगत कसिएको जनाउ प्राप्त भएपछि मात्र आफ्नो अड्डामा रहेको लगत कट्टा गर्नुपर्छ । *जि.अ.नि. ६८ (४)*

६. लगत भिडाउने र असुल तहसिल डोर खटाउने प्रयोजनको लागि दण्डजरिवाना र कैदको लगत फछ्र्यौट बाँकीको विवरण गाउँ विकास समिति वा नगरपालिकाको वडाअनुसारको हिसाबले तयार गर्नु पर्छ । *जि.अ.नि. ६८ (५)*

७. असुल तहसिल गर्नु पर्ने बाँकीवाला कुनै कामले अदालतमा आएमा पक्राउ गरी तत्काल असुल गर्नु पर्छ । त्यस्तो बाँकीवाला व्यक्तिलाई अदालतको कर्मचारीले जहाँसुकै फेला पारे पनि पक्राउ गरी असुल गर्न सक्तछ । *जि.अ.नि. ६८ (६)*

८. अभियोगपत्र साथ दाखेल भएका अंश सर्वस्व रोक्का र जेथा जमानतको चल अचल धनमालको लगत तहसिलशाखामा दिनु पर्छ, तहसिलशाखाले पनि त्यसको छुट्टै लगत तयार गरी राखी पछि फैसला वा आदेश भएबमोजिम गर्नुपर्छ । *जि.अ.नि. ६८ (७)*

९. अन्य जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतले गरेको फैसलाबमोजिमको आफ्नो क्षेत्रभित्र कार्यान्वयन गर्नुपर्ने दण्ड, जरिवाना, कैद र बिगोको लगत सम्बन्धित जिल्ला अदालतको तहसिलशाखाले बुझी असुल तहसिल गर्नु पर्छ । *जिल्ला अदालत नियमावली, २०५२ को नियम ६९*

१०. अदालतको फैसलाले लागेको दण्ड जरिवाना र कैदको लगत दुरूस्त राख्न लगाउने र सोही लगतबमोजिम असुल तहसिल गराउने अन्तिम जिम्मेवारी सम्बन्धित जिल्ला न्यायाधीशको हुन्छ । *जिल्ला अदालत नियमावली, २०५२ को नियम ८६*

११. ग्रामीण क्षेत्र, नगर क्षेत्र, जिल्ला वा अञ्चलको सीमाना हेरफेर भएमा त्यस्तो हेरफेर भएबाट जरिवाना, कैद वा फैसलाबमोजिमको कुनै सरकारी रकम असुल गर्नु पर्ने व्यक्तिको वतन फरक पर्न गएमा अदालतले पनि सोही बमोजिम वतन सच्याई दुरूस्त बनाई राख्नु पर्छ ।

*दण्ड सजायको ४१ख नं.*

१२. साधक जाहेर गरेको मुद्दामा साधक निकासा भई आएपछि साधक फैसलाबमोजिम लागेको सजायको लगत कस्नु वा कस्न पठाउनु पर्छ ।

## २. प्रतिवादीको मृत्यु भएमा

- फौजदारी मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मऱ्यो भने त्यसलाई कुनै खत बात लाग्दैन । सकार गरेको मुद्दामा पनि सकार गर्ने व्यक्तिलाई सकार गरेको नाताले मात्र अपराधी ठहराउन मिल्दैन ।

- कसैले गरेको कामको सम्बन्धमा निजको मृत्युपछि अरूका नाममा नालिस परी मर्नेको कसुर ठहरे पनि सजाय हुँदैन । बिगोको हकमा भने प्रचलित कानुनबमोजिम असुलउपर हुन्छ ।

कसैले गरेका काममा उसको सेख पछि अरूका नाउँमा नालेस परी मर्नेको कसुर ठहरे पनि सजाय हुँदैन । बिगोको हकमा ऐनबमोजिम गर्नुपर्छ ।

*दण्ड सजाय को २ नं.*

गैर मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मऱ्यो भने सो मर्नेलाई खत बात लाग्दैन । सकार गरेको मुद्दामा पनि सकार गर्ने व्यक्तिलाई सो सकार गरेको नाताले मात्र अपराधी ठहराउन हुँदैन ।

*अ.बं. १७६ नं.*

- फैसलाबाट जरिवाना, कैद वा बिसौद लागेको व्यक्ति सो असुल नहुँदै मऱ्यो भने त्यस्तो जरिवाना, कैद, बिसौद माफ हुन्छ । मर्नेको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न वा असुल गर्न हुँदैन । बिगो भराउने वा लिनु पर्ने कुरा रहेछ भने मर्नेको अपुताली खानेले तिर्नु पर्छ । जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन ।

जरिवाना, कैद वा बिसौंद लागेको मानिस सो असुल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ । उसको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न हुँदैन । बिगो भराउने वा लिनुपर्ने कुरा रहेछ भने अपुताली खानेले तिर्नु पर्छ । जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन ।

*दण्ड सजायको ३ नं.*

- सर्वस्व हुने ठहरी फैसला भई सर्वस्व रोक्का भएको व्यक्तिको मृत्यु भएमा पनि रोक्का भएको सर्वस्व फुकुवा हुँदैन ।

सर्वस्व हुने ठहरी फैसला भै सर्वस्व रोक्का भएको मानिस मऱ्यो भने कसुरमा रिहाई नपाए त्यसको सर्वस्व फुकुवा हुन सक्दैन । ऐनबमोजिम गर्नुपर्छ ।

*दण्ड सजायको ४ नं.*

- फौजदारी मुद्दामा झूट्टा पोल उजुर गरी मुद्दा चलाइएकोमा पोलाहाबाट मुद्दा लागेको व्यक्तिले भरी पाउने क्षतिपूर्तिको फैसला नहुदै वा त्यस्तो क्षतिपूर्ति भरी भराउ हुनुभन्दा अगावै क्षतिपूर्ति पाउने व्यक्तिको मृत्यु भएमा पनि निजका हकवालाले पाउने र क्षतिपूर्ति दिनु पर्नेको मृत्यु भएमा निजको हकवालाबाट असुलउपर गरी दिलाउनु पर्ने हुन्छ ।

## ३. कैद सजाय सम्बन्धी व्यवस्था

**(क) कैद सजाय र असुली**

१. **खण्ड कायम गर्नेः** कानुनमा यति खण्ड सजाय गर्नु भनी लेखिएकोमा खण्ड कायम गर्दा जन्म कैदको २० वर्ष र सर्वस्वको अठार महिना कैद कायम गरी त्यसको खण्ड सजाय गर्नु पर्छ । कुनै मानिसलाई सर्वस्व सहित जन्मकैद हुने ठहरी फैसला भएकोमा जन्मकैद बापत बीस वर्ष कैद गर्नु पर्छ, सर्वस्व गर्न सम्पति भए सर्वस्व गर्नु पर्छ, सम्पति नभएमा सोही व्यहोराको मुचुल्का सम्म खडा गरी मिसिल सामेल राख्नु पर्छ । सर्वस्व हुन नसके बापत कैद ठेक्न हुँदैन ।

*दण्ड सजायको ६ नं.*

२. ऐनमा सर्वस्व सहित जन्मकैद गर्नु भन्ने लेखिएकोमा जन्मकैद गरी ऐन बमोजिम सर्वस्व गर्नु पर्छ। सर्वस्व गर्नु भन्ने लेखिएकोमा सर्वस्व नै गर्नु पर्छ। *दण्ड सजायकों ७ नं.*

३. ऐनमा कैद भनी लेखिएका कलममा कैद नै हुन्छ। तर दण्ड सजायका महलको ११ क नं., बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० र केही सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ को दफा ६ ले केही अपवादात्मक व्यवस्था गरेको छ।

**(ख) खत खापिने र नखापिने अवस्था**

- एकै जनाले धेरै पटक सर्वस्व सहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने कसुर गरेको भएपनि कुनै कसुरमा सर्वस्व सहित जन्मकैद र जन्मकैद मध्ये ठूलो सजाय भएपछि सानो सजाय हुने खत खापिदैन।

- सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने वा भएको अभियुक्तले म्याद गुजारी फरार भएको वा कैद, थुनामा बसेको वा कैद थुनाबाट भागेको वा धरौटी जमानी तारेखमा छुटेको अवस्थामा ठुलो सजाय हुने कसुर गरेमा सोही ठुलो सजाय हुन्छ। यस्तो अवस्थामा पुनः जन्मकैदको सजाय हुने कसुर गरेकोमा जन्मकैदमा चार वर्ष थपी र घटी सजाय हुने कसुर गरेकोमा कसुरअनुसार बढीमा चार वर्षसम्म थप कैद गर्नुपर्दछ।

- ऐनमा पटक वा खत खाप्नु भनी उल्लेख भएकोमा बाहेक एउटै मुद्दामा दुई वा सोभन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नु परेमा कैद हुने कलममा जुन ऐनको ठुलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नु पर्दछ। अरू सानो सजाय हुने ऐनको खत खाप्नु हुँदैन। तर जरिवानाको सजाय हुनेमा भने सबै ऐनको खत खापी सजाय गर्नु पर्दछ।

ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नुपरेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ। अरू ऐनको खत खाप्न हुँदैन। जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ। जरिवानाको र कैदको सजाय हुनेमा दुबै कलमको ठूलो सजायको मात्र दुबै कुराको सजाय गर्नुपर्छ। एकै कागजको मुद्दा भएपनि नभए पनि सर्वस्व भएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिदैन। *दण्ड सजायको १० नं.*

- एउटै मुद्दामा जरिवाना र कैदको सजाय हुनेमा दुबै कलमको ठूलो सजाय मात्र गर्नुपर्दछ।
- कुनै पनि मुद्दामा सर्वस्व भएपछि सोभन्दा अघिको कसुरमा भएको जरिवानाको खत खापिदैन।

ज्यान मुद्दामा जन्मकैद, अर्को ज्यान डाँकामा ६ वर्ष कैद र जरिवाना रू.५२८६।- थुनुवा भाग्यो भन्ने मुद्दामा कैद वर्ष ९।११।२८ समेत जम्मा कैद वर्ष ३९।११।२८ लगत राखी कैदी पुर्जी दिइएकोमा दण्ड सजायको ८ नं. र कारागार ऐन, २०१९ को दफा २४(छ) बमोजिम थुनुवा भागेकोमा पनि २० वर्षभन्दा बढी कैद हुने गरी सजाय नगरिने व्यवस्था भएबाट थुनामा परेको मितिले २० वर्षसम्म मात्र कैद असुल गर्ने गरी लगत सच्याउनु पर्छ। *करू थापा समेत विरूद्ध तनहुं जि.अ. समेत, ने.का.प २०४७ पृ. १५०*
*(साथै वीर वहादुर विरूद्ध ललितपुर जि.अ. समेत, ने.का.प २०४७, पृ.५०३)*

सर्वस्व सहित जन्मकैद भएकोलाई डाँका मुद्दामा भएको जरिवाना बापतको चार वर्ष कैद सोही जन्मकैदको लगतमा थपिएको कानुनसंगत हुँदैन। *ने.का.प २०४६, पृ.५४३*
*(विलास वि. सप्तरी जि.अ. समेत)*

**(ग) कैद म्याद ठेक्ने तरिका**

१. कैद म्याद ठेक्नु पर्दा देहायबमोजिम गरी कैद म्याद ठेक्ने गर्नु पर्छ। *दण्ड सजायको ४० नं.*

   अ. कैदको सजाय तोकिएकोमा कैद ठेक्नुपर्दा जति वर्ष, महिना र दिन तोकिएको छ सो बमोजिम जम्मैमा कैद ठेक्ने गर्नु पर्छ।

आ. जरिवाना दसौद बिसौद बक्सौनी बिगो समेत इत्यादि नतिरी त्यस बापतमा कैद ठेक्नुपर्दा हिसाबबाट वर्ष, महिना र दिन वा वर्ष र दिन वा महिना र दिनमा कैद ठेक्नुपर्ने हुन आएमा वर्ष महिना पुगेसम्म कैद ठेकी महिना नपुगेको चानचुन दिन जम्मै छाडिदिनु पर्छ ।

इ. महिना नपुगेको दिनको मात्र कैद गर्नु पर्ने हुन आएमा भने हिसाबबाट जति दिन कैद गर्नु पर्ने हुन आउँछ उति जम्मैमा कैद ठेक्ने गर्नु पर्छ ।

ई. एकै जनालाई एकै मुद्दादेखि बढी मुद्दामा जरिवाना दसौद बिसौद बक्सौनी इत्यादि गैरह बापतमा एकै पटक वा ठेकिरहेको कैदमाथि थपी कैद गर्नुपर्दा पनि दण्डसजाय महलको ४० नं. को देहाय २ दफाबमोजिम महिना नपुगेको छाड्नु पर्ने चानचुन दिन मुद्दै पिच्छे छाडी कैद गर्ने गर्नुपर्छ ।

जरिवाना दसौंद बिसौंद बक्सौनी बिगो समेत इत्यादि नतिरी त्यस बापतमा कैद ठेक्नु पर्दा हिसाबबाट वर्ष, महिना र दिन वा वर्ष र दिन वा महिना र दिनमा कैद ठेक्नु पर्ने हुन आएमा वर्ष महिना पुगेसम्म कैद ठेकी महिना नपुगेको चानचुन दिन जम्मै छाडिदिनु पर्छ । महिना नपुगेको दिनको मात्र कैद गर्नु पर्ने हुन आएमा भने हिसाबबाट जति दिन कैद गर्नु पर्ने हुन आउँछ उति जम्मैमा कैद ठेक्ने गर्नुपर्छ । *दण्ड सजायको ४० नं. को देहाय २*

उ. दण्ड सजायको ४० नं.को देहाय १ र ३ मा लेखिएबमोजिम चानचुन दिन छाडी महिना वर्ष पुगेकोमा मात्र कैद ठेकी सकेपछि कैदको रुपैया तिर्न पाउनेमा तिर्छ भने ठेकिएका कैद जतिमा भुक्तान गरेको जति मिनाहा दिई बाँकी कैदको ऐनबमोजिमको रुपैया लिनुपर्छ । छाडि दिएका चानचुन दिनको रुपैया लिनु हुँदैन ।

एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबैभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एक वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ । त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नु पर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नु पर्छ । अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन । फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नु पर्छ । धेरै कलमको कैदको हद बराबर हुन आयो भने सो मध्ये एक कलमको कैद ठेक्नु पर्छ । अरू कलमका हकमा फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाउनु पर्छ । तर फैसला भइ सकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुर बापत कानुनबमोजिम थप कैद ठेक्नु पर्छ । *दण्ड सजायको ४१ नं.*

**<u>प्रतिपादित सिद्धान्त</u>**

एकै मितिमा एकभन्दा बढी मुद्दामा कैदको सजाय ठेक्नु पर्ने भयो भने सबै भन्दा ठूलो हदको कैदमा अरू कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएकोमा कुनै एक कलमको कैद गर्नु पर्छ ।

(साथै कान्छा तामाङ्ग बिरूद्ध नुवाकोट जि.अ., २०५४ सालको रिट नं २९७३, निर्णय मिति २०५४।३।१९)

*दुखितलाल हाडी बिरुद्ध झापा जि.अ., ने.का.प. २०४५, अंक ४ नि.नं. ३४१३*

## ४. कैद असुल गर्ने प्रक्रिया

१. फैसलाबमोजिम सजाय पाउने कसुरदार फैसला हुँदाको अवस्थामा हाजिर रहेकोमा सो फैसला गर्ने अड्डाले नै निजलाई पक्री फैसलाबमोजिम निजलाई लागेको दण्ड, जरिवाना, कैद असुल गर्नु पर्छ ।

२. कसुरदारलाई जरिवाना लागेकोमा बुझाए बुझिलिनु पर्छ । बुझाउन नसके जमानी गर्नेको महलबमोजिम जेथाजमानी दिए लिई छाडि दिनु पर्छ ।

३. जरिवाना पनि बुझाएन, जेथाजमानी पनि दिएन भने जरिवाना बापत लाग्ने कैद दण्डसजायको महलको ३८ नं बमोजिम कैद ठेकी कारागारमा पठाईदिनु पर्छ ।

४. कैद लागेकोमा पुनरावेदन गर्न अ.बं १९४ नं. बमोजिम धरौट वा जमानत दिएमा लिई छाड्नु पर्छ । सो धरौट वा जमानी नदिए फैसलाले भएको कैद कार्यान्वयन गर्न कारागारमा पठाइ दिनु पर्छ ।

*दण्ड सजायको २३ नं तथा जि.अ. नियमावली, २०५२ को नियम १०३*

५. फैसला हुँदा फैसलाबमोजिम जरिवाना वा कैद लागेको कसुरदार हाजिर नरहेको भए निजलाई गिरफ्तार गर्न अड्डाबाटै सम्बन्धित प्रहरी कार्यालयलाई आदेश गर्नु पर्छ । यसरी आदेश गरेपछि दण्ड सजायको महलको २५ र २६ नं मा लेखिएको कारवाही फैसला कार्यान्वित गर्ने अड्डाले चलाउनु पर्छ ।

६. फैसलाले कैद जरिवाना लागेको मानिसलाई गिरफ्तार गर्न लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले फैसलाबमोजिम सजाय पाउने कसुरदारलाई खोजी पक्री फैसला कार्यान्वयन गर्ने अड्डामा दाखिल गर्नु पर्छ ।

७. अदालतको फैसलाले कैद जरिवाना लागेको मानिसलाई कुनै पनि मानिसले पक्राउ गरी दाखिल गर्न सक्छ । यसरी पक्राउ भएको व्यक्तिलाई तत्काल अदालतमा बुझाउन अदालत बन्द भएको अवस्था भए वा अदालतमा पुऱ्याउन बढी समय लाग्ने भए त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्तिले तत्कालै नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनु पर्छ । सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो व्यक्तिलाई हिरासतमा राखी अदालत खुल्नासाथ अदालतमा बुझाईदिनु पर्छ ।

## ५. जरिवाना असुल गर्ने प्रक्रिया

**१. जेथा जमानी रहेको सम्पत्तिबाट असुल गर्ने**

(क) मुद्दामा पुर्पक्षको सिलसिलामा कुनै प्रतिवादीसँग धरौट लिइएको रहेछ भने मुद्दा फैसला हुँदा निजलाई लागेको दण्ड जरिवाना सोही धरौट रहेको रकमबाट पुगेसम्म असुल गर्नु पर्छ । नपुग रकमका हकमा निजको अन्य सम्पत्तिबाट कानुनबमोजिम असुल गर्नु पर्छ ।

(ख) मुद्दा पूर्पक्षका लागि प्रतिवादीबाट कुनै सम्पत्ति जमानत लिइएको अवस्थामा पछि जरिवाना हुने ठहरी फैसला भएमा सो जमानत रहेको सम्पत्ति लिलाम बिक्री गरी जरिवानाको रकम असुल गर्नु पर्छ । यसरी जमानत रहेको सम्पत्ति लिलाम बिक्री गर्ने ब्यहोराको सूचना प्रतिवादीकै नामको सम्पत्ति जमानत रहेको भए वा अरू कसैले जेथा जमानी दिएको रहेछ भने ७ दिनको म्याद दिई सूचना पठाई सो ७ दिनभित्र जरिवाना रकम बुझाउन ल्याएमा बुझी लिई रोक्का रहेको जमानतको सम्पत्ति फुकुवा गरी दिनुपर्छ । सो म्यादभित्र बुझाउन नल्याएमा जमानत रहेको सम्पत्ति लिलाम गरी जरिवाना रकम असुल गर्नुपर्छ ।

जरिवाना बापत कैद ठेक्नु पर्दा एक दिनको पच्चीस रूपैयाँका दरले कैद ठेक्नुपर्छ । *दण्ड सजायको ५३ नं.*

२. फैसलाबाट जरिवानाको सजाय हुने भएमा सो जरिवाना नतिरेमा सो बापत कति कैद बस्नु पर्ने हो भन्ने कुरा पनि सोही फैसलामा तोक्नु पर्छ । तर यस्तो सजाय तोक्दा दण्ड सजायको महलको ५३ नं. बमोजिम रुपैयालाई कैदमा परिणत गर्दा हुने अवधि वा दण्ड सजायको ३८ नं. बमोजिम हुन सक्ने कैद भन्दा बढी हुने गरी तोक्नु हुँदैन ।

३. जरिवाना वा सरकारी बिगो बापत कैद ठेक्नु पर्दा सम्बन्धित कानुनमा लेखिएको कैदको हदमा नबढ्ने गरी देहायबमोजिम गर्नु पर्छ :-

(१) कैद वा जरिवाना दुबै सजाय भएकोमा जरिवाना नतिरे बापतको कैद ठेक्नुपर्दा चार वर्षभन्दा बढी अवधिको कैद ठेक्न हुँदैन । तर नाबालकलाई जरिवाना नतिरे बापतको कैद ठेक्नुपर्दा उमेर पुगेको व्यक्तिलाई हुने कैदको आधामा नबढ्ने गरी कैद ठेक्नुपर्छ ।

(२) कैद वा जरिवाना मध्ये कुनै वा दुबै सजाय हुन सक्ने अपराधमा जरिवाना मात्रको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नु पर्दा सो अपराधमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ ।

*दण्ड सजायको ३८ नं. को देहाय (१), (२), (३) र (४)*

(३) जरिवानाको मात्र सजाय हुने अपराधमा जरिवानाको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नु पर्दा दुई वर्षभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ ।

(४) जायजातबाट उपर नभएको सरकारी बिगोमा कैद ठेक्नुपर्दा १,०००। रूपैयाँसम्मको बिगोमा एक वर्ष, ५,०००। रूपैयाँसम्मकोमा दुई वर्ष, १०,०००। रूपैयाँ सम्मकोमा ३ वर्ष र १०,०००। रूपैयाँभन्दा बढीको प्रत्येक १०,०००। मा एक वर्षभन्दा बढी कैद ठेक्न हुँदैन । सोबमोजिम कैद ठेक्दा दश वर्षभन्दा बढी हुन आयो भने पनि दश वर्षसम्म मात्र कैद ठेक्नु पर्छ ।

**प्रतिपादित सिद्धान्त**

बिगोबमोजिम जरिवाना मात्रको सजाय भएकोमा मुलुकी ऐन दण्ड सजायको ३८(२) नं. को व्यवस्थाअनुसार सो जरिवाना नतिरे बापत उक्त भंसार ऐनको दफा ३४(९)(क) बमोजिम हुनसक्ने उपल्लो हद कैद वर्ष ५ को आधाभन्दा बढी नहुने अवधिसम्म मात्र कैद ठेग्न पर्ने देखिन्छ । तसर्थ निवेदकलाई दण्ड सजायको ३८(१) नं. बमोजिम जरिवाना नतिरे बापत ४ वर्ष कैद गर्ने गरेको त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

*ओगेन गुरुङ्ग वि.राजस्व न्यायाधिकरण काठमाण्डौं समेत, ने.का.प. २०४९, नि.नं. ४४९३, पृ.२३९*

**प्रतिपादित सिद्धान्त**

जरिवाना बापत कैद ठेग्नुपर्दा ४ वर्षमात्र कैद ठेक्नुपर्छ । निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ५(१) अनुसार भएको जरिवानामा कैद ठेक्दा कैद वर्ष १ भन्दा बढी कैद ठेक्नु हुँदैन ।
*(उतइमन पिटर वटलर वि. त्रि. विमानस्थल भन्सार कार्यालय)*

*ने.का.प. २०४४ नि.नं. २९८३, पृ.१२८*

ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नु परेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ । अरू ऐनको खत खाप्न हुँदैन । जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ । जरिवानाको र कैदको सजाय हुनेमा दुबै कलमको ठूलो सजायको मात्र दुबै कुराको सजाय गर्नुपर्छ । एकै कागजको मुद्दा भए पनि नभए पनि सर्वस्व भएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिदैन ।

*दण्ड सजायको १० नं.*

४. जरिवानाको मात्र सजाय हुने अपराधमा जरिवानाको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नु पर्दा दुई वर्षभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ ।

५. जायजातबाट उपर नभएको सरकारी बिगोमा कैद ठेक्नुपर्दा १,०००।- रूपैयाँसम्मको बिगोमा एक वर्ष, ५,०००।- रूपैयाँ सम्मकोमा दुई वर्ष, १०,०००।- रूपैयाँ सम्मकोमा ३ वर्ष र १०,०००।- रूपैयाँभन्दा बढीको प्रत्येक १०,०००।- मा एक वर्षभन्दा बढी कैद ठेक्न हुँदैन । सो बमोजिम कैद ठेक्दा दश वर्षभन्दा बढी हुन आयो भने पनि दश वर्षसम्म मात्र कैद ठेक्नुपर्छ । तर यसरी कैद ठेक्दा दण्ड सजायको ५३ नं. बमोजिमको अवधिभन्दा बढी कैद ठेक्न हुँदैन ।

६. जरिवानाको सजाय भएकोमा खत पटक खापी सजाय गर्नु परेमा सबै ऐनको र पटकको जरिवाना खापी असुल गर्नुपर्छ (दण्ड सजायको १० नं.) । यसरी भएको जरिवाना तिर्न नसकी कैद हुन्छ सो भयो भने सबै जरिवानाको कलम देखाई जुन जरिवाना बापत बढी कैद हुन्छ सो जरिवाना बापतको कैद गर्नुपर्छ । तिर्न ल्यायो भने ठेकिए जति कैदको मात्र रूपैयाँ तिरी जान पाउँदैन । त्यसलाई लागेको सबै जरिवानाको जम्मा अंकमा कैद बसेको जति कट्टा गरी अरू बुझी लिनुपर्छ ।

## ६. सर्वस्व, जायजात भएपछि बाँकी कैद जरिवाना असुली

सरकारी बिगो र जरिवाना, दसौद, विसौद, समेत इत्यादि लिनु पर्ने कलममा वा सर्वस्व हुने कसुरमा एक पटक सर्वस्व जायजात भइसके पछि सो सर्वस्व भएका कसुरमा र जायजात भएका कलमको बाँकी जतिमा देहायबमोजिम गर्नु पर्छ। सो बाहेक अरू कुराको जायजातबाट उपर नभएको बाँकी बिगो जरिवानाको लगत तुरुन्तै र कैदका हकमा जायजात भएपछि पांच वर्षदेखि बेपत्ते भए लगत काटी दिनु पर्छ ।

१. ज्यान सम्बन्धी मुद्दा, कुनै प्रकारको चोरी मुद्दा वा राजकाज मुद्दाको कसुरदारलाई भएको सजायको बाँकी र सम्बन्धित कर्मचारीले आफ्नो जिम्माको सरकारी वा सरकारी संस्थान वा सरकारद्वारा नियन्त्रित संस्थानको तहबिल, धनमाल मासी, चोरी नोक्सान पारी खाए खुवाएको वा पेस्की ठेकको वा बाँकी नतिर्नेको महलको २ नम्बरको बाँकी समेत यति कलमको बाँकीमा जहिलेसुकै फेला परेपनि फैसला लगतबमोजिमको सजाय गर्नु पर्छ । *दण्ड सजायको २४ नं.*

२. गैरसरकारी वा उपर्युक्त प्रकरण (१) मा लेखिएको संस्थानको बिगोमा अपुताली खानेबाट अपुताली खाए जति सम्पतिबाट असूल गर्नु पर्छ ।

३. बाँकीवाला मरी सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य समेत पाँचजना स्थानीय भलादमीको मरूवा मुचुल्का भई आए कैद जरिवाना, बिसौंदको लगत काटि दिनु पर्छ ।

४. बाँकीवाला मानिस वा निजको घर ठेगान नलागेमा तीन वर्षसम्म वर्षको एक पटक र मानिस घर ठेगान लागे पनि भागी मरे बाँचेको वा यस ठाउँमा छ भन्ने ठेगान नलागेमा पाँच वर्षसम्म वर्षको एक पटक स्थानीय गा.वि.स. वा नगरपालिकाको सदस्य समेत स्थानीय भलादमी पाँच जनाको बेपत्ते मुचुल्का भई आए जेथा हुनेको जायजात भईसकेको भए माथि प्रकरण (१) मा लेखिएको लगत बाहेक अरू लगत काटि दिनु पर्छ ।

**प्रतिपादित सिद्धान्त**

५. कैदको लगत असुल नहुन्जेल जेथाजमानी रहेको सम्पत्ति दायित्व पनि बाँकी नै रहेको सम्झनु पर्छ । अन्यथा जेथाजमानीको कुनै अर्थ हुँदैन । तहसिलबाट पूरा हुनु पर्ने दायित्व पनि पूरा नहुनु र सम्पति भने सँधै रोक्का रहनु दण्ड सजायको २४ नं. को उद्देश्य अनुकूल मान्न मिल्दैन । दण्ड सजायको २४ न. बमोजिम हुनु पर्ने कारवाही मुचुल्का भइसके पछि मात्र निवेदकको रोक्का रहेको सम्पत्ति फुकुवा गर्ने तर्फ समुचित कारवाही हुन सक्ने हुँदा फुकुवा अहिले नै गरी दिनु भनी भन्न मिल्दैन भन्दै दण्ड सजायको २४ नं. को व्याख्या भएको छ ।

*सरोज कुमार बिरुद्ध पू.वे.अ. हेटौडा समेत, ने.का.प २०५२, पृ. ४४५*

**प्रतिपादित सिद्धान्त**

६. जायजात हुने सजाय भएको व्यक्तिलाई जायजात भएपछि मात्र कैदको हकमा दण्ड सजायका महलको २४ नं को "जायजात भएपछि पाँच वर्षदेखि बेपत्ते भए लगत काटि दिनु पर्छ" भन्ने वाक्यांश आकर्षित हुने हो । जायजात नहुने कसुरमा सजाय पाएको व्यक्तिलाई लागेको कैदको हकमा उक्त वाक्यांश अनुरूप कैदको लगत काट्नु पर्ने हो भन्ने भनाई कानुन सम्मत देखिदैन । तसर्थ जबर्जस्ती करणी मुद्दामा उक्त व्यवस्था आकर्षित हुँदैन ।

*काले सार्की समेत विरुद्ध का.जि.अ. २०५४ सालको रिट नं. ३१६४ फैसला मिति २०५४।५।२५*

## ७. जरिवाना, सरकारी बिगो असुली सम्बन्धी थप प्रक्रिया

जरिवाना वा सरकारी बिगो असुल गर्नलाई दुनियाको बिगो उपर नहुन्ज्याल पर्खिरहनु पर्दैन । सरकारी बिगो लागेको मानिसले सो तिरे लिई र नतिरे ऐनबमोजिम जायजात गरी असुल गर्नु पर्छ । सो बमोजिम जायजात गरी लिंदा नपुगेको बाँकीमा हाजिर रहेको भए तुरुन्त र हाजिर नरहेको भए दण्ड सजायका महलको २३ क नं. बमोजिम सर्वस्व गर्ने कारवाही चलाउनु पर्छ । सरकारी बिगो बाहेक कैद जरिवाना लागेकाको हकमा सो जरिवाना तिरे लिई नतिरे सो जरिवाना बापतसमेत कैद गर्नु पर्छ । कैद भएपछि जायजात गर्न हुँदैन । कैद जरिवाना लागेको मानिस भागी गयो भने दण्ड सजायका महलको २३ नं. बमोजिम पक्राउ गरी जरिवानामा एक दिनको पचास रूपैयाँका दरले रूपैयाँ कसी कैदमा समेत जायजात गरी असुल गर्नु पर्छ । फैसलाबमोजिम कैद हुने ठहरेको मानिस दण्ड सजायका महलको २४ नं. को म्यादभित्र फेला परेमा निजलाई फैसलाबमोजिम कैद गरी कैद बापत आएको रूपैयाँ फिर्ता दिनु पर्छ ।

*दण्ड सजायका महलको २५ नं.*

## ८. जायजात गर्दा विचार गर्नु पर्ने कुरा

१. ऐनबमोजिम जरिवाना कैद बापत जायजात गर्दा कसुरदारको अंशबाट मात्र पुगेसम्मको असुल गरी लिनु पर्छ ।
२. दुनियाको बिगो बापत जायजात गर्दा त्यो धन खाने वा १२ वर्षदेखि माथिका ऐनबमोजिम मानु नछुट्टिई सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंश समेत जायजात गर्नु पर्छ ।
३. सरकारी बिगोमा जायजात गर्दा सो धन खाँदा सँग बस्ने सबै अंशियारको अंश जायजात गर्नु पर्छ ।
४. उपर्युक्त बमोजिम जायजात गर्दा स्वास्नी, छोरी, बुहारीको दाइजो, विवाह नभएका छोराछोरीको विवाह खर्च, दुनियाको बिगोमा जायजातको दर्खास्त नपर्दै र सरकारी बिगोमा सो बिगो लाग्ने भनी पक्राउ भएका मितिभन्दा अगावै साहुलाई लेखिदिएको अचलको भोग दृष्टि तमसुक बमोजिमको थैली, एकहल गोरु, रोजगार गर्ने एक सरा हतियार, खाने पकाउने एकसरो भाँडा, ओढ्ने ओच्छ्याउने, लाएको कपडा र अन्न रहेछ भने सो जायजात हुनेलाई ६ महिनासम्म खान पुग्ने अन्न पर सारी छाडी अरू जायजात गरी पुगेसम्म असुल गर्नु पर्छ । बढ्ता भए फिर्ता दिनु पर्छ ।
५. जायजात भएपछि पुगेन भने पनि अरू जहानलाई पक्रन हुँदैन ।
६. तर, फरार रहेको कसुरदारको अंश जायजात लिलाम बिक्री गर्दा दण्ड सजायको महलको २६ नं. मा उल्लेख भएको कुनै कुरा पर सार्नु पर्दैन । सबै सम्पति जायजात गर्नु पर्छ ।

*दण्ड सजायको २६ नं.*

मुद्दामा नबुझिएको भए पनि धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानो नछुट्टिई सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंश समेतबाट भराई दिनु पर्ने हुँदा सँग बस्ने अंशियारले ऋण तिर्नु व्यहोर्नु पर्छ । *कुमार राज बिरुद्ध प्रेमराज, ने.का.प २०२५ पृ. ९८*

सरकारी बिगोमा जायजात गर्दा सो धन खाँदा सँग बस्ने सबै अंशियारको अंश जायजात गर्नु पर्छ । *(घनश्याम सुबेदी बिरुद्ध काठमाण्डौ डिभिजन अफिस, वन विभाग)* *ने.का.प २०२६ पृ.१३८*

दाइजोबाट खरिद भएको सबुदबाट नदेखिए लिलाम भएको बदर हुन सक्तैन । *(तेज कुमारी बिरुद्ध गंगामान समेत)* *ने.का.प २०४३, पृष्ठ ४७८*

लिलाम गर्नु अघि जसको नाउमा स्रेस्तामा दर्ता छ, सो व्यक्ति बुझ्नु पर्छ । दर्तावालालाई लिलाम गर्नु पर्ने सम्बन्धमा नबुझी गरेको लिलाम दण्ड सजायको २६ नं. विपरीत भई बदर हुन्छ । *(मुना बिरुद्ध का.जि.अ. समेत)* *ने.का.प. २०४८, पृष्ठ ५५९*

बाह्र वर्षमुनीको नाबालकको विवाह खर्च पर नसारी लिलाम गरेको बदर हुन्छ । *(धनमाया बिरुद्ध धवलागिरी अंचल अदालत समेत)* *ने.का.प २०४२ पृष्ठ १२८*

बैङ्कसँगको ऋण कारोवारमा दण्ड सजायको महलको २६ नं. आकर्षित हुँदैन । वाणिज्य बैङ्कले वाणिज्य बैङ्क ऐन, २०३१ बमोजिम आफ्नो ऋण असुली छुट्टै कानुनी प्रावधानबमोजिम गर्न पाउँछ ।
(प्रेममणी बिरूद्ध ने.वैं.लि. उपशाखा वुटवल समेत, ने.का.प.२०४८, पृ.२०, छत्र बहादुर बिरूद्ध प्रभु प्रसाद समेत, ने.का.प २०४७ पृ ५५०, नारायण बहादुर बिरूद्ध कृष्ण बहादुर समेत, ने.का.प.२०५३, पृ.६५) *दल बहादुर बिरुद्ध ने.वैं लि. के.का काठमाण्डौ समेत, ने.का.प २०४८ पृ ५०८*

## ९. जायजात सर्वस्व गर्ने सम्बन्धी व्यवस्था

**(क) प्रक्रियाको सुरुवात**

फैसलाबमोजिम सरकारी बिगो, दसौद, बिसौद समेत इत्यादि लिनु पर्ने कलममा वा सर्वस्व हुने कसुरमा कसुरदार हाजिर रहेको भए फैसला गर्ने अड्डाले नै उसै बखत पक्री फैसलाले लागेको बिगो, दसौद, विसौद असुल गर्ने वा सर्वस्व गर्ने कारवाही चलाउनु पर्छ । सजाय पाउने कसुरदार हाजिर नरहेकोमा सजाय असुल गर्ने सम्बन्धमा दण्ड सजायको महलको २३ नं. बमोजिम निजलाई पक्राउ गर्न र २५ नं. बमोजिम सर्वस्व गर्ने समेत कारवाही चलाउनु पर्छ । *दण्ड सजायको २३ क.नं.*

**(ख) सर्वस्व हुने सम्पत्ति**

सर्वस्व गर्दा अंश नभएका अरू अंशियारको अंश पर सारी र कसुर जाहेर नहुँदै दृष्टिबन्धक लेखिएको तमसुकबमोजिमको साहुको थैली, विवाह नभएका छोराछोरीको ऐनबमोजिमको (अंशवण्डाका महलको १७ नं. बमोजिमको) विवाह खर्च, स्वास्नी छोरी बुहारीको दाइजो र जुन मुद्दाबाट सर्वस्व हुने भएको हो त्यस मुद्दाबाट भरी पाउने फैसलाबमोजिमको दुनियाँको बिगो समेत पर सारी कसुरदारको मात्र सर्वस्व गरी लिनु पर्छ । धितो नलेखिएको अरू साहुको थैली पर सार्नु पर्दैन । *दण्ड सजायको २७ नं.*

**(ग) तायदात सर्वस्व गर्ने प्रक्रिया**

जायजात वा सर्वस्वको सिलसिलामा सम्पत्ति तायदात वा लिलाम बिक्री गर्नु पर्दा समेत भएसम्म उस ठाउँमा तालुकदार, जिमिदार र निजहरू नभएमा निजहरूको दामकाम गर्ने व्यक्ति सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य वा प्रतिनिधि कम्तिमा दुई जना भलादमी समेत साक्षी राखी देहायबमोजिम गर्नु पर्छ :

(१) जायजात सर्वस्वमा आएका घर जग्गा कानुनबमोजिम लिलाम गरी र सो बाहेक अरू धनमाल लिलाम हुने लिलाम गर्दा सुन, चाँदी जवाहरात भए दर तौल गरी र अरू वस्तु भए सोभै लिलाम बिक्री गर्नुपर्छ ।

(२) सुन, चाँदी, जवाहरात र किमती चीजहरू अड्डैमा ल्याई र सो बाहेक अरू चल धनमाल सर्जमिनमै गई लिलाम बिक्री गरे पनि हुन्छ । *दण्ड सजायको ३० नं.*

(३) तमसुक बहिखाताको लहना तहसिल हुने कागजपत्र आएको भए जायजात सर्वस्व गर्ने अड्डामा लगत गरी ऐनबमोजिम असुल गर्नुपर्छ ।

**(घ) घरको सम्बन्धमा व्यवस्था**

(१) जरिवाना, कैद, सर्वस्व वा सरकारी बिगो बापतमा जायजात हुँदा आएको फुसको घर कानुनको रित पुर्‍याई लिलाम बिक्री गर्दा कसैले पनि सकार गरेन भने त्यस्तो घरको पञ्चकिर्ती मोल गर्दा एक सय रूपैयाँसम्म जाने ठहरेकोमा सो मोल सरकारी लिनु पर्ने रूपैयाँको जम्मामा मिनाहा दिई घर उसैलाई थामिदिनु पर्छ । एक सय रूपैयाँदेखि बढी मोलिएको घर भने उसैलाई थामिन सक्तैन । स्रेस्तामा चढाई सरकारी काममा लगाइराख्ने वा बहाल बन्दोवस्त हुन सके सो बमोजिम गरी हिफाजतसाथ राख्नु पर्छ । *मु.ऐन दण्ड सजायको ३१ नं.*

(२) दुनियाको बिगो बापत आएकोमा भने बिगो भरिपाउने व्यक्तिले पञ्चकिर्ती मोलमा सकार गरी लिनुपर्छ । सकार गरी नलिए सो घरको पञ्चकिर्ती मोल भरिपाउने बिगोमा मिनाहा दिलाई सो घर जसको हो उसैलाई थामिदिनु पर्छ ।

**(ङ) जायजात, सर्वस्व हुने सम्पत्ति दबाए छुपाएको सम्बन्धमा**

सरकारी बाँकी बापत जायजात वा सर्वस्व हुने मानिसको जायजात वा सर्वस्व गर्दा देहायमा लेखिएबमोजिम गर्नु पर्छ :

(१) जायजात सर्वस्व भई अड्डामा आएको सात दिनभित्र फलानाको जायजात सर्वस्व भई आएकोमा कसैले दबाए छुपाएको कुरा थाहा छ भने आजका तीन महिनाभित्र जायजात सर्वस्व गर्ने अड्डामा जाहेर गर्न आउनु, नआए ऐनबमोजिम सजायसमेत हुनेछ भनी लेखी जायजात सर्वस्व हुनेको घरमा सबैले देख्ने ठाउँमा र जायजात सर्वस्व गर्ने अड्डाको ढोकामा समेत म्याद टांसी दिनु पर्छ । *मु.ऐन दण्ड सजायको ३२ (१)*

(२) म्याद टाँस्दा सो जायजात सर्वस्व हुने मानिससँग भोगदृष्टि लेखाई लिएको वा नासो धरौट लिई राखेको चल अचल आदि सम्पत्ति र आसामीले तिर्नु पर्ने सम्पत्ति नतिरी राखेको र जग्गा कमाउने मोही कुरियाले बाली नतिरी बाँकी राखेको समेत जो जो छ सो कुरा जाहेर गर्न आउनु भनी घर खेत जग्गा जमिन दोपाया चौपाया र आसामी सम्मको फाँटवारी र अरू मालको गोस्वारा तपसिलमा लेखिएको व्यहोरा समेत जनाई म्याद टाँसी दिनुपर्छ । *मु.ऐन दण्ड सजायको ३२ (२)*

(३) उपर्युक्त अनुसारको तीन महिनाको म्यादभित्र जाहेर नगरी म्याद नाघेपछि जाहेर भयो भने भोगदृष्टिवालाले जाहेर नगरेको भए भोगदृष्टि लिंदा जग्गा जमिन घर खेतमा ऐनबमोजिमको मोलमा सयकडा पाँच र चल वस्तु लिएमा सयकडा बीससम्म नपुग्ने गरी लिएको भए दश रूपैयाँ मात्र जरिवाना गर्नुपर्छ । *मु.ऐन दण्ड सजायको ३२ (३)*

(४) उपर्युक्त प्रकरण (३) मा लेखिए भन्दा बढी नाफा हुने गरी भोगदृष्टि लिएमा र चल अचल दबाई छिपाई म्यादभित्र जाहेर नगरेमा समेत सोही दबाएको बिगोबमोजिम जरिवाना समेत गरी लिनु पर्छ । म्यादभित्र जाहेर गर्न आयो भने भोगदृष्टिमा लेखिएदेखि बढ्ता नाफा हुने गरी लिएको भए पनि बात लाग्दैन । *मु.ऐन दण्ड सजायको ३२ (४)*

**(च) मुद्दा अन्तिम किनारा नहोउन्जेल सर्वस्व हुने सम्पत्ति रोक्का गर्ने**

(१) सर्वस्व हुने वा सरकारी बिगो लाग्ने ठहरी फैसला भएपछि पुनरावेदनको म्याद नाघी वा पुनरावेदन फैसला भई नसकी जायजात सर्वस्व लिलाम बिक्री गर्न हुँदैन । सर्वस्व हुने वा बिगो लिने ठहरे पछि दण्ड सजायका महलको ३० नं. बमोजिम जायजात सर्वस्व गरी धनमाल हिनामिना हुन नपाउने बन्दोवस्त पुऱ्याई माथबर मानिसको जिम्मा लगाइराख्नु पर्छ ।

(२) उपर्युक्तअनुसार रोक्का रहेकोमा पुनरावेदनको म्यादसम्ममा पुनरावेदन परेन भने पुनरावेदनको म्याद गुज्रेपछि र पुनरावेदन परेकोमा पुनरावेदन तहबाट समेत तल्लो अड्डाको फैसला सदर ठहरी बिगो लाग्ने वा सर्वस्व हुने ठहर्‍यो भने सो रोक्का भएको धनमाल कानुनबमोजिम लिलाम बिक्री गरी स्याहा गर्नुपर्छ ।

(३) प्रकरण (२) बमोजिमको अवस्था पछि पनि पुनरावेदन परी मुद्दा उल्टिएकोमा र साधक निकासा हुँदा फिर्ता गर्नु पर्ने भयो भने लिलाम बिक्रीबाट आएको नगदी नै फिर्ता गर्ने गर्नुपर्छ । *मु.ऐन दण्ड सजायको ३३ नं.*

(४) सरकारी बिगो लाग्ने ठहरेकोमा लाग्ने ठहरेको बिगोमा धरौट वा माथबर धन जमानी दियो भने जायजात रोक्का गर्नु पर्दैन ।

(५) सरकारी कर्मचारीलाई उपरोक्त लेखिएबमोजिम सरकारी बिगो लाग्ने वा सर्वस्व हुने ठहरेमा तहबिल मासेको वा ठाडो बाँकीमा वा सर्वस्व हुनेमा भए माथि लेखिएबमोजिम गर्नु पर्छ । सो बाहेक अरू किसिमको बिगोमा जायजात रोक्का गर्नु पर्दैन । दण्ड सजायको महलको २९ नं. बमोजिम पारिश्रमिकसम्म रोक्का गरिराख्नु पर्छ ।

**(छ) सडीगली नोक्सान भई जाने माल सम्बन्धमा**

(१) जायजात वा सर्वस्वमा आएको वा रोक्कासम्म भएको धनमाल केही परिबन्दले मौकैमा लिलाम बिक्री नगरेमा सडीगली नोक्सान भई जाने जिन्सी माल रहेछ भने त्यसै राख्न हुँदैन । सो सडीगली जाने जति माल कानुनबमोजिमको रित पुर्‍याई लिलाम बिक्री गरी नगदै पारी आएको रूपैयाँ स्रेस्तामा आम्दानी बाँधी राखी पछि लिनु दिनु फिर्ता गर्नु पर्ने समेत जे ठहर्छ सो आएको नगदी नै लिनु दिनु फिर्ता गर्ने गर्नुपर्छ । *दण्ड सजायको ३४ नं.*

(२) रोक्कासम्म भएका अरू कुनै माल सामान पनि लामो समयसम्म रोक्का राख्दा खिया लागी वा अरू कुनै परिबन्दबाट टुटफुट वा नोक्सान हुन सक्ने देखिएमा त्यस्तो माल सामानको पञ्चकिर्ती मोल कायम गरी सो मोलमा मालधनीले नै सकार गर्न मन्जुर गरेमा निजको कागज गराई निजलाई सो माल जिम्मा लगाइदिनु पर्छ । मालधनीले सकार नगरेमा माथि लेखिएबमोजिम सडीगली नोक्सान भई जाने माल सरह लिलाम बिक्री गर्न सकिन्छ ।

(३) अभियोगपत्र साथ दाखिल भएका दसीका माल वस्तुको परिमाण र प्रकृतिको कारणबाट अदालतको हाताभित्र उपयुक्त स्थानाभावले सुरक्षित राख्न नसकिने अवस्थाको भए त्यस्तो मालवस्तु अदालतले खोजेका वखत दाखिल गर्ने गरी अर्को आदेश नभएसम्मको लागि सुरक्षापूर्वक राख्न सम्वन्धित निकायमा जिम्मा दिन सकिन्छ । यहाँ उल्लेख भएको सम्बन्धित निकाय भन्नाले सामान्यतः त्यो मुद्दा दायर गर्ने वा अनुसन्धान तहकिकात गर्ने अधिकारी कार्यरत रहेको निकाय (कार्यालय) सम्झनु पर्छ । *जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०*

**(ज) पुराना किसिमका पुस्तक**

जायजात सर्वस्व गर्दा सरकारी पुस्तकालयमा राख्नमाफिकको पुरानो किसिमका पुस्तक निस्कियो भने सो पुस्तक सरकारी पुस्तकालयमा राख्नु पर्छ पर्दैन श्री ५ को सरकामा जाहेर गरी राख्न मनासिब छ भनी जवाफ आयो भने मोल भराउन दाखिल गर्न पर्ने भए लिलाम बोलाई लिलामबाट बोलेको पर्ने ठहरेको मोल जायजात सर्वस्वमा भर्ना गरी र मोल भर्ना गर्न नपर्ने भए त्यसै सो पुस्तक सरकारी पुस्तकालयमा दाखिल गरी भर्पाई लिनुपर्छ । *मु.ऐन दण्ड सजायको ३५ नं.*

**(झ) हतियार खजाना लिलाम नगर्ने**

जायजात सर्वस्व गर्दा हतियार खजाना इत्यादि श्री ५ को सरकारबाट मनाही भएका मालहरू देखिएनिस्केमा सो माल लिलाम बिक्री गर्न हुँदैन । पास गराई (अनुमति प्राप्त गरी) राख्नु पर्नेमा सो बमोजिम गरी राखेको छ छैन बुझी जायजात सर्वस्व गर्दा देखिएका मालको फाँटवारी लेखी जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनु पर्छ । हतियार खजाना राख्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट लेखिआए बमोजिम गर्नुपर्छ ।

*मु.ऐन दण्ड सजायको ३६ नं.*

## १०. डोर खटाउने र लगत फछ्र्यौट समिति सम्बन्धी व्यवस्था

**(क) डोर खटाउने**

जिल्ला अदालतको तहसिल शाखाले फैसलाबमोजिम दण्ड, जरिवाना, कैद वा सरकारी बिगो असुल गर्नु पर्ने व्यक्ति रहे बसेको ठाउँमा प्रत्येक वर्ष कम्तिमा दुई पटक असुलतहसिल कार्यका लागि डोर खटाउनु पर्छ । यसरी खटिएको डोरले असुल गर्न नसकेका बाँकीवालालाई पत्री ल्याउनुपर्छ ।

*जि.अ. नियमावली, २०५२ को नियम ७०(१)*

**(ख) लगत फछ्र्यौट समितिको गठन र बैठक**

(१) दण्डजरिवाना वा कैद लागेको सर्वस्व भएको कोर्ट फि तथा दसौद, बिसौद बुझाउन बाँकी भएको वा कैदको सजाय बापत नगद तिर्नु पर्ने व्यक्ति मरेको वा बेपत्ता भएको कारणले असुलतहसिल हुन नसकेकोमा त्यस्तो लगत कट्टा गर्न प्रत्येक जिल्लामा निम्नानुसारको लगत फछ्र्यौट समिति रहनेछ :

(अ) जिल्ला न्यायाधीश ........................................................................ अध्यक्ष

(आ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको निजको कार्यालयको वा मालपोत कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयको राजपत्रांकित अधिकृत ......... सदस्य

(इ) तहसिलदार ........................................................................ सदस्य सचिव

*जि.अ. नियमावली, २०५२ को नियम ७१*

(१) समितिको अध्यक्षले तोकेको स्थान र समयमा प्रत्येक तीन महिनामा घटीमा एकपटक समितिको बैठक बस्नेछ ।
(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।
(३) अध्यक्ष लगायत अरू एकजना सदस्य उपस्थित भएमा समितिको बैठकका निमित्त गणपूरक संख्या पुगेको मानिन्छ ।

*जि.अ. नियमावली, २०५२ को नियम ७२*

**(ग) लगत फछ्र्यौट समितिको अधिकार**

मुलुकी ऐन दण्डसजायको महलको २४ नं. को अधीनमा रही लगतफछ्र्यौट समितिलाई देहाय बमोजिमको कारवाही गर्ने अधिकार छ :

(क) जरिवाना र कैदको सजाय असुल गर्नु पर्ने व्यक्ति बेपत्ता भएकोमा यस ठाउँमा रहे बसेको छ भन्ने कुरा वा मरे बाँचेको कुरा पत्ता नलागेको भन्ने डोरबाट सम्बन्धित गाउँ विकास समितिको वा नगरपालिकाको सदस्यसमेत स्थानीय भलादमी पाँच जनाको वर्षको एक पटक गरी पाँच पटकसम्म मुचुल्का भई आए पछि लगत कट्टा गर्ने । तर मरेको भन्ने मुचुल्का भई आएकोमा एउटै मुचुल्काले वा मरेको प्रमाण सहित लगत कट्टाको लागि हकवालाले दिएको निवेदनमा बुझ्दा साँचो देखिएमा लगत कट्टा गर्न सक्नेछ ।

*जिल्ला अदालत नियमावली २०५२ को नियम ७३*

(ख) नेपाल अधिराज्यमा घरबार जेथा नभएको विदेशी नागरिकलाई लागेको जरिवाना असुलतहसिल गर्न सो व्यक्ति फेला नपरेमा एकसय रूपैयाँसम्मको लगत भए सालभरमा र सोभन्दा बढी पाँचसय रूपैयाँसम्मको भए पाँच वर्षसम्म खोजतलास गर्दा फेला नपरेमा लगत कट्टा गर्ने ।

(ग) प्रत्येक दश वर्ष अघिको अन्तिम फैसला बमोजिम लगत कसिएकोमा पाँच सय रूपैयाँसम्मको जरिवाना, सरकारी बिगो र तीन महिनासम्मको कैदको लगत कट्टा गर्ने ।

(घ) प्रत्येक बीस वर्ष अघिको अन्तिम फैसला बमोजिम लगत कसिएकोमा एक हजार रूपैयाँसम्मको दण्ड, जरिवाना वा सरकारी बिगो र ५ महिनासम्मको कैदको लगत कट्टा गर्ने ।

(ङ) सम्बन्धित मुद्दामा कायम भएको उमेरसमेत हिसाब गर्दा एक सय वर्षसम्म पनि असुल तहसिल हुन नसकेकोमा सो मुद्दाबाट त्यस्ता व्यक्तिलाई लागेको दण्ड, जरिवाना, कैद तथा कोर्ट फी दसौंद बिसौंदको बाँकी लगत कट्टा गर्ने ।

## ११. छुट, मिनाहा

**(क) सजायको स्थगन**

(१) तीन वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसुरदार ठहरी अड्डाले कैदमा राख्न मनासिब नठहऱ्याएमा एक दिनको पच्चिस रूपैयाँका दरले हुन आउने रकम तोकी सो रकम बुझाएमा कैदमा नराख्ने गरी फैसला गर्न सकिने व्यवस्था दण्ड सजायको ११ क नं. ले गरेको छ ।
*(हेर्नुहोस् - फैसला शीर्षकमा)*

(२) बालबालिका सम्बन्धी ऐन, २०४८ को परिभाषाभित्र पर्ने बालक कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नु पर्ने गरी तोक्न सक्नेछ । यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसुर गरे बापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुबै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ । *बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२)*

**(ख) सजायमा छुट**

(१) जरिवाना वा कैदको सजाय लागेको व्यक्ति अन्तिम फैसला हुँदा अड्डामा उपस्थित भई जरिवाना बुझाउन वा कैदमा बस्न मन्जुर भएमा वा त्यस्तो सजाय हुने गरी फैसला भएको व्यक्ति फैसला भएको मितिले ६० दिनभित्र फैसला गर्ने वा लगत रहेको अड्डामा हाजिर भई जरिवाना तिर्न वा कैदमा बस्न आफै उपस्थित भएमा निजलाई भएको जरिवाना र कैदको सजायमा २० (बीस) प्रतिशत मिनाहा दिई बाँकीको मात्र लगत कायम गरी सजाय कार्यान्वित गर्नुपर्छ । *मु.ऐन दण्ड सजायको ४१ क नं.*

(२) अदालतको फैसलाबमोजिम लागेको दण्ड, जरिवाना र सरकारी बिगो आदि बाँकी बक्यौता बुझाउन अदालतले समय समयमा सूचना जारी गर्नु पर्छ । यसरी सूचना जारी भएको मितिले एक महिनाभित्र सम्बन्धित व्यक्तिले त्यस्तो बाँकी बक्यौताको रकम बुझाउन ल्याएमा सो रकमको ६ प्रतिशत, दुई महिनाभित्र बुझाउन ल्याएमा ५ प्रतिशत, तीन महिनाभित्र बुझाउन ल्याएमा ४ प्रतिशत, चार महिनाभित्र बुझाउन ल्याएमा ३ प्रतिशत, पाँच महिनाभित्र बुझाउन ल्याएमा २ प्रतिशत र ६ महिनाभित्र बुझाउन ल्याएमा १ प्रतिशत छुट दिइनेछ । *जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७*

(३) दण्ड सजायको महलको ४१ क नं. मा रहेको व्यवस्था र जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ मा रहेको व्यवस्था दुई भिन्नभिन्न अवस्थामा आकर्षित हुने कानुनी प्रावधान भएकाले जिल्ला अदालत नियमावलीको नियम ८७ मा रहेको व्यवस्थाले दण्ड सजायको ४१ क. नं. बमोजिम प्रदान हुने छुट सुविधालाई सीमित गरेको मान्न मिल्दैन ।

(ग) **कमिसन, प्रोत्साहन पुरस्कार**

(१) अन्तिम फैसलाबमोजिम दण्ड, जरिवाना कैद वा सरकारी बिगो असुल तहसिलका लागि डोर खटी जाने कर्मचारीले दैनिक तथा भ्रमण भत्ताको सट्टा असुल गरी ल्याएको रकमको पच्चीस प्रतिशत कमिसन पाउँदछ। त्यस्तो असुल गराई ल्याएको रकमको पाँच प्रतिशत रकम तहसिलदारले प्रोत्साहन स्वरूप पाउँछ।

(२) कैद लागेको व्यक्ति पक्राउ गरी ल्याउने डोरमा खटी जाने कर्मचारीले दैनिक तथा भ्रमण भत्ताको सट्टा प्रति कैद महिना एकको रू.पचासका दरले हुन आउने रकम पुरस्कार स्वरूप पाउँदछ।

(३) उपर्युक्त प्रकरण (१) र (२) बमोजिमको कमिसन कैद वा जरिवाना असुल गरी ल्याउने प्रहरी कर्मचारी, अन्य व्यक्ति वा संस्था समेत जो सुकैले पाउँदछ।

*जिल्ला अदालत नियमावली, २०५२ को नियम ७०*

## १२. फैसला कार्यान्वयनको कार्यमा सहयोग गर्ने

१. फैसलाबमोजिम लाग्ने ठहरेको सजाय वा सरकारी बिगो दसौद, बिसौद असुल गर्ने सिलसिलामा अड्डाले कसुरदारको जायजात वा सर्वस्व गर्नु पर्दा प्रहरी कार्यालयको सहायता मागेमा तुरुन्त दिनु पर्छ।

*दण्ड सजायको २३ क(२) नं.*

२. बाँकी बिगो जरिवाना कैद समेत असुल गर्न अंश सर्वस्व जायजात रोक्का तायदात गर्न पर्दासमेत अड्डाबाट सो काम तामेल गर्न खटी आएकालाई सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य, तालुकदार, स्थानीय भलादमी समेतले सम्बन्धित मानिस र घरद्वार जायजात सम्पत्ति खोजी देखाई चिनाई पक्राउ गराई दिनुपर्छ र सो सम्बन्धमा गर्नु पर्ने मुचुल्काहरूमा साक्षी बसी सही गरी आवश्यक सबै सहयोग गर्नु पर्छ। सो नगर्नेलाई एक सय रूपैयाँसम्म जरिवाना हुन्छ। नमरेकालाई मरेको, घरद्वार मानिस भएकोलाई नभएको वा बेपत्ते नभएकोलाई बेपत्ते भएको वा जायजात भएकोमा जायजात छैन भनी वा जानी जानी कुनै झुट्टो ब्यहोरा लेखाइदिए वा झुट्टा मुचुल्का गरिदिए वा कुनै काम तामेल गर्न बाधा बिरोध गरेमा एक हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुबै सजाय हुन्छ।

*दण्ड सजायको ३७ नं.*

३. दण्ड, जरिवाना, कैद वा सरकारी बिगो असुल गर्न डोर खटाउँदा आवश्यक परेमा गा.वि.स. वा नगरपालिका र प्रहरीको समेत सहयोग लिन सकिन्छ।

*जि.अ.नि. २०५२ को नियम ७०(२)*

४. अदालतको फैसलाले लागेको कैद, दण्ड जरिवाना, सरकारी बिगो आदिमा पक्राउ भएको व्यक्ति तत्काल अदालतमा बुझाउन अदालत बन्द भएको अवस्था भए वा अदालतमा पुर्‍याउन बढी समय लाग्ने भए त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्तिले तत्कालै नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु पर्छ र सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो व्यक्तिलाई हिरासतमा राखी अदालत खुल्नासाथ अदालतमा बुझाई दिनुपर्छ।

*जि.अ. नियमावली, २०५२ को नियम १०३*

## १३. फैसलाको कार्यान्वयनमा प्रहरी कर्मचारीले पालना गर्नु पर्ने कर्तव्य र दायित्वहरू

- अदालतबाट भएका फैसला, आदेश, प्रहरीका कुन-कुन निकायहरूबाट पालना गर्नु गराउनुपर्ने देखिन्छ सो बमोजिम आवश्यक व्यवस्था मिलाउने।
- अभियुक्त कारागार वा प्रहरी हिरासतमा भएमा फैसलाअनुसार आवश्यक कार्यान्वयन गराउने।
- अदालतबाट भएको फैसलाको आधारमा अनुसन्धानमा सुधार गर्नुपर्ने पक्षहरू अध्ययन गरी तद्सम्बन्धी आवश्यक सुधार गर्ने गराउने।
- फैसलाले कैद तोकिएका कसुरदारको खोजी गर्ने, पक्राउ गर्ने, र सम्बन्धित अदालतको आदेश बमोजिम कैद असूली सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।
- फैसलाले कैद तोकिएका कसुरदारको खोजी गर्ने, पक्राउ गर्ने र सम्बन्धित अदालतको आदेश बमोजिम कैद असुली सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

# अनुसन्धान एवं अभियोजनका सन्दर्भमा श्री सर्वोच्च अदालतबाट केही महत्वपूर्ण मुद्दाहरूमा प्रतिपादित नजिर र सो को संक्षिप्त विवरण

१. ने.का.प. २०३१ नि.नं. ८०७ पृ. ६२ ज्ञानमान डंगोल वि. बाबुकाजी महर्जन फु.बे.

"वादीले जे जति कुरामा दाबी लिएको छ त्यतिसम्म कुरामा अदालतले इन्साफ गर्नु पर्ने । उजुरीमै दाबी नलिएको कुरामा पछि उठाएको वादविवादलाई लिएर इन्साफ ठहर गर्न नहुने ।"

२. ने.का.प. २०३८ अंक ५ पृ २६ नि.नं. १४७४ कल्लु राणा वि. छत्र राणा थारू ।

"दाबीभन्दा बढी निर्णय गरेको त्रुटिपूर्ण देखिने ।"

३. ने.का.प. २०४२ नि.नं. २३५० पृ. ४१८ राजु श्रेष्ठ वि. गृह मन्त्रालय समेत "अनिश्चित वादी दाबीबाट अदालतले इन्साफ गर्न नमिल्ने हुँदा दाबी खारेज हुने" ।

४. ने.का.प. २०४३ नि.नं. २७४८ पृ. ५३२ श्री ५ को सरकार वि. रामदेव मण्डल ।

"प्रहरी प्रतिवेदन दाबीअनुसार अपराधी ठहर गर्न दाबीअनुसारको अपराध गरेको हो भन्ने तथ्ययुक्त सबुद प्रमाण हुनु पर्ने ।"

५. ने.का.प. २०४४ नि.नं. ३०७७ पृ ४९२ श्री ५ को सरकार वि. जनकनारायण शाहा - कर्तव्य ज्यान

"एकपटक स.स.अ. तथा प्रहरीले संयुक्त अभियोगपत्र दायर भइसकेपछि पुनः सोही विषयमा यही प्रतिवादीहरू उपर अर्को अभियोग लगाई अभियोगपत्र दायर गर्न पाउने भन्न नमिल्ने ।"

६. ने.का.प. २०४५ नि.नं. ३३६१ पृ. १३३ मिलन कु. ठकुरी वि. बाग्मती वीशेष अदालत समेत, बन्दी प्रत्यक्षीकरण

"कुनै पनि व्यक्तिको नाम यो हो भनी दाबी लिने पक्षले सो कुराको पुष्टि हुन सक्ने प्रमाण पनि पेस गर्न सक्नु पर्ने ।"

७. ने.का.प. २८४८ नि.नं ४३४६ पृ ४३६ राधा अमात्य वि. म.प.स. समेत उत्प्रेषण

"निवेदन मागदाबीको अभावमा बहस जिकिरलाई मात्र आधार मानी त्यसतर्फ विचार गर्न नमिल्ने ।"

८. ने.का.प. २०५० नि.नं. ४७६७ पृ ३६६ श्री ५ को सरकार वि हेम ब. मल्ल समेत भ्रष्टाचार

"अभियोगपत्रमा दाबी नभएको आरोपमा पुनरावेदन तथा बहस जिकिरमा उठाइएका कुराबाट अभियोग कायम गर्न नमिल्ने ।"

९. ने.का.प. २०२६ नि.नं. ५१९ पृ ३९० अंगुर बाबा जोशी वि. नरोत्तम दाश श्रेष्ठ - स.ई.

"कुनै ऐन अन्तर्गतको दाबी हो भन्ने उल्लेख गर्न नसकेका दाबी पुग्न नसकेको ।"

१०. ने.का.प. २०२६ पृ ८० लक्ष्मण प्र. वि. वि.प्र. वि.

"आरोपपत्रमा कुन ऐन अन्तर्गतको सजाय गरी माग गर्ने हो प्रष्ट किटान हुनु पर्ने ।"

११. फौ ७०/७१ बाबुराम वि. श्री ५ को सरकार ज्यान ०३३-१-२१-२ "कसुरदार ठहऱ्याउन अपराधको उद्देश्य र प्रयोजन पनि प्रमाणित भएको हुनुपर्दछ" ।

१२. ने.का.प. २०४९ नि.नं. ४४४९ पृ २८ मदन वा बस्नेत बहादुर उच्च स्तरीय समिति दाङ उत्प्रेषण फु.बे. ५

"पहिले परेको निवेदनमा कारवाही हुँदा खारेज भइसकेको साबिक कार्यविधि नै अवलम्बन गर्नु पर्छ भन्न मिल्ने नदेखिने । कार्यविधि कानुनले हक अधिकार सिर्जना गर्ने नभई कार्यविधिसम्म व्यवस्थित गर्ने भएकोले पहिले परेको निवेदनमा पछि संशोधित कार्यविधि अनुसार नै गर्नु पर्ने" ।

१३. ने.का.प. २०४७ नि.नं ४११९ पृ ३२९ कैलाश कुमार हमाल वि. सु.प.क्षे.अ. पु.वे.

"पहिला गरेको कसुर वा कसुर बापत सजाय गर्ने गरी फैसला भैसकेपछि कैदमा नबस्दाका अवस्थामा कसुर गरेमा वा फैसला भैसकेपछि थुनामा बसेको अवस्थामा कसुर गरेको र थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेमा त्यसरी पछि गरेको कसुरमा अदालतबाट दोषी ठहरिएमा निजलाई सो पछि गरेको कसुर बापत थप कैद हुनु पर्ने" ।

१४. ने.का.प. २०४० पृ ५०७ नि.नं १७३८ रमिनारायण मण्डल वि श्री ५ को सरकार

"बरामद भएको माल सनाखत भएको नदेखिंदा प्रमाण लाग्दैन" ।

१५. ने.का.प. २०४७ नि.नं. ४१४२ पृ ४१६ गोपाल सुवेदी वि. श्री ५ को सरकार विदेशी मुद्रा

"अनधिकृत अधिकारीबाट भएको खानतलासी मुचुल्काले कानुनी मान्यता पाउँछ भन्न नमिल्ने । कानुनले जे जति मान्छेलाई साक्षी राख्न भनेको छ त्यो भन्दा कम साक्षी राख्न नमिल्ने । गैरकानुनी खानतलासी एवं बरामदी मुचुल्कालाई प्रमाणमा लिन नमिल्ने" ।

१६. ने.का.प. २०५० नि.नं. ४६९७ पृ ९७ श्री ५ को सरकार वि. भरत राई

"ला.औ.नि. ऐन २०३३ को दफा ८(२) मा कुनै घर जग्गा सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खान तलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित न.पा. गा.वि.स. वा वडा समितिको एकजना सदस्य वा त्यस ठाउँका एकजना भलादमी वा कुनै अर्को सरकारी कार्यालयको एकजना कर्मचारी साक्षी राख्नु पर्छ भन्ने विशेष व्यवस्था भएको पाइन्छ । तर समयले नभ्याएको स्थितिमा उपर्युक्त व्यक्तिहरू साक्षी नराख्दैमा सो बरामदी मुचुल्का नै अमान्य हुने देखिंदैन । काठमाडौंस्थित विशाल नगर जस्तो ठाउंमा दिउँसो ४ बजे फेला परेका प्रतिवादी र निजले हाँकेको गाडीबाट बरामद भएको ला.औ. को बरामदी मुचुल्कालाई अ.बं १७२ नं. बमोजिम भएन भन्न नमिल्ने" ।

१७. स.अ. बुलेटिन वर्ष ६ अंक ७ पृ ३९ देव शाक्य वि. का.जि.अ. समेत परमादेश रि.नं. २१६०

"स.मु.स. ऐन २०४९ को अनुसूची १ मा उल्लिखित अपराधको अनुसन्धान तहकिकात भैसकेपछि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११० र स.मु.स. ऐन २०४९ को दफा १७ बमोजिम श्री ५ को सरकारका तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्न अधिकार प्राप्त सरकारी वकिलबाट निर्णय भई मौकामा दायर भई विचाराधिन रहेको अवस्थामा सो मुद्दा त्रुटिपूर्ण वा अपर्याप्त भएको भनी यो यस्तो अपराधमा अमुक ऐन अन्तर्गत दाबा लिई यो यस्तो मुद्दा दायर गर्नु भन्न कानुनतः मिल्ने अवस्था नदेखिने" ।

१८. ने.का.प. २०५३ अंक ४ नि.नं ६१८२ पृ. ३३४ माया पाठक वि. गृह मन्त्रालय समेत बन्दी प्रत्यक्षीकरण

"सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा १५(२) मा अनुसन्धानको सिलसिलामा थुनामा राखी तहकिकात गर्न अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए सो स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने र अदालतले म्याद थप गर्दा पनि भैराखेको अनुसन्धान तहकिकात सन्तोषजनक छ छैन विचार गरेर मात्र थुनामा राखी तहकिकात गर्ने अनुमति दिनुपर्ने । संक्षेपमा अनुसन्धान तहकिकातको सिलसिलामा थुनामा राख्नु पर्ने व्यक्तिले सो को आधार र कारण खोल्नु पर्ने अदालतले पनि त्यस्तो आधार र कारण सन्तोषजनक भए मात्र थुनामा राख्नु अनुमति दिई पर्चामा उल्लेख गर्नु पर्ने" ।

१९. ने.का.प. २०२९ नि.नं. ७०० पृ ३१६ अनुपलाल चौधरी वि. श्री ५ को सरकार फु.बे.

"उजुरवालाले गैरसरकारी वकिल राखी बहस गराउन पाउने ।

२०. ने.का.प. २०५१ नि.नं. ४९१३ पृ ३७९ ओम नारायण श्रेष्ठ वि. अंचल प्रहरी कार्यालय हनुमान ढोका परमादेश स.ई.

"सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ लागू रहेको स्थितिमा कार्यविधिको सम्बन्धमा प्रचलित ऐन बमोजिम वारदात भएनभएको सम्बन्धमा कानुनबमोजिम कारवाही गर्नु पर्ने र सो बमोजिम तहकिकात गरी मुद्दा चल्ने नचल्ने विषयमा उजुरीको टुङ्गो लगाउनु पर्नेमा सो नगरेको हुँदा टुङ्गोमा पुग्न भनी परमादेश जारी हुने" ।

२१. ने.का.प. २०४५ नि.नं. ३२२२ अंक १ ऋषिकेश शाह वि. श्री ५ को सरकार, बन्दी प्रत्यक्षीकरण, (स.ई.)

"सरकारी वकिल तारेखमा नबस्ने राय किताबमा सही नगर्ने भएकाले उनीहरूलाई निर्णय मिति लागू हुन सक्तैन । निर्णयको जानकारी पाएको मितिले ३५ दिनको म्याद कायम हुने" ।

२२. स.अ. बुलेटिन वर्ष ४ अंक ४ पृ १३ बिर्सु सुनारनी वि. प्रमुख जिल्ला.अ. रोल्पा

"रिट निवेदकले आफ्नो छोराको मृत्यु सम्बन्धमा निवेदन दिएकोमा हालसम्म कारवाही नचलेको भन्ने दाबी अनुसारको प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान तहकिकात भएको भन्ने नदेखिंदा यस सम्बन्धमा महान्यायाधिवक्ताको ध्यानाकर्षण गराई निवेदिकाको जाहेरीअनुसारका काम कारवाही यथाशीघ्र गर्नु भनी परमादेश जारी हुने" ।

२३. स.अ. बुलेटिन वर्ष ४ अंक २१ पृ २ वि.प्र.वि. विरूद्ध दिल बहादुर लामा

"स.मु.स. ऐन २०४९ को दफा २४(१) ले अनुसूची १ वा २ मा लेखिएका मुद्दा कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन, पुनरावलोकन वा तत्सम्बन्धी निवेदन दिनु पर्दा सरकारी वकिलले दिनु पर्ने कानुनी व्यवस्था हुँदाहुँदै कि.पु.वि.ले दिएको पुनरावेदन खारेज हुने" ।

२४. ने.का.प. २०५१ नि.नं ४८४१ पृ १ हरविन्दर सिंह वि. गृह मन्त्रालय समेत बन्दी प्रत्यक्षीकरण फु.बे.

"स.मु.स. ऐन २०४९ को अनुसूचीभित्रको मुद्दाका अभियुक्तको म्याद थप उक्त ऐनबाट लिन मिल्ने सो बाहेक सरकारवादी मुद्दाको अभियुक्तको म्याद थप उक्त ऐनले लिन नमिल्ने" ।

२५. स.अ. बुलेटिन २०५५ अंक ९ पृ ६ २०५० सालको फौ.पु.नं. ६८४ फै.दि. ०५५।२।१९ तेजनारायण यादव वि. श्री ५ को सरकार

"जाहेरवालाले रातको समयमा दिएको रूपैयाँ तत्काल खानतलासी नलिई सूर्योदयको समयसम्म पर्खिदा अपराधसित सम्बन्धित दसी नै प्राप्त हुन नसक्ने प्रबल सम्भावना भएकोले सो दसी गायव हुन नदिन तत्काल खानतलासी लिन बाहेक अरू विकल्प नै छैन । तसर्थ ऐनको मनसाय अनुरूप दोषीलाई प्राथमिकता दिई बरामद गरिएकाले सो बरामदी मुचुल्काले कानुनी मान्यता नपाउने भन्न नमिल्ने" ।

२६. ने.का.प. २०५५ नि.नं ६४६८ अंक १ पृ १ पू.इ. वन्दी प्रत्यक्षीकरण मनोज अधिकारी वि. गृह मन्त्रालयसमेत

"सार्वजनिक सुरक्षा ऐन २०४६ घटिसकेको घटनाको कानुनी कारवाहीको विकल्पको रूपमा प्रयोग हुने नभई केवल भविष्यमा घट्न सक्ने सम्भावित घटना रोक्नका लागि मात्र प्रयोग हुने र घटिसकेको घटना वा सन्दर्भमा तोकिएको कानुन बमोजिम कारवाही चलाउनु पर्नेमा नचलाई त्यसैलाई आधार बनाई नजरबन्दमा राख्ने भनी आदेश गरेको कानुनअनुकूल भन्न नमिल्ने" ।

२७. २०५५ सालको रि.नं ३३३६ चित्र ब. श्रेष्ठ वि. गृह मन्त्रालय फै.मि. ०५५।३।३

"आम सभामा भाषण गर्दैमा शोषक सामन्तीलाई जनयुद्धद्वारा समाप्त पार्छौ भन्दैमा राज्यको सार्वजनिक शान्ति, सुव्यवस्था खलल हुने प्रामाणिक आधार केही देखिंदैन । उचित र पर्याप्त आधारहरू निवारक

नजरबन्द आदेश दिने अधिकारीको स्वेच्छामा निर्भर हुने नभई तथ्य र घटनाले प्रमाणित गरेको वा वस्तुनिष्ठ आधारबाट पुष्टि हुनुपर्छ। पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने संवैधानिक व्यवस्था गरेको र सोको विपरीत कसैको व्यक्तिगत स्वतन्त्रतामा अपहरण गर्न नमिल्ने" ।

२८. ने.का.प. २०५३ अंक ९ पृ ७०० नि.नं. ६२६३ परमादेश चन्द्रप्रसाद गड्तौला वि. इलाका प्रहरी कार्यालय, इटहरी

"केही सार्वजनिक अपराध तथा सजाय ऐन २०२७ को दफा ४(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक अपराध ऐन अन्तर्गतको कारवाही चलाउन चाहने व्यक्तिले बाटोको म्याद बाहेक वारदात भएको मितिले ७ दिनभित्र जाहेरी दिनु पर्ने । हुलाकबाट जाहेरी दर्खास्त पठाएकोमा जाहेरी दिने व्यक्तिलाई झिकाई सनाखत गराई तहकिकात गर्नु पर्ने व्यवस्था स.मु.स. ऐन २०४६ र सार्वजनिक अपराध तथा सजाय ऐन २०२७ मा भएको नदेखिने । हुलाकबाट पठाएको जाहेरी दर्खास्त जि.प्र.का. मा आठौं दिनमा प्राप्त भएकोमा कारवाही नहुने" ।

२९. ने.का.प. २०५१ अंक ११ पृ ८९० नि.नं. ५००७ तिलु घलेको हकमा चित्र कुमार घले वि. जि.प्र.का. काठमाडौं ।

"अभियुक्तलाई हिरासतमा लिंदा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(६) बमोजिम बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने । सो नगरी थुनामा राखेको न्यायिक जाँचबुझ समेतबाट देखिंदा गैरकानुनी थुनाबाट मुक्त गर्नु पर्ने । गैरकानुनी रूपमा हिरासतमा लिएको तिलु घलेलाई मुद्दा चलाउने दुष्ट मनसायले अपराधमा संलग्न गराउने अठोट राखी लागू औषध मुद्दामा कारवाही चलाएको कानुन संगत मान्न नमिल्ने" ।

३०. ने.का.प. २०५६ नि.नं. ६६५६ पृ ४५ अंक १ *रामेश्वर यादवको जाहेरीले वादी श्री ५ को सरकार* वि. *सोचिन्द्र प्र. यादव* समेत "फौजदारी मुद्दामा जाहेरी दर्खास्त आफैंमा प्रमाण होइन केवल अपराध अनुसन्धानको आधार मात्र हो । जाहेरी र प्रहरी साबितीलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको हुनुपर्छ । जाहेरी दर्खास्त प्रहरीमा भएको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्नु न्याय कानुन समेतबाट नमिल्ने ।"

३१. स.अ. बुलेटिन वर्ष ८ अंक १८ श्री ५ को सरकार वि. ताराचन राउत खुन डाँका सं.ई.

"मौकामा पक्राउ परेका राउत बिना अधिकार प्राप्त अधिकारी समक्ष साबित भए तापनि अदालतमा इन्कार छन् दसीको सामान प्रतिवादीहरूबाट बरामद हुन नसकेको, सार्वजनिक व्यक्तिको बकपत्रबाट भई काम साबितीलाई पुष्टि गर्न सकेको पाइंदैन । मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको भन्ने कुराको समर्थन नभई सह अभियुक्तको प्रहरीमा भएको साबिती बयानलाई आधार मानी डाँका जस्ता कसुरमा कसुरदार ठहर गर्न नमिल्ने ।"

३२. ने.का.प. २०४२ नि.नं. २५५४ पृ. १०५० जेफिलीउ वि. भन्सार कार्यालय फु.बे. "अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एउटा कुरा होइन । कुनै तथ्य सम्बन्धी कुरा स्वीकार गर्दैमा अपराध स्वीकार गरेको हो भन्न नहुने ।"

३३. ने.का.प. २०४८ नि.नं. ४४०९ पृ. ७२२ श्री ५ को सरकार वि. मिन ब. श्रेष्ठ ज्यान स.ई. "कर्तव्य ज्यान जस्तो संगिन प्रकृतिको अपराधमा केबल अदालत समक्षको इन्कारी बयानले मात्र सफाइको लागि शंकारहित प्रमाणको भूमिका निर्वाह गर्न सक्दैन इन्कारी बयान अन्य शंकारहित प्रमाणबाट पुष्टि हुनुपर्ने ।"

३४. ने.का.प. २०४२ नि.नं. २०५१ पृ. ८८७ श्री ५ को सरकार वि. इश्वरी प्र. लोहनी डाँका स.ई. "अन्य स्वतन्त्र प्रमाणबाट स्वतन्त्र रूपमा समर्थन नभएमा प्रहरीमा भएको साबितीलाई प्रमाणको रूपमा ग्रहण गर्नु कानुन तथा न्यायको सिद्धान्तले समेत नमिल्ने ।"

३५. ने.का.प. २०४३ नि.नं. २७६३ पृ. ५८४ श्री ५ को सरकार वि. सुशीला शाह जि.मा.वे.स.ई. "अधिकार प्राप्त अधिकारी समक्ष भएको साबितीलाई कमजोर प्रमाण हो भनी पूर्वधारणा बनाई चल्ने काम अदालतको होइन । प्रहरीमा भएको साबितीलाई अन्य प्रमाणसँग समग्र रूपमा भिडाई हेर्नुपर्ने । प्रहरी साबितीलाई मात्र एकतर्फ राखी अन्धाले बाटो खोजे जस्तो अन्य प्रमाणको मात्र खोजी गर्ने होइन । यसरी चल्दा न्याय प्राप्त हुने भन्दा लुप्त हुने सम्भावना बढी रहन्छ ।"

३६. ने.का.प. २०४९ नि.नं. ४५४५ पृ. ५०२ श्री ५ को सरकार वि. श्री फलिङ लुइ ला.औ.स.ई. "शंकारहित स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएको सह अभियुक्तको पोलको आधारमा आरोपित कसुर गरेको भन्न नमिल्ने ।"

३७. ने.का.प. २०१७ नि.नं. १०० पृ. ३८ रेशम लाल वि. प्यारे लाल "लासजाँच गर्दा डाक्टरले लासजाँच गर्न ल्याएको समय लासजाँच भएको समय मृत्युको कारण लेख्नु पर्ने मृत्युको कारण पत्ता लगाउन गाह्रो परेको पेटमा परिएका पदार्थहरू बचाएर राख्नुपर्ने प्रचलित कानुन र मेडिकल जुरिसप्रुडेन्सले के कति कुरा खुलाउन पर्छ, त्यसको ख्याल राखी देखिएसम्मको विवरण खुलाउन जाँच गर्नुपर्ने ।"

## सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएका मुद्दाहरू

| | |
|---|---|
| १. | राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा । |
| २. | राज्य बिरूद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा । |
| ३. | मुलुकी ऐन, ज्यान सम्बन्धीको महलले सजाय हुने मुद्दा । |
| ४. | मुलुकी ऐन,जबर्जस्ती करणीको महलले सजाय हुने मुद्दा । |
| ५. | मुलुकी ऐन, चोरीको महलले सजाय हुने मुद्दा (जारी चोरी बाहेक) । |
| ६. | मुलुकी ऐन, आगो लगाउनेको महलले सजाय हुने मुद्दा । φ |
| ७. | गोबध सम्बन्धी वा मुलुकी ऐन चौपायाको महलको ८ नं. अन्तर्गत सजाय हुने मुद्दा । |
| ८. | सरकारी वा अरू सार्वजनिक धनमाल नोक्सान वा हिनामिना गरेको मुद्दा । |
| ९. | हातहतियार खरखजाना सम्बन्धी मुद्दा । |
| १०. | मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा । |
| ११. | जोसुकैसँग रहने भएपनि सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको वा सरकारी काममा कुनै कर्मचारीको छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा । |
| १२. | अरूका धर्ममा खलल पर्ने गरी कुनै धर्म प्रचार गर्ने, कसैको धर्म परिवर्तन गर्ने गराउने वा सो कुराको उद्योग गरेको मुद्दा । |
| १३. | जुवा सम्बन्धी मुद्दा । |
| १४. | मुलुकी ऐन जिउ मास्नेबेच्नेको महलले सजाय हुने मुद्दा । |
| १५. | हुलाक ऐन, २०१९ अन्तर्गत सजाय हुने मुद्दा । |
| १६. | जासुसी ऐन, २०१८ अन्तर्गत सजाय हुने मुद्दा । |
| १७. | नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा । |
| १८. | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गत सजाय हुने मुद्दा । |
| १९. | सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ अन्तर्गतका मुद्दाको जरियाबाट उठेको किर्ते जालसाजी मुद्दा । |
| २०. | केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत सजाय हुने मुद्दा । |
| २१. | लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा । |
| २२. | आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत सजाय हुने मुद्दा । |
| २३. | कालो बजार तथा केही अन्य सार्वजनिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गत सजाय हुने मुद्दा । |
| २४. | अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा । |
| २५. | लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा । |
| २६. | राहदानी ऐन, २०२४ अन्तर्गत सजाय हुने मुद्दा । |
| २७. | मुलुकी ऐन ठगीको महलले सजाय हुने मुद्दा । |
| २८. | मुलुकी ऐन बिहावारीको महलको २ नं. अन्तर्गत सजाय हुने मुद्दा र जुनसुकै तरिकाबाट लोग्नेस्वास्नी कायम हुने गरी अर्को स्वास्नी ल्याएमा वा विवाह गरेमा वा राखेमा सोही महलको १० नं. अन्तर्गत सजाय हुने मुद्दा । # |
| २९. | ज्यान सम्बन्धीको महल र चौपायाको महलले सजाय हुने बाहेक मानिस गाई, साँढे र गोरु मरेकोमा सवारी सम्बन्धी प्रचलित कानुनबमोजिम सजाय हुने मुद्दा । |
| ३०. | जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत सजाय हुने मुद्दा । |

| | |
|---|---|
| ३१. | बैंक वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नगदी वा जिन्सी सम्बन्धित बैंक वा संस्थाको कर्मचारीसँग मिलोमतो गरी वा नगरी अन्य कुनै व्यक्तिले मसोट वा हिनामिना गरेको मुद्दा । |
| ३२. | बैंक वा श्री ५ को सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थामा किर्ते कागजात पेस गरी ठगी गरेको किर्ते तथा ठगी मुद्दा । |
| ३३. | बगलीमारा चोरी मुद्दा । |
| ३४. | आवश्यक वस्तु संरक्षण ऐन, २०१२ अन्तर्गत सजाय हुने मुद्दा । ϖ |
| ३५. | विस्फोटक पदार्थ ऐन, २०१८ अन्तर्गतको मुद्दा । ⊕ |
| ३६. | गैरसैनिक हवाइ उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा ९(क) अन्तर्गतको मुद्दा । © |
| ३७. | चन्दा ऐन, २०३० अन्तर्गतको मुद्दा। ⊄ |
| ३८. | मुलुकी ऐन कुटपिटको महल अन्तर्गतको अंगभंग सम्बन्धी मुद्दा । Ψ |
| ३९. | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ र १६२ अन्तर्गतको मुद्दा । |
| ४०. | छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ७ बमोजिम प्रमाणपत्र नलिई प्रकाशन गरेको कसुर तथा दफा १४ र १५ को कसुर सम्बन्धी मुद्दा । Θ |
| ४१. | सवारी साधनबाट कुनै मानिसको अंगभंग हुने भएको तथा कुनै मानिस घाइते भएको मुद्दा । Ω |
| ४२. | कुनै ऐनमा नै सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा समावेश भएको मानिने छ भनी लेखिएको मुद्दा । |
| ४३. | सरकारी मुद्दा सम्बन्धी ऐनबमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकाले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौजदारी अपराध सम्बन्धी मुद्दा । |
| | |

φ *२०५५।३।२९, संख्या १३, खण्ड ४८ को नेपाल राजपत्रद्वारा संशोधित ।*

# *२०४९।९।८, अतिरिक्तांक ५१(क)को नेपाल राजपत्रद्वारा थपघट ।*

ϖ *२०५०।१०।११, संख्या ४०, खण्ड ४३ को नेपाल राजपत्रद्वारा समावेश ।*

⊕ *२०५५।३।२९, संख्या १३, खण्ड ४८ को नेपाल राजपत्रद्वारा समावेश ।*

© *ऐ. ऐ.*

⊄ *ऐ. ऐ.*

Ψ *ऐ. ऐ.*

Θ *२०५७।१।१२, संख्या २, खण्ड ५० को नेपाल राजपत्रद्वारा समावेश ।*

Ω *२०५०।४।३२, संख्या १८, खण्ड ४३ को नेपाल राजपत्रद्वारा समावेश ।*

# पेशागत आचार (Code of Conduct)

**फौजदारी न्याय प्रशासनमा संलग्न पदाधिकारीले पालना गर्नु पर्ने पेशागत आचार संहिता**

**(क) अनुसन्धान अधिकृत** (प्रहरी)

(१) तत्काल घटनास्थलको सुरक्षा व्यवस्था मिलाउनु, प्रमाण लोप हुन नदिई संकलन गर्न लगाउनु पर्दछ ।

(२) पक्राउ परेका व्यक्ति वा अभियुक्तलाई पक्राउ गरिएका कारणबारे जानकारी दिनुपर्ने ।

(३) अमानवीय व्यवहार र यातना दिन नहुने, सभ्य व्यवहार गर्नुपर्दछ ।

(४) हिरासतमा रहेको व्यक्तिलाई निजले रोजेको कानुन व्यवसायी राख्न दिनुपर्ने कानुन व्यवसायी राख्न नसके वैतनिक वकिल राख्न पाउँछौ भनी जानकारी गराउनु पर्दछ ।

(५) पक्राउ परेको शंकित व्यक्ति वा अभियुक्तको बयान सरकारी वकिल समक्ष गराउनु पर्दछ ।

(६) पक्राउ परेको व्यक्तिको तत्काल स्वास्थ्य स्थितिको वा शारीरिक जाँच गरी गराई अभिलेख राख्नुपर्दछ ।

(७) पक्राउ परेको शंकित व्यक्ति वा अभियुक्तलाई बाटाको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अड्डा अदालत समक्ष पेस गर्नुपर्दछ ।

(८) अपराधी व्यक्ति कोही नछुटून् र निरपराधी व्यक्ति कोही नपरून् भन्ने ख्याल राख्नुपर्दछ ।

(९) शंकित व्यक्तिको खानतलासी गर्दा सद्व्यवहार गर्ने र साथबाट बरामद भएका व्यक्तिगत सर-सामानहरूको सुरक्षित अभिलेख राखी प्रमाणका रूपमा पेस गर्नु पर्ने बाहेक अरू सामान निजलाई फिर्ता दिनुपर्दछ ।

(१०) सोधपुछ गर्दा असम्बन्धित कुरा सोध्नु हुँदैन ।

(११) घटनामा संलग्न सही व्यक्तिको पहिचान गरेर मात्र पक्राउ गर्नुपर्दछ ।

(१२) महिला अभियुक्तलाई अनुसन्धान गर्दा सभ्य व्यवहार गर्नुपर्दछ ।

(१३) आफ्नो जिम्मा रहेका मुद्दाको अनुसन्धानको स्थिति प्रगति कहाँ पुगेको छ आदि बारे नियमित जानकारी लिनुपर्दछ ।

(१४) आफ्नो जिम्मा अनुसन्धान् भैरहेका मुद्दाको गोप्यता भंग गर्न नहुने ।

(१५) पीडित पक्षलाई पनि अनुसन्धानको अवस्थाबारे जानकारी गराउनु पर्दछ ।

(१६) आफूलाई सुम्पिएका मुद्दा कारणवश अर्कोलाई जिम्मा दिनुपरेमा अनुसन्धानका सम्बन्धमा भएको विवरण समेत अवगत गराउनु पर्दछ ।

(१७) नागरिकलाई परेको दैवी विपत्ति तथा अन्य प्राकृतिक प्रकोपमा तुरुन्त मद्दत पुऱ्याउनु पर्दछ ।

(१८) प्रहरी कर्मचारीले जनताको जिउज्यान, सम्पत्तिको संरक्षणको लागि नियुक्त भएको भन्ने कर्तव्य सम्झी सोही अनुसारको व्यवहार गर्नु पर्ने ।

(१९) प्रहरी कर्मचारीले आफ्नो आचरण र पेसालाई सँधै मर्यादित राख्नु पर्दछ ।

# Code of Conduct for Law Enforcement Officials

## *Adopted by General Assembly resolution 34/169 of 17 December 1979*

### Article 1

Law enforcement officials shall at all times fulfill the duty imposed upon them by law, by serving the community and by protecting all persons against illegal acts, consistent with the high degree of responsibility required by their profession. Commentary.

(a) The term "law enforcement officials", includes all officers of the law, whether appointed or elected, who exercise police powers, especially the powers of arrest or detention.

(b) In countries where police powers are exercised by military authorities, whether uniformed or not, or by State security force, the definition of law enforcement officials shall be regarded as including officers of such services.

(c) Service to the community is intended to include particularly the rendition of services of assistance to those members of the community who by reason of personal, economic, social or other emergencies are in need of immediate aid.

### Article 2

In the performance of their duty, law enforcement officials shall respect and protect human dignity and maintain and uphold the human rights of all persons.

**Commentary:**

(a) The human rights in question are identified and protected by national and international law. Among the relevant international instruments and the Universal Declaration of Human Rights, the International Convenient on Civil and Political Rights, the Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, the United Nations Declaration on the Elimination of All Forms of Racial Discrimination, the International Convention on the Elimination of All forms of Racial Discrimination, the International Convention on the Suppression and Punishment of the Crime of Apartheid, the Convention on the Prevention and Punishment of the Crime of Genocide, the Standard Minimum Rules for the Treatment of Prisoners and the Vienna Convention on Consular Relations.

(b) National commentaries to this provision should indicate regional or national provisions identifying and protection these rights.

### Article 3

**Commentary:**

(a) This provision emphasizes that the use of force by law enforcement officials should be exceptional; while it implies that law enforcement officials may be authorized to use force as is reasonably necessary under the circumstances for the prevention of crime or in

effecting or assisting in the lawful arrest of offenders or suspected offenders, no force going beyond that may be used.

(b) National law ordinarily restricts the use of force by law enforcement officials in accordance with a principle of proportionality. It is to be understood that such national principles of proportionality are to be respected in the interpretation of this provision. In no case should this provision be interpreted to authorize the use of force which is disproportionate to the legitimate objective to be achieved.

(c) The use of firearms is considered an extreme measure. Every effort should be made to exclude the use of firearms, especially against children. In general, firearms should not be used except when a suspected offender offers armed resistance or otherwise jeopardizes the lives of other and less extreme measures are not sufficient to restrain or apprehend the suspected offender. In every instance in which a firearm is discharged, a report should be made promptly to the competent authorities.

## Article 4

Matters of a confidential nature in the possession of law enforcement officials shall be kept confidential, unless the performance of duty or the needs of justice strictly require otherwise.

**Commentary:**

By the nature of their duties, law enforcement officials obtain information which may relate to private lives or be potentially harmful to the interests, and especially the propagation, of others. Great care should be exercised in safeguarding and using such information, which should be disclosed only in the performance of duty or to serve the needs of justice. Any disclosure of such information for the purposes in wholly improper.

## Article 5

No law enforcement official may inflict, instigate or tolerate any act of torture or other cruel, inhuman or degrading treatment or punishment, nor may any law enforcement official invoke superior orders or exceptional circumstances such as a state of war or a threat of war, a threat to national security, internal political instability or any other public emergency as a justification of torture or other cruel, inhuman or degrading treatment or punishment.

**Commentary:**

(a) This prohibition derives from the Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, adopted by the General Assembly, according to which: "[Such an act is] an offence to human dignity and shall be condemned as a denial of the purposes of the Charter of the United Nations and as a violation of the human rights and fundamental freedoms proclaimed in the Universal Declaration of Human Rights [and other international human rights instruments]."

(b) The Declaration defines torture as follows:

"... torture means any act by which severe pain or suffering, whether physical or mental, is intentionally inflicted by or at the instigation of a public official on a person for such purposed as obtaining from him or a third person information or confession, punishing him for an act he has committed or is suspected of having committed, or intimidating him or other persons. It does not include pain or suffering arising only from, inherent in or incidental to, lawful sanctions to the extent consistent with the Standard Minimum Rules for the Treatment of Prisoners."

(c) The term "cruel, inhuman or degrading treatment or punishment" has not been defined by the General Assembly but should be interpreted so as to extend the widest possible protection against abuses, whether physical or mental.

## Article 6

Law enforcement officials shall ensure the full protection of the health of persons in their custody and, in particular, shall take immediate action to secure medical attention whenever required.

**Commentary:**

(a) "Medical attention", which refers to services rendered by any medical personnel, including certified medical practitioners and paramedics, shall be secured when need or requested.

(b) While the medical personal are likely to be attached to the law enforcement operation, law enforcement officials must take into account the judgement of such personnel when they recommend providing the person in custody with appropriate treatment through, or in consultation with, medical personnel form outside the law enforcement operation.

(c) It is understood that law enforcement officials shall also secure medical attention for victims of violations of law or of accidents occurring in the course of violations of law.

## Article 7

Law enforcement officials shall not commit any act of corruption. They shall also rigorously oppose and combat all such acts.

**Commentary:**

(a) Any act of coorruption, in the same way as any other abuse of authority, in incompatible with the profession of law enforcement officials. The law must be enforced fully with respect to any law enforcement official who commits an act of corruption, as Governments cannot expect to enforce the law among their citizens if they cannot, or will not, enforce the law against their own agents and within agencies.

(b) While the definition of corruption must be subject to national law, it should be understood to encompass the commission or omission of an act in the performance of or in connection with one's duties, in response to gifts, promises or incentives demanded or accepted, or the wrongful receipt of these once the act has been committed or omitted.

(c) The expression "act of corruption" referred to above should be understood to encompass attempted corruption.

## Article 8

Law enforcement officials shall respect the law and the present Code. They shall also, to the best of their capability, prevent and rigorously oppose any violations of them.

Law enforcement officials who have reason to believe that a violation of the present Code has occurred or is about to occur shall report the matter to their superior authorities and, where necessary, to other appropriate authorities or organs vested with reviewing or remedial power.

**Commentary:**

(a) This Code shall be observed whenever it has been incorporated into national legislation or practice. If legislation or practice contains stricter provisions than those of the present Code, those stricter provisions shall be observed.

(b) The article seeks to preserve the balance between the need for internal discipline of the agency on which public safety in largely dependent, on the one hand, and the need for dealing with violations of basic human rights, on the other. Law enforcement officials shall report violations within the chain of command and take other lawful action outside the chin of command only when no other remedies are available or effective. It is understood that law enforcement officials shall not suffer administrative or other penalties because they have reported that a violation of this Code has occurred or is about to occur.

(c) The term "appropriate authorities or organs vested with reviewing or remedial power" refers to any authority or organ existing under national law, whether internal to the law enforcement agency or independent thereof, with statutory, customary or other power to review grievances and complaints arising out of violations within the purview of this Code.

(d) In some countries, the mass media may be regarded as performing complaint review functions similar to those described in subparagraph © above. Law enforcement officials may, therefore, be justified if, as a last resort and in accordance with the laws and customs of their own countries and with the provisions of article 4 of the present Code, they bring violations to the attention of public opinion through the mass media.

(e) Law enforcement officials who comply with the provisions of this Code deserve the respect, the full support and the co-operation of the community and of the law enforcement agency in which they serve, as well as the law enforcement profession.

# सरकारी वकिल (अभियोजनकर्ता) ले पालना गर्नु पर्ने आचारहरू

सरकारी वकिलले के कस्तो पेसागत आचार पालना गर्नुपर्ने हो भन्ने सम्बन्धमा सरकारी वकिलको छुट्टै पेसागत आचार लागू नभए तापनि, सरकारी वकिलले प्रचलित संविधान एवम् कानुन बमोजिम तोकिएको काम, कर्तव्य, अधिकार एवम् संयुक्त राष्ट्र संघको महासभाले सरकारी वकिलको भूमिकाबारे तयार गरेका मार्ग निर्देशनहरू (Guide Lines) समेतलाई आधार लिंदा सरकारी वकिलले निम्न लिखित पेसागत आचार पालना गर्नु पर्ने देखिन्छ ।

(क) सरकारी वकिलले आफ्नो पेसालाई मर्यादित राख्नुपर्दछ ।

(ख) पेसागत नैतिकता एवं मुलुकको नियम कानुनबमोजिम सदैव पेसागत आचरण पालना गर्नुपर्छ ।

(ग) अभियुक्तको व्यक्तिगत अधिकारको सदैव सुरक्षा र सम्मान गर्नु पर्दछ ।

(घ) कुनै अपराधको अनुसन्धानको सिलसिलामा अभियुक्तको हितमा प्रमाण लाग्ने कुनै प्रमाण देखिन्छ वा भेटिन्छ भने त्यस्तो प्रमाणलाई पनि लुकाउनु छिपाउनु हुँदैन ।

(ङ) सार्वजनिक हितको संरक्षण, मानव अधिकार एवं मानव मर्यादाको सम्मान र सुरक्षा गर्नु पर्नेतर्फ सदैव सचेत रहनुपर्छ ।

(च) सरकारी वकिलले अभियोजनात्मक अधिकारको प्रयोग निष्पक्ष रूपमा गर्दा कुनै पनि प्रकारको हस्तक्षेप वा प्रभावबाट प्रभावित हुनु हुँदैन ।

(छ) अभियोजनात्मक निर्णय पारदर्शी र कानुनसम्मत हुनुपर्दछ ।

(ज) सरकारी वकिलले कुनै जात, जाति, धर्म, सम्प्रदाय, नागरिक वा गैरनागरिक प्रति कुनै प्रकारको व्यक्तिगत आग्रह वा पूर्वाग्रह राख्नु हुँदैन ।

(झ) सरकारी वकिलले आफ्नो व्यावसायिक गोप्यतालाई कायम राख्नुपर्दछ ।

(ञ) प्रत्येक सरकारी वकिलले आफ्नो कर्तव्य पालनको प्रयोग बिना डर, मुलाहिजा र पक्षपात रहित ढंगबाट गर्नुपर्दछ ।

(ट) आफ्नो पक्षलाई फाइदा पुऱ्याउने उद्देश्यले जानी जानी कायम नरहेको नजिर, मुद्दामा लागू नहुने वा खारेज वा संशोधन भएको कानुनको जिकिर लिनु हुँदैन ।

(ठ) मिसिलमा नभएको वा गलत तथ्य अदालतमा प्रस्तुत गर्नु हुँदैन ।

(ड) सरकारी वकिलले सदैव सत्यको खोजी गर्ने वा सत्य तथ्य प्राप्त गराउने तथा समाज, पीडित एवं अभियुक्तको बीचमा निष्पक्ष रूपमा न्याय गर्ने कार्यमा मद्दत गर्नुपर्दछ ।

(ढ) कानुनी राय दिंदा सदैव निष्पक्ष एवं वस्तुनिष्ठ भएर दिनु पर्दछ ।

**पेसागत एवं प्रशासनिक दायित्वहरू :**

(क) अदालतमा दायर भएका मुद्दाका सम्बन्धमा कुनै थप सबुद पेस गर्नु पर्ने वा जाँचबुझ गर्नु पर्ने लागेमा सो बमोजिम गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिने ।

(ख) तालुक कार्यालयबाट समय समयमा भएका निर्देशन तथा परिपत्रहरूको पालन गर्ने गराउने ।

